सर्वोच्च अदालत, संवैधानिक इजलास

सम्माननीय प्रधान न्यायाधीश श्री चोलेन्द्र शम्शेर ज.ब.रा.

माननीय न्यायाधीश श्री दीपककुमार कार्की

माननीय न्यायाधीश श्री मीरा खडका

माननीय न्यायाधीश श्री ईश्वरप्रसाद खतिवडा

माननीय न्यायाधीश डा. श्री आनन्दमोहन भट्टराई

आदेश

०७७ – WC - ००७१

विषयः उत्प्रेषण परमादेश समेत ।

रिट निवेदकहरु:

१. जिल्ला डडेलधुरा गन्यापधुरा १ घर भई हाल का.जि. बुढानिलकण्ठ न.पा. वडा नं.२ बस्ने जिल्ला डडेलधुराबाट प्रतिनिधित्व गर्ने विघटित प्रतिनिधि सभाको सदस्य नेपाली कांग्रेसका पार्टी सभापति शेरबहादुर देउबा,

२. चितवन जिल्ला भरतपुर म.न.पा. घर भई हाल ललितपुर जिल्ला ललितपुर म.न.पा. वडा नं. १५ बस्ने जिल्ला चितवनबाट प्रतिनिधित्व गर्ने विघटित प्रतिनिधि सभाको सदस्य नेपाल कम्युनिष्ट पार्टी (माओवादी केन्द्र) का अध्यक्ष पुष्पकमल दाहाल 'प्रचण्ड',

३. जिल्ला काठमाण्डौ, काठमाण्डौ महानगरपालिका वडा नं ३२ बस्ने काठमाण्डौ जिल्ला क्षेत्र नं २ बाट प्रतिनिधित्व गर्ने विघटित प्रतिनिधि सभाको सदस्य माधव कुमार नेपाल,

४. जिल्ला ईलाम, साखेजुङ्ग गा.पा. वडा नं ४ घर भै हाल का.म.न.पा. १५ बस्ने ईलाम जिल्ला क्षेत्र नं १ बाट प्रतिनिधित्व गर्ने विघटित प्रतिनिधि सभाको सदस्य झलनाथ खनाल,

५. जिल्ला सुनसरी, मधुवन – ६ घर भई हाल ललितपुर म.न.पा.वडा नं.२३ बस्ने जिल्ला सुनसरीबाट प्रतिनिधित्व गर्ने विघटित प्रतिनिधि सभाको सदस्य उपेन्द्र यादव

६. प्यूठान जिल्ला, ओखरकोट गा.वि.स. वडा नं. १ घर भई हाल काठमाण्डौ जिल्ला का.म.न.पा.वडा नं. १६ बस्ने दुर्गा पौडेल,

७. जिल्ला गोरखा खोप्लाङ – ४ परिवर्तित पालुङटार नगरपालिका वडा नं.१ बस्ने जिल्ला गोरखाबाट प्रतिनिधित्व गर्ने विघटित प्रतिनिधि सभाको सदस्य डा.बाबुराम भट्टराई,

८. विश्वेश्वर प्रसाद कोइरालाको छोरा काठमाडौं जिल्ला का.म.न.पा.वडा नं.३ बस्ने शशांक कोइराला,

९. गणेशमान सिंहको छोरा काठमाडौं जिल्ला का.म.न.पा.वडा नं.१६ बस्ने काठमाण्डौं जिल्लाबाट प्रतिनिधित्व गर्ने विघटित प्रतिनिधि सभाको सदस्य प्रकाशमान सिंह,

१०. रुपन्देही जिल्ला करहिया - ८, परिवर्तित तिलोत्तमा न.पा. वडा नं. ८ घर भई हाल काठमाडौं जिल्ला का.म.न.पा. वडा नं.११ अनामनगर बस्ने बालकृष्ण खाँण,

११. मनाङ जिल्ला धारापानी ६ को हाल नासो गा.पा. वडा नं.४ बस्ने विघटित प्रतिनिधि सभा सदस्य देवप्रसाद गुरुङ,

१२. अर्घाखाँची जिल्ला सन्धिखर्क न.पा. वडा नं.९ भै हाल का.जि. बुढानिलकण्ठ न.पा. वडा नं. ४ बस्ने पुष्पा भुसाल (गौतम),

१३. कपिलवस्तु जिल्ला, बाणगंगा ११ भई हाल का.जि.का.म.न.पा.वडा नं.९ बस्ने अतहर कमाल मुसलमान,

१४. कपिलवस्तु जिल्ला कृष्णनगर २ घर भई हाल का.जि.का.म.न.पा. वडा नं.१० बस्ने अभिषेक प्रताप शाह,

१५. सर्लाही जिल्ला, बलारा ८ घर भई हाल ललितपुर जिल्ला ललितपुर महानगरपालिका वडा नं.२५ भैसेपाटी बस्ने डा. अमरेशकुमार सिंह,

१६. चितवन जिल्ला, भरतपुर म.न.पा वडा नं.७ घर भई हाल भक्तपुर जिल्ला सूर्यविनायक न.पा. वडा नं. ५ बस्ने उमा रेग्मी,

१७. बारा जिल्ला कोल्हवी न.पा. वडा नं.११ घर भई हाल ललितपुर म.न.पा. वडा नं. २ बस्ने उमाकान्त चौधरी,

१८. ललितपुर जिल्ला ललितपुर म.न.पा.वडा नं.१३ बस्ने उमेश श्रेष्ठ,

१९. जिल्ला मनाङ्ग घर भई हाल का.जि.का.म.न.पा. वडा नं.१६ बस्ने कर्मा घले,

२०. जिल्ला बर्दिया, राजापुर न.पा. वडा नं.६ घर भई हाल का.जि.का.म.न.पा. वडा नं.४ बस्ने किशोर सिहं राठौर,

२१. काठमाडौं जिल्ला, काठमाडौं म.न.पा.वडा नं.३० बस्ने गगनकुमार थापा,

२२. जिल्ला सिराहा, नवराजपुर गा.वि.स. वडा नं. ४ घर भई हाल का.जि.का.म.न.पा. वडा नं.११ बस्ने चित्रलेखा यादव,

२३. जिल्ला दोलखा, स्यामा गा.वि.स. वडा नं. १, घर भई हाल का.जि.का.न.पा.वडा नं. ६ बस्ने जीप छिरीङ लामा,

२४. मोरङ जिल्ला, विराट्नगर म.न.पा.वडा नं.१५ घर भई हाल का.जि. का.म.न.पा. वडा नं.११ बस्ने डिला संग्रौला (पन्त),

२५. जिल्ला ससरी, कल्याणपुर १ घर भई हाल का.जि.का.म.न.पा.वडा नं.११ बस्ने तेजुलाल चौधरी,

२६. जिल्ला दार्चुला घर भै का.जि.का.म.पा. बडा नं.३ बस्ने दिलेन्द्र प्रसाद बडु,

२७. काठमाडौं जिल्ला का.म.न.पा. वडा नं.९ बस्ने दिव्यमणि राजभण्डारी,

२८. जिल्ला रौतहट, डुमरिया ७ घर भई हाल का.जि.का.म.न.पा.वडा नं.१० बानेश्वर बस्ने देवप्रसाद तिमिल्सीना,

२९. जिल्ला नवलपरासी, ब.स.पु रमपुरवा ६ घर भई हाल भक्तपुर जिल्ला सूर्य विनायक न.पा. वडा नं.३ बालकोट बस्ने देवेन्द्रराज कडेल,

३०. जिल्ला ससरी, तेरहौता -२ घर भई हाल का.जि.का.म.न.पा. वडा नं.१० बस्ने नमिता कुमारी चौधरी,

३१. जिल्ला सर्लाही, फुलपरासी - ५ घर भई हाल ल.पु. जिल्ला ल.पु.म.न.पा.वडा नं. २ बस्ने नागेन्द्र कुमार,

३२. पर्वत जिल्ला दुर्लुङ -६ घर भई हाल का.जि.का.म.न.पा.वडा नं.३४ बस्ने लालकाजी गुरुङ,

३३. जिल्ला उदयपुर, त्रियुगा १४ घर भई हाल का.जि. बुढानिलकण्ठ न.पा. वडा नं.७ बस्ने डा. नारायण खड्का,

३४. जिल्ला धनुषा, नारायण न.पा.वडा नं.६ भई हाल ल.पु. जिल्ला महालक्ष्मी न.पा. वडा नं.२ बस्ने स्मृति नारायण चौधरी,

३५. सिराहा जिल्ला, लाहन -१ घर भई हाल का.जि.का.म.न.पा -११ बस्ने पद्मनारायण चौधरी,

३६. ईलाम जिल्ला, इलाम नगरपालिका वडा नं.- ६ घर भई हाल काठमाडौं जिल्ला का.म.न.पा. बडा नं.३० बस्ने सुजाता परियार,

३७. जिल्ला दाङ, सोनपुर-४ घर भई हाल भक्तपुर जिल्ला मध्यपुर ठिमी न.पा.वडा नं.१ बस्ने पार्वता डि.सी. चौधरी,

३८. जिल्ला बझाङ जयपृथिवी न.पा. वडा नं.१० घर भई हाल का.जि. नागार्जुन न.पा. वडा नं.४ बस्ने प्रकाश रसाईली स्नेही,

३९. जिल्ला सिराह, बस्तीपुर- ६ घर भई हाल का.जि.का.म.न.पा.वडा नं.७ बस्ने प्रदिप गिरी,

४०. जिल्ला सिरहा, लाहन - ५ घर भई का.जि.का.म.न.पा. वडा नं.२९ बस्ने प्रमिला राई,

४१. जिल्ला रुपन्देही, पोखरभिण्डी वडा नं.३, घर भै हाल काठमाडौं जिल्ला का.म.न.पा. ११ बस्ने प्रमोदकुमार यादव,

४२. जिल्ला नुवाकोट, किस्पाङ गा.पा. वडा नं. ५ घर भई हाल का.जि. टोखा न.पा. बडा नं.१० बस्ने बहादुर सिंह लामा,

४३. जिल्ला सल्यान, खलङगा -५ घर भै हाल का.जि.का.म.न.पा. वडा नं.११ बस्ने भरतकुमार शाह,

४४. काठमाडौं जिल्ला का.म.न.पा.वडा नं. ६ बस्ने भिमसेनदास प्रधान,

४५. झापा जिल्ला, राजघाट -८ घर भई हाल का.जि.का.म.न.पा. वडा नं. ११ बस्ने महेन्द्रकुमारी लिम्बु,

४६. जिल्ला अर्घाखाची, सन्धीखर्क -९ घर भई हाल का.जि.का.म.न.पा. वडा नं.२९ बस्ने मा. मानबहादुर बिश्वकर्मा,

४७. मोरङ जिल्ला, विराटनगर म.न.पा. वडा नं. ३ घर भई हाल काठमाण्डौ जिल्ला का.म.न.पा. वडा नं. ४ बस्ने डा. मिनेन्द्रप्रसाद रिजाल,

४८. जिल्ला सुनसरी, धरान न.पा. वडा नं. ६ स्थायी घर भै, हाल काठमाडौ जिल्ला का.म.न.पा ११ बस्ने मिना सुब्बा,

४९. जिल्ला भोजपुर, रकसार– ९ घर भई हाल काठमाडौं जिल्ला का.म.न.पा.वडा नं.९ बस्ने मिनबहादुर विश्वकर्मा,

५०. सर्लाही जिल्ला, मरमैया– ५ घर भई काठमाडौं जिल्ला का.म.न.पा.– ९ बस्ने मिना पाण्डे,

५१. जिल्ला धनुषा, लक्ष्मीपुर बकेवा –८ घर भई हाल काठमाडौं जिल्ला का.म.न.पा. वडा नं. ३२ बस्ने मिनाक्षी झा,

५२. काठमाडौं जिल्ला का.म.न.पा. २६ बस्ने मोहन आचार्य,

५३. स्याङजा जिल्ला, बिर्घा अर्चले – ७ घर भई हाल काठमाडौं जिल्ला का.म.न.पा.वडा नं.११ बस्ने श्री मोहनप्रसाद पाण्डे,

५४. काठमाडौं जिल्ला किर्तिपुर न.पा.वडा नं.२ चोभार भई हाल काठमाडौं जिल्ला का.म.न.पा. वडा नं. १३ बस्ने राजेन्द्रकुमार के.सी.,

५५. अछाम जिल्ला, पञ्चदेवल विनायक न.पा. वडा नं. ४ घर भई हाल भक्तपुर जिल्ला सुर्यविनायक न.पा.वडा नं. २ बस्ने रामबहादुर विष्ट,

५६. जिल्ला हुम्ला, सर्केगाड गाउँपालिका वडा नं.४ घर भई हाल काठमाडौं जिल्ला का.म.न.पा.वडा नं.१६ बस्ने रंगमति शाही,

५७. जिल्ला उदयपुर, त्रियुगा नगरपालिका वडा नं.१० घर भई हाल काठमाडौं जिल्ला का.म.न.पा.वडा नं.३२ बस्ने लक्ष्मी परियार,

५८. काठमाडौं जिल्ला का.म.न.पा.वडा नं.१४ बस्ने विनोदकुमार चौधरी,

५९. जिल्ला दाङ घोराही उपमहानगरपालिका भई हाल काठमाडौं जिल्ला का.म.न.पा. वडा नं.३१ बस्ने विमला नेपाली,

६०. जिल्ला बर्दिया, गुलरिया नगरपालिका वडा नं.५ घर भई हाल काठमाडौं जिल्ला का.म.न.पा. वडा नं. २६ बस्ने संजयकुमार गौतम,

६१. जिल्ला नवलपरासी, मुकुन्दपुर नगरपालिका वडा नं.७ घर भई हाल काठमाडौं जिल्ला का.म.न.पा. वडा नं.१६ बस्ने सत्यनारायण शर्मा खनाल,

६२. जिल्ला बाँके, नेपालगंज न.पा. वडा नं.४ भई हाल काठमाडौं जिल्ला का.म.न.पा. वडा नं.३२ बस्ने सर्वत आरा खानम हलुवाइनी,

६३. जिल्ला सुनसरी, इनरुवा नगरपालिका वडा नं.७ भई हाल काठमाडौं जिल्ला चन्द्रागिरी न.पा. वडा नं. १२ बस्ने सिताराम महतो,

६४. जिल्ला सिरहा, सिरहा नगरपालिका वडा नं. १५ घर भई हाल ललितपुर जिल्ला ल.पु.म.न.पा. वडा नं. १८ बस्ने सीतादेवी यादव,

६५. मोरङ जिल्ला, विराटनगर महानगरपालिका वडा नं.८ घर भई हाल काठमाडौं जिल्ला बुढानिलकण्ठ न.पा. वडा नं.९ बस्ने सुजाता कोइराला,

६६. जिल्ला गुल्मी, जुहाङ – १ घर भई हाल काठमाडौं जिल्ला का.म.न.पा. वडा नं. १६ बस्ने सुवर्ण ज्वारचन,

६७. जिल्ला खोटाङ, साकेला गाउँपालिका वडा नं. १ घर भई हाल का.जि.का.म.न.पा. वडा नं.३१ बस्ने हिरा गुरुङ,

६८. जिल्ला भोजपुर देउराली ४ घर भई हाल ललितपर जिल्ला ल.पु. म.न.पा. वडा नं.१८ बस्ने ज्ञानेन्द्रबहादुर कार्की,

६९. बाँके जिल्ला, साहगाउँ– ४ भई हाल नेपालगंज उपमहानगरपालिका वडा नं. १५ बस्ने मोहमद इश्तियाक राईन,

७०. जिल्ला पर्सा, मनियारी वडा नं.२ भई हाल विरगंज उपमहानगरपालिका वडा नं. २२ बस्ने प्रदिप यादव,

७१. जिल्ला ससरी, खडकपुर न.पा. ४ बस्ने रेणुकुमारी यादव,

७२. बारा जिल्ला, महेशपुर वडा नं.२ हाल परिवर्तित कलैया उप.म.न.पा. वडा नं. २६ बस्ने रामबाबु कुमार यादव,

७३. जिल्ला झापा अर्जुनधारा – ५ को हाल परिवर्तित कनकाई न.पा.वडा नं.६ घर भै ल.पु.जि.ल.पु.म.न.पा. वडा नं.१३ बस्ने लिला सिटौला,

७४. जिल्ला बारा, कर्चावा – ८ परिवर्तित सिमरौनगढ न.पा. वडा नं.९ बस्ने रामसहाय प्रसाद यादव,

७५. जिल्ला महोत्तरी, गा.वि.स. गैठा भेटपुर– ६ परिवर्तित सम्सी गा.पा. वडा नं. ४ बस्ने डा. सुरेन्द्र यादव,.

७६. जिल्ला सप्तरी, डिमन – ६ परिवर्तित तिरहुत गा.पा. वडा नं.४ बस्ने सूर्य नारायण यादव सुरज,

७७. जिल्ला सर्लाही, बसन्तपुर–५ को हाल परिवर्तित हरिपुर्वा – ९ बस्ने महेन्द्रराय यादव,

७८. काठमाडौं जिल्ला, का.म.न.पा. वडा नं. १७ बस्ने राजेन्द्र श्रेष्ठ,

७९. जिल्ला अछाम, सँफेबगर नगरपालिका वडा नं.६ घर भै विघटित प्रतिनिधि सभाको सदस्य भिमबहादुर रावल,

८०. जिल्ला धादिङ, गजुरी - २ को हाल काठमाडौं जिल्ला का.म.न.पा. १५ घर भै विघटित प्रतिनिधि सभाको सदस्य सुरेन्द्रप्रसाद पाण्डे,

८१. काठमाण्डौं जिल्ला, बुढानिलकण्ठ न.पा. वडा नं.३ बस्ने विघटित प्रतिनिधि सभाको सदस्य घनश्याम भुसाल,

८२. भोजपुर जिल्ला, टेम्केमैयुम गा.पा.वडा नं ८ घर भै काठमाण्डौं जिल्ला का.म.न.पा. वडा नं १४ बस्ने प्रतिनिधिसभाको सदस्य मुकुन्द न्यौपाने,

८३. जिल्ला ओखलढुंगा, श्रीचौर गा.पा. वडा नं २ भै हाल ललितपुर महालक्ष्मी न.पा. ४ बस्ने विघटित प्रतिनिधि सभाको सदस्य यज्ञराज सुनुवार,

८४. जिल्ला तेह्रथुम, मोराहाङ वडा नं ४ बस्ने विघटित प्रतिनिधि सभाको सदस्य भवानीप्रसाद खापुङ,

८५. जिल्ला पाल्पा, तानसेन न.पा.वडा नं ९ घर भै विघटित प्रतिनिधि सभाको सदस्य सोमप्रसाद पाण्डेय,

८६. जिल्ला मकवानपुर, हेटौंडा न.पा.वडा नं २ घर भै विघटित प्रतिनिधि सभाको सदस्य विरोध खतिवडा,

८७. काठमाण्डौं जिल्ला, का.म.न.पा. वडा नं १५ घर भै विघटित प्रतिनिधि सभाको सदस्य जीवनराम श्रेष्ठ,

८८. जिल्ला ललितपुर, ल.पु. म.न.पा. वडा नं ९ घर भै विघटित प्रतिनिधि सभाको सदस्य कृष्णलाल महर्जन,

८९. जिल्ला कैलाली, लम्कीचुहा न.पा. वडा नं ९ घर भै विघटित प्रतिनिधि सभाको सदस्य झपटबहादुर रावल,

९०. जिल्ला दाङ, गढवा गाँउपालिका वडा नं ६ घर भै विघटित प्रतिनिधि सभाको सदस्य मेटमणी चौधरी,

९१. जिल्ला रौतहट, चन्द्रपुर न.पा. वडा नं ५ बस्ने विघटित प्रतिनिधि सभाको सदस्य कल्याणी कुमारी खड्का,

९२. जिल्ला कैलाली, धनगढी नगरपालिका वडा नं ६ भै हाल का.म.न.पा. ३१ बस्ने विघटित प्रतिनिधि सभाको सदस्य लक्ष्मीकुमारी चौधरी,

९३. जिल्ला रौतहट, साविक पिप्रा रजवाडा वडा नं १ घर भै विघटित प्रतिनिधि सभा सदस्य सरलाकुमारी यादव,

९४. जिल्ला डडेल्धुरा, अमरगढी न.पा.वडा नं ५ घर भै विघटित प्रतिनिधि सभा सदस्य निरादेवी जैरु,

९५. जिल्ला स्याङजा, पुतलीवजार न.पा. वडा नं ४ घर भै विघटित प्रतिनिधि सभाको सदस्य कलिला खातुन,

९६. काठमाण्डौ जिल्ला, का.म.न.पा. वडा नं ३१ बस्ने विघटित प्रतिनिधि सभाको सदस्य रामकुमारी झाक्री,

९७. जिल्ला पर्सा, विरगंज उ.म.न.पा.वडा नं ३ बस्ने विघटित प्रतिनिधि सभा सदस्य पुष्पाकुमारी कर्ण कायस्थ,

९८. जिल्ला कञ्चनपुर, भिमदत्त न.पा. वडा नं. ६ बस्ने कञ्चनपुर जिल्लावाट निर्वाचित प्रतिनिधि सभा सदस्य दिपक प्रकाश भट्ट,

९९. जिल्ला नुवाकोट, तारकेश्वर गा.पा. वडा नं. २ घर भै विघटित प्रतिनिधि सभा सदस्य नारायणप्रसाद खतिवडा,

१००. काठमाडौं जिल्ला, साविक सतुङ्गल गाविस -३ घर भै हाल परिवर्तित चन्द्रागिरी न.पा.-९ बस्ने विघटित प्रतिनिधि सभा सदस्य अन्जना विशंखे,

१०१. मोरङ जिल्ला, डग्राह गाविस-३, साविक घर भै परिवर्तित बुढीगंगा गा.पा.-६ मोरङ बस्ने विघटित प्रतिनिधि सभा सदस्य अमनलाल मोदी,

१०२. स्याङ्जा जिल्ला, बिरुवा गाविस-३ साविक घर भै परिवर्तित बिरुवा गा.पा.-२ स्याङ्जा बस्ने विघटित प्रतिनिधि सभा सदस्य अमृता थापा,

१०३. सुर्खेत जिल्ला, दशरथपुर गाविस – ५ को परिवर्तित जलेश्वर न.पा. -१२ महोत्तरी बस्ने विघटित प्रतिनिधि सभा सदस्य इन्दुकुमारी शर्मा,

१०४. रुकुम जिल्ला, साविक टवाङ गाविस-९ घर भै परिवर्तित सिस्ने गा.पा-२ रुकुम पूर्व बस्ने विघटित प्रतिनिधिसभा सदस्य कमला रोका,

१०५. रोल्पा जिल्ला, लिवाङ गाविस-५ साविक घर भै परिवर्तित रोल्पा न.पा. -१ विघटित प्रतिनिधि सभा सदस्य कृष्णबहादुर महरा,

१०६. काभ्रेपलाञ्चोक जिल्ला, साविक मच्छे गाविस -९ घर भै परिवर्तित तेमाल गा.पा.-९ बस्ने विघटित प्रतिनिधिसभा सदस्य गंगाबहादुर तामाङ,

१०७. जिल्ला नुवाकोट, साविक पञ्चकन्या -१ घर भै परिवर्तित पञ्चकन्या गा.पा.-३ नुवाकोट बस्ने विघटित प्रतिनिधि सभा सदस्य गजेन्द्रबहादुर महत,

१०८. मोरङ जिल्ला, साविक बखरी गाविस-७ घर भै हाल महोत्तरी जिल्ला बर्दिवास न.पा. -३ बस्ने विघटित प्रतिनिधि सभा सदस्य गिरिराजमणि पोखरेल,

१०९. जिल्ला कपिलवस्तु, बाणगंगा न.पा. -६ कपिलवस्तु बस्ने विघटित प्रतिनिधि सभा सदस्य चक्रपाणी खनाल,

११०. पर्सा जिल्ला, साविक वीरगञ्ज न.पा.-१४, को परिवर्तित वीरगञ्ज उप म.पा.-१३ पर्सा बस्ने विघटित प्रतिनिधि सभा सदस्य चाँदतारा कुमारी,

१११. गोरखा जिल्ला, साविक मिरकोट -९ को परिवर्तित पालुङटार न.पा.- १०, गोरखा बस्ने विघटित प्रतिनिधि सभा सदस्य चुडामणी खड्का,

११२. हुम्ला जिल्ला, साविक बरगाउँ-५ घर भै हाल परिवर्तित सिमिकोट गा.पा.-०३ हुम्ला बस्ने विघटित प्रतिनिधि सभा सदस्य छक्कबहादुर लामा,

११३. रुकुम जिल्ला, साविक खलंगा गाविस-३ घर भै हाल मुसिकोट न.पा. -५ रुकुम पश्चिम बस्ने विघटित प्रतिनिधि सभा सदस्य जनार्दन शर्मा,

११४. रोल्पा जिल्ला साविक राङसी -०७ घर भै हाल परिवर्तित परिवर्तन गा.पा.-०२ रोल्पा बस्ने विघटित प्रतिनिधि सभा सदस्य जयपुरी घर्ती,

११५. सल्यान जिल्ला, साविक कोटमौला गाविस -३ घर भै हाल बागचौर गा.पा. वडा नं. ८ बस्ने विघटित प्रतिनिधि सभा सदस्य टेकबहादुर बस्नेत,

११६. महोत्तरी जिल्ला, साविक गौशाला न.पा. -०३ घर भै हाल गौशाला न.पा.-०६ महोत्तरी बस्ने विघटित प्रतिनिधि सभा सदस्य दिलकुमारी साह,

११७. कास्की जिल्ला, साविक ढिकुरपोखरी गाविस-१ घर भै हाल अन्नपूर्ण गा.पा. -०१ बस्ने विघटित प्रतिनिधि सभा सदस्य दुर्गाकुमारी बि.क.,

११८. कालिकोट जिल्ला, साविक छाप्रे गाविस -५ घर भै हाल परिवर्तित तिलागुफा न.पा. -७ बस्ने विघटित प्रतिनिधिसभा सदस्य दुर्गबहादुर रावत,

११९. बाग्लुङ जिल्ला, साविक अमलाचौर -१ घर भै हाल परिवर्तित बाग्लुङ न.पा.-१२ बस्ने विघटित प्रतिनिधि सभा सदस्य देवेन्द्र पौडेल,

१२०. झापा जिल्ला, साविक महेशपुर गाविस-६ घर भै हाल अर्जुनधारा न.पा.-१ झापा बस्ने विघटित प्रतिनिधि सभा सदस्य धर्मशिला चापागाँई,

१२१. अर्घाखाँची जिल्ला, साविक किम्डाडा-९ घर भै हाल ललितपुर म.न.पा.-०२ बस्ने विघटित प्रतिनिधि सभा सदस्य पम्फा भुसाल,

१२२. चितवन जिल्ला, साविक गितानगर -२ घर भै हाल बाँके जिल्ला कोहलपुर न.पा.-११ सृजनाटोल बस्ने विघटित प्रतिनिधि सभा सदस्य पूर्णकुमारी सुवेदी,

१२३. सिराहा जिल्ला, साविक राजपुर गाविस-४ घर भै हाल विष्णुपुर गा.पा. -१ सिराहा बस्ने विघटित प्रतिनिधि सभा सदस्य बोधमाया कुमारी यादव,

१२४. बाँके जिल्ला, नेपालगञ्ज न.पा. -१ घर भै हाल नेपालगञ्ज उपम.न.पा.-१ धम्बोजी बस्ने विघटित प्रतिनिधि सभा सदस्य महेश्वर गहतराज (अथक),

१२५. धनुषा जिल्ला, साविक सबैला-५ घर भै हाल सबैला न.पा. -०२ धनुषा बस्ने विघटित प्रतिनिधि सभा सदस्य मातृकाप्रसाद यादव,

१२६. मनाङ जिल्ला, साविक धारापानी गाविस -६ घर भै हाल नासोङ गा.पा. -०४ मनाङ बस्ने विघटित प्रतिनिधि सभा सदस्य यशोदा गुरुङ सुवेदी,

१२७. सुनसरी जिल्ला, साविक डुम्राहा गाविस-३ घर भै हाल रामधुनी गा.पा. -०८ बस्ने विघटित प्रतिनिधि सभा सदस्य रामकुमारी चौधरी,

१२८. सर्लाही जिल्ला, साविक बेलही गाविस. -०८ घर भै हाल मंगलवा न.पा. -०४ सर्लाही बस्ने विघटित प्रतिनिधि सभा सदस्य रामेश्वर राय यादव,

१२९. दाङ जिल्ला, साविक त्रिभुवन न.पा -६, घर भै हाल परिवर्तित घोराही उप-म.न.पा.-१८ दाङ बस्ने विघटित प्रतिनिधि सभा सदस्य रेखा शर्मा,

१३०. रोल्पा जिल्ला, साविक जङ्कोट गाविस-१, घर भै हाल रोल्पा न.पा. -७ रोल्पा बस्ने विघटित प्रतिनिधि सभा सदस्य वर्षमान पुन,

१३१. कञ्चनपुर जिल्ला, साविक कालिका गाविस -४ घर भै हाल परिवर्तित पुर्नवास न.पा. -०३ कञ्चनपुर बस्ने विघटित प्रतिनिधि सभा सदस्य विना मगर,

१३२. जाजरकोट जिल्ला, साविक जाजरकोट खलंगा गाविस -९ घर भै हाल परिवर्तित भेरी न.पा. -१ जाजरकोट बस्ने विघटित प्रतिनिधि सभा सदस्य शक्तिबहादुर बस्नेत,

१३३. काभ्रेपलाञ्चोक जिल्ला, साविक मंगलटार -१ घर भै हाल काठमाडौं महानगरपालिका कोटेश्वर -३२ काठमाडौं बस्ने विघटित प्रतिनिधि सभा सदस्य शशी श्रेष्ठ,

१३४. मोरङ जिल्ला, साविक गोविन्दपुर गाविस -५ परिवर्तित सुर्वसी न.पा. -६ मोरङ बस्ने विघटित प्रतिनिधि सभा सदस्य शिवकुमार मण्डल,

१३५. रामेछाप जिल्ला, साविक गेलु -९ परिवर्तित मन्थली न.पा.-११ रामेछाप बस्ने विघटित प्रतिनिधि सभा सदस्य श्यामकुमार श्रेष्ठ,

१३६. डोल्पा जिल्ला, साविक लिकु गाविस -४ परिवर्तित त्रिपुरासुन्दरी न.पा. -१० डोल्पा बस्ने विघटित प्रतिनिधि सभा सदस्य सत्य पहाडी,

१३७. बर्दिया जिल्ला, साविक बनियाभार गाविस -५, हाल परिवर्तित बारबर्दिया न.पा.-२ बस्ने विघटित प्रतिनिधि सभा सदस्य सन्तकुमार थारु,

१३८. भोजपुर जिल्ला, साविक ओख्रे -२ घर भै हाल परिवर्तित रामप्रसाद राई गा.पा.-१ भोजपुर बस्ने विघटित प्रतिनिधि सभा सदस्य सुदन किराँती,

१३९. झापा जिल्ला, मेची न.पा. वडा नं. ९ बस्ने विघटित प्रतिनिधि सभा सदस्य सुरेन्द्रकुमार कार्की,

१४०. उदयपुर जिल्ला, साविक ठोक्सिला-७ हाल परिवर्तित बेलका न.पा.-४ गुरुङचौरी उदयपुर बस्ने विघटित प्रतिनिधिसभा सदस्य सुरेशकुमार राई,

१४१. सिराहा जिल्ला, साविक औरही गाविस-४ घर भै हाल परिवर्तित औरही गा.पा.-५ सिराहा बस्ने विघटित प्रतिनिधि सभा सदस्य सुरेशचन्द्र दास,

१४२. सिन्धुली जिल्ला, साविक शि.आ.गाविस वडा नं. ६ हाल परिवर्तित कमलामाई नगरपालिका वडा नं. ४ बस्ने विघटित प्रतिनिधिसभा सदस्य हरिबोल प्रसाद गजुरेल,

१४३. गोरखा जिल्ला, साविक दुर्वुङ -५ हाल परिवर्तित गण्डकी गा.पा.-५ दुर्वुङ, गोरखा बस्ने विघटित प्रतिनिधि सभा सदस्य हरिराज अधिकारी,

१४४. नुवाकोट जिल्ला, साविक पञ्चकन्या -१ हाल परिवर्तित पञ्चकन्या गा.पा.-३ नुवाकोट बस्ने विघटित प्रतिनिधि सभा सदस्य हितबहादुर तामाङ,

१४५. सोलुखुम्बु जिल्ला, साविक नेचा वर्तघाटी -१ हाल परिवर्तित नेचा सल्यान गा.पा.-०४ सोलुखुम्बु बस्ने विघटित प्रतिनिधि सभा सदस्य हेमकुमार राई,

१४६. रोल्पा जिल्ला, साविक जंकोट गा.वि.स. १ घर भई हाल परिवर्तित रोल्पा न.पा. ७ बस्ने विघटित प्रतिनिधि सभा सदस्य ओनसरी घर्ती ।

<u>विरुद्ध</u>

<u>प्रत्यर्थीहरुः</u>

१. राष्ट्रपतिको कार्यालय, शितल निवास काठमाडौं,

२. सम्माननीय प्रधानमन्त्री तथा नेकपा एमालेका अध्यक्ष एवं नेकपा एमाले संसदीय दलका नेता श्री के.पि. शर्मा ओली, प्रधानमन्त्री तथा मन्त्रिपरिषदको कार्यालय, सिंहदरवार काठमाडौं,

३. नेपाल सरकार मन्त्रिपरिषद, प्रधानमन्त्री तथा मन्त्रिपरिषदको कार्यालय, सिंहदरवार काठमाडौं,

४. सम्माननीय सभामुख, प्रतिनिधि सभा संघीय संसद सचिवालय, सिंहदरवार काठमाडौं,

५. निर्वाचन आयोग, काठमाण्डौं ।

नेपालको संविधानको धारा १३३ को उपधारा (२) र (३) तथा धारा १३७(३) बमोजिम यस अदालतको संवैधानिक ईजलासमा दायर हुन आएको प्रस्तुत रिट निवेदनको संक्षिप्त तथ्य एवं यस अदालतको ठहर आदेश यस प्रकार छः

## तथ्यगत व्यहोराः

### रिट निवेदनको व्यहोराः

१. हामी निवेदकहरु प्रतिनिधि सभाका सदस्य हौं। सर्वोच्च अदालतको मिति २०७७।११।११ को फैसलाबाट पहिले विघटित प्रतिनिधि सभा पुनर्स्थापना भएपछि प्रत्यर्थी प्रधानमन्त्रीले मिति २०७८।१।२७ मा प्रतिनिधि सभा समक्ष विश्वासको मत मागेकोमा निजको पक्षमा जम्मा ९३ मत प्राप्त भै विश्वासको मत प्राप्त नगरेका कारण पदमुक्त हुनु भएको थियो। तत्पश्चात सम्माननीय राष्ट्रपतिबाट ३ (तीन) दिनको समय तोकी सरकार गठनको लागि आह्वान भएकोमा तोकिएको समयभित्र संविधानको धारा ७६(२) बमोजिम दलहरुबाट दाबी पेश हुन नसकेकोले राष्ट्रपतिबाट प्रत्यर्थी के.पी. शर्मा ओलीलाई नेपालको संविधानको धारा ७६ को उपधारा (३) बमोजिम प्रतिनिधि सभामा सबैभन्दा बढी सदस्य भएको दलको संसदीय दलको नेताको हैसियतमा प्रधानमन्त्रीमा नियुक्ति गर्नु भएको थियो। त्यसरी नियुक्त प्रधानमन्त्रीले संविधानको धारा ७६ को उपधारा (४) बमोजिम विश्वासको मत लिनु पर्नेमा विश्वासको मत नलिइ मिति २०७८।२।६ गते नेपालको संविधानको धारा ७६ को उपधारा (५) बमोजिम वैकल्पिक सरकार गठनको लागि प्रकृया प्रारम्भ गर्न राष्ट्रपति समक्ष सिफारिस गरेकोमा राष्ट्रपतिले सोही दिन नेपालको संविधानको धारा ७६ को उपधारा (५) बमोजिम प्रधानमन्त्री नियुक्ति गर्ने प्रयोजनको लागी २०७८।२।७ गते साँझ ५ बजेसम्मको समयावधि तोकी प्रतिनिधि सभामा विश्वासको मत प्राप्त गर्न सक्ने आधार प्रस्तुत गर्न प्रतिनिधि सभाका सदस्यलाई आह्वान गर्नु भएको थियो। उक्त आह्वानपछि संविधानको धारा ७६(५) बमोजिम निवेदक मध्येको नेपाली कांग्रेसका सभापति एवं नेपाली कांग्रेस संसदीय दलका नेता तथा प्रतिनिधि सभा सदस्य शेरबहादुर देउवालाई प्रतिनिधि सभाका बहुमत सदस्यहरुको समर्थनसहित तोकिएको समयभित्रै राष्ट्रपतिको कार्यालयमा प्रधानमन्त्रीको नियुक्तिको लागि निवेदकहरुले दावी पेश गरेको हो। प्रत्यर्थी प्रधानमन्त्री के.पी. शर्मा ओलीले पनि सोही पदमा दावी गर्नु भएको कुरा जानकारी भयो।

२. मिति २०७८।२।७ गते राष्ट्रपतिको कार्यालयबाट जारी गरिएको प्रेस विज्ञप्तिमा "प्रतिनिधि सभाका माननीय सदस्य श्री शेरबहादुर देउवाको तर्फबाट पेश भएको दावीमा नेपाली कांग्रेसका ६१ जना, नेकपा (माओवादी केन्द्र) का ४९ जनाको हस्ताक्षर र सम्बन्धित

पार्टीको पत्र तथा जनता समाजवादी पार्टी नेपालका १२ जना, नेकपा (एमाले) का २६ जना तथा माननीय सदस्य श्री दुर्गा पौडेलको हस्ताक्षर सहित १४९ जनाको हस्ताक्षर रहेको, नेकपा (एमाले) बाट निर्वाचित सदस्यहरूको हकमा पार्टीको तर्फबाट अर्को दलका उम्मेदवारको पक्षमा हस्ताक्षर गरेका सदस्यहरूलाई मान्यता नदिन अनुरोध गर्दै निजहरूको हकमा दलीय अनुशासन विपरीत हस्ताक्षर गरेको पाइए प्रतिनिधि सभाको सदस्य नरहने गरी निष्कासन गरिने हुँदा हाल निजहरूको हस्ताक्षरको मान्यता नहुन भनी पार्टीका अध्यक्ष तथा संसदीय दलका नेताबाट लेखी आएको। यस्तै, जनता समाजवादी पार्टी, नेपालको तर्फबाट पनि पार्टीका सदस्यहरूले पार्टीको आचरण र मर्यादा विपरीत हस्ताक्षर गरेको बुझिएकोले त्यसलाई अस्वीकृत गरी दिनुहुन भनी उक्त पार्टीका अध्यक्ष श्री महन्थ ठाकुर र संसदीय दलका नेता श्री राजेन्द्र महतोको हस्ताक्षर सहितको पत्र प्राप्त भएको" भनिएको रहेछ। सो विज्ञप्तिमा "प्रत्यर्थी प्रतिनिधि सभाका माननीय सदस्य श्री के.पी. शर्मा ओलीले नेकपा (एमाले) का १२१ र जनता समाजवादी पार्टी नेपालका ३२ जना सदस्यको समर्थन प्राप्त भएकोले धारा ७६ को उपधारा (५) र (६) बमोजिम प्रधानमन्त्री पदमा विश्वासको मत पाउन पर्याप्त आधार रहेको भनी पत्र पेश गर्नु भएको र जनता समाजवादी पार्टी नेपालको ३२ जना सदस्यको समर्थन रहेको भनी सो पार्टीको तर्फबाट अध्यक्ष श्री महन्थ ठाकुर र संसदीय दलको नेता श्री राजेन्द्र महतोको हस्ताक्षर रहेको पत्र प्राप्त भएकोमा उक्त दुवै दलका गरी १५३ सदस्यको समर्थन रहेको भनिएकोमा नेकपा (एमाले) का २६ जना सदस्य र जनता समाजवादी पार्टी नेपालका १२ जना सदस्यले अर्का दावीकर्ता माननीय श्री शेरबहादुर देउवालाई समर्थन गरी हस्ताक्षर गरेको देखिएको" भन्ने उल्लेख भएको पाईन्छ। विज्ञप्तिमा "दावीकर्ता दुवै माननीय सदस्यका समर्थनकर्ता सदस्यहरू एकअर्कामा दोहोरो परेका, दलको निर्णय विपरित एकले अर्कालाई समर्थन गरेकोसमेत देखिएको र सम्वन्धित दललाई मान्यता नदिन लेखि आएकोसमेत देखिएकोले नेपालको संविधानको धारा ८९ को खण्ड (ङ) समेत आकर्षित हुन सक्ने, राजनीतिक दल सम्वन्धी ऐन, २०७३ को परिच्छेद ६ का विषयहरू समेतलाई ध्यान दिंदै दावीकर्ता दुवै माननीय सदस्यहरूले संविधानको धारा ७६ को उपधारा (५) बमोजिम प्रतिनिधि सभामा विश्वासको मत प्राप्त गर्न सक्ने ठोस आधार नदेखिएकोले उक्त उपधारा (५) बमोजिमका दावीकर्ता दुवै माननीय सदस्यहरूको दावी नपुग्ने देखिएकोले प्रधानमन्त्री पदमा नियुक्ति गर्न मिल्ने देखिएन" भनिएको देखिन्छ।

३. मिति २०७८।२।७ को मध्यरातमा प्रत्यर्थी मन्त्रिपरिषदबाट नेपालको संविधानको धारा ७६ को उपधारा (७) बमोजिम प्रतिनिधि सभा विघटन गर्ने र अर्को प्रतिनिधि सभाको निर्वाचन मिति २०७८।७।२६ गते र २०७८।८।३ गते दुई चरणमा गर्ने गरी निर्णय भई राष्ट्रपतिसमक्ष सिफारिस गरिएको रहेछ। हामी निवेदकले प्रधानमन्त्री पदमा नियुक्तिका लागि पेश गरेको दावी सम्बन्धको निर्णय, मिति २०७८।२।८ गते मन्त्रिपरिषदको सिफारिस बमोजिम प्रतिनिधि सभा विघटन गरी अर्को प्रतिनिधि सभाको निर्वाचन गर्ने गरी राष्ट्रपतिबाट भएको निर्णय एवं काम कारवाही नेपालको संविधान विपरितको हुँदा प्रस्तुत रिट निवेदन लिई उपस्थित भएका छौं।

४. नियुक्तिका लागि आधार प्रस्तुत गर्ने दावीकर्ता प्रतिनिधि सभाका सदस्यलाई बहुमत सदस्यको समर्थन देखिए प्रधानमन्त्रीको पदमा नियुक्त गर्ने दायित्व राष्ट्रपतिको हो। मा. के.पी. शर्मा ओलीले पेश गरेको दावीमा प्रतिनिधि सभाको सदस्यहरुको हस्ताक्षर नभई राजनीतिक दलको पत्रलाई आधार लिइएको छ। जनता समाजवादी पार्टी नेपालको ३२ जना सदस्यको समर्थन रहेको भनी सो पार्टीको तर्फबाट अध्यक्ष श्री महन्थ ठाकुर र संसदीय दलको नेता श्री राजेन्द्र महतोको हस्ताक्षर रहेको पत्र प्राप्त भएकोले दुवै दलका गरी १५३ सदस्यको समर्थन रहेको भनिएकोमा नेकपा (एमाले) का २६ जना सदस्य र जनता समाजवादी पार्टी नेपालका १२ जना सदस्यले अर्का दावीकर्ता श्री शेरबहादुर देउवालाई समर्थन गरी हस्ताक्षर गरेकोले दोहोरो समर्थन भन्ने राष्ट्रपति कार्यालयको विज्ञप्ति तथ्यसंगत छैन। निवेदक शेरबहादुर देउवाको पक्षमा हामी निवेदकहरु लगायत प्रतिनिधि सभामा निर्वाचित १४९ जना सदस्यहरुको हस्ताक्षर सहितको समर्थन भै दावी परेकोले शेरबहादुर देउवाले संविधानको धारा ७६ को उपधारा (५) को शर्त पुरा गरेको पुष्टि भएकोले प्रधानमन्त्रीमा नियुक्ति नगरी दावी नपुग्ने भन्ने अधिकार राष्ट्रपतिलाई छैन। दावीको विषयमा दोहोरो हस्ताक्षर छैन। यदि दोहोरो हस्ताक्षर देखिएकै अवस्थामा समेत त्यसको परीक्षण राष्ट्रपतिले गर्न चाहेमा प्रतिनिधि सभाका सदस्यहरुलाई सनाखत गराउन सक्नेमा केही नगरी दावी नपुग्ने भनी गरेको निर्णय संविधानको धारा ७६ को उपधारा (५) विपरित छ। संविधानको धारा ७६ को उपधारा (५) बमोजिम नियुक्त प्रधानमन्त्रीले प्रतिनिधि सभाबाट विश्वासको मत प्राप्त गर्नु पर्ने र विश्वासको मत प्राप्त गर्न नसकेमा मात्र निजले प्रतिनिधि सभा विघटनको सिफारिस गर्न सक्दछ।

५. संविधानको धारा ७६(३) बमोजिम नियुक्त प्रधानमन्त्री के.पी. शर्मा ओलीले उपधारा (४) बमोजिम ३० दिनभित्र विश्वासको मत लिने बाध्यात्मक व्यवस्था रहेकोमा निजले विश्वासको मत प्राप्त हुने अवस्था नभएको र वैकल्पिक सरकार गठनको लागि मार्ग प्रशस्त गर्न मन्त्रिपरिषदबाटै निर्णय गराई राष्ट्रपतिलाई अनुरोध गरेको हुँदा प्रधानमन्त्री के.पी. शर्मा ओलीले संविधानको धारा ७६(५) बमोजिम दावी गर्नु संविधानसंग असंगत छ। माननीय शेरबहादुर देउवालाई आफ्नो बहुमत भएको आधार प्रस्तुत गर्ने अवसरबाट वन्चित गरी भएको राष्ट्रपतिको निर्णय दुराशयपूर्ण छ। धारा ७६ को उपधारा (५) को विषयमा राजनीतिक दल सम्बन्धी ऐन, २०७३ बमोजिम ह्वीपसमेत लाग्न सक्तैन। यसैले राष्ट्रपतिको कार्यालयबाट जारी भएको विज्ञप्तिमा उल्लेखित नेपालको संविधानको धारा ८९ को खण्ड (ङ) र राजनीतिक दल सम्बन्धी ऐन, २०७३ को परिच्छेद ६ संविधानको धारा ७६ को उपधारा (५) को हकमा आकर्षित हुन सक्दैन। यो विषयमा संसदको क्षेत्राधिकार अहरणीय, अपृथकीय र अवशिष्ट प्रकृतिको छ।

६. संविधानको धारा ७६ को उपधारा (१), (२), (३) अनुसार सरकार निर्माण सम्बन्धी व्यवस्थाहरु कार्यान्वित भैसकेपछि वा त्यसरी नियुक्त प्रधानमन्त्रीले धारा ७६(४) बमोजिम विश्वासको मत प्राप्त गर्न नसकेमा धारा ७६ को उपधारा (५) मा जाने हो। प्रधानमन्त्रीले प्रतिनिधि सभाको विश्वास प्राप्त हुने आधार छैन भनी स्वीकार गरी धारा ७६ को उपधारा (५) को प्रकृया प्रारम्भ गर्न राष्ट्रपतिलाई सिफारिस गरेपछि संविधानको धारा ७६(५) को वैकल्पिक सरकारको दावी गर्न प्रधानमन्त्रीले नपाउने तथा विघटन उद्यत प्रधानमन्त्रीको उक्त दावी केवल भाँजो हाल्ने प्रकृतिको भएकोले प्रतिनिधि सभा विघटन गर्ने प्रधानमन्त्रीको काम कारवाहीसमेत प्रारम्भदेखि नै बदनियतपूर्ण भै बदरभागी छ।

७. संविधानको धारा ७६ को उपधारा (५) को प्रकृया प्रारम्भ भएपछि वैकल्पिक सरकार बनाउनु पर्दछ। कुनै प्रतिनिधि सभाको सदस्यले बहुमतको दावी गरेपछि दावी पुग्ने नपुग्ने कुराको जाँच गर्ने संसदले हो। नेपालको संविधानमा धारा ७६(७) मा मात्र प्रतिनिधि सभा विघटन सम्बन्धी प्रावधान रहेको छ। उक्त व्यवस्था अनुसार धारा ७६ को उपधारा (५) बमोजिम नियुक्त प्रधानमन्त्रीले विश्वासको मत प्राप्त गर्न नसकेको वा प्रधानमन्त्री नियुक्त हुन नसकेको अवस्थामा मात्र संविधानको धारा ७६(७) बमोजिम प्रतिनिधि सभा विघटन गरी नयाँ निर्वाचनको मिति तोक्ने हो। संविधानको धारा ७६ को उपधारा (४) र (५) को

संवैधानिक प्रकृया (Constitutional Course) प्रतिनिधि सभा भित्रैबाट संसदीय प्रक्रिया र अभ्यास अनुसार पुरा नगरी स्वेच्छाचारी ढंगबाट प्रतिनिधि सभाको विघटन हुन सक्दैन। अत: राष्ट्रपतिको कार्यालयबाट मिति २०७८।२।८ गते मन्त्रिपरिषदको सिफारिसका आधारमा प्रतिनिधि सभा विघटन गर्ने र अर्को प्रतिनिधि सभाको निर्वाचनको मिति तोक्ने भनी गरिएको कार्य संविधान विपरित छ।

८. मिति २०७७।९।५ गते प्रतिनिधि सभा विघटन भए उपर निवेदक देवप्रसाद गुरुङसमेतले दायर गरेको रीट (०७७-WC-००३७) निवेदनसमेतमा सर्वोच्च अदालत, संवैधानिक इजलासबाट मिति २०७७।११।११ मा भएको फैसलाको संक्षिप्त आदेशको पृष्ठ १० मा "धारा ७६ को उपधारा (१), (२), (३) र (५) को समग्र बनोटलाई हेर्दा प्रधानमन्त्री नियुक्ति एकपछि अर्को प्रक्रिया अभ्यासगत रुपमा प्रतिनिधि सभाभित्र क्रियान्वयन हुँदै गई प्रधानमन्त्री नियुक्त हुन नसकेको वा विश्वासको मत प्राप्त गर्न नसकेको अवस्था सिर्जना भएमा त्यस्तो बाध्यात्मक अवस्थामा मात्र धारा ७६ को उपधारा (७) बमोजिम तत्काल बहाल रहेका प्रधानमन्त्रीको सिफारिसमा प्रतिनिधि सभा विघटन हुने संवैधानिक व्यवस्था रहेको देखिन्छ" भन्ने कुरा उल्लेख गर्दै सोही आदेशको पृष्ठ १२ मा "नेपालको संविधानको धारा ८५(१) मा यस संविधान बमोजिम अगावै विघटन भएकोमा बाहेक भन्ने वाक्यांसले प्रतिनिधि सभा निर्वाचन पश्चात धारा ७६ को उपधारा (१), (२), (३) र (५) बमोजिम प्रधानमन्त्री नियुक्त हुन नसकेपछि वा नियुक्त प्रधानमन्त्रीले विश्वासको मत प्राप्त गर्न नसकेपछि प्रतिनिधि सभाका अरु कुनै सदस्य प्रधानमन्त्री हुने विकल्प समाप्त भएपश्चात धारा ७६ को उपधारा (७) बमोजिम प्रतिनिधि सभा विघटन हुने संवैधानिक प्रावधान रहेको भन्ने अर्थमा नै बुझाउँछ" भनिएको छ। यसबाट संविधानको धारा ७६(५) को प्रक्रियालाई विधिसम्मत् ढंगले पुरा नगरी धारा ७६(३) को प्रधानमन्त्रीले आत्मनिष्ठ रुपमा प्रतिनिधि सभा विघटनको सिफारिस गर्न नसक्ने हुँदा राष्ट्रपतिबाट भएको प्रतिनिधि सभा विघटन गर्ने निर्णय बदरभागी छ।

९. कोभीड-१९ को माहामारीमा रहेको र विश्व स्वास्थ्य संगठनले अत्यन्तै जोखिममा रहेको मुलुकका रुपमा नेपाललाई सूचीकृत गरेको तथा देशभर निषेधाज्ञा र बन्दाबन्दीको अवस्था रहेकोले निर्वाचनमा जानु असंभव प्राय छ। संविधानको पालना गर्नु सबैको कर्तव्य हुनेमा विपक्षीहरुबाट संविधानको उल्लंघन बदनियतपूर्ण ढंगबाट (Fraud on Constitutional)

भएको छ। संविधानको धारा ७६ को उपधारा (३) अनुसार बनेको प्रधानमन्त्रीले तीस दिनभित्र विश्वासको मत लिनुपर्नेमा नलिइ वा राजिनामा नदिइ नयाँ सरकारको गठन गर्न आह्वान गर्नु आफैमा असंवैधानिक छ। प्रतिनिधिसभाको भूमिकालाई छली षडयन्त्रमूलक ढंगबाट प्रतिनिधि सभा विघटन गर्ने कार्यले संसदीय लोकतान्त्रिक मुल्य मान्यता र प्रणालीमा गम्भीर प्रहार भएको छ।

१०. संसदीय पद्धतिका स्थापित मान्यता मध्ये वहुमतको सरकार भएकोले निवेदक शेरवहादुर देउवालाई १४९ जनाले समर्थन गरेकोले सो संख्या तत्काल कायम रहेको सदस्यको स्पष्ट वहुमत रहेकोमा प्रधानमन्त्रीमा नियुक्त गर्न इन्कार गर्नु नेपालको संविधान, संसदीय मूल्य मान्यता र परम्परासमेत विपरितको कार्य हो। राष्ट्रपतिले संविधानको धारा ७६(५) बमोजिम शेरवहादुर देउवालाई प्रधानमन्त्रीमा नियुक्त नगरी के.पी. शर्मा ओलीलाई निरन्तरता दिइएको तथा प्रतिनिधि सभा विघटन गरी निर्वाचन गर्ने सबै निर्णय असंवैधानिक भएकोले बदरभागी छ। नेपालको संविधानको धारा ७६(५) बमोजिम शेरवहादुर देउवालाई प्रधानमन्त्रीमा नियुक्त नगरी दाबी नपुग्ने भनी मिति २०७८।२।७ मा गरेको राष्ट्रपतिको निर्णय र प्रधानमन्त्री के.पी. शर्मा ओली नेतृत्वको मन्त्रिपरिषद्को मिति २०७८।२।८ को सिफारिसमा प्रतिनिधि सभा विघटन गरी मिती २०७८।७।२६ र २०७८।८।३ गते प्रतिनिधि सभाको निर्वाचन गर्ने गरी गरेको राष्ट्रपतिको मिति २०७८।२।८ को निर्णय लगायतका कामकारवाही असंवैधानिक र गैरकानूनी घोषित गरी उत्प्रेषणको आदेशद्वारा बदर गरी, विघटन भएको प्रतिनिधि सभा पुर्नस्थापना गरी, संविधानको धारा ७६(५) बमोजिम निवेदक शेरवहादुर देउवालाई प्रधानमन्त्रीमा नियुक्ति गर्नु, तथा संविधानको धारा ७६(५) बमोजिम नियुक्ति हुने प्रधानमन्त्रीका लागि समर्थन गरेको आधारमा प्रतिनिधि सभाका सदस्यलाई दल त्याग गरेको भनी कुनै कारवाही नगर्नु भनी प्रत्यर्थीका नाममा परमादेश लगायत उपयुक्त आज्ञा आदेश जारी गरी पाउँ। साथै, उल्लिखित विषयमा तत्काल अन्तरिम आदेश समेत जारी गरी पाउँ भन्ने समेत व्यहोराको श्री शेरवहादुर देउवासमेत १४६ जना विघटित प्रतिनिधि सभाका सदस्यहरुले मिति २०७८/२/१० मा यस अदालतमा पेश गर्नु भएको संयुक्त रिट निवेदन।

कारण देखाउ आदेश र अन्य प्रकृयागत आदेशः

११. यसमा के कसो भएको हो? निवेदकको माग बमोजिमको आदेश किन जारी हुन नपर्ने हो? सर्वोच्च अदालत (संवैधानिक इजलास सञ्चालन) नियमावली, २०७२ को नियम १९ को उपनियम (१) बमोजिम आदेश प्राप्त भएको मितिले बाटाका म्याद बाहेक ७ (सात) दिनभित्र महान्यायाधिवक्ताको कार्यालय मार्फत लिखित जवाफ पेश गर्नु भनी रिट निवेदन र यो आदेशको प्रतिलिपी समेत साथै राखी प्रत्यर्थीहरुका नाउँमा तत्काल कानूनबमोजिम म्याद सूचना जारी गरी दुई दिनभित्र अनिवार्य रुपमा म्याद तामेली कार्य सम्पन्न गराउनू। निवेदकहरुले उठाउनु भएका संवैधानिक तथा कानूनी प्रश्नहरुको विषय र प्रकृतिबाट सबै प्रश्नहरुको अन्तिम सुनुवाई हुँदाका अवस्थामा निरुपण गरिनु मनासिब देखिएकाले अहिले निवेदन मागबमोजिम अन्तरिम आदेश जारी गरिरहन परेन। प्रस्तुत विवादमा सुनुवाई छलफललाई सुव्यवस्थित गर्न, सुनुवाई कार्यलाई अनावश्यक रुपमा लम्बिन नदिन, यसलाई मर्यादित, व्यवस्थित र औचित्यपूर्ण तुल्याउन, ईजलासको भौतिक स्थिति, बर्तमान कोभिड -१९ महामारीको अवस्था तथा विवादको प्रकृति, निर्णय गर्नु पर्ने विषय र यसको गम्भीरता समेतलाई मध्येनजर राखेर सुनुवाई प्रक्रिया निर्धारण गर्नु वाञ्छनीय भएकाले प्रस्तुत विवादमा लिखित जवाफ पेश गर्नका लागि निर्धारित उपरोक्त अनुसारको सात दिनको म्याद लगायत यस विवादका सन्दर्भमा कुनै प्रकारबाट गुज्रिएको म्याद वा तारिख थाम्न, थमाउन नपाउने व्यहोराको जनाउ समेत निवेदक तथा प्रत्यर्थी दुवै पक्षलाई दिनू; प्रतिनिधि सभा विघटन सम्वन्धी मिति २०७८/२/८ को नेपाल सरकार, मन्त्रिपरिषदको निर्णय, सम्माननीय प्रधानमन्त्रीले गर्नु भएको सिफारिस, तदनुसार सम्माननीय राष्ट्रपतिबाट भएको निर्णय सम्बन्धी फायल कागजात सम्बन्धित कार्यालयहरुबाट आजका मितिले सात दिनभित्र अनिवार्य रुपमा झिकाई मिसिल सामेल राख्नू; प्रतिनिधि सभा विघटन सम्बन्धी ०७७-WC-००२८, ०७७-WC-००३७ लगायतका निवेदन सम्वन्धी सकल मिसिल प्रमाणका लागि साथै राख्नू; अदालतको सहयोगी (Amicus Curiae) को रुपमा नेपाल बार एशोसिएशन र सर्वोच्च अदालत बारबाट दुई/दुई जना विद्वान वरिष्ठ अधिवक्ताहरुको सहयोग उपलब्ध गराई दिन तत्काल लेखी पठाउनू; अदालतका सहयोगी (Amicus Curiae) लगायत निवेदक तथा प्रत्यर्थी तर्फका कानुन व्यवसायीहरु (सरकारी वकील सहित) लाई सर्वोच्च अदालत (संवैधानिक इजलास सञ्चालन) नियमावली, २०७२ को नियम २१ को उपनियम

(७) बमोजिम मिति २०७८ असार १० गतेभित्रमा लिखित बहसनोट पेश गर्न जनाउ दिनु; ईजलास समक्ष बहस छलफल गर्ने प्रयोजनका लागि रिट निवेदक तर्फका कानून व्यवसायीहरुका लागि सुरु बहसका सन्दर्भमा बढीमा १२ (बाह्र) घण्टा (कार्य-समय); र प्रत्यर्थीहरुको तर्फबाट बहस जिकिर समाप्त भएपछि प्रत्युत्तर बहसका लागि कूल तीन घण्टा समय गरी कूल (अधिकतम्) १५ घण्टा बहसका लागि समय प्रदान गरिने छ; सरकारी वकीलहरु सहित प्रत्यर्थीहरु तर्फका सबै कानून व्यवसायीहरुका लागि कूल (अधिकतम्) १५ (पन्ध्र) घण्टा मात्र कार्य-समय (बहस समय) प्रदान गरिने छ; अदालतको सहयोगीका रुपमा उपस्थित हुनुहुने कानून व्यवसायीका लागि जनही आधा घण्टाका दरले चारजनाको लागि कूल दुई घण्टा मात्र बहसका लागि समय प्रदान हुनेछ। रिट निवेदक तथा प्रत्यर्थीहरुका तर्फबाट बहसका लागि उपस्थित हुनुहुने कानून व्यवसायीहरुले उपरोक्त अनुसार निर्धारित समय-सिमाभित्र बहस कार्य सम्पन्न गर्नका लागि सर्वोच्च अदालत (संवैधानिक इजलास सञ्चालन) नियमावली, २०७२ को नियम २१ को उपनियम (१०) बमोजिम प्रमुख कानून व्यवसायी र अन्य कानून व्यवसायीको संख्या, बहस गर्ने बुँदा एकीन गर्ने र उपरोक्त समय-सिमाभित्र सिमित रही आपसमा समय विभाजन गरी बहस व्यवस्थापन गर्ने लगायतका कुराहरु सम्बन्धित पक्षका कानून व्यवसायीहरु स्वयमले नै आपसमा समन्वय कायम गरी एकीन र व्यवस्थित गर्नु पर्ने कुराको जनाउ सम्बन्धित पक्षहरुलाई दिनु; प्रस्तुत निवेदनमा उठाइएका प्रश्नहरु सार्वजनिक महत्वको देखिएको र विवादित विषयवस्तुको प्रकृतिबाट चाँडो किनारा लगाउनु आवश्यक हुँदा प्रस्तुत रिट निवेदनका सम्बन्धमा निरन्तर सुनुवाई प्रकृया अपनाई अन्तिम सुनुवाई गर्ने गरी मिति २०७८ साल असार ९ गते नियमानुसार गरी पेश गर्नु; सुनुवाई छलफलका सन्दर्भमा ईजलास कक्षभित्र रिट निवेदकहरु मध्येबाट एक पटकमा अधिकतम् पाँचजनासम्म, निवेदकहरु तर्फका कानून व्यवसायीहरु एक पटकमा बढीमा तीनजना, महान्यायाधिवक्ताको कार्यालयबाट खटिनु हुने सरकारी बकीलहरु मध्येबाट एक पटकमा बढीमा तीनजना, र अन्य प्रत्यर्थीहरु प्रत्येकको तर्फबाट एक पटकमा दुई/दुई जना कानून व्यवसायीहरुलाई मात्र ईजलास कक्षभित्र प्रवेश दिने गरी प्रवेश पासको व्यवस्था मिलाउनू; सुनुवाईको विवरण प्रविधि मार्फत अदालतको प्राङ्गणमा प्रसारण हुने गरी माईक आदिको उचित प्रबन्ध अग्रिम रुपमा मिलाउनू भन्ने समेत व्यहोराको यस अदालतको मिति २०७८/२/२६ को आदेश।

## प्रत्यर्थीहरुको लिखित जवाफको व्यहोराः

### प्रत्यर्थी नेपाल सरकार, प्रधानमन्त्री तथा मन्त्रिपरिषदको कार्यालयको लिखित जवाफ व्यहोराः

१२. सर्वोच्च अदालतबाट ०७७-WC-००३७ समेतका मुद्दामा मिति २०७७।११।११ को आदेशले प्रतिनिधि सभा पुनःस्थापना भई मिति २०७७।११।२३ देखि प्रतिनिधि सभाको सातौं अधिवेशन आह्वान भै उक्त अधिवेशनको अन्त्य भएको र राष्ट्रपतिबाट मिति २०७८।१।२७ का लागि प्रतिनिधि सभाको अधिवेशन आह्वान भएको थियो। प्रधानमन्त्रीबाट पेश भएको प्रतिनिधि सभाको विश्वास छ भन्ने प्रस्ताव पेश हुँदा उक्त मितिको प्रतिनिधि सभाको बैठकबाट पारित हुन सकेन। त्यसपछि राष्ट्रपतिबाट संविधानको धारा ७६ को उपधारा (२) बमोजिम प्रधानमन्त्री नियुक्तिको लागि आह्वान भएकोमा दुई वा दुईभन्दा बढी दलको समर्थनमा बहुमत प्राप्त गर्न सक्ने गरी प्रतिनिधि सभाका सदस्यबाट निर्धारित समयमा कसैको दावी पेश नभएकोले संविधानको धारा ७६ को उपधारा (३) बमोजिम श्री के.पी. शर्मा ओली मिति २०७८।१।३० मा प्रधानमन्त्रीमा नियुक्त भई मिति २०७८।१।३१ मा पद तथा गोपनीयताको शपथ लिनु भएको हो। संविधानको धारा ७६ को उपधारा (३) बमोजिम नियुक्त प्रधानमन्त्रीले धारा ७६ को उपधारा (४) बमोजिम नियुक्त भएको तीस (३०) दिनभित्र प्रतिनिधि सभाको विश्वासको मत प्राप्त गर्नु पर्नेमा त्यस्तो विश्वासको मत प्राप्त हुने राजनीतिक आधार नदेखिएको र मुलकलाई अन्योलमा राख्न उचित नभएकोले वैकल्पिक सरकार गठनको लागि मार्ग प्रशस्त गर्न उपयुक्त देखिएकोले नेपालको संविधानको धारा ७६ को उपधारा (५) बमोजिम प्रधानमन्त्री नियुक्तिसम्बन्धी प्रक्रिया आरम्भ गर्न राष्ट्रपति समक्ष सिफारिस गर्ने गरी नेपाल सरकार, मन्त्रिपरिषदबाट मिति २०७८।२।६ मा निर्णय भई प्रधानमन्त्रीबाट राष्ट्रपति समक्ष सिफारिस भएको हो। सोही आधारमा सम्माननीय राष्ट्रपतिबाट मिति २०७८।२।७ गते साँझ ५:०० बजेसम्म संविधानको धारा ७६ को उपधारा (५) बमोजिम संविधानको धारा ७६ को उपधारा (२) बमोजिमका प्रतिनिधि सभाका सदस्यलाई प्रधानमन्त्रीमा नियुक्तिको लागि दावी पेश गर्न आह्वान भएको थियो। राष्ट्रपति कार्यालयको मिति २०७८।२।६ को आह्वानबमोजिम निर्धारित समय-सीमाभित्र दुई जना माननीय सदस्यहरुबाट प्रधानमन्त्रीमा नियुक्ति पाउँन दावी गरेकोमा "दावीकर्ता दुवै माननीय सदस्यहरुका समर्थनकर्ता भनिएका

सदस्यहरु एक-अर्कामा दोहोरो परेका, दलको निर्णय विपरीत एकले अर्कोलाई समर्थन गरेकोसमेत देखिएको र सम्बन्धित दलले मान्यता नदिन लेखी आएकोले नेपालको संविधानको धारा ८९ को खण्ड (ङ) समेत आकर्षित हुन सक्ने, राजनीतिक दल सम्बन्धी ऐन, २०७३ को परिच्छेद-६ का विषयहरुसमेतलाई ध्यान दिँदै दावीकर्ता दुवै माननीय सदस्यहरुले संविधानको धारा ७६ को उपधारा (५) बमोजिम प्रतिनिधि सभामा विश्वासको मत प्राप्त गर्न सक्ने ठोस आधार नदेखिएकोले दुवै माननीय सदस्यहरुको दावी नपुग्ने देखिएकोले प्रधानमन्त्री पदमा नियुक्ति गर्न मिल्ने देखिएन" भन्ने व्यहोराको सूचना नेपाल राजपत्र, भाग ४, खण्ड ७१, अतिरिक्ताङ्क १६(ग), मिति २०७८।२।७ मा प्रकाशित समेत भएको छ।

१३. संविधानको धारा ७६ को उपधारा (५) को प्रधानमन्त्री हुन राष्ट्रपतिसमक्ष प्रतिनिधि सभामा विश्वासको मत प्राप्त गर्न सक्ने आधार पेश गर्नु पर्ने हुँदा संविधान तथा कानूनबमोजिम त्यस्तो आधार पर्याप्त छ छैन भन्ने विषय राष्ट्रपतिबाट एकीन हुने विषय हो। संविधानको धारा ७६ बमोजिम प्रधानमन्त्रीको नियुक्तिको विषय मन्त्रिपरिषदबाट निर्णय भई प्रधानमन्त्रीबाट सिफारिस हुने विषय नभै संविधान बमोजिम राष्ट्रपतिबाट नियुक्ति गर्ने विषय भएकोले राष्ट्रपतिबाट स्वयं गरिने विषयहरु न्याय निरुपण हुने विषयमा नपर्ने हुँदा रिट निवेदन खारेज गरी पाउँ भन्ने व्यहोराको प्रत्यर्थी नेपाल सरकार, प्रधानमन्त्री तथा मन्त्रिपरिषदको कार्यालयको लिखित जवाफ।

<u>प्रत्यर्थी सम्माननीय प्रधानमन्त्री तथा नेकपा एमालेका अध्यक्ष एवं नेकपा एमाले संसदीय दलका नेता श्री के.पि. शर्मा ओलीले पेश गर्नु भएको लिखित जवाफको व्यहोराः</u>

१४. सम्माननीय प्रधानमन्त्रीको लिखित जवाफमा मुख्यतः निम्न व्यहोरा उल्लेख भएको पाइयोः

क. सर्वोच्च अदालतको मिति २०७७।११।११ को आदेशबमोजिम प्रतिनिधि सभा पुनःस्थापित भई २०७७।११।२३ गते बसेको पहिलो बैठकबाटै प्रतिनिधि सभाले आफ्नो भूमिका निर्वाह गर्न सकेन। पहिलो बैठकमै पेश गर्नुपर्ने अध्यादेशहरु सभामुख र विपक्षी दलको नेता समेतको असहयोग र अवरोधका कारण प्रतिनिधि सभामा पेश नै हुन नसक्ने गैरसंसदीय अवस्था सिर्जना भयो। प्रतिनिधि सभामा सरकारले पेश गरेका कुनै विधेयक वा प्रस्तावमा छलफल हुन सकेन। बिना उपलब्धी प्रतिनिधि सभाको सातौं

अधिवेशन अन्त्य भयो; नेपाल कम्युनिष्ट पार्टी (एमाले) र नेपाल कम्युनिष्ट पार्टी (माओवादी केन्द्र) वीच मिति २०७५ जेष्ठ ३ गते एकीकरण गरी नेपाल कम्युनिष्ट पार्टी (नेकपा) नामको दल गठन गरी निर्वाचन आयोगमा गरिएको दर्ताको विरुद्ध दायर रिट नं. ०७५-WO-०५१७ मा सर्वोच्च अदालतबाट नेपाल कम्युनिष्ट पार्टी (नेकपा) नामको दल दर्ता बदर हुने गरी मिती २०७७/११/२३ मा आदेश भयो। उक्त आदेशबमोजिम दुवै दलको तर्फबाट पुनः नयाँ दल दर्ताको लागि निर्वाचन आयोगबाट जारी १५ दिने म्याद दिई नाम परिवर्तन गरी दर्ता हुन सूचित गरिएकोमा सो बमोजिम नाम परिवर्तन गरी दल दर्ता हुन सकेन। नेपाल कम्यूनिष्ट पार्टी (एमाले) र नेपाल कम्युनिष्ट पार्टी (माओवादी केन्द्र) एकीकरण पूर्वको अवस्थामा कायम हुन पुगेको हो।

ख. नेकपा (एमाले) र माओवादी केन्द्र अलग भए पनि माओवादी केन्द्रले समर्थन फिर्ता नलिने, तर सरकारको विरोध गरिरहने र राजनीतिक रुपमा समर्थन नभएको पनि भन्ने तर वैकल्पिक सरकार गठनको लागि अविश्वासको प्रस्ताव पनि नराखेपछि मैले संविधानको धारा १०० को उपधारा (१) बमोजिम प्रतिनिधि सभाको विश्वास छ भन्ने कुरा स्पष्ट गर्न उपयुक्त ठानें। मिति २०७४।१।२७ को लागि अधिवेशन आह्वान भएकोमा मैले पेश गरेको विश्वासको मत उपरको प्रस्ताव पारित हुन सकेन। तत्पश्चात संविधानको धारा ७६ को उपधारा (२) बमोजिम प्रतिनिधि सभामा प्रतिनिधित्व गर्ने दुई वा दुईभन्दा बढी दलहरुको समर्थनमा वहुमत प्राप्त गर्न सक्ने प्रतिनिधि सभाको सदस्यलाई मिति २०७४।१।३० गते साँझ ९:०० बजेसम्म प्रधानमन्त्रीमा नियुक्तिको लागि दावी पेश गर्न राष्ट्रपतिबाट आह्वान भएकोमा कुनै पनि सदस्यबाट त्यस्तो दावी पेश हुन सकेन। त्यसपछि राष्ट्रपतिबाट संविधानको धारा ७६ को उपधारा (३) बमोजिम प्रतिनिधिसभामा सवैभन्दा बढी सदस्यहरू भएको दल नेपाल कम्युनिष्ट पार्टी (एमाले) को संसदीय दलको नेताको हैसियतले म मिति २०७४।१।३० गते प्रधानमन्त्रीमा पुनः नियुक्त भएकोले उपधारा (४) बमोजिम मैले तीस दिनभित्र विश्वासको मत प्राप्त गर्नु पर्ने थियो। धारा ७६ को उपधारा (३) को प्रधानमन्त्रीको रुपमा समर्थन नगरेको अवस्थामा विश्वासको मत प्राप्त हुने अवस्था नभएकोले वैकल्पिक सरकार गठनको मार्ग प्रशस्त गर्न संविधानको धारा ७६ को उपधारा (५) बमोजिम प्रधानमन्त्री नियुक्ति सम्वन्धी प्रक्रिया आरम्भ गर्न मिति २०७४।२।६ मा मन्त्रिपरिषदबाट निर्णय भई राष्ट्रपतिसमक्ष सिफारिस गरेको हुँ। राष्ट्रपतिबाट संविधानको धारा ७६ को उपधारा

(५) बमोजिम प्रधानमन्त्री नियुक्ति गर्ने प्रयोजनका लागि मिति २०७८ जेठ ७ गते साँझ ५:०० बजेसम्म प्रतिनिधि सभामा विश्वासको मत प्राप्त गर्न सक्ने आधार प्रस्तुत गर्न आह्वान गर्नु भएको हो। राजनीतिमा कहिलेकाँही अति छिटो परिदृष्यहरु परिवर्तन हुन्छन्। धारा ७६ को उपधारा (३) बमोजिमको प्रधानमन्त्रीको रुपमा अन्य कुनै दलले मलाई समर्थन नगरेकोमा संविधानको धारा ७६ को उपधारा (५) बमोजिमको प्रधानमन्त्रीमा नियुक्त हुन जनता समाजवादी पार्टीका ३२ जना सांसदको समर्थन हुने गरी उक्त दलका अध्यक्ष श्री महन्थ ठाकुर र संसदीय दलका नेता श्री राजेन्द्र महतोबाट मलाई समर्थन भएको पत्र प्राप्त भएको एवं मेरो दलको १२१ जना सदस्य भएकोले मैले प्रतिनिधि सभामा विश्वासको मत प्राप्त गर्न सक्ने स्पष्ट आधार भएको हुँदा संविधानको धारा ७६ को उपधारा (५) बमोजिम मलाई प्रधानमन्त्रीमा नियुक्त गरी पाउँन राष्ट्रपति समक्ष दावी पेश गरेको हुँ। मैले प्रधानमन्त्रीको दावी पेश गरिसकेपछि सम्बन्धित दलबाट निर्णय नै नगराई व्यक्तिगत रुपमा मेरो दलका केही प्रतिनिधि सभा सदस्य तथा मलाई समर्थन गर्ने जनता समाजवादी पार्टीका संसद सदस्य मध्ये केहीको हस्ताक्षर सहित मिति २०७८/२/७ मा नेपाली कांग्रेसका नेता शेरबहादुर देउवाले १४९ जना प्रतिनिधि सभाका सदस्यको समर्थनमा प्रधानमन्त्रीमा नियुक्त गरी पाउन राष्ट्रपति समक्ष दावी गर्नु भएछ।

ग. सरकारको गठन दलीय समर्थनबाट मात्र हुने हो; राजनीतिक दलबाट निर्वाचित सदस्यले दलीय ह्वीपको उल्लंघन गरी दलीय अनुशासन विपरीत सरकार बनाउने कुरामा संलग्न हुन मिल्दैन। दलको सदस्यको हैसियत स्वतन्त्र हुन नसक्ने हुँदा नेकपा (एमाले) बाट निर्वाचित सदस्यहरूले अर्कै दलको नेतालाई प्रधानमन्त्री नियुक्त गर्न गरेको हस्ताक्षरलाई मान्यता नदिन राष्ट्रपतिसमक्ष अनुरोध गरिएको थियो। जनता समाजवादी पार्टी नेपालको तर्फबाट पनि पार्टीका सदस्यहरूले पार्टीको आचरण र मर्यादा विपरीत हस्ताक्षर गरिएको बुझिएकोले अस्वीकृत गर्न उक्त पार्टीका अध्यक्ष श्री महन्थ ठाकुर र संसदीय दलका नेता श्री राजेन्द्र महतोको हस्ताक्षरसहितको पत्र राष्ट्रपतिसमक्ष पेश भएको रहेछ। यसरी समर्थनकर्ता भनिएका सदस्यहरू एक अर्कामा दोहोरो परेका, दलको निर्णय विपरीत एकले अर्कोलाई समर्थन गरेको, दलबाट मान्यता नदिन लेखी पठाइएकोले संविधानको धारा ८९ को खण्ड (ङ) तथा राजनीतिक दल सम्बन्धी ऐन, २०७३ को परिच्छेद ६ का विषयहरू समेतलाई ध्यान दिँदै दावीकर्ता दुवै माननीय सदस्यहरूले संविधानको धारा

७६ को उपधारा (५) बमोजिम प्रतिनिधि सभामा विश्वासको मत प्राप्त गर्न सक्ने ठोस आधार नदेखिएकोले प्रधानमन्त्रीमा नियुक्ति गर्न दुवै माननीय सदस्यहरूको दावी नपुग्ने भनी मिति २०७८।२।७ मा राष्ट्रपति कार्यालयबाट विज्ञप्ति प्रकाशन भएकोले मैले राष्ट्रपतिको उक्त निर्णयलाई स्वीकार गरें। धारा ७६ को उपधारा (५) को प्रधानमन्त्री नियुक्त हुन नसकेकोले संविधानको धारा ७६ को उपधारा (७) बमोजिम वर्तमान प्रतिनिधि सभा विघटन गर्ने बाहेक अर्को संवैधानिक विकल्प थिएन। सोही संवैधानिक दायित्व निर्वाह गर्दै मिति २०७८।२।८ मा मन्त्रिपरिषदबाट भएको निर्णयसमेतको आधारमा प्रतिनिधि सभा विघटन गरी अर्को प्रतिनिधि सभाको निर्वाचन मिति २०७८/७/२६ र मिति २०७८/८/३ गते शुक्रवार सम्पन्न गर्ने गरी निर्वाचनको मिति घोषणा हुन राष्ट्रपतिसमक्ष सिफारिस गरेको हुँ। सोही आधारमा सम्माननीय राष्ट्रपतिबाट २०७८।२।८ मा प्रतिनिधि सभाको विघटन भई निर्वाचनको मिति घोषणा भएको छ।

घ. मुलुकले अङ्गीकार गरेको दलीय व्यवस्था हो। संविधानको धारा ७४ मा नेपालको शासकीय स्वरूप बहुलवादमा आधारित बहुदलीय प्रतिस्पर्धात्मक संघीय लोकतान्त्रिक गणतन्त्रात्मक संसदीय शासन प्रणाली हुने स्पष्ट छ। दलीय आधारमा सरकार गठन गर्ने संसदीय शासन प्रणालीको आधारभूत विशेषता हो। दलीय व्यवस्थालाई मजबुत बनाउन तथा आवधिक निर्वाचनलाई व्यवस्थित गर्न राजनीतिक दल सम्बन्धी ऐन, २०७३ तथा निर्वाचन सम्बन्धी कानूनहरु जारी भएका छन्। नेपालको राजनीतिक प्रणालीले दलीय आधारभन्दा बाहिर गई सरकार गठन र सञ्चालनको संभावनालाई स्वीकार गर्दैन। संविधान तथा राजनीतिक दल सम्बन्धी ऐन, २०७३ मा कहीं कतै पनि दलको सदस्यलाई दलको निर्णय विपरीत काम कारवाही गर्न सक्ने छुट दिइएको छैन। आफ्नो दलको नेताको विरुद्ध प्रतिस्पर्धी दलको नेतालाई समर्थन गर्ने, तर आफू दलभित्रै रहेको भन्ने जस्तो अनैतिक र अराजनैतिक कार्य गर्ने छुट संसदीय व्यवस्थामा हुँदैन। दलका नीति, विचार वा निर्णयहरु चित्त नबुझेमा प्रचलित कानून तथा दलकै विधानबमोजिम दल परित्याग गर्न वा नयाँ दल गठन गर्नेसम्मको अधिकार हुन्छ। तर दलभित्रै रहेर दलीय अनुशासन नमान्ने तर्क हास्यास्पद हुन्छ। आफ्नो दलको नेताले प्रधानमन्त्रीमा दाबी गरेकोमा विपक्षी दलको नेतालाई प्रधानमन्त्रीको रुपमा समर्थन गर्ने र सो कार्य संविधान अनुकुल छ भन्ने कुरा संसदीय शासन प्रणालीमा कल्पना नगरिने हुँदा यो दल त्यागको

अवस्था हो। दल त्याग गरेको अवस्थामा संविधानको धारा ८९(ङ) र राजनीतिक दल सम्बन्धी ऐन, २०७३ बमोजिम त्यस्तो संसद सदस्यको पद रहँदैन। पद नै नरहने प्रतिनिधि सभा सदस्यले कसैलाई प्रधानमन्त्री पदमा समर्थन गर्न सक्ने वा त्यस्तो मत गणना हुन सक्तैन। संविधानको धारा ७६ को उपधारा (५) को अवस्थामा दलीय ह्वीप नलाग्ने कुरा संविधान र संसदीय शासन प्रणालीको आधारभूत मान्यता विपरीत हुन्छ। धारा ७६ को उपधारा (५) को अवस्थामा दलीय अनुशासन लागू नहुने हो भने सो कुरा स्पष्ट उल्लेख भएको हुनेथियो। अपवादात्मक व्यवस्था अपवाद रुपमा उल्लेख हुनु पर्दछ। नेपाली काङ्ग्रेस र नेपाल कम्युनिष्ट पार्टी (माओवादी केन्द्र) ले आफ्नो दलमा भने संविधान र प्रचलित कानूनबमोजिमको दलीय अनुशासनको पालना गर्ने गराउने, तर नेपाल कम्युनिष्ट पार्टी (एमाले) र जनता समाजवादी पार्टीमा विभाजन ल्याउने नियतले दलका केही सदस्यलाई आफूतिर समावेश गराई प्रधानमन्त्रीमा दाबी गरिएको कार्य संसदीय शासन प्रणाली र संविधान प्रतिकूल छ।

ङ. राष्ट्रपतिबाट संविधानको संरक्षकको कर्तव्य निर्वाह भएको छ। संविधानको धारा ६१ ले राष्ट्रपतिलाई संविधानको पालना र संरक्षण गर्नु प्रमुख कर्तव्य हुने भनी तोकेको छ। संविधानको धारा ६१ को उपधारा (२) बमोजिम संविधान र संघीय कानूनबमोजिम आफ्नो कार्य सम्पादन राष्ट्रपतिबाट हुने हो। राष्ट्रपति र उपराष्ट्रपतिको पारिश्रमिक तथा सुविधा सम्बन्धी ऐन, २०७४ को दफा १६ मा राष्ट्रपति र उपराष्ट्रपतिले आफ्नो पदीय हैसियतले सम्पादन गरेका काम कारवाहीको विषयमा निज पदमा रहँदा वा सेवा निवृत भएपछि निज उपर मुद्दा चलाइने छैन भन्ने छ। संविधानको धारा ७६ को उपधारा (५) बमोजिम विश्वासको मत पाउने आधार प्रस्तुत गरेको छ, छैन भनी राष्ट्रपतिबाट भएको निर्णयका विरुद्धमा अदालतमा प्रश्न उठाउन सकिदैन।

च. संविधानको धारा ७६ को उपधारा (५) को सरकार बनाउन मार्ग प्रशस्त गर्नु संवैधानिक विधि हो। धारा ७६ को उपधारा (३) को प्रधानमन्त्रीको रुपमा विश्वासको मत नपाउने स्पष्ट भएकोले मैले धारा ७६ को उपधारा (५) बमोजिमको सरकार निर्माणका लागि मार्ग प्रशस्त गरेको हुँ। धारा ७६ को उपधारा (३) र उपधारा (५) बमोजिमका सरकार नितान्त भिन्न-भिन्न अवस्थाका सरकार हुन्। धारा ७६ को उपधारा (३) को सरकार सबैभन्दा ठूलो दलको एकलौटी सरकारलाई अर्को राजनीतिक दलको समर्थन नहुन सक्छ। तर धारा ७६ को उपधारा (५) को सरकार संयुक्त सरकार पनि

हुन सक्छ। जनता समाजवादी पार्टीले धारा ७६ को उपधारा (३) को सरकारलाई विश्वासको मतको लागि आग्रह गर्दा समर्थन नगरेकोमा पछि धारा ७६ को उपधारा (५) को सरकार निर्माण गर्न समर्थन दिएकोले मैले राष्ट्रपति समक्ष दलीय आधारमा १५३ जना प्रतिनिधि सभा सदस्यको रहने कुरा उल्लेख गरी प्रधानमन्त्री नियुक्तिका लागि दावी पेश गरेको हुँ।

छ. राजनीतिक स्थिरताका लागि नयाँ जनादेश अनिवार्य छ। राजनैतिक हिसाबले कुनै परिणाम नदिने प्रतिनिधिसभा पुनःस्थापनाको माग भनेको परिणाम नदिने राजनैतिक संरचनालाई निरन्तरता दिनु र प्रतिनिधि सभाको अवधि निरर्थक रुपमा बढाउने बाहेक कुनै खास राजनैतिक कारण वा एजेण्डा देखिँदैन। यसैले संसद पुनस्थापनाले थप अन्यौल, अस्थिरता र अराजकता मात्र सृजना गर्ने हुँदा यस्तो विषयमा अदालतले प्रवेश गर्नु हुँदैन। निर्वाचन सबैभन्दा अग्रगामी र लोकतान्त्रिक विधि हो। राज्य सञ्चालनको अन्तिम निर्णयकर्ता सार्वभौम जनता नै हुन्। जनताले आफूमा अन्तर्निहित सार्वभौमसत्ता र राजकीयसत्ताको प्रयोग गर्ने प्रत्यक्ष विधि निर्वाचन हो। जनताको अभिमत व्यक्त हुने निर्वाचनले लोकतन्त्रलाई थप सुदृढ र परिपक्व बनाउँछ। नयाँ बन्ने प्रतिनिधि सभाले स्थिर सरकार र स्थायित्व दिनेछ।

ज. प्रतिनिधि सभाको विघटन सर्वोच्च अदालतको आदेश अनुरुप भएको छ। २०७७-WC-००३७ सहितका उत्प्रेषणका निवेदनमा संवैधानिक इजलासबाट मिति २०७७।११।११ मा "यस संविधान बमोजिम अगावै विघटन भएकोमा बाहेक भन्ने वाक्यांशले प्रतिनिधि सभा निर्वाचन पश्चात धारा ७६ को उपधारा (१), (२), (३) र (५) बमोजिम प्रधानमन्त्री नियुक्त हुन नसकेपछि वा नियुक्त भएका प्रधानमन्त्रीले विश्वासको मत प्राप्त गर्न नसकेपछि प्रतिनिधि सभाका अरु कुनै सदस्य प्रधानमन्त्री नियुक्ति हुने विकल्प समाप्त भएपश्चात धारा ७६ को उपधारा (७) बमोजिम प्रतिनिधि सभा विघटन हुने संवैधानिक प्रावधान रहेको भन्ने अर्थमा नै बुझाउछ" भनी आदेशमा उल्लेख भएबमोजिम सरकार निर्माण सम्बन्धी धारा ७६ बमोजिमका सबै विकल्पको प्रयोग भई वैकल्पिक सरकार निर्माण हुन नसकेपछि प्रतिनिधि सभा विघटन भएकोले प्रतिनिधि सभाको विघटन स्वाभाविक र संवैधानिक छ।

झ. जन अनुमोदनको लागि जनतामा जाने विषय राजनीतिक विषय हो। प्रतिनिधि सभाको विघटन गरी निर्वाचनमा जाने विषय नितान्त राजनीतिक विषय हो। प्रतिनिधि सभाको

गठन वा विघटन राजनीतिक कारणहरुले हुन्छ। राजनीतिक प्रश्नमा अदालत प्रवेश नगर्ने संवैधानिक अभ्यास रहेको छ। संसद विघटनका विषयमा यसपूर्व अदालतमा पेश भएका विवादमा अदालतले आत्मसंयमता अपनाई विवादको किनारा गर्ने गरेको हाम्रो न्यायिक अभ्यास रहेको छ। प्रतिनिधि सभा विघटन सम्बन्धी पहिलो रिट (०५१ सालको रिट नं. २३०४) मा सर्वोच्च अदालतबाट "प्रधानमन्त्रीले राजनैतिक कारण देखाई प्रतिनिधि सभा विघटनको सिफारिस गर्नुभएको देखिन आएकोले सो राजनैतिक कारणको औचित्य वा पर्याप्तताको क्षेत्रभित्र अदालतले प्रवेश गरी शक्तिपृथकीकरणको सिद्धान्तबमोजिम मूल्याङ्कन गर्न मिल्ने देखिन्न" भनी व्याख्या भएको छ। चित्रबहादुर केसी विरुद्ध प्रधानमन्त्री शेरबहादुर देउवासमेत भएको रिट (२०५९ को रिट नं. ३५४२) मा "प्रतिनिधिसभा विघटन गरी नयाँ निर्वाचनद्वारा जनादेश प्राप्त गर्न जाने हो, त्यसको औचित्य जाँच्ने सार्वभौम जनता नै हुन्; प्रधानमन्त्रीद्वारा प्रतिनिधिसभा विघटनको सिफारिसमा बिभिन्न कारण देखाइएको छ; सो कारणबारे अदालतले न्याय निरुपण गर्ने कुरा आउँदैन" भनी सिद्धान्त कायम भएका छन्।

ञ. रिट निवेदन सफा हात लिई रीतपूर्वक पेश हुनु पर्दछ। संविधानको धारा ७६ को उपधारा (५) बमोजिम प्रधानमन्त्रीमा दावी गर्दा उक्त धाराको उपधारा (२) बमोजिम दलीय आधारमा समर्थन हुनु पर्नेमा पार्टीको आधिकारिक निर्णय विना हस्ताक्षर संकलन गरेको भनी प्रधानमन्त्री नियुक्तिका लागि गरेको दावीलाई आधार बनाई दायर निवेदन सफा हातबाट दायर गरेको भन्न मिल्दैन। रिट निवेदन कसैले दिने र अरु कोही सनाखत गरेर निवेदक बन्न मिल्दैन। सर्वोच्च अदालत नियमावली वा कुनै कानूनले पनि सनाखत गरेर निवेदन दिने कुराको व्यवस्था गर्दैन। रिट निवेदनमा पाँच जना सदस्यहरूको मात्र हस्ताक्षर छ, त्यसरी सनाखत गरिने व्यहोरा पनि रिट निवेदनमा खुलाइएको छैन। यस्तो बेरितको निवेदन उपर सुनवाई हुन वा निर्णय हुन सक्दैन। कुनै पनि कागजात जुन कामका लागि प्रयोग गरिने हो, सो प्रयोजन खुलाई सोही ढाँचा र रित बमोजिम तयार गरिएको र हस्ताक्षर गरिएको हुनुपर्दछ। रिट निवेदन पेश गरिएको भनिएको सनाखतमा हस्ताक्षर गर्ने सदस्य सङ्ख्या क्रमशः घट्दै रिट निवेदनमा हस्ताक्षर गर्ने सदस्य सङ्ख्या पाँचमा झरेको छ। त्यसैले कुन कार्यका लागि कति जना सदस्यको सहभागिता हो भन्न एकीन गर्न सकिने अवस्था छैन।

ट. प्रतिनिधि सभाको कार्यकाल अगावै विघटन भएकोमा वाहेक मात्र पाँच वर्ष हुने हो। संविधानको धारा ८९ को खण्ड (ग) ले प्रतिनिधि सभाको कार्यकाल वा राष्ट्रिय सभाको पदावधि समाप्त भएमा संघीय संसदका सदस्यको स्थान रिक्त हुने व्यवस्था गरेको र धारा ८५ ले प्रतिनिधि सभाको कार्यकाल अगावै विघटन हुनसक्ने परिकल्पना गरेको अवस्था छ। प्रतिनिधि सभाको बिघटन अगावै भएमा कार्यकाल ५ वर्ष नहुन पनि सक्तछ। संवैधानिक दायित्व पूरा गर्न विघटनको सिफारिस गरिएको हो। रिट निवेदनमा प्रतिनिधिसभा विघटनको सिफारिस वदनियतबाट अभिप्रेरित भन्ने आरोप कुनै आधार प्रमाण र तथ्यले समर्थन गरेको नभई हचुवा र काल्पनिक छ। यस विषयमा हरिप्रसाद नेपाल विरुद्ध प्रधानमन्त्री गिरिजाप्रसाद कोइरालाको रिट (२०५१ सालको रिट नं. २३०४) मा सर्वोच्च अदालतले व्याख्या गरिसकेको छ। सो आदेशमा भनिएको छः "दुराशय भन्ने कुरा अनुमान गर्ने कुरा होइन; प्रमाणहरूबाट शंकारहित रूपमा प्रमाणित भएको हुनुपर्छ"। त्यसैगरी चित्रबहादुर केसी विरुद्ध प्रधानमन्त्री शेरबहादुर देउवा भएको २०५९ सालको रिट नं ३५४२ मा भनिएको छः "दुराशय प्रमाणित हुन तथ्ययुक्त र युक्तिसंगत आधार हुनुपर्छ; दुराशयपूर्ण कार्य हो भन्ने प्रमाणित हुन कुनै खास घटना तथ्यगत रूपमा प्रमाणित हुनु पर्दछ; प्रतिनिधि सभा बिघटनका सम्वन्धमा स्पष्ट रूपमा निवेदकहरूले प्रधानमन्त्रीको वैयक्तिक आचरण र वदनियत भएको तथ्य देखाउन नसकेको अवस्थामा वदनियत ठहर गर्ने भरपर्दो आधार कारण र प्रमाण देखिन्न"।

ठ. कोभिड-१९ को संक्रमणको समय मै व्यवस्थापन गरी निर्वाचन सम्पन्न गरिनेछ। आगामी फागुन महिनामा स्थानीय तहको निर्वाचन गर्नै पर्ने हुन्छ। निवेदक श्री शेरबहादुर देउवाले यही भदौ महिनामा नेपाली काङ्ग्रेसको महाधिवेशन गर्ने गरी कार्यतालिका प्रकाशित गरिसक्नु भएको छ। यसैले स्वास्थ्य सुरक्षाका मापदण्ड अपनाएर निर्वाचन गर्न सकिने हुँदा निर्वाचन हुन नसक्ने भनी गरिएको दावी हचुवा र आधारहीन छ।

ड. अदालतले प्रधानमन्त्री नियुक्त गर्न सक्दैन। विपक्षी शेरबहादुर देउवाले दावी पेश गर्दा प्रधानमन्त्री नियुक्त गर्नसमेत माग गर्नु भएको रहेछ। अदालतले संविधान र कानूनको व्याख्या गर्ने हो, अदालत आफैले व्यवस्थापिका वा कार्यपालिकाको भूमिका निर्वाह गर्न सक्दैन। यो नितान्त राजनैतिक र कार्यपालिकीय प्रक्रिया हो। संविधानको धारा ७६ ले प्रधानमन्त्री नियुक्ति गर्ने अधिकार राष्ट्रपति वाहेक कसैलाई दिएको छैन। संविधानले

धारा ७६ को उपधारा (२) वा (३) वा (५) बमोजिम राष्ट्रपतिले नियुक्त गरेका प्रधानमन्त्रीप्रति प्रतिनिधि सभाको विश्वास छ वा छैन भनी परीक्षण गर्ने अधिकार दिएको, तर धारा ७६ को उपधारा (५) बमोजिम नियुक्ति नै नभएको कुनै अवस्थामा परीक्षण गर्ने कुरा प्रतिनिधि सभा वा अदालतबाट हुने कुनै परिकल्पना गरिएको छैन। प्रधानमन्त्रीको निर्वाचन गर्ने व्यवस्था विद्यमान संविधानमा राखिएको समेत छैन।

ढ. सर्वोच्च अदालतलाई संविधान र कानूनको अन्तिम व्याख्या गर्ने अधिकार रहेकोमा सुनवाईमा इजलासको बनोट मै प्रश्न उठाउने र मुद्दाको एक पक्षले समान व्यवहारको माग गर्ने जस्ता अनपेक्षित अवस्था सिर्जना भयो। संविधानले स्वतन्त्र, निश्पक्ष र सक्षम न्यायपालिकाको व्यवस्था गरेकोले अदालतको मर्यादा संरक्षित हुनुपर्छ।

ण. अतः संवैधानिक व्यवस्था, न्यायिक अभ्यास, संसदीय शासन प्रणालीका आधारभूत मान्यता, सर्वोच्च अदालतबाट प्रतिपादित सिद्धान्त तथा सरकार गठनका सन्दर्भमा जारी मार्गदर्शनसमेत बमोजिम सार्वभौमसत्ता सम्पन्न जनतालाई नै निर्णायक भूमिका दिने गरी भएको प्रतिनिधि सभा विघटनको सिफारिस र सो सिफारिस बमोजिम भएका काम कारबाहीहरू संविधान तथा संसदीय शासन प्रणालीका मान्यता अनुरुप भएको हुँदा रिट निवेदन खारेज गरी पाउँ भन्ने समेत व्यहोराको प्रत्यर्थी सम्माननीय प्रधानमन्त्री श्री के.पी. शर्मा ओलीको लिखित जवाफ।

<u>प्रत्यर्थी राष्ट्रपतिको कार्यालयबाट पेश भएको लिखित जवाफको व्यहोरा:</u>

१५. नेपालको संविधानको धारा ७४ मा नेपालको शासकीय स्वरूप बहुलवादमा आधारित बहुदलीय प्रतिस्पर्धात्मक संघीय लोकतान्त्रिक गणतन्त्रात्मक संसदीय शासन प्रणाली हुने भन्ने कुरा स्पष्ट उल्लेख छ। दलीय आधारमा सरकार गठन गर्ने संसदीय शासन प्रणालीको सबैभन्दा महत्वपूर्ण आधारभूत विशेषता हो। दलीय व्यवस्थालाई मजबुत बनाउन तथा आवधिक निर्वाचनलाई व्यवस्थित गर्न राजनीतिक दल सम्बन्धी ऐन, २०७३ तथा निर्वाचन सम्बन्धी कानूनहरु जारी भएका छन्। संवैधानिक तथा कानूनीरुपमा नेपालले अपनाएको राजनीतिक प्रणालीमा दलीय आधारमा नै सरकार गठन र सञ्चालनको व्यवस्था गरिएको छ। दलीय प्रतिस्पर्धाबाट नै प्रतिनिधि सभाका सदस्यहरु निर्वाचित हुने हुँदा ती जनप्रतिनिधिलाई दलको अनुशासनमा राख्नको लागि संविधानको धारा ८९(ङ) मा दल त्याग गरेमा संघीय सांसदको पद रिक्त हुने व्यवस्था

गरिएको छ। यसबाट नेपालको संविधानले राजनैतिक दल, दलीय अनुशासन र दलीय प्रतिस्पर्धालाई उच्च महत्व दिएको स्पष्ट छ। मुलुकको शासन व्यवस्थाको सञ्चालनका लागी आवधिक निर्वाचनद्वारा दलहरुको जनअनुमोदन हुने र दलीय संरचनाको आधारमा प्रधानमन्त्री नियुक्त हुने, सरकार गठन तथा सञ्चालन हुने कुरा नै बर्तमान संविधानले अंगिकार गरेको राजनैतिक प्रणाली हो। सम्माननीय प्रधानमन्त्रीबाट मन्त्रिपरिषद्को निर्णय बमोजिम सिफारिस भै राष्ट्रपति समक्ष मिती २०७८/२/६ मा अनुरोध भए बमोजिम संविधानको धारा ७६ को उपधारा (५) अनुसार संविधानको धारा ७६ को उपधारा (२) बमोजिमको कुनै सदस्यले प्रतिनिधि सभाको विश्वासको मत प्राप्त गर्न सक्ने आधार प्रस्तुत गरी प्रधानमन्त्रीको पदमा नियुक्तिका लागि दाबी पेश गर्न राष्ट्रपतिबाट तत्कालिन प्रतिनिधि सभाका सदस्यलाई मिति २०७८/२/७ गते साँझ ५:०० बजेसम्मको समय दिई आह्वान भई यस कार्यालयबाट सोही बमोजिम सूचना सम्प्रेषण भएको हो।

१६. राष्ट्रपतिको कार्यालयबाट जारी भएको सूचनामा तोकिएको समयभित्र प्रतिनिधि सभाका माननीय सदस्यहरु श्री के.पी. शर्मा ओली र श्री शेरबहादुर देउवाले धारा ७६ को उपधारा (५) बमोजिम सरकार गठनका लागि राष्ट्रपति समक्ष छुट्टाछुट्टै दाबीहरु पेश हुन आए। उक्त दुबै दावीकर्ताको निवेदनलाई राष्ट्रपतिको कार्यालयमा दर्ता गरी सम्माननीय राष्ट्रपतिसमक्ष निर्णयको लागि पेश भएकोमा सम्माननीय राष्ट्रपतिबाट मिति २०७८/२/७ मा निर्णय भै सो निर्णय नेपाल राजपत्रमा प्रकाशित समेत भएको छ। दावीकर्ता दुवै माननीय सदस्यहरुका समर्थनकर्ता भनिएका सदस्यहरु एक-अर्काको दोहोरो परेका, दलको निर्णय विपरीत एकले अर्कालाई समर्थन गरेकोसमेत देखिएको र सम्वन्धित दलबाट मान्यता नदिन लेखी आएकोसमेत देखिएको सन्दर्भमा नेपालको संविधानको धारा ८९ को खण्ड (ङ) समेत आकर्षित हुन सक्ने, राजनीतिक दल सम्वन्धी ऐन, २०७३ को परिच्छेद ६ का विषयहरु समेतलाई ध्यान दिँदै दावीकर्ता दुबै माननीय सदस्यहरुले संविधानको धारा ७६ को उपधारा (५) बमोजिम प्रतिनिधि सभामा विश्वासको मत प्राप्त गर्न सक्ने ठोस आधार नदेखिएकोले उक्त उपधारा (५) बमोजिमका दावीकर्ता दुवै माननीय सदस्यहरुको दाबी नपुग्ने देखिएकोले प्रधानमन्त्री पदमा नियुक्त गर्न मिल्ने देखिएन" भनी राष्ट्रपतिबाट निर्णय भएको थियो।

१७. नेपालको संविधानको धारा ६६ को उपधारा (२) मा राष्ट्रपतिले आफ्नो अधिकार र कर्तव्यको पालना गर्दा यो संविधान वा संघीय कानूनबमोजिम कुनै निकाय वा पदाधिकारीको सिफारिसमा गरिने भनी किटानी साथ व्यवस्था भएको कार्य बाहेक राष्ट्रपतिबाट सम्पादन गरिने अन्य जुनसुकै कार्य मन्त्रिपरिषदको सिफारिस र सम्मतिबाट हुनेछ, त्यस्तो सिफारिस र सम्मति प्रधानमन्त्रीमार्फत पेश हुनेछ भन्ने व्यवस्था रहेको छ। संविधानको पालक र संरक्षकको रुपमा रहने राष्ट्रपतिलाई संविधानले नै केही अधिकारको स्वयं प्रयोग गर्नु पर्ने व्यवस्था गरेको छ। संविधानको धारा ७६ बमोजिमको प्रधानमन्त्री नियुक्त गर्दा अपनाइने कार्यविधि एवं निर्णयको लागि राष्ट्रपतिलाई कुनै पदाधिकारीको सिफारिस आवश्यक नपर्ने र राष्ट्रपतिबाट नै राष्ट्र प्रमुख एवं संविधानको पालक र संरक्षकको हैसियतमा निर्णय हुने विषय हो। धारा ७६ को उपधारा (५) मा उल्लेख भएबमोजिम नियुक्त प्रधानमन्त्रीले विश्वासको मत पाउन सक्ने आधार छ वा छैन भनी एकीन गर्ने अधिकार र कर्तव्य स्वयं राष्ट्रपतिको हो। धारा ७६(१), (२), (३) र (५) को सरकार गठनको लागि राष्ट्रपतिलाई प्रधानमन्त्री वा अन्य कुनै निकाय वा पदाधिकारीको सिफारिश वा मन्त्रिपरिषदको निर्णय आवश्यक पर्दैन।

१८. रिट निवेदक श्री शेरबहादुर देउवाको दाबी तथा सो साथ संलग्न कागजातमा दुईवटा दलको मात्र निर्णय पेश भएको, अन्य दलको पत्र संलग्न नभएको र हस्ताक्षरको सिलसिला नमिलेको, प्रतिनिधि सभा सदस्यको दलीय हैसियत नखुलेको अवस्थाको विधमानता थियो। अर्का दावीकर्ता श्री के.पी. शर्मा ओलीले आफूलाई समर्थन हुने भनी पेश गरेको दलका सदस्यहरुले अर्का दावीकर्तालाई समर्थन गरेको देखिएको छ। यसरी उक्त दुवै दाबी राजनीतिक दलको मान्यता एवं दलका सदस्यले पालना गर्नु पर्ने अनुशासन तथा राजनीतिक नैतिकता अनुकुल नदेखिएको अवस्थामा त्यस्तो दुवै दाबीलाई संवैधानिक तवरले विश्वासको मत पाउने विश्वसनीय आधार नदेखी दुवै दाबीकर्ताको दाबी नपुग्ने गरी सम्माननीय राष्ट्रपतिबाट निर्णय भएको हो। तत्पश्चात संविधानको धारा ७६ को उपधारा (७) बमोजिम प्रतिनिधि सभा विघटन गर्न र अर्को प्रतिनिधि सभाको पहिलो चरणको निर्वाचन संवत् २०७८ साल कार्तिक २६ गते शुक्रबार र दोस्रो चरणको निर्वाचन संवत २०७८ साल मंसिर ३ गते शुक्रबार गर्ने गरी मिति २०७८/२/८ को

नेपाल सरकार, मन्त्रिपरिषद्को बैठकबाट निर्णय भएको र सो निर्णयबमोजिम सम्माननीय प्रधानमन्त्रीबाट सिफारिस भई आएबमोजिम प्रतिनिधि सभाको विघटन गरी निर्वाचनको मिति तोक्ने कार्य निर्णय राष्ट्रपतिबाट भएको हो।

१९. कसैको सिफारिश विना राष्ट्रपति स्वयंबाट संविधानबमोजिम सम्पादन भएको कामकारबाही र निर्णय अदालतबाट बदर हुन सक्दैन र अमूक व्यक्तिलाई प्रधानमन्त्री नियुक्ति गर्ने गरी परमादेश जारी हुन सक्दैन। यस्तो माग गर्नु आफैमा संविधान विपरीतको विषय हो भन्ने स्पष्ट छ। राष्ट्राध्यक्षको हैसियतमा सम्माननीय राष्ट्रपतिबाट संविधानको धारा ७६ बमोजिम भए गरेका कामकारबाहीका विषयमा रिट क्षेत्राधिकार आकर्षित हुने होइन र यो विषय न्यायिक पुनरावलोकनको विषय नभएकोले रिट निवेदक खारेज गरी पाउँ भन्नेसमेत व्यहोराको प्रत्यर्थी राष्ट्रपतिको कार्यालयको लिखित जवाफ।

प्रत्यर्थी निर्वाचन आयोगको लिखित जवाफ

२०. निवेदन दावीको विषयमा यस आयोगको के कस्तो संलग्नता हो, आयोगको के कस्तो काम कारवाही वा निर्णयबाट निवेदकको के कस्तो संवैधानिक तथा कानूनी हक अधिकारको हनन भएको हो? भन्ने सम्बन्धमा निवेदनमा कुनै कुरा उल्लेख छैन। दावी लिंदा संलग्नता, विपक्षी बनाउनु पर्नाको आधार र कारण स्पष्टसंग उल्लेखित हुनु पर्नेमा प्रत्यर्थी बनाउनु पर्नाको आधार र कारण नखुलाइएकोले रिट प्रथम दृष्टिमै खारेजभागी छ। नेपालको संविधानको धारा २४५ मा निर्वाचन आयोग रहने व्यवस्था र धारा २४६ मा निर्वाचन आयोगको काम, कर्तव्य र अधिकार तोकी राष्ट्रपति, उपराष्ट्रपति, संघीय संसदका सदस्य, प्रदेश सभाका सदस्य तथा स्थानीय तहका सदस्यको निर्वाचनको सञ्चालन, रेखदेख, निर्देशन र नियन्त्रण गर्ने, निर्वाचनको प्रयोजनका लागि मतदाताको नामावली तयार गर्ने, राष्ट्रिय महत्वका विषयमा जनमत संग्रह गराउने र निर्वाचन आयोगको अन्य काम, कर्तव्य र अधिकार तथा कार्यविधि संघीय कानूनबमोजिम हुने व्यवस्था छ। संवैधानिक एवं कानूनी दायित्व पूरा गर्नु निर्वाचन आयोगको कर्तव्य हो। प्रचलित कानून बमोजिम तोकिएको मितिमा स्वच्छ, स्वतन्त्र, निष्पक्ष र भयमुक्त वातावरणमा निर्वाचन सम्पन्न गर्नको लागि प्रचलित कानूनले तोकेको प्रक्रिया अनुसार कार्य सम्पादन गर्नु पर्ने नै हुन्छ। निर्वाचन आयोगले संविधान र कानूनबमोजिम साधिकार निकायबाट निर्णय भै निर्वाचनको मिति तोकी आएपछि प्रचलित कानूनबमोजिम

कार्यतालिका बनाई निर्वाचन कार्यक्रम अगाडि बढाउनुपर्ने हुँदा यस आयोगलाई बिना कारण विपक्षी बनाई दायर भएको रिट निवेदन खारेज गरी पाउँ भन्ने प्रत्यर्थी निर्वाचन आयोगको लिखित जवाफ।

प्रत्यर्थी प्रतिनिधि सभाका सम्माननीय सभामुख श्री अग्नी प्रसाद सापकोटाले पेश गर्नु भएको लिखित जवाफको व्यहोराः

२१. नेपालको संविधानको धारा ७६ बमोजिम सरकार गठन गर्न सक्ने विकल्प रहँदासम्म प्रतिनिधि सभा विघटन हुन नसक्ने भनी सर्वोच्च अदालतबाट समेत व्याख्या भई सकेको छ। मिति २०७८।१।२७ मा प्रतिनिधि सभामा विश्वासको मतको लागि मतदान हुँदा विश्वासको मतका पक्षमा जम्मा ९३ मत र विपक्षमा १२४ मत परेपछि संविधानको धारा १००(३) बमोजिम प्रधानमन्त्री के.पी. शर्मा ओली पदबाट मुक्त भएको र तत्पश्चात सम्माननीय राष्ट्रपतिबाट संविधानको धारा ७६(२) बमोजिम प्रधानमन्त्री नियुक्तिको लागि २०७८।०१।३० गते साँझ ५:०० बजेसम्मको समय दिनुभएकोमा सो बमोजिमको दावी नपरेपछि सोही दिन सम्माननीय राष्ट्रपतिबाट संविधानको धारा ७६(३) बमोजिम श्री के.पी. शर्मा ओलीलाई नै प्रधानमन्त्रीमा नियुक्ति गरिएको थियो। यसरी संविधानको धारा ७६(३) बमोजिम नियुक्त प्रधानमन्त्रीले धारा ७६(४) बमोजिम ३० दिनभित्र प्रतिनिधि सभाबाट विश्वासको मत लिनुपर्नेमा वहाँले विश्वासको मत लिनु भएन। राष्ट्रपतिबाट मिति २०७८।२।६ गते गरिएको आह्वानमा संविधानको धारा ७६(५) बमोजिम प्रधानमन्त्री नियुक्ति सम्बन्धी प्रकिया आरम्भ गर्न नेपाल सरकार मन्त्रिपरिषदद्वारा २०७८।२।६ मा निर्णय भएको र सो बमोजिम प्रधानमन्त्री नियुक्ति प्रकिया आरम्भ हुन सम्माननीय प्रधानमन्त्रीबाट अनुरोध भई आएकोले संविधानको धारा ७६(५) बमोजिम प्रधानमन्त्री नियुक्ति गर्ने प्रयोजनका लागि २००८।२।७ गते साँझ ५:०० बजेसम्म प्रतिनिधि सभामा विश्वासको मत प्राप्त गर्न सक्ने आधार प्रस्तुत गर्न प्रतिनिधि सभाका सदस्यलाई आह्वान गर्नुभएको थियो। सो आह्वान बमोजिम माननीय शेरबहादुर देउवालाई प्रतिनिधि सभाका १४९ जना सदस्यले समर्थन गरी संविधानको धारा ७६(५) बमोजिम प्रधानमन्त्रीमा नियुक्त गर्न मिति २०७८।२।७ गते साँझ ५:०० बजेभित्र दावी प्रस्तुत भएको छ। बहुमत सदस्यको समर्थनमा दावी पेश गर्दा पनि प्रधानमन्त्रीमा नियुक्त नगरिनु संविधान विपरितको कार्य हो। प्रतिनिधि सभामा

१४९ जना सदस्यको समर्थनसहित धारा ७६(५) बमोजिम प्रधानमन्त्रीमा नियुक्ति गर्न माननीय शेरबहादुर देउवाको दाबी प्रस्तुत भएपछि विश्वासको मत प्राप्त गर्न सक्ने आधार परीक्षण गर्ने स्थल भनेको प्रतिनिधि सभा मात्र हो। राष्ट्रपतिलाई विश्वासको मत प्राप्त गर्न सक्ने आधारको परीक्षण गर्ने अधिकार धारा ७६(५) तथा धारा ६६ ले नदिएकोले राष्ट्रपतिको निर्णयसमेतका कार्य गैरसंवैधानिक छ।

२२. दुवै दाबी नपुग्ने भनी सम्माननीय राष्ट्रपतिबाट मिति २०७८ जेष्ठ ८ मा गरिएको निर्णय संविधान विपरित भै यो कार्यले संविधानको धारा ६१ को उपधारा (४) बमोजिम संविधानको पालन र संरक्षण गर्ने कर्तव्यबाट राष्ट्रपति विमुख भएको देखिन्छ। धारा ७६(५) बमोजिमको आधार पुरा गरी १४९ जना प्रतिनिधि सभाको सदस्यहरुको हस्ताक्षर सहित प्रधानमन्त्रीमा दावी प्रस्तुत गरिएकोमा विवाद सृजना गरी राष्ट्रपतिले आफ्नो क्षेत्राधिकारभन्दा बाहिरको प्रश्न उठाई प्रतिनिधि सभा नै विघटन गर्ने कार्य संवैधानिक नैतिकता (Constitutional Morality), संवैधानिक बस्तुनिष्ठता वा निष्पक्षतावाद (Constitutional objectivity), संवैधानिक सुशासन तथा बैधानिक संवैधानिक विश्वास (Constitutional Governance and Legitimate Constitutional Trust), तथा संवैधानिक संस्कार वा व्यवहारवाद (Constitutional Culture and Pragmatism) समेतको प्रष्ट वर्खिलाप छ। संसदीय अभ्यास एवं संसदीय प्रणाली तथा हाम्रै आफ्नै मुलुकको विगतको परम्परामा अधिवेशन आह्वान गर्दा, स्थगन गर्दा एवं प्रतिनिधि सभा विघटन गर्दा सभामुखसँग परामर्श गर्ने प्रचलन रहेकोमा अहिले कुनै परामर्श गरिएन। प्रधानमन्त्री नियुक्ति हुने आधारसहितको रिट निवेदकको दावी उपयुक्त नै रहेको छ; प्रतिनिधि सभा पुनर्थापित हुनु पर्दछ भन्नेसमेत प्रत्यर्थी प्रतिनिधि सभाको सम्माननीय सभामुखको लिखित जवाफ व्यहोरा।

<u>बहस र बहस नोटः</u>

२३. मिति २०७८/३/९ गतेदेखि प्रारम्भ भएको छलफलका क्रममा रिट निवेदकहरुका तर्फबाट यस ईजलास समक्ष उपस्थित विद्वान वरिष्ठ अधिवक्ताहरु: (१) श्री कृष्णप्रसाद भण्डारी, (२) श्री महादेव प्रसाद यादव, (३) श्री शम्भु थापा, (४) श्री श्रीहरि अर्याल, (५) श्री बद्रिबहादुर कार्की, (६) श्री हरिहर दाहाल, (७) श्री हरिप्रसाद उप्रेती, (८) श्री बाबुराम कुँवर, (९) श्री सतिशकृष्ण खरेल, (१०) श्री गोपालकृष्ण घिमिरे, (११) श्री

मुक्ति नारायण प्रधान, (१२) श्री प्रेमबहादुर खड्का, (१३) श्री रमणकुमार श्रेष्ठ, (१४) डा. श्री चन्द्रकान्त ज्ञवाली, (१५) श्री बोर्णबहादुर कार्की, (१६) श्री गान्धी पण्डित, (१७) श्री मिथिलेश कुमार सिंह, (१८) श्री शेरबहादुर के.सी., (१९) श्री खगेन्द्र प्रसाद अधिकारी, (२०) श्री सविता भण्डारी बराल, (२१) श्री बाबुराजा जोशी, (२२) श्री नरहरि आचार्य, (२३) श्री उमेश गौतम, (२४) श्री यदुनाथ खनाल तथा विद्वान अधिवक्ताहरु: (२५) श्री गोविन्दप्रसाद शर्मा बन्दी, (२६) श्री टिकाराम भट्टराई, (२७) श्री खम्बबहादुर खाती, (२८) डा. श्री भिमार्जुन आचार्य, (२९) श्री ललितबहादुर बस्नेत, (३०) श्री पदम रोका, (३१) श्री शंकर सुवेदी, (३२) श्री सीताराम के.सी., (३३) श्री एगराज पोखरेल, (३४) डा. श्री दिनमणि पोखरेल, (३५) श्री सुनिल पोखरेल र (३६) श्री योगेन्द्रबहादुर अधिकारीले बहस जिकिर गर्नु भयो। ईजलास समक्ष उपस्थित भई बहस गर्नु हुने विद्वान बरिष्ठ अधिबक्ता र विद्वान अधिवक्ताहरु सहितले संयुक्त रुपमा लिखित बहस-नोट पेश गर्नु भएको छ। रिट निवेदक उमाकान्त चौधरी समेतका तर्फबाट डा. श्री शिवकुमार यादवसमेतका ३ जना विद्वान अधिवक्ताहरुले पनि छुट्टै बहस नोट पेश गर्नु भएको छ[1]। उपरोक्त उल्लिखित बहस र बहस नोटहरुमा रिट निवेदकको मागबमोजिम आदेश जारी हुनु पर्दछ भनी मुख्यत: निम्नानुसारका बुँदाहरु प्रस्तुत गर्नु भएको पाइयो:

क. संविधानको धारा ७७ को उपधारा (१) को खण्ड (ख) मा "धारा १०० बमोजिम विश्वासको प्रस्ताव पारित हुन नसकेमा" प्रधानमन्त्रीको पद रिक्त हुने व्यवस्था छ। धारा ७६ को उपधारा (२) को प्रधानमन्त्री के.पी. शर्मा ओलीले विश्वासको मत लिन नसकेपछि संसदीय परम्परा अनुसार तुरुन्त राजिनामा दिनु पर्नेमा त्यसो गरिएन। नेपालको संविधानको धारा ७६ को उपधारा (३) बमोजिम पुन: प्रधानमन्त्रीमा नियुक्त के.पी. शर्मा ओलीले सोही धारा ७६(४) बमोजिम विश्वासको मत लिनु पर्नेमा निज स्वयंले आफुलाई विश्वासको मत प्राप्त हुने अवस्था नभएको स्वीकार गरी वैकल्पिक सरकार गठनको लागि मार्ग प्रशस्त गर्नु भएको छ। यसबाट विश्वासको मत लिन नचाहेको वा समर्पण (Surrender) गरेको भन्ने प्रष्ट छ। विश्वासको मत नलिनु पदमुक्त

1 यसरी संयुक्त रुपमा बहस नोट पेश गर्नु हुने विद्वान वरिष्ठ अधिवक्ता तथा अधिवक्ताहरुको नामावली यो आदेशको अनुसूची १क. र १ख. मा उल्लेख छ।

हुनु हो। विश्वासको मत लिन नसकेका प्रधानमन्त्रीको सिफारिसमा राष्ट्रपतिले संविधानको धारा ७६ उपधारा (५) को प्रकृया शुरु गरेकोले निजले पुन: प्रधानमन्त्री नियुक्तिको दावी गर्न मिल्दैन।

ख. राष्ट्रपतिको विज्ञप्तिमा दावीकर्ता प्रतिनिधि सभा सदस्य शेरबहादुर देउवाको तर्फबाट १४९ जना प्रतिनिधि सभाका सदस्यको हस्ताक्षर भएको तथ्यलाई स्वीकार गरिएको छ। यस्तो आधार पेश भएपछि राष्ट्रपतिलाई रोज्ने (Choice गर्ने) ठाउँ छैन। राष्ट्रपतिको निर्णयमा दावीकर्ता दुवै माननीय सदस्यहरुका समर्थनकर्ता भनिएका सदस्यहरु एक अर्काको दोहोरो परेका, दलको निर्णय विपरीत एकले अर्कालाई समर्थन गरेकोसमेत देखिएको र सम्बन्धित दललाई मान्यता नदिन लेखि आएको सन्दर्भमा नेपालको संविधानको धारा ८९ को खण्ड (ङ) र राजनीतिक दल सम्बन्धी ऐन, २०७३ को परिच्छेद - ६ आकर्षित हुने भनी विश्वासको मत प्राप्त हुने आधार नभएको भनिएको छ। दावीकर्ता शेरबहादुर देउवालाई प्रतिवादको अवसर नै नदिई गरेको निर्णय एवं विज्ञप्ती अपरिपक्व छ। धारा ८९ को खण्ड (ङ) आकर्षित हुन संघीय कानूनबमोजिम विभिन्न प्रकृया पुरा गरी दल त्याग गरेको सूचित गर्नु पर्ने हुन्छ, त्यो प्रकृया पुगेको छैन। कारवाही गरी निकालिएको वा दल त्यागको प्रकृया पुऱ्याउने कुरा राष्ट्रपतिले निर्णय गर्ने कार्य होइन। महन्त ठाकुर, राजेन्द्र महतोसमेतसंग राती नै कसरी सूचना आदान प्रदान भयो भन्ने खुल्दैन। राष्ट्रपतिले कसैप्रति राजनीतिक पक्षधरता राख्न हुँदैन।

ग. संविधानको धारा ७६ को उपधारा (५) नयाँ व्यवस्था भएकोले यसमा दलको समर्थन चाहिने नचाहिने कुरा एकिन गर्नु पर्छ। धारा ७६ को उपधारा (५) मा "उपधारा (२) बमोजिमको कुनै सदस्य" भन्नुको अर्थ "प्रतिनिधि सभाको सदस्य" भनी बुझ्नु पर्छ। यसमा दलको समर्थन चाहिँदैन। धारा ७६ को उपधारा (५) को प्रकृयामा दलीय निर्देशन (ह्वीप) लाग्दैन। लोकतान्त्रिक सरकार सिमित सरकारको अवधारणामा आधारित हुन्छ। राष्ट्रपतिलाई असिमित अधिकार संविधानले प्रदान गरेको छैन। प्रधानमन्त्री कसलाई छान्ने नछान्ने संसदको विशेषाधिकार हो। यसैले धारा ७६ को उपधारा (५) को प्रकृयामा संसद संगसंगै हुन्छ। यो प्रकृयामा राष्ट्रपतिले निष्पक्षता अपनाउनु पर्दछ। विश्वासको मत प्राप्त गर्ने आधार पेश गर्नु पर्ने कुरा पूर्वशर्त हो। प्रतिनिधि सभाका १४९ जनाको हस्ताक्षर बुझाएपछि पूर्वशर्त पुरा भएको छ। दलभित्र

प्रशासन गर्ने अधिकार राष्ट्रपतिमा छैन। वहुमत सदस्य १४९ जनाले हस्ताक्षर गरेपछि यसको उसको भनी राष्ट्रपतिले भन्न मिल्दैन। संविधानको धारा ९९ मा "संघीय संसदको कुनै सदनमा निर्णयका लागि प्रस्तुत भएको जुनसुकै प्रस्तावको निर्णय उपस्थित भै मतदान गर्ने सदस्यहरुको बहुमतबाट हुनेछ" भन्ने उल्लेख छ। हस्ताक्षरकर्तालाई मतदानको अधिकारबाट बञ्चित गर्न मिल्दैन। संविधानको धारा ७६ को उपधारा (५) को प्रकृया पुरा नगरी विघटन गर्नु सर्वोच्च अदालतको मिति २०७७।११।११ को नजिर विपरित हुन जान्छ। धारा ७६ को उपधारा (५) को प्रकृया प्रधानमन्त्री र राष्ट्रपतिबाट पुरा हुन दिइएन। यो कार्य बदनियतपूर्ण र असवैधानिक छ। चुनावको कुरा बाहाना हो, सत्ता लम्वाउने नियत राखी असंवैधानिक र स्वेच्छाचारी कार्य भएको छ। प्रतिनिधी सभाका सदस्यहरुको हक हनन भएको छ। "Consideration of irrelevant facts and non-consideration of relevant facts amounts misuse of discretionary power or arbitrary use of power" भनिन्छ। के.पी. शर्मा ओलीले फेरी उम्मेदवारी दिने र निजलाई समर्थन गर्नु पर्ने निर्णय दलभित्र भएको छैन।

घ. संविधानको धारा ६६ को उपधारा (२) मा "राष्ट्रपतिबाट सम्पादन गरिने अन्य जुनसुकै कार्य मन्त्रिपरिषदको सिफारिस र सम्मतिबाट हुने" भनी उल्लेख छ। राष्ट्रपतिको अत्यन्त सिमित अधिकार छ। प्रधानमन्त्रीको सिफारिसमा गरेको कार्यको सम्बन्धमा न्यायिक पुनरावलोकन विगतमा प्रधानमन्त्री मनमोहन अधिकारीको मुद्दामा पनि भएको छ। अरु पनि धेरै उदाहरण छन्।

ङ. सर्वोच्च अदालतको मिति २०७७।११।११ को फैसलामा अहिलेको व्यवस्थालाई विशिष्ट संसदीय व्यवस्था भनिएको छ। संसद विघटन गर्ने विशेषाधिकार प्रधानमन्त्रीलाई छैन। संविधानको धारा ७६ को उपधारा (७) ले वैकल्पिक सरकार गठन हुने अवस्था रहेसम्म प्रतिनिधि सभा विघटन गर्न पाइदैन। प्रधानमन्त्रीले आफ्नो प्रतिकूल अवस्था देखेपछि विघटनको सिफारिस गरेको र राष्ट्रपतिले दलीय उद्देश्यले संसद विघटन गरेकोले दुराशययुक्त ठहर गर्नु पर्ने हो। प्रतिनिधि सभाका १४६ जना सदस्य नै अदालतमा आई निवेदन गरेको र उक्त संख्या तत्काल कायम रहेको सदस्य संख्याको बहुमतभन्दा बढी भएकोले निवेदक शेरबहादुर देउवालाई प्रधानमन्त्रीमा नियुक्ति गर्नु भनी परमादेश जारी हुनु पर्दछ।

च. नेपालको संविधानको धारा ७६ को उपधारा (५) मा बाध्यात्मक प्रकृतिको व्यवस्था छ। दावीकर्ता प्रतिनिधि सभाका सदस्य शेरबहादुर देउवाको पक्षमा प्रतिनिधि सभामा हाल कायम रहेका २७१ मध्ये १४९ सदस्यको हस्ताक्षर छ। बहुमत सदस्यको हस्ताक्षर भएबाट विश्वासको मत प्राप्त गर्न सक्ने आधार प्रष्ट छ। यस अवस्थामा निवेदक शेरबहादुर देउवालाई नियुक्ति गर्नु राष्ट्रपतिको कर्तव्य हुन जान्छ। उक्त ७६ को उपधारा (५) को प्रकृयाको लागि दलको समर्थन चाहिने व्यवस्था छैन। राष्ट्रपतिले दलको समर्थन खोज्न मिल्दैन। राष्ट्रपतिलाई संविधानले जन्माएको हो र संविधानको पालन गर्नु पर्दछ। राष्ट्रपतिलाई संविधानले दिएको अधिकारभन्दा बढी अधिकार हुन सक्तैन। राष्ट्रपतिले मध्यराती सूचना आदान प्रदान गरी दलबाट निवेदन मागी मागी निर्णय गरेकोले राष्ट्रपतिको कार्य कलुषित मनोविज्ञानबाट निर्देशित भएको र बदनियत छ। राष्ट्रपतिको अधिकार सम्बन्धमा श्रीलंकाको सर्वोच्च अदालतले Sugatpala Mendis v Chandraika Kumartunga को मुद्दामा "संविधानको धाराबाट नै राष्ट्रपतिको पद सिर्जना भएको हुँदा त्यस्तो राष्ट्रपतिलाई संविधानले जति अधिकार प्रदान गरेको छ सो को सीमा र परिधिभित्र रहेर नै निजले आफ्नो अधिकारको प्रयोग गर्न सक्छ। असिमित अधिकारको प्रयोग गर्न पाउछ भनी मान्न सकिदैंन" भनी व्याख्या गरेको छ। नेपालको सर्वोच्च अदालतले पनि शाही आयोग गठनसम्बन्धी मुद्दामा संविधानले गरेको व्यवस्था र निर्धारण गरेका विषयवस्तुलाई उल्लंघन गर्नु संविधान विपरीत हुन्छ भनी राजालाई असिमित अधिकार प्रयोग गर्न रोक लगाएको पाइन्छ।

छ. प्रधानमन्त्री के.पी. शर्मा ओलीले धारा ७६ को उपधारा (२) को प्रधानमन्त्री हुँदा प्रतिनिधि सभाको विश्वास गुमाएको, धारा ७६ को उपधारा (३) को प्रधानमन्त्री हुँदा मौजुदा सरकारलाई विश्वासको मत प्राप्त हुने दह्रो राजनीतिक आधार नदेखिएको भनी धारा ७६ को उपधारा (५) को प्रधानमन्त्री नियुक्ति प्रकृया प्रारम्भ गर्न राष्ट्रपतिसमक्ष अनुरोध गरेबाट निजले प्रतिनिधि सभाको विश्वास गुमाएको अवस्था छ। दुई दुई पटक प्रतिनिधि सभाको विश्वास गुमाएको व्यक्तिले संसद छल्ने गरी र दावीकर्ता शेरबहादुर देउवालाई रोक्ने गरी खिचोला गर्न संसद विघटनको सिफारिस गरेको हो।

ज. धारा ७६ को उपधारा (५) ले प्रतिनिधि सभाका प्रत्येक सदस्यहरुलाई वैकल्पिक सरकार बन्न सक्ने आधार खोज्न सक्ने गरी विशेषाधिकार प्रदान गरेको छ। राजनैतिक दल सम्बन्धी ऐन, २०७३ को दफा २८ को पूर्वावस्था विद्यमान नभै कुनै पनि

सदस्यलाई दलीय निर्देशन (whip) लाग्न सक्तैन। राजनीतिक दल सम्बन्धी ऐन, २०७३ को दफा ३२ मा निष्कासन गर्नु अघि सम्बन्धित दलको केन्द्रिय समितिले सदस्यलाई आफ्नो सफाई पेश गर्ने मनासिव मौका दिनु पर्ने हुन्छ, यसका प्रकृया तोकिएका छन। त्यो प्रकृया पुरा भएको छैन। दलीय निर्देशन जारी भएको पनि छैन।

झ. धारा ७६ को उपधारा (४) अधिकारको कुरा (Right) नभै विश्वासको मत लिनु पर्ने Obligation हो, Obligation लाई waive गर्न सकिदैन। Obligation पुरा नगरेको अवस्थामा प्रधानमन्त्रीलाई राष्ट्रपतिले Dismiss गर्नु पर्ने हुन्छ। प्रधानमन्त्रीलाई प्रतिनिधि सभाको विश्वास नरहेको स्थितिमा तत्काल स्वत: पदमुक्त हुन्छ। संसदको विश्वास नलिई शासनको अधिकार हुदैन। प्रधानमन्त्रीले राजीनामा नदिए पनि मिति २०७६।२।६ मा सिफारिस गर्नासाथ Caretaker प्रधानमन्त्री मात्र हो। अब धारा ७६ को उपधारा (४) मा फर्किन मिल्ने ठाँउ छैन। प्रधानमन्त्रीले विश्वासको मत लिन म सक्तिन भनी धारा ७६ को उपधारा (५) को प्रकृया शुरु गर्न सिफारिस गर्ने प्रधानमन्त्री आफैले दावी गर्न मिल्दैन। राष्ट्रपतिको कर्तव्य संविधानको संरक्षण गर्नु हो, बाधा अवरोध खडा गर्नु पदको मर्यादा अनुसार हुदैन। राष्ट्रपतिलाई कुनै Choice छैन, यो Constiutional Obligation भएकोले कार्यान्वयन गर्नु पर्ने वाध्यता छ। धारा ७६ को उपधारा (५) बमोजिम नियुक्त प्रधानमन्त्रीले प्रतिनिधि सभाको विश्वास प्राप्त गर्न नसकेमा मात्र धारा ७६ को उपधारा (७) आकर्षित हुन्छ। सर्वोच्च अदालतमा दर्ता भै विचाराधीन अवस्थामा रहेको कुरामा रिट निवेदकलाई निवेदन फिर्ता लिनु भनी प्रधानमन्त्रीले सार्वजनिक रुपमा व्यक्त गर्नु भएको कुरा न्यायिक कार्यमा हस्तक्षेप हो। राष्ट्रपतिको कार्य वा निर्णय विरुद्ध न्यायिक परीक्षण हुन्छ। मिति २०७७।११।११ को फैसलाले पनि राष्ट्रपतिको निर्णय बदर भै परमादेश जारी भएको छ। प्रतिनिधि सभाका सदस्यलाई धारा ७६ को उपधारा (५) ले Free voting को अधिकार दिएको छ।

ञ. धारा ७६ को उपधारा (५) ले दल असफल हुदा सिंगो प्रणाली नै असफल हुनु हुदैन भन्ने अवधारणा लिएको छ। धारा ७६ को उपधारा (५) को कुरामा दलको समर्थन अनिवार्य छैन, ह्वीप पनि लाग्दैन। दावीकर्ता शेरबहादुर देउवाले पेश गरेको समर्थकको हस्ताक्षरको कागजातमा केरमेट भएको र रीत नपुगेको भनिएको छ। सो कुरा राष्ट्रपतिको निर्णयमा उल्लेख छैन। राष्ट्रपतिले १४९ जनाको हस्ताक्षर भएको स्वीकार

गरी सक्नु भएको छ। अदालतमा आई १४६ जनाले सनाखत गरी तारेखमा बसेकोले हस्ताक्षरलाई अन्यथा भन्न मिल्ने अवस्था छैन।

ट. राष्ट्रपति र उपराष्ट्रपतिको पारिश्रमिक तथा सुविधा सम्बन्धी ऐन, २०७४ को दफा १६ को व्यवस्था अनुसार राष्ट्रपतिलाई संविधानले सुम्पिएको जिम्मेवारी पुरा गर्ने सिलसिलामा आफ्नो पदीय हैसियतले सम्पादन गरेका काम कारबाहीको बिषयमा निज बहालमा रहँदा वा सेवा निवृत भएपछि निज उपर मुद्दा चलाइन नसकिने भनी लिखित जवाफमा लिइएको जिकिर संविधानको भावना अनुकूल छैन। ऐनको दफा १६ देखाएर गैरसंवैधानिक र गैरकानूनी कार्यले उन्मुक्ति पाउने हुदैन। शाही आयोगको मुद्दामा राजाले गरेको कार्यको सम्वन्धमा न्यायिक पुनरावलोकन हुने फैसला भएको छ। राष्ट्र प्रमुखलाई विवादमा ल्याउन नहुने, उसको कार्यसम्बन्धमा प्रश्न उठाउन नहुने सामान्य मान्यता हो, यो निरपेक्ष मान्यता होइन। न्यायिक पुनरावलोकन गर्ने न्यायपालिकाको अन्तर्निहीत अधिकार हो भनी श्रीकृष्ण सुबेदी समेत विरुद्ध राष्ट्रपति श्री रामवरण यादव भएको मुद्दामा सिद्धान्त कायम भएको छ। संविधानको Letter & Spirit को आधारमा उहाँ पदमुक्त भएको मान्नु पर्दछ। बिश्वासको मत प्राप्त गर्न नसक्ने भनी आत्मसमर्पण गर्नेले धारा ७६ को उपधारा (५) को प्रकृयामा सामेल हुन नैतिकताले पनि मिल्दैन। संविधानको धारा ७६ को उपधारा (३) बमोजिम नियुक्त प्रधानमन्त्रीले विश्वसको मत लिन सक्दिन भनी संविधानको धारा ७६ को उपधारा (५) को प्रकृयाको लागि सिफारिस गरेकाले सो प्रकृयामा निजको दावी पुग्न सक्तैन। निवेदक शेरबहादुर देउवाले १४९ जना प्रतिनिधि सभाका सदस्यको हस्ताक्षरसहित दावी गरेको हुँदा निज एक मात्र उम्मेदवार हो। धारा ७६ को उपधारा (५) को प्रकृयामा दलीय समर्थन आवश्यक हुन्छ भनी अर्थ गर्ने हो भने धारा ७६ को उपधारा (२) र (५) बीच कुनै अन्तर बाँकी रहदैन। एउटा धारालाई निश्तेज हुने गरी व्याख्या गर्नु कानून व्याख्याको सिद्धान्त विपरित हुन्छ। निजी विधेयक पेश गर्न दलको समर्थन चाहिदैन। अविश्वासको प्रस्ताव पनि दलको समर्थन बिना दर्ता गर्न सकिन्छ। दलको समर्थन नभए पनि प्रतिनिधि सभाका सदस्यले कतिपय कार्य स्वविवेकबाट गर्न सक्ने हुन्छ। सोही कारणले निर्दलीयता भयो भनी अर्थ गर्न मिल्दैन।

ठ. राष्ट्रपतिको कार्यालयको मिति २०७८।२।७ को विज्ञप्तिमा नेकपा (एमाले) बाट निर्वाचित सदस्यहरुले अर्को दलका उम्मेदवारको पक्षमा हस्ताक्षर गरेका सदस्यहरुलाई

मान्यता नदिन लेखि आएको र जनता समाजवादी पार्टी, नेपालको तर्फबाट पनि पार्टीका सदस्यहरुले पार्टीको आचरण र मर्यादा विपरीत हस्ताक्षर गरिएको बुझिएकोले त्यसलाई अस्वीकृत हुन पत्र प्राप्त भएकोले दावीकर्ताका समर्थनकर्ता सदस्यहरु एक अर्कामा दोहोरो परेको भनिएको छ। राष्ट्रपतिले यसरी एकतर्फी सूचनाको आधारमा निर्णय गर्न मिल्दैन। अदालतमा पेश भएको निवेदन १४६ जनाले नै दिएको र प्रत्येक पानाको बन्द-बन्दमा सही गर्न सम्भव नभएकोले सनाखत कागज गरेको हो। शेरबहादुर देउवालाई प्रधानमन्त्रीमा समर्थन गर्ने गरी हस्ताक्षर भएको कागजमा कसैको नाम जिल्ला जस्ता व्यहोरा सच्चाइएको छैन। क्रम संख्या मिलाउन एउटा सामान्य सुधार गरिएको हो। अर्कै प्रयोजनको सहीछाप भएको कागज पेश गरेको होइन। यस अघि पनि संवैधानिक इजलासबाट गम्भीर संवैधानिक व्याख्याको प्रश्न समावेश भएको भनी विघटनको मुद्दामा क्षेत्राधिकार स्वीकार गरिएकोले संवैधानिक इजलासमा प्रस्तुत मुद्दा दर्ता भएकोले क्षेत्राधिकार रहेको छ।

ड. पाँच वर्ष अगावै छिटो छिटो विघटन गर्दा विभिन्न क्षति व्यहोर्नु पर्छ भन्ने उद्देश्यले यो धारा ७६ को उपधारा (५) र (७) बनेको छ। विश्वासको मत प्राप्त गर्न नसक्ने प्रधानमन्त्रीले धारा ७६ को उपधारा (५) को प्रधानमन्त्रीमा दाबी गर्ने र संसद विघटन गर्न सिफारिस गर्ने समेतका कार्य संविधान माथिको बलमिच्याई हो। यस्तो स्वेच्छाचारी कार्य गर्ने अधिकार प्रधानमन्त्री र राष्ट्रपतिलाई छैन। संविधानका धाराहरु निस्कृय नहुने गरी Harmonious Interpretation गर्नु पर्छ। संसदमा विश्वासको मत लिने कुरा Mandatory provison हो। विश्वासको मत दिने नदिने सार्वभौम संसदको अधिकार हो। प्रधानमन्त्रीको पद रिक्त नगरी धारा ७६ को उपधारा (५) को प्रकृया शुरु गरिएको छ।

ढ. नेपालको संविधानको धारा १३३ को उपधारा (३) को प्रतिबन्धात्मक वाक्यांश बमोजिम संसदको विशेषाधिकार, धारा ५५ बमोजिम राज्यका निर्देशक सिद्धान्त, नीति तथा दायित्वको विषय कार्यान्वयन भए नभएको जस्ता सिमित विषयमा मात्र अदालतमा प्रश्न उठाउन नपाइने संवैधानिक व्यवस्था छ। अविवेकी, दुराशयपूर्ण, तथ्यको त्रुटिपूर्ण प्रयोग गरी भएको निर्णयमा स्वविवेकीय क्षेत्राधिकारमा पनि न्यायिक पुनरावलोकन हुन्छ।

ण. प्रतिनिधि सभाका बहुमत सदस्य अर्थात १४९ सदस्यको हस्ताक्षर वा समर्थन भएको तथ्यमा दुवै पक्षको मुख मिलेको छ। बहुमत सदस्यको समर्थन शेरबहादुर देउवालाई रहेकोमा विवाद नभए पनि राष्ट्रपतिको निर्णयमा संविधानको धारा ८९(ड) समेतको प्रश्न रहेको देखाइएको छ। धारा ८९(ड) को व्यवस्था राष्ट्रपति समक्ष निवेदन पठाएकै आधारमा स्वत: कार्यान्वयन हुने व्यवस्था होइन। दलीय निर्देशन (ह्वीप) लाग्ने संसदमा हो। न त ह्वीपको सूचना प्रतिनिधि सभाका सदस्य कसैलाई दिइएको छ; न ह्वीप जारी नै भएको छ। ह्वीप उल्लंघन भएको, सो उल्लंघनको कारणले कारवाही प्रकृया शुरु गरेको वा कुनै सजाय गर्ने निर्णय गरेको भन्ने केही देखिदैंन। दलीय निर्देशन (ह्वीप) को विरुद्ध मतदान गरेको कारणले त्यस्तो मतले मान्यता नपाउने कानूनी व्यवस्था कुनै पनि देशमा छैन। बरु ह्वीपको उल्लंघन गरी मतदान गरेकोमा मान्यता पाएको उदाहरण भने पर्याप्त छन्। दावीकर्ता शेरबहादुर देउवालाई बहुमत सदस्यको समर्थन राष्ट्रपति समक्ष जादा पनि थियो, आज पनि छ। विश्वास वा अविश्वासको जाँचसमेत व्यक्तिगत मतको आधारमा निश्चित हुने हो। विश्वासको मत लिन सक्तिन भनेको अर्को दिन नै विश्वासको मत लिन सक्छु भनी संविधानको धारा ७६ को उपधारा (५) को प्रकृयामा सामेल हुनु भनेको संविधानप्रतिको जालसाजी (Fraud on constitution) हो। संसदीय अभ्यासमा संसदको अधिवेशन स्थगन गर्न, आह्वान गर्न र संसद विघटन गर्नुअघि सभामुखको परामर्श लिने प्रचलन छ। तर राष्ट्रपतिले संसदको बिघटन गर्दा सभामुखसंग परामर्श गरिएको छैन।

त. भारतको सर्वोच्च अदालतले SR Bommai v Union of India, (1994) को विवादमा "A Chief Minister's refusal to test his strength on the floor of the assembly can well be interpreted as prima facie proof of his no longer enjoying the confidence of the legislature, If then an alternative Ministry can be formed" भनेको छ। यो कुरा अहिलेको विवादमा प्रासंगिक बनेको छ। "Without highly cogent material, it would be wholly irrational for constitutional authority to deny the claim made by a majority to form the Govt." भनी भारतको सर्वोच्च अदालतबाट Rameshwar Prasad v Union of India, (2006) को विवादमा समेत व्याख्या भएको छ।

थ. प्रधानमन्त्री के.पी. शर्मा ओली स्वयंले प्रतिनिधि सभाको विश्वास प्राप्त नहुने स्वीकारेपछि निज बाहेक प्रतिनिधिसभाको अन्य सदस्यको दावीलाई मात्र दृष्टिगत गर्नु पर्नेमा प्रधानमन्त्री ओलीको दावीसमेतलाई ध्यानमा राखी राष्ट्रपतिले आत्मनिष्ठ निर्णय गर्नु भएकाले बदरभागी छ। अर्को पक्षको प्रतिदावी वा प्रतिउत्तर सरहको पत्रलाई आधार बनाई निवेदक शेरबहादुर देउवाको दावीलाई अस्वीकार गर्ने विशेषाधिकार राष्ट्रपतिलाई छैन। निवेदक शेरबहादुर देउवाको दावी नपुग्ने ठहर गरी सरकार निर्माण हुन नसकेको भन्ने कारण देखाइ के.पी. शर्मा ओलीकै सिफारिशको आधारमा प्रतिनिधि सभाको विघटन गरिनु दुराशयपूर्ण छ। बहुमत अर्थात १४९ जना सांसदहरुको समर्थन सहितको हस्ताक्षरलाई कुनै वस्तुगत आधार बिना राष्ट्रपतिबाट अस्वीकार गर्न मिल्दैन।

द. संविधानको धारा ७६(५) ले दलीय भूमिका भन्दा प्रतिनिधि सभाका सदस्यहरुको भूमिकालाई प्रधानता दिई विशेष व्यवस्था गरेको हो। यसमा पनि दलको नियन्त्रण हुने हो भने संविधानको अपव्याख्या हुन पुग्छ। संविधानले दिएको यो अधिकारलाई नियन्त्रण र संकुचन गर्ने मनसाय संविधानमा कहिकतै अभिव्यक्त भएको पाईंदैन। प्रतिनिधि सभाको जो कोही सदस्यले विश्वासको मत प्राप्त गर्ने आधार प्रस्तुत गरेमा त्यस्तो प्रतिनिधि सभाको सदस्यलाई प्रधानमन्त्री नियुक्ति गर्नु पर्ने बाध्यात्मक संवैधानिक व्यवस्था रहेको पाइन्छ। श्रीलंकाको सर्वोच्च अदालतले Sugatpala Mendis v Chandraika kumartunga को मुद्दामा "संविधानको धाराबाट नै श्रीलंकाका राष्ट्रपतिको पद सिर्जना भएको हुँदा त्यस्तो राष्ट्रपतिलाई संविधानले जति अधिकार प्रदान गरेको छ, सो को सीमा परिधिभित्र रहेर आफ्नो अधिकारको प्रयोग गर्न सक्छ, संवैधानिक सीमा वा परिधि नाघेर राष्ट्रपतिले असीमित अधिकार प्रयोग गर्न पाउने मात्र सकिदैन" भनी व्याख्या गरेको छ। विश्वासको मतको परीक्षण प्रतिनिधि सभाले गर्ने हो, राष्ट्रपतिले होइन।

ध. संसदीय व्यवस्थाको जननी मानिने बेलायतमा आफुले अघि सारेको विषयवस्तु पराजित भए संसदको समर्थन नै रहे पनि प्रधानमन्त्रीबाट राजीनामा दिने प्रचलन छ। सन् २०१६ मा बेलायत युरोपियन युनियनमा बस्ने कि नबस्ने भन्ने जनमत संग्रहमा आफ्नो पक्ष पराजित भएपछि प्रधानमन्त्री डेबिड क्यामरुनले राजनैतिक नैतिकता अपनाएर राजीनामा दिए। हाम्रा प्रधानमन्त्रीले यो नैतिकता देखाउनु भएन।

२४. सम्माननीय सभामुख बाहेकका अन्य सबै प्रत्यर्थीहरुका तर्फबाट उपस्थित (१) विद्वान महान्यायाधिवक्ता श्री रमेश बडाल, विद्वान नायब महान्यायाधिवक्ताहरु: (२) श्री पदम प्रसाद पाण्डे, (३) श्री विश्वराज कोइराला, (४) श्री टेक बहादुर घिमिरे, (५) श्री श्याम कुमार भट्टराई, विद्वान सह-न्यायाधिवक्ताहरु: (६) श्री गोपाल प्रसाद रिजाल, (७) श्री सञ्जीवराज रेग्मी, (८) श्री लोकराज पराजुली, (९) श्री खेमराज ज्ञवाली, (१०) श्री उध्दव प्रसाद पुडासैनी, र (११) विद्वान उपन्यायाधिवक्ता श्री दशरथ पंगेनीले गर्नु भएको बहस जिकिर सुनियो। वहाँहरुले पेश गर्नु भएको लिखित बहस नोट समेत अध्ययन गरियो। वहाँहरुले रिट निवेदन खारेज हुनु पर्दछ भनी मुख्यतः निम्नानुसारका बहस बुँदाहरु प्रस्तुत गर्नु भएको छः

क. रिट निवेदन दायर गर्दा नेपालको संविधानको धारा १३३ को उपधारा (२), (३) र धारा १३७ बमोजिम भनी उल्लेख गरिएको छ। गम्भीर संवैधानिक व्याख्याको प्रश्न समावेश भएको भन्ने आधारमा नै स्वत: संवैधानिक इजलासको क्षेत्राधिकारभित्र पर्दैन। सम्माननीय प्रधान न्यायाधीशबाट कुनै आदेश भएको छैन। संवैधानिक ईजलासको क्षेत्राधिकारको अभाव हुँदा प्रारम्भिक रुपमै निवेदन खारेज हुनुपर्छ। दाबीकर्तालाई समर्थन गरिएको भनिएको हस्ताक्षर अगाडीको क्रम संख्यामा टिपेक्स लगाइएको छ, कतिपय नाम कम्प्युटर टाइप छ भने कतिपय नाउँ हस्तलिखित छ, छुट्टै प्रयोजनको कागजमा हस्ताक्षर गरेको कुरालाई दुरुपयोग गरिएको छ। देवानी कार्यविधि संहिता, २०७४ को दफा २८ (१) बमोजिम रित पुर्‍याई लिखत तयार भएको छैन। रिट निवेदनमा ५ जनाको मात्र हस्ताक्षर छ, हस्ताक्षर छुट्टै छ भनी लेखेको पनि छैन। सनाखत कागज कुन कानून अनुरुप गरिएको हो भन्ने प्रष्ट छैन। बेरीतको कागजातका आधारमा ईन्साफ गर्न मिल्दैन।

ख. संविधानको प्रस्तावना तथा संविधानको धारा ७४ मा नेपालको शासकीय स्वरुप बहुलवादमा आधारित बहुदलीय प्रतिस्पर्धात्मक संघीय लोकतान्त्रिक गणतन्त्रात्मक संसदीय शासन प्रणाली हुनेछ भनी उल्लेख छ। यसको तात्पर्य दलीय आधारमा सरकार गठन गर्नु पर्दछ भन्ने पनि हो। बहुदलीय व्यवस्थाभित्र निर्दलीयताको कल्पना गर्न सकिदैन। संविधानमा प्रयुक्त दलीय व्यवस्थासंग सम्बन्धित धारा ५६ को उपधारा (६), धारा ७४, ८९(ड), २६९, २७०, २७१, २७२ लगायतका प्रावधानको

समन्वयपूर्ण व्याख्या गर्नु पर्ने हुन्छ। दलीय शासन प्रणाली र त्यो प्रणालीले बोकेको मुल्य मान्यता संविधानको आधारभूत संरचना हो। प्रस्तावनाको भावना र आधारभूत संरचना विपरित जान मिल्दैन। नेपालको संविधानको धारा २६९ को उपधारा (१) र राजनीतिक दल सम्बन्धी ऐन, २०७३ को दफा ३ को उपदफा (१) ले एउटै विचारधारा, दर्शन र कार्यक्रमप्रति प्रतिवद्ध भएका व्यक्तिहरुको समूहबाट राजनीतिक दलको निर्माण हुने स्पष्ट छ। भिन्न-भिन्न विचारधारा, दर्शन र कार्यक्रम भएमा अलग अलग पार्टीको निर्माण हुनु अनिवार्य हुन्छ। राजनीतिक दललाई प्रतिवन्ध लगाउने, दलीय प्रतिस्पर्धा इन्कार गर्ने वा निर्दलीय स्वभावको व्यवहार कायम हुने गरी कानून निर्माण गर्नु, निर्णय गर्नु संविधानको धारा २७० समेतको प्रतिकूल मानिन्छ। धारा ७६ को उपधारा (५) मा दलीय समर्थनलाई अनिवार्य नमान्ने हो भने संविधानका धारा ५६(६), ७४, ८९(ङ), २६९, २७९, २७१, २७२ लगायतका धाराहरु निष्कृय हुन पुग्दछन्। दलको चुनाव चिन्ह, दलीय घोषणाप्रति प्रतिवद्ध रहने गरी उम्मेदवार बनाइ निर्वाचित हुने हुँदा दलीय निर्देशन विपरित वा दलीय नियन्त्रण विपरित आफ्नो दलको नेता विरुद्ध विपक्षी दलको नेतालाई प्रधानमन्त्री बनाउने गरी स्वच्छन्दतापूर्वक मतदान गर्न मिल्दैन। दलप्रति जवाफदेही छैन भनी अनैतिक कार्य गर्ने हक दलबाट निर्वाचित कुनै पनि सांसदलाई हुदैन। दलबाट निर्वाचित भई सकेपछि स्वतन्त्र छु, दल चिन्दिन, आफुखुसी गर्न पाउछु भन्न हुदैन। संविधान र कानून अनुसार राजनीतिक नैतिकता, दलीय अनुशासनको पालन गरिनु पर्दछ। गैरदलीय ढंगबाट हस्ताक्षर गर्ने प्रवृतिले बहुदलीय संसदीय व्यवस्था नै कमजोर बनाउने हुन्छ। दलीय अनुशासन नमान्ने प्रतिनिधिको हस्ताक्षरले मान्यता पाउन सक्तैन।

ग. संविधानको धारा ७६ को उपधारा (५) मा दलीय समर्थन नचाहिने भए उपधारा (२) बमोजिमको कुनै सदस्य भनी औंल्याइने थिएन। प्रधानमन्त्री नियुक्ति गर्दा नै Floor test गर्नु पर्छ भन्न मिल्दैन। एउटै दल सत्तापक्ष र प्रतिपक्ष हुने गरी संविधानको व्याख्या गर्नु हुदैन। म्याचफिक्सिङ, विदेशी शत्रु सेनासंग मिल्नु, प्रतिस्पर्धी कम्पनीलाई कम्पनीको गोप्य सूचना दिनु, एउटा दलबाट निर्वाचित सदस्यले अर्को दलको नेतालाई समर्थन गर्नु दलीय आचरण र नैतिकता विरुद्धका कार्यहरु हुन्। एउटाबाट चोरेर ल्याएको सम्पत्ति अर्कोलाई दिनु पनि गैरकानूनी कार्य हुन्छ। राजनीतिक दल सम्बन्धी ऐन, २०७३ मा ह्वीप लाग्ने कुरा प्रष्ट छ। संसद सदस्यले दलभित्र आफ्नो कुरा राख्न

सक्छन्, प्रतिस्पर्धा गर्न सक्छन, बहुमत प्राप्त गरे दलको अध्यक्ष वा दलको तर्फबाट प्रधानमन्त्री बन्न सक्छन्। तर दलीय अनुशासन उल्लंघन गर्न छुट हुँदैन। धारा ७६ को उपधारा (५) को प्रकृयामा सामेल भई त्यसको अन्तिम परिणाम निस्केपछि प्रधानमन्त्रीले राजीनामा नदिएको र विश्वासको मत नलिएको भनी धारा ७६ को उपधारा (४) को प्रश्न उठाउन मिल्ने होइन। धारा ७६ को उपधारा (३) बमोजिम नियुक्त प्रधानमन्त्रीले पदमा रहनका लागि विश्वासको मत लिने हो। मार्ग प्रशस्त गरी समर्पण गरेपछि अर्को वैकल्पिक सरकार गठन गर्न संविधानले रोकेको छैन।

घ. धारा ७६ को उपधारा (३) को सरकारलाई समर्थन नदिएको जनता समाजवादी दल नेपालले धारा ७६ को उपधारा (५) बमोजिमको प्रधानमन्त्रीमा के.पी. शर्मा ओलीलाई समर्थन गरेको हुदा बहुमत पुगेकाले पुन: प्रधानमन्त्रीमा दावी गरिएको हो। राजनीतिमा रातारात परिवर्तन सम्भव हुन सक्छ। कुनै राजनीतिक दलले अर्को राजनीतिक दललाई प्रधानमन्त्रीमा समर्थन गर्ने वा नगर्ने विषय राजनीतिक प्रकृतिका प्रश्न हुन। यस विषयमा अदालतले हेर्न मिल्दैन। के.पी. शर्मा ओली धारा ७६ को उपधारा (१), (२), (३) बमोजिम प्रधानमन्त्री बन्नु भएको थियो। केवल यही कारणले धारा ७६ को उपधारा (५) बमोजिम प्रधानमन्त्री बन्न नसक्ने हुँदैन। ताजा जनमतले राजनीतिक स्थायित्वका लागि राम्रो परिणाम दिने गरेका छन। Political Institution Defunct हुन गैरहेका छुन भने केवल जागिर खानकै लागि प्रतिनिधि सभा कायम राख्ने होइन।

ङ. संविधानको धारा ७६ को उपधारा (५) मा विश्वासको मत प्राप्त गर्ने आधार प्रस्तुत गरेमा भन्ने हुँदा त्यो आधार अविश्वासिलो, शंकास्पद, विवादास्पद छ भने राष्ट्रपतिले नै हेर्ने र निश्चित गर्ने विषय हो। एकातर्फ दावीकर्तालाई दलको समर्थन छ, सदस्यहरु बाँडिएका छन् र अर्कोतर्फको दावीकर्तालाई दलको समर्थन छैन, कागजात रितपूर्वक छैन। दावी गर्ने वित्तिकै प्रधानमन्त्री हुन पाउने हुँदैन। आफ्नो दलको समर्थन गरेको पत्र चाहिने भनी पेश गर्ने, अर्को दलबाट प्रलोभनमा परी हस्ताक्षर गर्ने सदस्यलाई दलको सिफारिस नचाहिने भन्ने कुरा दोहोरो मापदण्ड भयो। प्रधानमन्त्रीमा नियुक्त हुन विश्वासको मत प्राप्त भई कायम रही रहने आधार देखिनु पर्छ। विश्वासनीय आधार पेश नगरेकोले दुवै दावी नपुग्ने भनी संविधान र कानूनबमोजिमको आधार कारण खुलाई राष्ट्रपतिबाट विवेक प्रयोग गरी निर्णय भएको हो। राष्ट्रपतिले स्वविवेकमा गर्ने निर्णयका कुरामा अदालतले हेर्न मिल्दैन। त्यसो गर्दा राजनीतिक विषयमा प्रवेश गरेको हुन

जान्छ। शाही आयोगको फैसलामा कायम भएको नजिर यसमा आकर्षित हुदैन। राष्ट्रपति सेरेमोनियल भएकोले केही पनि निर्णय गर्न नसक्ने भनी अर्थ गर्न मिल्दैन। कसैको सिफारिसमा गर्ने बाहेकका राष्ट्रपति आफैले गर्ने कार्य संविधान र कानून बमोजिम सम्पादन गर्नु पर्ने हुन्छ।

च. धारा ७६ को उपधारा (३) को प्रधानमन्त्रीले विश्वासको मत नलिइ धारा ७६(५) मा जान नमिल्ने कुरा संविधान र कानुनमा उल्लेख छैन। प्रधानमन्त्री केपी शर्मा ओलीले मिति २०७८।१।२७ मा विश्वासको मत नपाएको र सोही अवस्था कायम रहेकोले विश्वासको मत नलिएको हो। पहिले नै निश्चित भैसकेको विषयमा पुन: परीक्षण गरिरहन पर्दैन। धारा ७६ को उपधारा (४) बमोजिमको दायित्व (Obligation) पुरा गरे प्रधानमन्त्रीमा निरन्तरता कायम हुने हो। विश्वासको मत लिनका लागि संसदमा जाने हो। प्रधानमन्त्रीले नै Surrender गरेको, विश्वासको मत लिन्न भनेकोमा परीक्षण गर्नु आवश्यक हुँदैन। विश्वासको मत नलिने भन्ने कुराको जानकारी राष्ट्रपतिलाई दिनु नै पर्याप्त हुन्छ।

छ. भारतमा १९७९ मा Charan singh लाई विश्वासको मत लिने शर्तमा प्रधानमन्त्री नियुक्ति गरिएको थियो। तर निजले विश्वासको मत प्राप्त नगरी संसद विघटनको सिफारिस गरेको उदाहरण छ। नेपालको संविधानको धारा ७६ को प्रकृयामा राजिनामा दिनुपर्ने व्यवस्था छैन। राजिनामा दिएको अवस्थामा पनि पुरानै सरकारको कामचलाउ रुपमा निरन्तरता हुने हुन्छ। राजिनामा दिनु र नदिनुको एउटै परिणाम हुन्छ।

ज. नेपालको संविधानको धारा ७६ को उपधारा (३) को प्रधानमन्त्रीले विश्वासको मत नलिई मार्ग प्रशस्त गरेकोमा धारा ७६ को उपधारा (५) बमोजिम दावी पेश गर्न नपाउने गरी संविधानले रोकेको छैन। उपधारा (५) मा उपधारा (२) बमोजिमको सदस्य भनेको छ। के.पी. शर्मा ओली उपधारा (२) बमोजिमकै सदस्य हुनुहुन्छ। उपधारा (३) को प्रधानमन्त्रीले उपधारा (५) बमोजिम दावी गर्न नपाउने भए संविधानमा नै अपवादको व्यवस्था हुन्थ्यो। उपधारा (५) मा दावी गर्दा प्रधानमन्त्रीको हैसियतले होइन, प्रतिनिधि सभाको सदस्यको हैसियतमा दावी गरेको हो। धारा ७६ को उपधारा (३) को प्रधानमन्त्रीले विश्वासको मत लिन नसकी मार्ग प्रशस्त गरे पनि उपधारा (५) अनुसार प्रधानमन्त्रीमा नियुक्तिका लागि दावी गर्न सकिन्छ। धारा ७६ को उपधारा (१), (२), (३) र (५) ले वैकल्पिक सरकार बन्न व्यक्तिलाई होइन,

परिस्थितिलाई चिन्दछ। मिति २०७८।१।२७ मा भन्दा परिस्थितिमा आमूल परिवर्तन (Substantial changes in circumstances) भएकोले दावी गरेको हो। जनता समाजवादी दल धारा ७६ को उपधारा (५) बमोजिम सरकार गठनमा सहयोग गर्न तयार भएको छ। उपधारा (५) ले दलीय समर्थन नै खोज्छ। एउटै दलका सांसदहरु सत्तापक्ष र प्रतिपक्षमा बस्न मिल्दैन। बहुदलीय व्यवस्थामा घरमूलीको अनुमति बिना त्यहाँको सदस्य भाग्न पनि पाउँदैन र अर्काले भगाउन पनि पाउँदैन। कि घरमूलीको आदेश पालना गर्नु पर्‍यो, कि दल फुटाएर वा अंश लिएर जानु पर्‍यो। संसदीय लोकतान्त्रिक व्यवस्थामा दल र दलीय अनुशासन महत्वपूर्ण छन्। संविधानको धारा ८९ (ङ) अनुसार जुन दलको उम्मेदवार भई सदस्य निर्वाचित भएको हो त्यस्तो दलले संघीय कानूनबमोजिम निजले दल त्याग गरेको कुरा सूचित गरेमा संघीय संसदको सदस्य पद रिक्त हुन्छ। राजनीतिक दल सम्बन्धी ऐन, २०७३ को दफा २८(१)(क), दफा २८(२),(३) मा संसदीय दलको नेताको निर्देशनबमोजिम सचेतकले संसदीय दलको सदस्यलाई सरकारको विश्वास वा अविश्वासको प्रस्तावमा मतदान गर्दा ह्वीप जारी गर्न सक्ने, त्यस्तो ह्वीप पालना गर्नु पर्ने, निर्देशन पालना नगर्ने सदस्यको विवरण सम्बन्धित दलको केन्द्रीय समितिलाई दिनु पर्ने व्यवस्था छ। सोही ऐनको दफा ३१ र ३२ का प्रावधान पनि हेर्नु पर्दछ।

झ. अर्को पार्टीको केही सदस्यको सहयोगमा तत्काल प्रधानमन्त्री बने पनि निवेदकले ३० दिनभित्र विश्वासको मत प्राप्त गर्न सक्ने अवस्था छैन। कांग्रेस र माओवादी दलले दलीय समर्थन आवश्यक ठान्ने तर अरुको नपर्ने भन्ने हुँदैन। दल त्याग गर्नु जनताको अभिमतको अपमान हो, गैरप्रजातान्त्रिक र भ्रष्ट आचरण हो। प्रतिनिधिसभा सदस्य निर्वाचन ऐन, २०७४ अनुसार उम्मेदवार हुन पार्टीको मनोनयन पत्र आवश्यक पर्छ। पार्टीले जारी गरेको घोषणापत्रका आधारमा पार्टीबाट टिकट प्राप्त गरी पार्टीको नामबाट भोट प्राप्त गरेको हुन्छ। स्वार्थप्रेरित व्यक्तिले दल त्याग गर्दछन्, यो प्रवृत्ति सिद्धान्तविहिन, अवसरवादी र पदलोलुप मानिन्छ।

ञ. सरकारको काम पुरा गराउन, संसदलाई व्यवस्थित तुल्याउन, दललाई अनुशासनमा राख्न, सरकारलाई शक्तिशाली र प्रभावकारी बनाउन, गतिरोध हटाउन, कुनै प्रस्ताव पास गर्न, मुख्य विषयमा नागरिकको सरोकार बुझ्न पनि विघटन आवश्यक हुन्छ। यो प्रधानमन्त्रीको राजनैतिक हतियार हो। यी विषयमा परीक्षण गर्ने अधिकार सार्वभौम

जनतालाई हुन्छ। सन्तुलन र नियन्त्रण कायम गर्न, समन्वयात्मक वातावरण निर्माण गर्न, अविश्वासको प्रस्ताव रोक्न, अल्पमतको सरकारलाई स्थिर पार्न पनि विघटनको अधिकार प्रधानमन्त्रीलाई हुनुपर्छ भन्ने मान्यता रहेको छ। प्रधानमन्त्रीहरु गिरिजाप्रसाद कोइराला तथा शेरबहादुर देउवाले सिफारिस गर्नुभए अनुसार भएको प्रतिनिधि सभाको विघटनलाई विगतमा सर्वोच्च अदालतले मान्यता दिएको छ। अहिले पनि संविधानको धारा ७६(७) मा उल्लेखित पूर्व शर्त पुरा भएका छन्। राजनीतिक र नीतिगत प्रश्नमा अदालत प्रवेश गर्नु हुँदैन।

ट. संविधानको धारा ७६ को उपधारा (५) मा भनिएको "उपधारा (२) बमोजिमको सदस्य" भनेको दलको सदस्य नै हो। दलको सदस्यलाई दलीय निर्देशन लाग्छ। धारा ७६ को उपधारा (२) र (५) को सुसंगत व्याख्या हुनुपर्छ। धारा ७६ को उपधारा (५) अनुसारको "आधार" चित्त बुझ्दो, पर्याप्त र सन्तुष्ट हुने खालको हुनु पर्दछ।

ठ. राष्ट्रपतिलाई धारा ६१ को उपधारा (४) ले संविधानको पालन र संरक्षण गर्ने कर्तव्य तोकेको छ। धारा ६६ को उपधारा (१) ले संविधान र कानूनबमोजिम प्राप्त अधिकारको प्रयोग र कर्तव्यको पालन गर्नु पर्ने भएकोले कतिपय कार्यमा राष्ट्रपतिले आफ्नो बुद्धिमत्ता प्रयोग गर्न पाउने हुन्छ। राष्ट्रपतिको निर्णयमा आधार र कारण खुलाइएको छ। राष्ट्रपतिबाट एकताको प्रतिकको हैसियतमा निर्णय भएको छ। आचरण सम्बन्धी नियम पालना नगरी अर्को दलको नेतालाई समर्थन गरेको कुरालाई विचार गरी निर्णय भएकोले प्रश्न उठाउन मिल्दैन।

ड. समाजभन्दा राम्रो राजनीति हुँदैन; राजनीति भन्दा राम्रो शासन व्यवस्था हुँदैन। संविधानले सिद्धान्त बोक्छ, संस्कार होइन। एम.पि. सिंहले संविधानमा अक्षर होइन भावना खोज्नु पर्छ भनेका छन्। विवादको अस्थायी समाधान खोज्न सजिलो हुन्छ; स्थायी समाधान खोज्न गाह्रो हुन्छ। यसैले अदालतको फैसला यस्तो होस कि सैद्धान्तिक रुपमा स्वीकार गर्न सकियोस् , बौद्धिक रुपमा आदरयोग्य होस, व्यवहारिक रुपमा कार्यान्वयनयोग्य होस्।

ढ. संविधानको धारा ७६ को उपधारा (५) बमोजिम पेश भएको आधारको जाँच गरी निर्णय गर्ने अधिकार राष्ट्रपतिको हो। राष्ट्रपतिको निर्णय Unjust, Unreasonable and Unfair भए न्यायिक पुनरावलोकन हुने हो। राष्ट्रपतिको निर्णयमा आधार कारण खुलेकोले न्यायिक पुनरावलोकन गर्नु पर्ने कारण छैन। धारा ७६ को उपधारा (५)

को प्रकृया शुरु भई दावीकर्ता शेरबहादुर देउवा सहभागी भै सकेपछि विश्वासको मत नलिएको कुरा उठान गर्न मिल्दैन। बदनियत रहेको कुनै तथ्ययुक्त कारण प्रस्तुत भएको छैन।

ण. संविधानको धारा ७६ को उपधारा (५) मा विश्वासको मत प्राप्त गर्न सक्ने आधार प्रस्तुत गरेमा भनी उल्लेख छ; धारा ७६ को उपधारा (२) मा बहुमत प्राप्त गर्न सक्ने प्रतिनिधि सभाको सदस्य भन्ने शब्द प्रयोग भएका छन। यसबाट उपधारा (५) को व्यवस्थाले प्रतिनिधि सभामा परीक्षण हुनु पूर्व पनि विश्वासको मत प्राप्त गर्ने आधार देखाउन अनिवार्य हुन्छ भन्ने देखिन्छ। धारा ७६ को उपधारा (५) बमोजिम दावीकर्ताले विश्वासको मत प्राप्त गर्न सक्ने आधार छ छैन भनी हेरी निर्णय गर्ने स्वविवेकीय अधिकार राष्ट्रपतिमा रहेको छ। स्वेच्छाचारी निर्णय हो भन्नु मात्र पर्याप्त होईन। राष्ट्रपति उपर परमादेश जारी हुन सक्तैन। विघटन सम्बन्धी बिषय राजनीतिक प्रश्न हो।

त. राष्ट्रपति र उपराष्ट्रपतिको पारिश्रमिक तथा सुविधा सम्बन्धी ऐन, २०७४ को दफा १६ समेतका आधारमा राष्ट्रपतिले गरेको कार्य वा निर्णयको सम्बन्धमा अदालतमा प्रश्न उठ्न सक्दैन। निवेदक हरिप्रसाद नेपाल विरुद्ध प्रधानमन्त्री गिरिजाप्रसाद कोइराला भएको मुद्दामा "दुराशय भन्ने कुरा अनुमान गर्ने होइन, प्रमाणबाट शङ्कारहित रुपमा प्रमाणित हुनु पर्दछ, बदनियतको आरोप लगाउनु मात्र पर्याप्त हुँदैन, त्यसको आधार र प्रमाण दाखिल हुनु पर्दछ" भनिएको छ। श्याम कुमार खत्रीसमेत विरुद्ध प्रधानमन्त्री शेरबहादुर देउवासमेत भएको मुद्दामा "दुराशय प्रमाणित हुन तथ्ययुक्त र युक्तिसंगत आधार हुनु पर्दछ, दुराशयपूर्ण कार्य हो भन्ने कुरा प्रमाणित हुन कुनै खास घटना तथ्यगत रुपमा प्रमाणित हुनुपर्दछ" भनिएको छ। यस प्रकारको अवस्था प्रस्तुत विवादमा देखिदैन। तसर्थ रिट निवेदन खारेज हुनु पर्दछ।

२५. प्रत्यर्थी मध्येका सम्माननीय प्रधानमन्त्री समेतको तर्फबाट उपस्थित विद्वान वरिष्ठ अधिवक्ताहरु: (१) श्री सुशील कुमार पन्त, (२) डा. श्री सुरेन्द्र भण्डारी, (३) श्री विजयकान्त मैनाली, (४) श्री अग्नी खरेल, (५) श्री सुरेन्द्र कुमार महतो, (६) श्री महेश नेपाल, (७) श्री टंक प्रसाद दुलाल, (८) श्री रविनारायण खनाल, (९) श्री रमेश गुरागाई, (१० श्री विष्णुमणि अधिकारी, विद्वान अधिवक्ताहरु: (११) श्री परशुराम

कोइराला, (१२) श्री सुवास आचार्य, (१३) श्री ईश्वरी प्रसाद भट्टराई, (१४) श्री भोजराज आचार्य, (१५) श्री वावुराम दाहाल, (१६) श्री सि.पी. रेग्मी, (१७) श्री बल बहादुर राई, (१८) श्री शान्तिदेवी खनाल, (१९) श्री विष्णुमाया भुसाल, (२०) श्री अनन्तराज लुइटेल, र (२१) श्री लोकनाथ खरेलले ईजलास समक्ष बहस जिकिर प्रस्तुत गर्नु भयो। ईजलास समक्ष उपस्थित भई बहस गर्नु हुने विद्वान वरिष्ठ अधिवक्ता र विद्वान अधिवक्ताहरुले संयुक्त रुपमा[2] लिखित बहस-नोट समेत पेश गर्नु भएको छ।" वहाँहरुले रिट निवेदन खारेज हुनु पर्दछ भनी मुख्यतः निम्नानुसारका बहस बुँदाहरु प्रस्तुत गर्नु भएको छः

क. राष्ट्रपतिले प्रधानमन्त्री नियुक्ति गर्दा कसैको सिफारिस आवश्यक हुदैन। धारा ७६ को उपधारा (५) बमोजिम दावीकर्ताले प्रतिनिधि सभामा विश्वासको मत प्राप्त गर्न प्रस्तुत गरेको आधार विश्वसनीय छ छैन भनी परीक्षण गर्ने स्वविवेकीय अधिकार राष्ट्रपतिलाई छ। धारा ७६ को उपधारा (५) बमोजिम राष्ट्रपतिलाई प्राप्त स्वविवेकीय अधिकार राष्ट्रपतिको Inherent Power हो।

ख. पूर्व नजीर लगाउँदा "Issue raised, Issue discussed and Issue disposed" पनि हेरिनु पर्दछ। शाही आयोगको नजिर र रुक्माङ्गत कटुवाल प्रकरणको नजिर प्रस्तुत मुद्दामा आकर्षित हुदैन। पार्टीका सांसदले Regressive सोचवाट ग्रसित भई निर्दलीयताको अभ्यास गर्ने परिकल्पना मूल कानूनले गरेको छैन। प्रतिनिधि सभाको सदस्यवाट विश्वासको मत पाउने ठोस र विश्वासनीय आधार रहे नरहेको वस्तुनिष्ठ आधारको मूल्याङ्कन गर्ने संवैधानिक विवेक (Constitutional wisdom) केवल राष्ट्रपतिमा रहेको छ। राष्ट्रपति विरुद्ध कुनै मुद्दा दायर भएको छैन, केवल राष्ट्रपतिको कार्यालय विरुद्ध मुद्दा परेको छ। राष्ट्रपतिलाई कुनै सूचना दिइएको वा सोधिएको छैन। प्राकृतिक न्यायको सिद्धान्तको सुविधा राष्ट्रपतिले नपाउने भन्ने हुदैन।

ग. के पी शर्मा ओली विरुद्ध Wisdom प्रयोग गर भनी दावी गर्नेले दावीकर्ता शेरबहादुर देउवा विरुद्ध Wisdom प्रयोग गर्न पाउँदैन भन्न मिल्दैन। धारा ७६ को उपधारा (२)

---

2 यसरी संयुक्त रुपमा बहस नोट पेश गर्नु हुने विद्वान वरिष्ठ अधिवक्ता तथा अधिवक्ताहरुको नामावली यो आदेशको अनुसूची २ मा समावेश गरिएको छ।

मा राष्ट्रपतिलाई Choice हुदैन, तर धारा ७६ को उपधारा (५) मा दावीकर्तालि विश्वासको मत प्राप्त गर्ने आधार पेश गर्नु पर्ने भएकोले त्यस्तो आधार Sustainable and reliable हुनुपर्छ। विश्वसनीय आधार पेश भए नभएको परीक्षण गर्नु पर्ने भएकोले राष्ट्रपतिले तजविज प्रयोग गर्नु पर्ने हुन्छ।

घ. धारा ७६ को उपधारा (५) अनुसार दलीय समर्थन हुन जरुरी छ। दलबाट निर्वाचित सदस्य स्वतन्त्र र निर्दलीय हुन्छ भन्न मिल्दैन। पहिलो दावीकर्ता के पी शर्मा ओलीले दलको समर्थन लिई गएकोमा पनि स्वीकार गरिएन; दोस्रा दावीकर्ताले सदस्यको समर्थन लिई गएको पनि स्वीकार गरिएन। विश्वासको मत धारा ७६ को उपधारा (३) को प्रधानमन्त्रीलाई चाहिने भएपनि प्राप्त नहुने निश्चित थियो। विश्वासको मत लिन जाने संसदमा हो। लिन्न भनी मार्ग प्रशस्त गर्न राष्ट्रपति समक्ष नै जाने हो। विश्वासको मत नलिएको प्रधानमन्त्रीले धारा ७६ को उपधारा (५) को प्रकृयामा सामेल हुन र प्रधानमन्त्री हुन मिल्दछ। विघटनको सिफारिस धारा ७६ को उपधारा (१), (२), (३), (५) जुनसुकै अवस्थाका प्रधानमन्त्रीले गर्न सक्छ। समानुपातिक सदस्यलाई मतदाताले प्रत्यक्ष चिन्दैन, दललाई मात्र चिन्ने हुँदा समानुपातिक सदस्य दलको विरुद्ध जाने मिल्दैन। धारा ७६ को उपधारा (५) बमोजिम प्रधानमन्त्री हुन विश्वासको मत प्राप्त गर्ने आधार प्रस्तुत गर्नु पर्ने हुन्छ। आधारले निरन्तरता खोज्छ। त्यस्तो आधार आधिकारिक रुपमा स्थापित हुनु पर्छ। "आधार" अमूर्त हुन सक्दैन। विश्वासको मत लिन सक्ने सम्भाव्यता देखिए मात्र प्रधानमन्त्री नियुक्त गर्नु पर्ने हुन्छ।

ङ. नेपालको अन्तरिम संविधान, २०६३ मा संसदबाट नै प्रधानमन्त्री चयन हुने व्यवस्था थियो। नेपालको संविधानले प्रधानमन्त्री नियुक्त गर्ने अधिकार राष्ट्रपतिलाई प्रदान गर्‍यो। धारा ७६ बमोजिमको जुनसुकै प्रधानमन्त्री नियुक्त गर्ने र सो धाराका उपधारा मुतावित संवैधानिक पूर्व शर्त पुरा भए नभएको निर्णय गर्ने अधिकार पनि राष्ट्रपतिलाई नै प्रदान गरेको छ। सो अधिकार न त कसैलाई हस्तान्तरण गर्न सकिन्छ, न त कसैको सल्लाह वा सम्मति नै आवश्यक पर्छ। संविधानले राष्ट्रपतिलाई सुम्पेको दायित्व पालन गराउन कसैले पनि बाध्य बनाउन सक्दैन। धारा ७६ को उपधारा (५) मा आधार हेरी निर्णय गर्ने अख्तियारी राष्ट्रपतिको विवेक र बुद्धिमत्तामा नै सुम्पिएको छ।

च. दलीय राजनीति संविधानको आधारभूत विशेषता हो। दलीय संस्कार, सिद्धान्त, राजनीति बाहिर गएर दलीय विशेषता नै निश्तेज गर्ने गरी व्यवहार गरिए बहुदलीय लोकतान्त्रिक

व्यवस्था टिकाउ हुन सक्तैन। संवैधानिक प्रावधानहरु संशोधन हुन सक्ने भए पनि आधारभूत संरचना बाहिर गएर संविधान संशोधन गर्न सकिदैन। आधारभूत चरित्रमा प्रभाव पार्ने गरी निर्णय पनि गरिनु हुदैन। दावीकर्ता शेरबहादुर देउवा धारा ७६ को उपधारा (५) को प्रकृयामा संलग्न भैसकेकोले त्यो प्रकृयाबाट बाहिर जान मिल्दैन।

छ. संविधानको धारा ७४ मा दलहरु बीच भएको सोह्र बुँदे सहमतिको कुरा नै जस्ताको तस्तै राखिएको छ। बहुलवादमा आधारित बहुदलीय प्रतिस्पर्धात्मक संघीय लोकतान्त्रिक गणतन्त्रात्मक संसदीय प्रणालीको शासकीय स्वरुप नेपालले अंगिकार गरेको छ। संविधानको धारा ७६ को उपधारा (५) को व्याख्या गर्दा दलसम्बन्धी व्यवस्था, शासकीय स्वरुपसमेतका संविधानमा भएका अन्य सबै धारा जीवित रहने गरी समन्वयात्मक रुपमा व्याख्या गर्नु पर्छ। धारा ७६ को उपधारा (५) मा दलीय समर्थन नचाहिने, ह्वीप नलाग्ने भनियो भने संसदीय प्रणाली चल्दैन। परमादेश जारी हुने अवस्था छैन। अदालतले आत्मसंयम अपनाउनु पर्छ।

ज. के पी ओली कमाण्डर भएको टिमको खेलाडीले अर्को टिमको नेतालाई कमाण्डर बनाउन सक्तैन, क्याप्टेन परिवर्तन गर्न पाइदैन। धारा ७६ को उपधारा (५) सरकार गठनको अन्तिम मौका हो, ब्रम्हास्त्र होइन। अर्को टिमको खेलाडी चोर्ने कार्य अवैधानिक हो। राजनीतिक क्षयीकरण हुने गरी संविधानको व्याख्या गर्नु हुदैन। संसदीय व्यवस्था र लोकतान्त्रिक Value बाहिर जान र Constitutional morality विरुद्ध व्याख्या गर्न मिल्दैन।

झ. धारा ७६(५) विशिष्ट व्यवस्था हो। प्रतिनिधि सभाबाट विश्वासको मत प्राप्त गर्नु अघि नै दावीकर्तालै प्रधानमन्त्रीमा नियुक्ति हुने "आधार प्रस्तुत" गर्नु पर्ने हुन्छ। राष्ट्रपतिले विश्वासको मत परीक्षण गर्ने होईन, विश्वासको मत प्राप्त गर्न सक्ने आधार हेर्ने हो। दावी पेश गरेकै भरमा जुनसुकै सांसद ३० दिनसम्म प्रधानमन्त्री हुने जोखिमलाई मध्यनजर गरेर संविधान निर्माताले विश्वासको मत प्राप्त गर्न सक्ने आधारको रुपमा "उपधारा (२) बमोजिमको सदस्यले" भनी दलीय समर्थनको आधार हेर्ने अधिकार राष्ट्रपतिलाई दिएको छ।

ञ. संविधानलाई Living organism को रुपमा हेरिने भएकाले संविधानको व्याख्यामा liberal construction को सिद्धान्त लागु हुन्छ। कुनै पनि संविधानले आफ्नो Proximate goals तय गरेको हुन्छ। संविधानले तय गरेको Proximate Goals

भन्दा बाहिर गई संविधानको व्याख्या गरिदैन। कुनै पनि अधिकार असिमित र अनियन्त्रित हुन सक्दैन भन्ने सिद्धान्तमा यो आधारित हुन्छ। तसर्थ, रिट निवेदन खारेज हुनु पर्दछ।

२६. प्रत्यर्थी प्रतिनिधि सभाका सम्माननीय सभामुखको तर्फबाट उपस्थित विद्वान वरिष्ठ अधिवक्ताहरुः (१) श्री श्यामप्रसाद खरेल, (२) श्री लवकुमार मैनाली, (३) श्री उपेन्द्रकेशरी न्यौपाने, तथा विद्वान अधिवक्ताहरुः (४) श्री मेघराज पोखरेल, र (५) श्री श्रीकृष्ण सुवेदीले ईजलास समक्ष उपस्थित भई गर्नु भएको बहस सुनियो। वहाँहरुले पेश गर्नु भएको बहस नोट समेत अध्ययन गरियो। वहाँहरुले रिट निवेदकहरुको मागबमोजिम प्रतिनिधि सभा पुनर्थापित हुनु पर्दछ भनी मुख्यतः निम्नानुसारका बहस बुँदाहरु प्रस्तुत गर्नु भएको छः

क. सभामुखले प्रतिनिधि सभाको पूर्ण कार्यकालको अपेक्षा गर्नु पर्ने भएको र निवेदकले पनि विकल्प रहेसम्म प्रतिनिधि सभा विघटन गर्नु हुदैन भनेकोले Interest मिलेको छ। संविधानको धारा ८९(ङ) लागू हुन संघीय कानूनबमोजिम दल त्याग गरेको कारवाही भै सूचित गरेको हुनु पर्ने हुन्छ। त्यस्तो कारवाही भएको छैन। भविष्यमा अनुशासन सम्बन्धमा कारवाही गरिने भन्ने पत्रको आधारमा दल त्याग गरे सरह ठानिनु हुँदैन। धारा ७६ को उपधारा (५) को कुरामा ह्वीप लाग्दैन। बारम्बार प्रतिनिधि सभा बिघटन हुन नदिनका लागि वैकल्पिक सरकार बन्ने अवस्थासम्म विघटन गर्न हुदैन भनी विशेष व्यवस्थाको रुपमा धारा ७६ को उपधारा (५) बनेको छ। प्रधानमन्त्रीका दावीकर्ता शेरबहादुर देउवालाई दुई दलको समर्थन सहित प्रतिनिधि सभाका बहुमत सदस्यको समर्थन छ। प्रतिनिधि सभाका १४६ जना सदस्यले सर्वोच्च अदालतमा निवेदन गर्नु भएको छ। त्यसमा विश्वास गर्नु नपर्ने कारण छैन। धारा ७६ को उपधारा (३) को प्रधानमन्त्रीले विश्वासको मत परीक्षण गर्न संसदमा जानु पर्नेमा विश्वासको मत लिन नसकी आत्मसमर्पण गरेको अवस्था छ। यस अवस्थाका प्रधानमन्त्रीले संविधानको धारा ७६ को उपधारा (५) बमोजिम प्रधानमन्त्रीमा दावी गरिनु असंवैधानिक छ। संविधानिक नैतिकता र संविधानले अंगिकार गरेका दर्शन महत्वपूर्ण छन्। धारा ७६ को उपधारा (२) कै भाषा धारा ७६ को उपधारा (५) मा नराखिएकोले एकै अर्थ लाग्ने गरी दोहोराएको मात्र मिल्दैन। उक्त उपधारा (५) को प्रकृयामा दलको समर्थन

अनिवार्य मान्न मिल्दैन। यो धारा ७६ को उपधारा (५) को व्यवस्था नौलो किसिमको व्यवस्था हो। संविधानको उद्देश्यमूलक व्याख्या गर्नु पर्दछ। प्रतिनिधि सभाको कार्यकाल ५ बर्ष हो। यो नै सामान्य नियम हो। अगाडि बिघटन गर्नु अपवाद हो। प्रतिनिधि सभा विघटन गर्नु पूर्व सभामुखसंग परामर्श लिने काम गरिनु पर्दथ्यो, तर त्यसो गरिएन। राष्ट्रपति र प्रधानमन्त्रीले सभामुखसंग परामर्श नगर्नु र संसद छलेर निर्णय गर्नु संसदीय अभ्यास प्रतिकूल हुन्छ। संविधान पालन गर्ने कुरामा राष्ट्रपतिमा विचलन आएको छ।

ख. राष्ट्रपतिले पदीय हैसियतले सम्पन्न गरेको कुनै कार्यका सम्बन्धमा कुनै अदालतमा प्रश्न उठाउन नपाइने अर्थात उन्मुक्तिका सम्बन्धमा भारतको संविधानको धारा ३६१ मा जस्तो नेपालको संविधानमा कुनै प्रावधान राखिएको छैन। राष्ट्रपति वा उपराष्ट्रपतिको पारिश्रमिक तथा सुविधा सम्बन्धी ऐन, २०७४ को दफा १६ ले गैर संवैधानिक कार्यका लागि संरक्षण प्रदान गर्दैन। United States v. Nixon. 418 U.S. 683 (1974) मा अमेरिकी सर्वोच्च अदालतले राष्ट्र प्रमुखको उन्मुक्तिको अधिकार सीमित हुने र अदालतलाई न्यायिक पुनरावलोकनको अधिकार हुने विवेचना गरेको पाईन्छ। नेपालको संविधानको धारा ७६ ले विकल्प रहँदासम्म प्रतिनिधि सभा विघटन गर्न नसकिने, प्रधानमन्त्री र मन्त्रीहरु प्रतिनिधि सभाप्रति उत्तरदायी हुनु पर्ने व्यवस्था गरेको छ। संविधानको धारा ७६ को उपधारा (२) र (३) बमोजिमका दुवै अवस्थामा विश्वासको मत लिन नसक्ने प्रधानमन्त्रीले अकण्टकरुपमा धारा ७६(१) देखि (५) सम्मको नियुक्तिका लागि पालै-पालो दाबी गर्न मिल्ने हुँदैन। यस प्रकारको व्यवहारलाई संवैधानिक नैतिकता (Constitutional Morality) तथा उचित संवैधानिक संस्कार (Constitutional Culture) को मापदण्ड अनुकूल मान्न सकिदैन। Govt. of Nct. Of Delhi vs Union of India भएको विवादमा भारतीय सर्वोच्च अदालतले संवैधानिक नैतिकता सम्बन्धमा गरेको व्याख्या अनुकरणीय छ। उक्त मुद्दामा अदालतले "The Constitution of India, as stated earlier, is an organic document that requires all its functionaries to observe, apply and protect the constitutional values spelt out by it. These values constitute the constitutional morality" भनी परिभाषित गरेको छ। धारा ७६ को उपधारा (५) बमोजिमको प्रधानमन्त्रीका लागि प्रतिनिधि सभाको कुनै पनि सदस्य

भए हुने, तर दलको समर्थन चाहिने भनियो भने यो उपधाराको मनशाय नै पराजित हुन पुग्दछ। धारा ७६ को उपधारा (५) बमोजिमको प्रस्तावित प्रधानमन्त्रीलाई दलका सांसदहरुले पृथक समर्थन गर्न मिल्दैन भनी निषेधात्मक प्रावधान राखिएको छैन। सांसदहरुले आफ्नो राजनीतिक स्वायत्तता (Political Autonomy) कायम गरी स्वतन्त्रतापूर्वक मत जाहेर गर्न पाउने नै हुन्छ। धारा ८९(ङ) ले जुन दलको उम्मेदवार भै निर्वाचित भएको हो, त्यस्तो दलले संघीय कानूनबमोजिम दल त्याग गरेको कुरा सूचित गरेमा संघीय संसद सदस्यको स्थान रिक्त हुने व्यवस्था गरेको हो। प्रस्तुत विवादमा शेरवहादुर देउवालाई समर्थन गर्ने कुनै पनि सदस्यको पद रिक्त भएको छैन, दल त्याग गरेको पनि छैन। शेरवहादुर देउवालाई समर्थन गर्ने १४९ जना सदस्यहरु मध्ये १४६ जना निवेदन लिई अदालत प्रवेश गरिसकेको अवस्था छ। बाँकी तीन जनाले पनि हस्ताक्षर गरेको होईन भनेर प्रतिरोध गरेको देखिएको छैन। सहिछापको कुरामा राष्ट्रपतिलाई कुनै शंका लागेको भए कागजातको परीक्षण गर्ने, व्यक्तिगत रुपमा सोधपुछ गर्ने, सभामुखसंग परामर्श गर्ने लगायतका उचित प्रकृया अवलम्बन गरी निकास दिनुपर्ने कर्तव्य थियो। त्यसो भएन। विघटन कार्य त्रुटिपूर्ण हुँदा बदरभागी छ।

२७. नेपाल बार एशोसिएशनको तर्फबाट उपस्थित अदालतको सहयोगी (Amicus Curiae) विद्वान वरिष्ठ अधिवक्ता श्री राघवलाल वैद्यबाट बहस नोट पेश हुन आएको छ र वहाँले ईजलास समक्ष उपस्थित भै बहस जिकिर समेत गर्नु भएको छ। वहाँको जिकिर थियो: संविधानको धारा ७६ को उपधारा (२) बमोजिमका प्रधानमन्त्री के पी शर्मा ओलीले मिति २०७८।१।२७ मा विश्वासको मत लिन गरेको प्रस्ताव अस्वीकृत भएपछि धारा ७७ र धारा १०० को उपधारा (३) बमोजिम निज पदमुक्त प्रधानमन्त्री हो। पदमुक्त भैसकेपछि पनि अकण्टक तवरले पदमा बसिरहेको पाइन्छ। प्रधानमन्त्रीले विश्वासको मत प्राप्त गर्न नसकेपछि धारा ७६ को उपधारा (२) बमोजिम प्रधानमन्त्री नियुक्तिका लागि राष्ट्रपतिबाट आह्वान भएको छ। कसैले दावी नपरेपश्चात धारा ७६ को उपधारा (३) अनुसार पनि के पी शर्मा ओली नै प्रधानमन्त्री नियुक्त हुनु भयो। आफ्नो दलबाट संसदीय दलको नेता परिवर्तन नगरी धारा ७६ को उपधारा (३) अनुसार मिति २०७८।१।३० मा नियुक्ति लिएको कार्य नै गैर संवैधानिक छ। निजात्मक बखेडा

स्वरुप प्रतिनिधि सभा विघटन गरिएको छ। राष्ट्रपतिले आफ्नो पदीय हैसियतले गरेको काम कारबाहीको लागि पदमा रहँदा वा सेवा निवृत्त भएपछि पनि निज उपर मुद्दा नचलाइने भनी राष्ट्रपति र उपराष्ट्रपतिको पारिश्रमिक तथा सुविधा सम्बन्धी ऐन, २०७४ को दफा १६ ले उन्मुक्ति (immunity) प्रदान गरेको भनी बुझ्नु संविधानको भावना विपरित हुन जान्छ। तसर्थ मिति ०७८/१/८ को प्रतिनिधिसभा विघटन सम्बन्धी सिफारिश, निर्णय र विज्ञप्ति प्रभावशुन्य तुल्याई प्रतिनिधि सभाको बैठक अविलम्ब बोलाउन र नयाँ प्रधानमन्त्रीको नियुक्ति गर्ने गरी आदेश जारी हुनु पर्दछ।

२८. नेपाल बार एशोसिएशनको तर्फबाट उपस्थित अदालतको सहयोगी (Amicus Curiae) विद्वान वरिष्ठ अधिवक्ता श्री उषा मल्ल पाठकबाट बहस नोट पेश हुन आएको छ र वहाँले ईजलास समक्ष उपस्थित भै बहस जिकिर समेत गर्नु भएको छ। वहाँको जिकिर थियो: नेपालको संविधानको धारा ७६ को उपधारा (३) बमोजिमका प्रधानमन्त्रीले आफुलाई सो पदमा निरन्तरता दिन चाहेमा ३० दिनभित्र प्रतिनिधि सभाबाट विश्वासको मत लिन अनिवार्य हुन्छ। सो पदमा निरन्तरता दिन नचाहेमा प्रतिनिधि सभाबाट विश्वासको मत लिने प्रकृयामा जान्न भनी धारा ७६ को उपधारा (५) को प्रकृयाबाट प्रधानमन्त्री नियुक्तिको लागि बाटो प्रशस्त गर्न संविधानको प्रावधानले रोकेको देखिदैन। विश्वासको मत प्राप्त नभएपछि राजिनामा नदिएपनि व्यवहारबाट प्रधानमन्त्रीले त्यो पद त्याग गरेको र राष्ट्रपतिबाट धारा ७६ को उपधारा (५) को प्रकृया प्रारम्भ गरिएको देखिन्छ। धारा ७६ को उपधारा (५) को व्याख्या गर्दा संविधानको धारा ७४ को शासकीय स्वरुप, वहुलवादमा आधारित वहुदलीय प्रतिस्पर्धात्मक संघीय लोकतान्त्रिक गणतन्त्रात्मक संसदीय शासन प्रणाली र प्रस्तावनालाई संगै राखी व्याख्या गर्नु पर्ने हुन्छ। अर्को दलको नेतालाई समर्थन गर्ने स्वतन्त्रता दलको सदस्यलाई हुदैन। दलबाट निर्वाचित प्रतिनिधि सभाका सदस्य प्रधानमन्त्री चयनको सवालमा स्वतन्त्र हैसियतमा रहन सक्दैन। प्रतिनिधि सभा विघटन कार्य संविधान अनुकूल छ। तोकिएको मितिमा निर्वाचन सम्पन्न गर्न गराउनका लागि Covid-19 का कारण असम्भव हुन्छ भन्ने रिट निवेदकहरुको आशंका जायज र मनासिब छ। निर्वाचनको मितिलाई ध्यानमा राखि सो भन्दा अगावै उचित र मनासिब समयमा सबै बालिग नागरिकलाई अनिवार्य रुपमा

COVID-19 विरुद्धको खोप लगाउने तथा स्वास्थ्य सुरक्षा अपनाउन भनी नेपाल सरकारको नाउँमा निर्देशनात्मक आदेश जारी गर्नु पर्दछ।

२९. सर्वोच्च अदालत बार एशोसिएशनको तर्फबाट उपस्थित अदालतको सहयोगी (Amicus Curiae) विद्वान वरिष्ठ अधिवक्ता श्री कोमल प्रकाश घिमिरेबाट बहस नोट पेश हुन आएको छ र वहाँले ईजलास समक्ष उपस्थित भै बहस जिकिर समेत गर्नु भएको छ। वहाँको जिकिर थियो: विश्वासको मत लिन सक्दिन भनेपछि सो कुरा भन्ने प्रधानमन्त्रीको कार्यकाल समाप्ति भएको मान्नु पर्दछ। आफ्नो विकल्प आफै होइन, अर्कै हुन्छ। कुनै कानूनले नचिन्ने पत्रको आधारमा राष्ट्रपतिबाट निर्णय गरियो। त्यसलाई केवल चुक्ली लगाएको पत्र भनी मान्नु पर्दछ। यसको कानूनी अस्तित्व छैन। यही प्रतिनिधि सभालाई यस अघि पनि बिघटन गरिएको थियो। राष्ट्रपतिको निर्णयमा प्रधानमन्त्रीले स्वामित्व (Ownership) ग्रहण गरेको हुँदा अदालतले हेर्नु पर्दछ। संविधानको धारा ७६(५) को विशेष व्यवस्था गरेर यथासक्य प्रतिनिधि सभाले पूर्णकाल काम गर्न सकोस र मध्यावधि चुनावको आवश्यकता नपरोस भन्ने उद्देश्य र अभिप्राय राखिएको छ। यो धारा ७६ को उपधारा (२) भन्दा फरक प्रकृतिको छ। धारा ७६ को उपधारा (२) अनुसार प्रधानमन्त्रीमा दावी गर्न जाने प्रकृया (Process) पार्टीको चिठीबाट हुन्छ, मान्छे खडा गर्नु पर्दैन। धारा ७६ को उपधारा (५) बमोजिमको प्रकृयामा दलको चिठी अनिवार्य छैन। धारा ७६ को उपधारा (५) प्रधानमन्त्री नियुक्तिका लागि गरिएको विशिष्ट व्यवस्था हो। दोहोरो समर्थन परेको, दलको निर्णय विपरीत एकले अर्कालाई समर्थन गरेको, सम्बन्धित दललाई समर्थन नदिन लेखि आएको र ती सांसदहरुको सम्बन्धमा नेपालको संविधानको धारा ८९(ड) र राजनीतिक दल सम्बन्धी ऐन, २०७३ को परिच्छेद ६ आकर्षित हुने भन्ने जस्ता कारण जनाई गरिएको निर्णय त्रुटिपूर्ण छ। मुद्दामा राष्ट्रपति स्वयंलाई विपक्षी बनाउन आवश्यक पर्दैन, राष्ट्रपतिको कार्यालयलाई विपक्षी बनाउनु पर्याप्त हुन्छ। यसरी दायर भएका रिट निवेदनहरुमा पहिले पनि सुनुवाई र निर्णय भएका छन्। अहिले पनि राष्ट्रपतिको कार्यालयलाई प्रत्यर्थी बनाएकै छ। प्रतिनिधि सभाको विघटन गरिएको कार्य बदर भई पुनर्स्थापना हुनु संविधानसम्मत् हुन्छ।

३०. सर्वोच्च अदालत बार एशोसिएशनको तर्फबाट उपस्थित अदालतको सहयोगी (Amicus Curiae) विद्वान वरिष्ठ अधिवक्ता श्री प्रकाशबहादुर के.सी.बाट बहस नोट पेश हुन

आएको छ र वहाँले ईजलास समक्ष उपस्थित भै वहस जिकिर समेत गर्नु भएको छ। वहाँको जिकिर थियो: धारा ७६ को उपधारा (४) बमोजिम विश्वासको मत लिनु Contitutional obligation र Constitutional morality दुबै हो। प्रधानमन्त्रीले विश्वासको मत नलिई संवैधानिक नैतिकताको आधारमा मार्ग प्रशस्त गरी धारा ७६ को उपधारा (५) को प्रकृया शुरु गरेकोले उक्त कार्य संवैधानिक सीमा बाहिर हुदैन। राष्ट्रपतिबाट मिति २०७८।२।७ र २०७८।२।८ गते गरी दुई वटा निर्णय भएका छन्। धारा ७६ को उपधारा (५) बमोजिम प्रधानमन्त्री नियुक्त गर्ने वा दावी अस्वीकृत गर्ने अधिकार राष्ट्रपतिलाई छ। यो अधिकार राष्ट्रपतिको Residual power हो। यो अधिकार राष्ट्रपतिले आफ्नो तजविजले प्रयोग गर्न पाउने हुन्छ। राष्ट्रपतिले निर्णय गर्दा लिएको आधार संविधान तथा कानूनसंगत् छन्। धारा ७६ को उपधारा (५) मा आधार प्रस्तुत गर्नु पर्छ भनेवाट आधार छ वा छैन भन्ने निर्णय गर्ने अधिकार राष्ट्रपतिलाई हुन्छ। म विश्वासको मत लिन सक्षम छु भन्नेले सो को आधार पेश गर्न सक्नु पर्छ। विश्वासको मत पाउने आधार छ भन्ने राष्ट्रपतिलाई लागेमा नियुक्ति गर्ने र नलागेमा नियुक्ति नगर्ने हो। राष्ट्रपति समक्ष निवेदन पर्दैमा स्वत: नियुक्त गर्नु पर्ने होइन। धारा ७६ उपधारा (३) बमोजिम नियुक्त प्रधानमन्त्रीले विश्वासको मत नलिई धारा ७६ को उपधारा (५) अनुसार उम्मेदवार हुन संविधानको कुनै धारा, उपधाराले रोकेको छैन। स्वतन्त्र सांसदले दलको अनुशासनमा बस्नु नपर्ने भए पनि दलको सांसदहरु दलको अनुशासनमा बस्नु पर्छ। दलीय व्यवस्थामा सांसदहरु उपर सम्वन्धित राजनीतिक दलले ह्वीप लगाउन पाउँदछ। यसको पालना गर्नु अनिवार्य हुन्छ। प्रतिनिधि सभा विघटन गरी ताजा जनादेशका लागि निर्वाचन गराउनु लोकतान्त्रिक अभ्यासको कुरा हो। तसर्थ, प्रधानमन्त्रीको सिफारिसमा नेपालको संविधानको धारा ७६ को उपधारा (७) बमोजिम प्रतिनिधि सभा विघटन गरेको सम्माननीय राष्ट्रपतिको मिति २०७८।२।८ को निर्णय संविधान अनुकूल रहेको छ।

## यस अदालतको ठहर आदेश:

निरुपण गर्नु पर्ने प्रश्नहरु:

३१. प्रस्तुत विवादमा मिति २०७८ साल असार ९, १०, ११, १३, १४, १५, १६, १७, १८, २० र २१ गते गरी कूल ११ (एघार) कार्य दिनको ३३ घण्टा समय लगाएर सुनुवाई गरियो। सुनुवाई छलफलका क्रममा निवेदक तर्फबाट कूल ३६ जना विद्वान वरिष्ठ अधिवक्ता र विद्वान अधिवक्ताहरु, सम्माननीय सभामुख बाहेकका प्रत्यर्थीहरुका तर्फबाट विद्वान महान्यायाधिवक्ता लगायत ११ जना विद्वान सरकारी बकीलहरु, प्रत्यर्थीहरु मध्ये सम्माननीय प्रधानमन्त्रीका तर्फबाट २१ जना विद्वान वरिष्ठ अधिवक्ता र विद्वान अधिवक्ताहरु, प्रत्यर्थी मध्येका सम्माननीय सभामुखको तर्फबाट ५ जना विद्वान वरिष्ठ अधिवक्ता र विद्वान अधिवक्ताहरु, अदालतका सहयोगी (Amicus Curiae) को हैसियतमा उपस्थित ४ जना विद्वान वरिष्ठ अधिवक्ताहरु समेत गरी कूल ७७ जनाले गर्नु भएको विद्वतापूर्ण वहस जिकिर सुनियो। पेश हुन आएका विभिन्न वहस नोटहरु पनि अध्ययन भयो। "हेर्दाहेर्दै" प्रकृयामा रही निर्णयार्थ आज पेश हुन आएको प्रस्तुत रिट निवेदन, लिखित जवाफ, वहस जिकिर समेतका कुराहरुलाई हेर्दा अब प्रस्तुत विवादमा मूलतः निम्न प्रश्नहरुको निरुपण गर्नु पर्ने हुन आएको छ:

क. सम्माननीय राष्ट्रपतिबाट मिति २०७८ साल जेष्ठ ६ गते आह्वान भए बमोजिम नेपालको संविधानको धारा ७६ को उपधारा (५) अनुसार प्रधानमन्त्री पदमा नियुक्तिका लागि पेश गरिएको दावी नपुग्ने भनी मिति २०७८/२/७ गते भएको निर्णय तथा मन्त्रिपरिषदको निर्णय अनुसार सम्माननीय प्रधानमन्त्री श्री के पी शर्मा ओलीले मिति २०७८/२/८ गते गर्नु भएको सिफारिस अनुसार सोही मितिमा संघीय संसदको प्रतिनिधि सभाको विघटन गरी निर्वाचनको मिति तोकिएको कार्य संविधान अनुकूल छ वा छैन? उल्लिखित निर्णय तथा कामकारवाही उत्प्रेषणको आदेशले बदर हुने वा नहुने के हो?

ख. रिट निवेदकहरुले माग गर्नु भए अनुसार विघटित प्रतिनिधि सभा पुनर्स्थापित हुने वा नहुने के हो?

ग. उपरोक्त अनुसार उत्प्रेषणको आदेश जारी भई विघटित प्रतिनिधि सभा पुनर्स्थापित हुने हो भने रिट निवेदन माग बमोजिम श्री शेर बहादुर देउवालाई प्रधानमन्त्रीको पदमा नियुक्ति गर्नु भनी परमादेशको आदेश जारी हुने वा नहुने के हो?

घ. संविधानको धारा ७६(५) बमोजिम प्रतिनिधि सभाका कुनै सदस्यप्रति विश्वास व्यक्त गरी प्रधानमन्त्री पदमा नियुक्तिका लागि समर्थन गरेको भन्ने आधारमा प्रतिनिधि सभाका कुनै सदस्य उपर दल त्याग गरेको भनी कुनै कारवाही गर्न मिल्छ वा मिल्दैन?

ङ. उपरोक्त अनुसारका प्रश्नहरु निरुपण गर्नु पर्ने मूल प्रश्नका रुपमा रहेका छन्। यी प्रश्नहरुसंग जोडिएका अन्य केही प्रारम्भिक र अन्तरनिहित प्रश्नहरु पनि छन्। यस प्रकारका अन्तरनिहित प्रश्न हेर्दा रिट निवेदन दर्ता भएको र सुनुवाई गरिएको प्रकृया कानून अनुकूल छ वा छैन?, राष्ट्रपतिबाट भएको निर्णय उपर न्यायिक पुनरावलोकन हुन सक्तछ वा सक्तैन?, संविधानको धारा ७६(५) ले राष्ट्रपतिलाई निरपेक्ष स्वविवेकीय अधिकार दिएको छ कि संवैधानिक कर्तव्य तोकेको हो?, धारा ७६(३) बमोजिम नियुक्त प्रधानमन्त्रीले विश्वासको मत प्राप्त गर्न नसकेपछि धारा ७६(५) बमोजिम दावी गर्न मिल्ने हो वा होइन? धारा ७६(५) बमोजिमको विश्वास प्राप्त गर्ने आधारको रुपमा दलीय समर्थन नै अनिवार्य हुन्छ वा हुँदैन?, विश्वासको आधारको परीक्षण राष्ट्रपति वा संसद कसले गर्ने हो?, प्रतिनिधि सभा विघटन गर्दा बदनियत राखिएको छ वा छैन? के, कुन अवस्थामा प्रतिनिधि सभाको विघटन हुने हो? आदि विभिन्न प्रश्नहरु उपर पनि विचार गर्नु पर्ने अवस्था रहेको छ।

३२. रिट निवेदनमा उठाइएका र निर्णय गर्नु पर्ने हुन आएका विभिन्न संवैधानिक तथा कानूनी प्रश्नहरुको अन्तरवस्तुमा प्रवेश गरी विवेचना गर्नुभन्दा पहिले प्रस्तुत विवादका सन्दर्भमा उठाईएका केही प्रारम्भिक प्रश्नहरुको निरुपण गर्नु आवश्यक भएकाले सर्व प्रथम त्यस प्रकारका प्रश्नहरु सम्बन्धमा उल्लेख गर्नु सान्दर्भिक देखिन्छ।

३३. प्रस्तुत रिट निवेदन उपर प्रारम्भिक सुनुवाईको सन्दर्भमा गठित इजलासले विवादको विषयवस्तुमा प्रवेश नगर्दै ईजलास गठनको विषयलाई लिएर प्रश्न उठाइएको, तत्पश्चात ईजलास गठनको स्वरुपमा केही परिवर्तन गरी यो ईजलास गठन भएको देखिन्छ। ईजलास समक्ष उठाइएका सरोकारप्रति सम्वेदनशील रही वर्तमान ईजलास गठन भएपछि यस विषयको समुचित सम्वोधन भएको भन्ने अपेक्षा राख्नु स्वभाविक थियो। तर त्यसो हुन सकेन र केही अनपेक्षित परिस्थितिहरु देखा परे।

३४. इजलास गठन र संरचनाको विषय न्यायपालिकाको स्वतन्त्रतासंग सम्वन्धित आन्तरिक व्यवस्थापनको विषय हो। यस प्रकारका न्यायिक व्यवस्थापनको विषयमा नीतिगत दृष्टिकोण निर्माणका सन्दर्भमा सुझाव, सरोकार र चासो व्यक्त हुनु स्वभाविक पनि हुन्छ। तर यसका पनि केही सीमा र मर्यादाहरु हुन्छन्। विषयको संवेदनशीलतालाई हेरी दोस्रो पटक इजलास गठन भएपछि रिट निवेदन उपर प्रारम्भिक सुनुवाई पनि नहुँदै (अर्थात कारण देखाउ आदेश जारी नहुँदै। प्रत्यर्थी नेपाल सरकार सम्वध्द निकाय र पदाधिकारीहरुको तर्फबाट सरोकार रहेको भनी प्रतिनिधित्व र प्रतिरक्षा गर्न उपस्थित हुन आउनु भएका विद्वान महान्यायाधिवक्ता लगायतका सरकारी बकीलहरु सहितका कानून व्यवसायीहरुबाट जे जो भाषा, शैली, तर्क र विषयवस्तु प्रस्तुत हुन आए, त्यसलाई स्वभाविक, तार्किक र ग्रहणयोग्य मान्न सकिएन। प्रधानमन्त्री विवादको प्रत्यर्थी मात्र नभएर संविधान बमोजिमको एक सम्मानित संस्था पनि हो। महान्यायाधिवक्ता केवल प्रधानमन्त्री सहितका पदाधिकारी तथा सरकारी निकायहरुको तर्फबाट प्रतिरक्षा गर्ने कानून व्यवसायी मात्र नभएर संविधान र कानून बमोजिम सार्वजनिक जवाफदेहिता निर्वाह गर्नु पर्ने राज्यको एक उत्तरदायी संस्था पनि हो। कार्यपालिकाको प्रतिनिधित्व गर्ने सार्वजनिक उत्तरदायित्व रहेका पदाधिकारीहरुबाट अदालतको इजलास गठनका विषयमा प्रश्न उठाई न्यायाधीश छनौट गर्न खोजेको जस्तो देखिने गरी प्रस्तुत हुनुलाई स्वतन्त्र न्यायपालिका सम्बन्धी अवधारणाका दृष्टीले उचित र शोभनीय कुरा ठान्न सकिएन।

३५. न्यायाधीशको कर्तव्य विवादमा सुनुवाई गर्नबाट पन्छिने होइन, अदालतमा आएका विवादको निरुपण गर्ने हुन्छ। यसरी विवादको निरुपण गर्ने सन्दर्भमा यदाकदा सम्वेदनशील अवस्था र परिस्थितिहरु पनि आई पर्दछन्। न्यायिक निष्पक्षताको

प्रत्याभूती दिनको लागि संविधान, कानून र न्यायाधीशहरुको आचार संहितामा रहेका प्रावधानहरुका आधारमा कुनै कुनै विवाद निरुपण गर्नबाट अलग रहने (Recusal गर्ने) अवस्था पनि आई पर्दछन्। यस्ता विषयमा उचित, शिष्ट र मर्यादित तवरबाट सम्बन्धित ईजलासको ध्यानाकर्षण गराउन सकिन्छ र इजलासले पनि उचित निकास दिने गर्दछ। तर यसलाई विवादका कुनै पक्षले पनि अधिकारको रुपमा तथा प्रतिस्पर्धात्मक शैलीमा दावी गर्न मिल्दैन। Recusal गर्ने वा नगर्ने कुरा विवादको सुनुवाई गर्ने न्यायाधीश र इजलासको तजविजको कुरा हो। यो तजविजको उचित प्रयोग भए नभएको कुराको निरुपण गर्ने कानूनी प्रकृयाहरु पनि निर्धारित छन्। तर इजलासभन्दा बाहिरबाट यस विषयमा दृष्टिकोण निर्माण गर्ने प्रयास गर्न वा प्रभाव पार्ने कोशिस गर्न वा विवादका पक्षहरुले यसलाई नै शर्तको रुपमा अगाडि सार्न र यस्ता कुरामा अडान राख्न मिल्दैन। त्यस प्रकारका प्रवृत्तिहरुलाई स्वीकार गरियो भने थीति बिथोलिन्छ, न्याय सम्पादन प्रकृयामा अवाञ्छित अवरोध पैदा हुने खतरा रहन्छ। न्यायिक कार्यप्रतिको आस्था र विश्वसनीयतामा असर पर्ने कार्य हामी कोही कसैले पनि गर्न हुँदैन। वैयक्तिक आग्रह पूर्वाग्रह राखेर न्यायिक प्रकृयामा अवरोध पैदा गरिनु कोही कसैको पनि हितमा छैन। आग्रह वा पूर्वाग्रहप्रेरित आशंकालाई स्वीकार गर्न थाल्ने हो भने परिणामतः न्याय सम्पादन प्रकृया गतिशील हुन नसक्ने कुरा निश्चित नै छ। न्यायाधीशले कुनै प्रकारको डर, त्रास, मोलाहिजा वा अनुचित प्रभावमा नपरी न्याय सम्पादन गर्ने वातावरण निर्माणका लागि विवादका पक्षहरु समेत सबैले भूमिका निर्वाह गर्नु पर्दछ।

३६. उपरोक्त उल्लिखित सन्दर्भहरुलाई समेत मध्येनजर राखेर यस विवादको प्रारम्भिक सुनुवाईका सन्दर्भमा यस ईजलास समक्ष व्यक्त हुन आएका सरोकारहरुको मूल्याङ्कन गर्दा यस ईजलासमा रहेका हामी न्यायाधीशहरु कसैले पनि प्रस्तुत विवादमा सुनुवाई गर्न नहुने उचित वा वस्तुनिष्ठ कारण देखिन आएन। विवादको सुनुवाई गर्नबाट दुईजना माननीय न्यायाधीशले अलग रहनुपर्ने भनी यस ईजलास समक्ष लिइएको जिकिर एउटा अनपेक्षित र विर्सनलायक परिघटना बन्न गएको छ।

३७. प्रस्तुत रिट निवेदन उपर नेपालको संविधानको धारा १३७ बमोजिम यस संवैधानिक ईजलासबाट क्षेत्राधिकार ग्रहण गरी सुनुवाई गर्न मिल्ने अवस्था छैन भनी प्रत्यर्थी तर्फबाट जिकिर लिइएको पाइयो। अब उक्त प्रारम्भिक प्रश्नको निरुपण गर्नु पर्ने

देखिन्छ। नेपालको संविधानको धारा १३७ को उपधारा (३) मा "धारा १३३ मा जुनसुकै कुरा लेखिएको भए तापनि सर्वोच्च अदालतमा विचाराधीन कुनै मुद्दामा गम्भीर संवैधानिक व्याख्याको प्रश्न समावेश भएको देखिएमा त्यस्तो मुद्दा उपधारा (१) बमोजिमको ईजलासबाट हेर्ने गरी प्रधान न्यायाधीशले तोक्न सक्नेछ" भनी उल्लेख भएको देखिन्छ। प्रस्तुत विवादमा सुनुवाईका लागि सम्माननीय प्रधान न्यायाधीशबाट नै ईजलास तोकिएको छ। यसका अतिरिक्त यही प्रतिनिधि सभाको मिति २०७७/९/५ मा भएको विघटन सम्बन्धी विषयमा संवैधानिक ईजलासबाट सुनुवाई हुनु हुँदैन भनी उठाइएको प्रश्न समाधान भैसकेको र देव प्रसाद गुरुङ समेतको निवेदन सहितका विभिन्न १३ रिट निवेदनहरु[1] उपर यही संवैधानिक ईजलासबाट सुनुवाई भई मिति २०७७/११/११ मा अन्तिम आदेश समेत जारी भएको दृष्टान्त ताजा नै छ। उक्त विवादका सन्दर्भमा पनि संविधानको धारा ७६ को प्रयोग सम्बन्धी प्रश्नहरु निरुपण गर्नु पर्ने अवस्था रहेको देखिन्छ। संविधानको त्यही धारा, उही प्रतिनिधि सभाको दोस्रो पटक विघटन भएको अवस्था र लगभग उस्तै प्रकृतिको गम्भीर संवैधानिक व्याख्याको प्रश्न समावेश भएको विवाद देखिएको हुँदा देव प्रसाद गुरुङले दायर गर्नु भएको रिट निवेदनमा गरिएको सुनुवाईलाई पूर्व अभ्यासको रुपमा ग्रहण गरेर प्रस्तुत विवादको सुनुवाई यस संवैधानिक ईजलासबाट हुने गरी भए गरिएका काम कारवाहीमा कुनै कानूनी त्रुटी कायम रहेको देखिँदैन। निसन्देहः यस प्रकारको विवादको सुनुवाई यस अदालतको संवैधानिक ईजलास बाहेकका अन्य ईजलासबाट पनि हुन सक्तछ। त्यस प्रकारको क्षेत्राधिकार अन्य ईजलासमा पनि रहेको छ। यसलाई समानान्तर क्षेत्राधिकार (Concurrent jurisdiction) को रुपमा लिन सकिन्छ। कानूनको संवैधानिकता परीक्षणसंग सम्बन्धित प्रश्न नउठाइएको संविधानको व्याख्या सम्बन्धी यस प्रकारका प्रश्न समावेश भएका विवादमा संवैधानिक ईजलासबाट वा अन्य ईजलासबाट सुनुवाई गरी विवादको निरुपण गर्ने मार्ग खुला नै रहेको देखिन्छ। यसरी समानान्तर क्षेत्राधिकार

1 निवेदक देवप्रसाद गुरुङसमेत प्रत्यर्थी राष्ट्रपतिको कार्यालयसमेत, ०७७-WC-००३७ को निवेदन सहित ०७७-WC-००२८, ००३१, ००३२, ००३३, ००३४, ००३५, ००३६, ००३८, ००३९, ००४०, ००४१, ००४२ समेतका कुल १३ वटा निवेदनका सिलसिलामा यस अदालतको संवैधानिक इजलासबाट नै सुनुवाई भएको देखिन्छ।

रहेको अवस्थामा निवेदकहरुले संवैधानिक ईजलासबाट सुनुवाई हुने गरी निवेदन गर्नु भएको, यो विवादमा पनि गम्भीर संवैधानिक व्याख्याको प्रश्न समावेश रहेको देखिएको र केही महिना अगाडि मात्र यस्तै प्रकृतिको विवादको सुनुवाई संवैधानिक ईजलासबाट भएको ताजा अभ्यास रहेको देखिदा प्रकृयागत दृष्टीले प्रस्तुत विवादमा यस ईजलासबाट सुनुवाई गर्नमा कुनै बेरीत वा कानूनी बाधा हुने देखिएन। तसर्थ, यस ईजलासको क्षेत्राधिकारका सम्बन्धमा प्रत्यर्थीका तर्फबाट लिइएको जिकिरलाई मनासिब ठान्न मिलेन।

३८. "निवेदकहरु १४६ जना भनिएकोमा रिट निवेदनमा पाँच जनाको मात्र हस्ताक्षर छ; यस्तो बेरीतको निवेदनका आधारमा सुनवाई गरी निर्णय गर्न मिल्दैन" भनी प्रत्यर्थीतर्फबाट जिकिर गरिएको देखिन्छ। विवादका सम्बन्धित पक्षबाट औपचारिक रुपमा प्रश्न उठाएको अवस्था देखिँदा यो प्रारम्भिक प्रश्न सम्बन्धमा केही व्यहोरा उल्लेख गर्नु आवश्यक हुन आएको छ। निवेदन, लिखित जवाफ आदि अदालतमा पेश गरिने लिखतहरुका केही सामान्य ढाँचा सर्वोच्च अदालत नियमावली, २०७४ मा तोकिएको देखिन्छ। कार्य सञ्चालनमा एकरुपता र सहजताका लागि यसरी ढाँचा निर्धारित गरिएका हुन्। सामान्यतया: यसरी तोकिएका ढाँचा र रीत अनुसार निवेदन पेश हुनु पर्दछ। तर केही अपवाद अवस्थामा ढाँचा अनुसारका सबै रीत जस्ताको तस्तै पुर्याउन असहज पनि हुने गर्दछ। उदाहरणका लागि निकै ठूलो संख्यामा निवेदकहरु रहनु भएको अवस्थामा सबै व्यक्तिका लागि लिखतको शीर र पुछारमा सहिछाप गर्ने स्थानाभाव हुन पुग्दछ। यस अवस्थामा अदालतले अन्य उपयुक्त उपाय वा विकल्प अपनाउने गर्दछ र त्यस प्रकारको अभ्यास पनि रही आएको छ। त्यस प्रकारका उपायहरु मध्ये निवेदकबाट निवेदन पेश गरेको कुराको सनाखत कागज गराउने कुरा पनि एउटा तरिका हो। यही प्रकृया अनुसार निवेदकहरु यस अदालतमा स-शरीर उपस्थित भएर निवेदन पेश गरेको व्यहोरा खुलाई सनाखत कागज गर्नु भएको छ, सो कागजमा "रिट निवेदनको अभिन्न अङ्गको रुपमा संलग्न गरिएको" भनिएको छ र सनाखतको कुरा अदालतबाट प्रमाणित भएको समेत देखिन्छ। निवेदकहरुले तारिख पर्चामा सही गरी अदालतले तोकेको तारिख समेत लिनु भएको पाइयो। यसरी पेश हुन आएका लिखत कागजातका व्यहोरा ठिक साँचो होइनन् कि भनी निवेदकहरु वा निवेदनको व्यहोराप्रति प्रकृयागत कुरामा

विश्वास गर्न नहुने वा शंका गर्नु पर्ने कुनै पनि कारण देखिन आएका छैनन्। यस अवस्थाको निवेदनलाई बेरीतको मान्न मिल्ने देखिदैन।

३९. वस्तुतः निवेदन लगायतका लिखतमा सम्बन्धित पक्षको हस्ताक्षर हुनुलाई सो लिखत निजले आफ्नो ईच्छानुसार राजिखुसीले पेश गरेको हो भन्ने कुराको प्रमाणीकरण गरिएको विधिको रुपमा लिइन्छ। रिट निवेदकहरुले अदालतमा उपस्थित भएर सनाखत कागज गर्नु भएको हुँदा निवेदनमा हस्ताक्षर गर्नु पर्ने प्रयोजन पुरा भएको देखिन्छ। यसका अतिरिक्त यदि प्रस्तुत विवादका सन्दर्भमा पेश गरिएको रिट निवेदनमा सहिछाप गर्ने पाँचजना व्यक्तिहरु मात्र यस अदालतमा न्यायिक उपचारका लागि प्रवेश गर्नु भएको अवस्था हुन्थ्यो भने अथवा निवेदनमा हस्ताक्षर गर्ने पाँच जनाको हदसम्म निवेदनलाई मान्यता दिने हो भने पनि यस अदालतले संविधान र कानून बमोजिम न्यायिक उपचार प्रदान गर्न ईन्कार गर्न मिल्ने अवस्था देखिदैन। कुनै एक व्यक्तिले निवेदन गरेको अवस्था हुन्थ्यो भने पनि केवल यही संख्याको आधारमा निवेदन जिकिर उपर सुनुवाई गर्न ईन्कार गर्न मिल्ने अवस्था थिएन। यसका अतिरिक्त रिट निवेदनमा उठाइएको संविधानको व्याख्या सम्बन्धी विषयवस्तुको महत्व र सार्वजनिक सरोकार सम्बन्धी स्थितिलाई हेरेर कतिपय अवस्थामा सामान्य अनौपचारिक सूचना वा जानकारीका आधारमा पनि न्यायिक उपचार प्रदान गरिने अभ्यास रहेको पाइन्छ। यस अवस्थामा रिट निवेदनका सबै पानाहरुमा सबै निवेदकहरुको सहिछाप परेको छैन भनी विषयवस्तुमा कुनै तात्विक अन्तर नपर्ने सामान्य र नितान्त प्राविधिक कारण देखाएर यस प्रकारको निवेदन उपर सुनवाई गरी विवादको निरुपण गर्न ईन्कार गर्नु सर्वथा अनुचित, अतार्किक, अव्यवहारिक र रिट निवेदन सम्बन्धी अवधारणाको समेत प्रतिकूल हुने देखिन्छ। तसर्थ रिट निवेदन रीत पुर्याई दायर नभएको भन्ने जिकिरसंग सहमत हुन सकिएन।

४०. अब विवादित विषयको अन्तरवस्तुमा प्रवेश गरी निर्णयतर्फ विचार गर्ने सन्दर्भमा सर्व प्रथम विषय र तथ्यगत प्रष्टताका लागि प्रतिनिधि सभा विघटनका सन्दर्भ, यसको पृष्ठभूमि समेतका मुख्य-मुख्य घटनाक्रम उल्लेख गर्नु आवश्यक देखिन्छ। यस प्रसंगमा निम्नानुसारका घटनाक्रम उल्लेखनीय रहेका देखिन्छन्।

क. राष्ट्रपतिको कार्यालयबाट ५ पुष २०७७ मा प्रकाशित निम्नानुसारको विज्ञप्ति अनुसार प्रतिनिधि सभाको विघटन भएको थियो:

"आज मिति २०७७ साल पुस ५ गते आइतबारका दिन सम्माननीय राष्ट्रपति श्रीमती विद्यादेवी भण्डारीज्यूले नेपालको संविधानको धारा ७६ को उपधारा (१) र (७) तथा धारा ८५ एवं संसदीय प्रणालीको आधारभूत मर्म एवं मूल्य मान्यता तथा हाम्रो आफ्नै र संसदीय प्रणाली भएका विभिन्न मुलुकहरूको अभ्यास बमोजिम संघीय संसदको वर्तमान प्रतिनिधि सभा विघटन गरी ताजा जनादेशका लागि नेपाली जनता समक्ष जान मिति २०७८ साल वैशाख १७ गते शुक्रबार पहिलो चरणमा र मिति २०७८ साल वैशाख २७ गते सोमबार दोस्रो चरणमा अर्को प्रतिनिधि सभाको निर्वाचन सम्पन्न गर्ने गरी निर्वाचनको मिति तोक्न नेपाल सरकार, मन्त्रिपरिषद्को बैठकबाट निर्णय भई सोही बमोजिम सम्माननीय प्रधानमन्त्रीबाट सिफारिस भएकोले उक्त सिफारिस बमोजिम संघीय संसदको वर्तमान प्रतिनिधि सभा विघटन गरी मिति २०७८ साल वैशाख १७ गते शुक्रबार पहिलो चरणमा र मिति २०७८ साल वैशाख २७ गते सोमबार दोस्रो चरणमा प्रतिनिधि सभाको निर्वाचन सम्पन्न गर्ने गरी निर्वाचनको मिति तोक्नु भएको छ"।

ख. उपरोक्त अनुसार मिति २०७७/९/५ मा भएको प्रतिनिधि सभा विघटनको निर्णय, विज्ञप्ती समेतका तत्सम्बन्धी सम्पूर्ण कामकारवाहीहरु असंवैधानिक भएकोले प्रारम्भदेखि नै कानूनी प्रभावसुण्य रहने गरी उत्प्रेषणको आदेशले बदर हुने र पहिलेकै स्थितिमा पुनर्स्थापित हुने गरी यस अदालतबाट मिति २०७७/११/११ मा आदेश (फैसला) भएको।

ग. पुनर्थापित प्रतिनिधि सभाको अधिवेशनका लागि मिति २०७७/११/१७ मा आह्वान गरिएको र सो बमोजिम मिति २०७७/११/२३ मा बस्नु पर्ने बैठक बस्न (कार्य सञ्चालन हुन) नसकेको। त्यसपछि मिति २०७८/१/२७ मा मात्र बैठक बसेको। यसबीच प्रतिनिधि सभाबाट कुनै काम (Business) नभएको / Business नपाएको।

घ. पुनर्थापित प्रतिनिधि सभाको विश्वासका लागि सम्माननीय प्रधानमन्त्रीले प्रस्ताव पेश गर्नु भएकोमा मिति २०७८/१/२७ मा कूल २७५ सदस्य (२७१ सदस्य कायम) रहेको प्रतिनिधि सभाका सदस्यहरु मध्ये ९३ जनाले प्रस्तावको पक्षमा र १२४ जना सदस्यले प्रस्तावको विपक्षमा मत जाहेर गर्नु भएको। परिणामतः सम्माननीय प्रधानमन्त्री श्री के पी शर्मा ओलीको प्रस्ताव बहुमतबाट पारीत हुन नसकेको

(अस्वीकृत भएको) हुँदा नेपालको संविधानको धारा १०० को उपधारा (३) बमोजिम वहाँ पदमुक्त हुन पुग्नु भएको।

ङ. मिति २०७८/१/२७ गते सम्माननीय राष्ट्रपतिबाट नेपालको संविधानको धारा ७६ को उपधारा (२) बमोजिम प्रतिनिधि सभामा प्रतिनिधित्व गर्ने दुई वा दुईभन्दा बढी दलहरुको समर्थनमा बहुमत प्राप्त गर्न सक्ने प्रतिनिधि सभाको सदस्यलाई मिति २०७८/१/३० गते बिहिबारका दिन साँझ ९.०० (नौ) बजेभित्र नेपालको प्रधानमन्त्री पदमा नियुक्त गर्ने प्रयोजनका लागि आफ्नो दावी पेश गर्न आह्वान भएको। तर सो समयावधिभित्र कसैको पनि दावी पेश नभएको। मिति २०७८/१/२७ गते राती १२.०० बजेदेखि प्रतिनिधि सभाको अधिवेशनको अन्त्य गरिएको। यसपछि सम्माननीय राष्ट्रपतिबाट नेपालको संविधानको धारा ७६ को उपधारा (३) बमोजिम प्रतिनिधि सभामा सबैभन्दा बढी सदस्यहरु भएको दल नेपाल कम्युनिष्ट पार्टी (एमाले) को संसदीय दलका नेता माननीय श्री के पी शर्मा ओली मिति २०७८/१/३० गते नेपालको प्रधानमन्त्री पदमा नियुक्त हुनु भएको।

च. नेपाल सरकार, मन्त्रिपरिषद्ले मिति २०७८/२/६ गते निम्न व्यहोराको निर्णय गरेको:

"सम्माननीय प्रधानमन्त्री श्री केपी शर्मा ओलीले मिति २०७८/१/२७ गते नेपालको संविधानको धारा १०० को उपधारा (१) बमोजिम राख्नु भएको विश्वासको मतको प्रस्ताव प्रतिनिधि सभाबाट पारित नभए पश्चात् संविधानको धारा ७६ को उपधारा (२) बमोजिम प्रधानमन्त्री नियुक्त हुन नसकी सम्माननीय राष्ट्रपतिज्यूबाट नेपालको संविधानको धारा ७६ को उपधारा (३) बमोजिम प्रतिनिधि सभामा सबैभन्दा बढी सदस्यहरु भएको दलको संसदीय दलको नेताको हैसियतमा मिति २०७८/१/३० गते माननीय श्री केपी शर्मा ओलीलाई प्रधानमन्त्री पदमा नियुक्त गर्नु भएको र संविधानको धारा ७६ को उपधारा (४) बमोजिम तीस (३०) दिनभित्र प्रतिनिधि सभाबाट विश्वासको मत प्राप्त गर्नु पर्नेमा हाल विकसित राजनीतिक परिस्थितिमा संविधानको धारा ७६ को उपधारा (३) बमोजिमको मौजुदा सरकारलाई विश्वासको मत प्राप्त हुने वहो राजनीतिक आधार नदेखिएको, मिति २०७८/१/२७ भन्दा स्थितिमा तात्विक अन्तर नदेखिएको र मुलुकलाई अन्योलमा राख्न उचित नभएको हुँदा वैकल्पिक सरकार गठनको लागि मार्ग प्रशस्त गर्न उपयुक्त देखिएकोले नेपालको संविधानको धारा ७६ को उपधारा (५)

बमोजिम प्रधानमन्त्री नियुक्तिसम्बन्धी प्रक्रिया आरम्भ गर्न नेपालको संविधानको धारा ६६ को उपधारा (२) बमोजिम सम्माननीय राष्ट्रपतिज्यूसमक्ष सिफारिस गर्ने।"

छ. सम्माननीय प्रधानमन्त्री श्री केपी शर्मा ओलीले जेठ ६, २०७८ मा सम्माननीय राष्ट्रपति समक्ष निम्न व्यहोराको अनुरोध पत्र पेश गर्नु भएको:

"मैले मिति २०७८/१/२७ गते नेपालको संविधानको धारा १०० को उपधारा (१) बमोजिम राखेको विश्वासको मतको प्रस्ताव प्रतिनिधि सभाबाट पारित नभए पश्चात् संविधानको धारा ७६ को उपधारा (२) बमोजिम प्रधानमन्त्री नियुक्त हुन नसकी सम्माननीय राष्ट्रपतिज्यूबाट नेपालको संविधानको धारा ७६ को उपधारा (३) बमोजिम प्रतिनिधि सभामा सबैभन्दा बढी सदस्यहरु भएको दलको संसदीय दलको नेताको हैसियतमा मिति २०७८/१/३० गते मलाई प्रधानमन्त्री पदमा नियुक्त गर्नु भएको र मैले संविधानको धारा ७६ को उपधारा (४) बमोजिम तीस (३०) दिनभित्र प्रतिनिधि सभाबाट विश्वासको मत प्राप्त गर्नु पर्नेमा हाल विकसित राजनीतिक परिस्थितिमा संविधानको धारा ७६ को उपधारा (३) बमोजिमको मौजुदा सरकारलाई विश्वासको मत प्राप्त हुने ठहो राजनीतिक आधार नदेखिएको, मिति २०७८/१/२७ भन्दा स्थितिमा तात्विक अन्तर नदेखिएको र मुलुकलाई अन्योलमा राख्न उचित नभएको हुँदा वैकल्पिक सरकार गठनको लागि मार्ग प्रशस्त गर्न उपयुक्त देखिएकोले नेपालको संविधानको धारा ७६ को उपधारा (५) बमोजिम प्रधानमन्त्री नियुक्तिसम्बन्धी प्रक्रिया आरम्भ गर्न सम्माननीय राष्ट्रपतिज्यूसमक्ष नेपालको संविधानको धारा ६६ को उपधारा (२) बमोजिम सिफारिस गर्ने नेपाल सरकार, मन्त्रिपरिषद्बाट मिति २०७८/२/६ मा निर्णय भएकोले सो बमोजिम प्रधानमन्त्री नियुक्ति प्रक्रिया आरम्भ हुन सादर अनुरोध गर्दछु"।

ज. उक्त पत्रमा सम्माननीय राष्ट्रपतिबाट निम्न व्यहोराको तोक आदेश भएको:

"यसमा उल्लेखित व्यहोरा उल्लेख गरी संविधानको धारा ७६ को उपधारा (५) बमोजिम प्रधानमन्त्रीमा नियुक्त गर्ने प्रयोजनको लागि प्रतिनिधि सभामा विश्वासको मत प्राप्त गर्न सक्ने आधार पेश गर्न प्रतिनिधि सभाका सदस्यलाई मिति २०७८ जेठ ७ गते ५:०० बजे (साँझ) सम्मको समय दिई आह्वान गर्ने"।

झ. यसपछि "के पी शर्मा ओली, सदस्य, प्रतिनिधि सभा, नेता नेकपा (एमाले) संसदीय दल"बाट प्रमाणित भएको जनाई नेपाल कम्युनिष्ट पार्टी (एकीकृत मार्क्सवादी-लेनिनवादी) संघीय संसदीय दलको कार्यालयबाट मिति २०७८/२/७ मा नेपालको

संविधानको धारा ७६ को उपधारा (५) बमोजिम सरकार गठन सम्वन्धमा सम्माननीय राष्ट्रपतिलाई निम्न व्यहोराको पत्र लेखिएको:

"सम्माननीय राष्ट्रपतिज्यूबाट मिति २०७८/०२/०६ गते नेपालको संविधानको धारा ७६ को उपधारा (५) बमोजिम सरकार गठनको लागी आह्वान गर्नु भएकोमा म प्रतिनिधि सभाको सदस्य तथा प्रतिनिधि सभामा १२१ जना सदस्य रहेको नेपाल कम्युनिष्ट पार्टी (नेकपा) को संसदीय दलको नेतालाई प्रतिनिधिसभामा ३२ जना सदस्य रहेको जनता समाजवादी पार्टी, नेपालको समर्थन सहित मेरो पक्षमा प्रतिनिधिसभाको १५३ सदस्यको समर्थन भएको र मैले नेपालको संविधानको धारा ७६ को उपधारा (५) र (६) बमोजिम प्रधानमन्त्री पदमा विश्वासको मत पाउन पर्याप्त आधार रहेकोले मलाई प्रधानमन्त्री पदमा नियुक्त गर्नुहुन अनुरोध गर्दछु"।

ञ. जनता समाजवादी पार्टी, नेपालको तर्फबाट (राजेन्द्र महतो, "नेता, संसदीय दल" र महन्थ ठाकुर, "अध्यक्ष, जनता समाजवादी पार्टी" भन्ने व्यहोरा उल्लेख गरी) मिति २०७८/२/६ मा सरकार गठन सम्वन्धमा सम्माननीय राष्ट्रपतिलाई निम्न व्यहोराको पत्र लेखिएको:

"सम्माननिय राष्ट्रपतिज्युबाट मिति २०७८/०२/०६ गते नेपालको संविधानको धारा ७६ को उपधारा (५) बमोजिम सरकार गठनको लागी आह्वान गर्नु भए अनुसार प्रतिनिधिसभामा ३२ जना सदस्य रहेको हाम्रो दल जनता समाजवादी पार्टी नेपालको तर्फबाट प्रनिनिधि सभाका माननीय सदस्य श्री के पी शर्मा ओलीलाई प्रधानमन्त्री पदमा नियुक्त गर्न समर्थन रहेको जानकारी गराउछौं"।

ट. माननीय श्री शेरबहादुर देउवा, (सभापति, नेपाली कांग्रेस /संसदीय दलको नेता) ले मिति २०७८/०२/०७ मा सम्माननीय राष्ट्रपति समक्ष प्रधानमन्त्री पदमा नियुक्ति बारे भनी निम्न व्यहोरा खुलाई दावी प्रस्तुत गर्नु भएको:

"राष्ट्रपतिको कार्यालयबाट मिति २०७८/०२/०६ मा नेपालको संविधानको धारा ७६ (५) बमोजिम प्रधानमन्त्री नियुक्ति गर्ने प्रयोजनका लागि मिति २०७८ जेठ ७ गते साँझ ५ बजेसम्म प्रतिनिधि सभामा विश्वासको मत प्राप्त गर्न सक्ने आधार प्रस्तुत गर्ने प्रतिनिधि सभाका सदस्यलाई आव्हान गर्नु भएको हुँदा नेपालको संविधानको धारा ७६ (५) सक्रिय भई सोही बमोजिम सरकार बनाउनु पर्ने भएको छ। नेपाली कांग्रेसका सभापति एवं नेपाली कांग्रेस संसदीय दलको नेता तथा प्रतिनिधि सभा सदस्यको हैसियतमा नेपाली कांग्रेसले संस्थागत निर्णय गरी म शेरबहादुर देउबालाई प्रधानमन्त्रीको

उम्मेदवार बनाउने निर्णय गरेको र उक्त निर्णयलाई नेपाल कम्युनिष्ट पार्टी (माओवादी केन्द्र) को दलगत निर्णयका साथै प्रतिनिधि सभाका बहुमत प्रतिनिधि सभा सदस्यहरुको मलाई समर्थन प्राप्त छ। प्रतिनिधि सभाभित्र रहेका प्रतिनिधि सभा सदस्यहरुको संख्या जोड्दा मेरो पक्षमा १४९ संख्या रहेको र उक्त संख्या नेपालको संविधान बमोजिम प्रतिनिधि सभामा तत्काल कायम रहेको सदस्य संख्याको बहुमत भएको हुँदा मलाई प्रतिनिधि सभामा विश्वासको मत प्राप्त हुने स्पष्ट आधार रहेको छ। तसर्थ, नेपालको संविधानको धारा ७६ (५) बमोजिम सम्मानीय राष्ट्रपतिबाट नेपालको प्रधानमन्त्री पदमा मलाई नियुक्ति गरियोस् भनी दावी प्रस्तुत गर्दछु"।

ठ. नेकपा (माओवादी केन्द्र) ले मिति २०७८/२/७ मा निम्न व्यहोराको निर्णय गरेको भनी मा. श्री शेर बहादुर देउवाले दावी गर्दा पेश गर्नु भएको:

"मिति २०७८।०२।०६ गते राष्ट्रपति कार्यालयद्वारा जारी विज्ञप्ती बमोजिम आज मिति २०७८।०२।०७ गते ५ बजे भित्र नेपालको संविधानको धारा ७६ (५) बमोजिमको प्रधानमन्त्री नियुक्ति गर्ने प्रयोजनका लागि मन्त्रीपरिषदको २०७८।२।६ को निर्णयले प्रधानमन्त्री नियुक्ति प्रक्रिया आरम्भ हुन प्रधानमन्त्रीबाट अनुरोध भए बमोजिम प्रतिनिधि सभाको विश्वासको मत प्राप्त गर्न सक्ने आधार प्रस्तुत गर्नु भनी निर्दिष्ट गरे बमोजिम उक्त आधार प्रस्तुत गर्न प्रतिनिधि सभा सदस्य माननीय शेरबहादुर देउवालाई यस दल नेपाल कम्युनिष्ट पार्टी (माओवादी केन्द्र)को तर्फबाट समर्थन प्रदान गर्ने निर्णय गरियो"।

ड. नेपाल कम्युनिष्ट पार्टी (एमाले) को तर्फबाट मिति २०७८/२/७ मा "अनाधिकृत व्यक्तिहरुको हस्ताक्षर सम्बन्धमा" भनी सम्मानीय राष्ट्रपतिलाई निम्न व्यहोराको पत्र लेखिएको:

"यस राजनीतिक दलबाट प्रतिनिधि सभामा प्रतिनिधित्व गर्ने केही प्रतिनिधि सभाका सदस्यहरुले दलको स्वीकृती नलिई र निर्णय विपरित आफ्नो दलको नेताको प्रधानमन्त्रीमा भएको दावीलाई असफल पार्ने मनसायले प्रतिनिधि सभाको कुनै प्रतिपक्षी दलको सदस्यलाई प्रधानमन्त्रीको लागि समर्थन गर्ने भनी दललाई नै आघात हुने गरी अन्य राजनीतिक दलको व्यक्तिलाई प्रधानमन्त्री हुन सिफारीसमा हस्ताक्षर गरेको भन्ने सार्वजनिक संचार माध्यमहरुबाट जानकारी हुन आएकोछ। संसदीय व्यवस्थामा राजनीतिक दलको निर्णय तथा स्वीकृती विपरीत अराजक ढंगले आफु निर्वाचित भएको दलको विपक्षमा हुने गरी कुनै पनि क्रियाकलाप गर्न तथा हस्ताक्षर गर्न मिल्दैन। यस दलको विधान २०४९ (संशोधन २०७१ समेत) राजनीतिक दल सम्बन्धी ऐन, २०७३

समेत विपरीत हुने गरी आफ्नो दलको सरकार तथा दल विपरीत कोही कसैलाई यस दलका प्रतिनिधि सभा सदस्यहरुले समर्थन गरेको भनी त्यहाँ हस्ताक्षर पेश भएको भए त्यस्ता हस्ताक्षरहरु दलीय अनुशासन विपरित हुने हुँदाँ खारेज हुन अनुरोध छ । यस प्रकारको असंसदीय, अनुशासनहीन र अराजक कार्य लोकतन्त्रलाई नै कमजोर पार्ने अभ्यास भएकोले त्यस्ता क्रियाकलापहरुलाई स्वीकार्न सकिदैन ।

उपरोक्त हस्ताक्षरकर्ता भनिएका प्रतिनिधि सभा सदस्यहरु मध्येबाट आफ्नो हस्ताक्षर दुरुपयोग भएको भनी प्रतिक्रिया समेत प्राप्त भईरहेको छ। अनाधिकृत हस्ताक्षर तथा हस्ताक्षर दुरुपयोगका सम्बन्धमा दल भित्र दलको विधान र कानून बमोजिम छानविन भइरहेको छ। छानविनबाट दलीय अनुशासन विपरीत हस्ताक्षर गरिएको पाइए नेपालको संविधानको धारा ८९ (ढ) तथा राजनीतिक दल सम्बन्धी ऐनको परिच्छेद ६ अनुसार निजको प्रतिनिधि सभा सदस्य पद समेत नरहने गरी निष्कासन गरिने हुँदा हाल निजहरुको हस्ताक्षरको मान्यता नहुन र उक्त हस्ताक्षरबाट कुनै पनि निर्णय हुन नसक्ने व्यहोरा समेत अनुरोध गर्दछु"।

ढ. जनता समाजवादी पार्टी, नेपालले मिति २०७८/२/७ मा "मान्यता अस्विकृत गरिदिन हुन" भनी सम्माननीय राष्ट्रपतिलाई निम्न व्यहोराको पत्र लेखिएको:

"जनता समाजवादी पार्टी, नेपालका केही सांसदहरुले पार्टीको आचरण र मर्यादा विपरित हस्ताक्षर गरी राष्ट्रपति कार्यालयमा बुझाएको तथ्य जानकारीमा आएकोले त्यस्तो हस्ताक्षरलाई अस्वीकृत गरिदिन हुन अनुरोध गर्दछौं"।

ण. सम्माननीय राष्ट्रपतिबाट मिति २०७८/२/७ गते निम्न व्यहोराको निर्णय भएको:

"म, विद्यादेवी भण्डारी, संघीय लोकतान्त्रिक गणतन्त्र नेपालको राष्ट्रपति, नेपालको संविधानको धारा ७६ को उपधारा (५) बमोजिम प्रधानमन्त्री पदमा नियुक्ति गर्ने प्रयोजनका लागि प्रतिनिधि सभामा विश्वासको मत प्राप्त गर्ने सक्ने आधार सहित दावी प्रस्तुत गर्न धारा ७६ को उपधारा (२) बमोजिमको प्रतिनिधि सभाका सदस्यलाई आज साँझ ५:०० बजे सम्मको समय दिई आह्वान गरेकोमा उक्त अवधि भित्र परेका प्रतिनिधि सभाका माननीय सदस्य श्री केपी शर्मा ओली र माननीय सदस्य श्री शेरबहादुर देउवाका दावीहरुमा देहायको अवस्था देखिएकोले देहाय बमोजिम गर्ने:

प्रतिनिधि सभाका सदस्य श्री केपी शर्मा ओलीले नेकपा (एमाले) का १२१ र जनता समाजवादी पार्टीका ३२ जना सदस्यको समर्थन प्राप्त भएकोले धारा ७६ को उपधारा

(५) र (६) बमोजिम प्रधानमन्त्री पदमा विश्वासको मत पाउन पर्याप्त आधार रहेको भनी पत्र पेश गर्नु भएको र जनता समाजवादी पार्टी, नेपालको ३२ जना सदस्यको समर्थन रहेको भनी सो पार्टीको तर्फबाट अध्यक्ष श्री महन्थ ठाकुर र संसदीय दलको नेता श्री राजेन्द्र महतोको हस्ताक्षर रहेको पत्र प्राप्त भएकोमा उक्त दुवै दलका गरी १५३ सदस्यको समर्थन रहेको भनिएकोमा नेकपा (एमाले) का २६ जना सदस्य र जसपाका १२ जना सदस्यको अर्को दावी कर्ता माननीय श्री शेरबहादुर देउवालाई समर्थन गरी हस्ताक्षर गरेको देखिएको ।

माननीय श्री शेरबहादुर देउवाको तर्फबाट पेश भएको दावीमा नेपाली कांग्रेसका ६१ जना, नेकपा (माओवादी केन्द्र) का ४९ जनाको हस्ताक्षर र सम्बन्धित पार्टीको पत्र तथा जसपाका १२ जना, नेकपा (एमाले) का २६ जना तथा माननीय सदस्य श्री दुर्गा पौडेलको हस्ताक्षर सहित १४९ जनाको हस्ताक्षर रहेको, नेकपा (एमाले) बाट निर्वाचित सदस्यहरूको हकमा पार्टीको तर्फबाट यसरी अर्को दलका उम्मेदवारको पक्षमा हस्ताक्षर गरेका सदस्यहरूलाई मान्यता नदिन अनुरोध गर्दै निजहरूको हकमा दलीय अनुशासन विपरीत हस्ताक्षर गरेको पाइए प्रतिनिधि सभाको सदस्य नरहने गरी निश्कासन गरिने हुँदा हाल निजहरूको हस्ताक्षरको मान्यता नहुन भनी पार्टीका अध्यक्ष तथा संसदीय दलका नेताबाट लेखी आएको। यस्तै जसपा नेपालको तर्फबाट पनि पार्टीका सदस्यहरूले पार्टीको आचरण र मर्यादा विपरीत हस्ताक्षर गरिएको बुझिएकोले त्यसलाई अस्वीकृत गरी दिनुहुन भनी उक्त पार्टीका अध्यक्ष श्री महन्थ ठाकुर र संसदीय दलको नेता श्री राजेन्द्र महतोको हस्ताक्षर सहितको पत्र प्राप्त भएको छ ।

अतः दावीकर्ता दुवै माननीय सदस्यहरूका समर्थनकर्ता भनिएका सदस्यहरू एक अर्कामा दोहोरो परेका, दलको निर्णय विपरीत एकले अर्कोलाई समर्थन गरेको समेत देखिएको र सम्बन्धित दलले मान्यता नदिन लेखी आएको समेत देखिएकोले नेपालको संविधानको धारा ८९ को खण्ड (ङ) समेत आकर्षित हुन सक्ने, राजनीतिक दल सम्बन्धी ऐन, २०७३ को परिच्छेद ६ का विषयहरु समेतलाई ध्यान दिँदै दावी कर्ता दुवै माननीय सदस्यहरूले संविधानको धारा ७६ को उपधारा (५) बमोजिम प्रतिनिधि सभामा विश्वासको मत प्राप्त गर्न सक्ने ठोस आधार नदेखिएकोले उक्त उपधारा (५) बमोजिमका दावीकर्ता दुवै माननीय सदस्यहरूको दावी नपुग्ने देखिएकोले प्रधानमन्त्री पदमा नियुक्ति गर्न मिल्ने देखिएन। यस निर्णय बमोजिम प्रेस विज्ञप्ति मार्फत सम्बन्धित सबैलाई जानकारी गराउने"।

त. प्रतिनिधि सभा विघटन गरी अर्को प्रतिनिधि सभाको निर्वाचनको मिति तोक्न सिफारिस गर्ने विषयमा नेपाल सरकार, मन्त्रिपरिषदबाट मिति २०७८/२/८ मा देहायबमोजिमको व्यहोरा खुलाई निर्णय भएको:

"सम्माननीय राष्ट्रपतिज्यूले नेपालको संविधानको धारा ७६ को उपधारा (५) बमोजिम प्रधानमन्त्री पदमा नियुक्तिका लागि मिति २०७८/२/६ मा आह्वान गर्नु भएको समयसीमा मिति २०७८/२/७ गते अपरान्ह ५.०० बजेभित्र प्रतिनिधि सभाका दुई जना माननीय सदस्यहरुको दावी परेकोमा सम्माननीय राष्ट्रपतिज्यूबाट निर्णय गर्ने क्रममा दावीकर्ता दुवै माननीय सदस्यहरुले संविधानको धारा ७६ को उपधारा (५) बमोजिम प्रतिनिधि सभामा विश्वासको मत प्राप्त गर्न सक्ने ठोस आधार नदेखिएकोले उक्त उपधारा (५) बमोजिमका दावीकर्ता दुवै माननीय सदस्यहरुको दावी नपुग्ने देखिएकोले प्रधानमन्त्री पदमा नियुक्ति गर्न मिल्ने देखिएन भन्ने व्यहोरा राष्ट्रपतिको कार्यालयबाट मिति २०७८/२/७ मा प्रकाशित विज्ञप्ति मार्फत जानकारी हुन आएको हुँदा संविधानको धारा ७६ को उपधारा (५) बमोजिम प्रधानमन्त्री नियुक्त हुन नसकेकोले संविधानको धारा ७६ को उपधारा (७) बमोजिम वर्तमान प्रतिनिधि सभा विघटन गर्ने र अर्को प्रतिनिधि सभाको पहिलो चरणको निर्वाचन संवत् २०७८ साल कार्तिक २६ गते शुक्रबार र दोस्रो चरणको निर्वाचन संवत् २०७८ साल मङ्सीर ३ गते शुक्रबार सम्पन्न गर्नेगरी निर्वाचनको मिति घोषणा हुन सम्माननीय राष्ट्रपतिज्यू समक्ष सिफारिस गर्ने।"

थ. उपरोक्त निर्णय भएपछि सम्माननीय प्रधानमन्त्री श्री केपी शर्मा ओलीले मिति २०७८/२/८ मा सम्माननीय राष्ट्रपति समक्ष निम्न व्यहोराको सिफारिस पेश गर्नु भएको:

"सम्माननीय राष्ट्रपतिज्यूले नेपालको संविधानको धारा ७६ को उपधारा (५) बमोजिम प्रधानमन्त्री पदमा नियुक्तिका लागि मिति २०७८/२/६ मा आह्वान गर्नु भएको समयसीमा मिति २०७८/२/७ गते अपरान्ह ५.०० बजेभित्र प्रतिनिधि सभाका दुई जना माननीय सदस्यहरुको दावी परेकोमा सम्माननीय राष्ट्रपतिज्यूबाट निर्णय गर्ने क्रममा दावीकर्ता दुवै माननीय सदस्यहरुले संविधानको धारा ७६ को उपधारा (५) बमोजिम प्रतिनिधि सभामा विश्वासको मत प्राप्त गर्न सक्ने ठोस आधार नदेखिएकोले उक्त उपधारा (५) बमोजिमका दावीकर्ता दुवै माननीय सदस्यहरुको दावी नपुग्ने देखिएकोले प्रधानमन्त्री पदमा नियुक्ति गर्न मिल्ने देखिएन भन्ने व्यहोरा राष्ट्रपतिको कार्यालयबाट मिति २०७८/२/७ मा प्रकाशित विज्ञप्ति मार्फत जानकारी हुन आएको हुँदा संविधानको

धारा ७६ को उपधारा (५) बमोजिम प्रधानमन्त्री नियुक्त हुन नसकेकोले संविधानको धारा ७६ को उपधारा (७) बमोजिम बर्तमान प्रतिनिधि सभा विघटन गर्न र अर्को प्रतिनिधि सभाको पहिलो चरणको निर्वाचन संवत् २०७८ साल कार्तिक २६ गते शुक्रबार र दोस्रो चरणको निर्वाचन संवत् २०७८ साल मङ्सीर ३ गते शुक्रबार सम्पन्न गर्नेगरी निर्वाचनको मिति घोषणा हुन सम्माननीय राष्ट्रपतिज्यू समक्ष सिफारिस गर्ने नेपाल सरकार, मन्त्रिपरिषद्बाट मिति २०७८/२/८ मा निर्णय भएकोले सो बमोजिम बर्तमान प्रतिनिधि सभा विघटन हुन र नयाँ प्रतिनिधि सभाको निर्वाचनको मिति तोक्न सिफारिससाथ अनुरोध गर्दछु"।

द. उपरोक्त अनुसारको सिफारिस पेश हुन आएपछि सम्माननीय राष्ट्रपतिबाट सोही सिफारिस पत्रको शीरमा सोही मिति २०७८/२/८ मा "सिफारिस अनुसार नेपालको संविधानको धारा ७६ को उपधारा (७) बमोजिम बर्तमान प्रतिनिधि सभा विघटन गरी अर्को प्रतिनिधि सभाको पहिलो चरणको निर्वाचन सम्वत् २०७८ साल कार्तिक २६ गते शुक्रवार र दोस्रो चरणको निर्वाचन सम्वत् २०७८ साल मंसिर ३ गते शुक्रवार सम्पन्न गर्ने गरी निर्वाचनको मिति तोकेको छु। सम्वद्ध सबै निकायहरूलाई जानकारी दिने" भनी आदेश (निर्णय) गर्नु भएको पाइयो। यस पछि राष्ट्रपतिको कार्यालयबाट मिति २०७८/२/८ गते निम्न व्यहोराको विज्ञप्ति जारी गरिएको:

"सम्माननीय राष्ट्रपति श्रीमती विद्यादेवी भण्डारीज्यूबाट नेपालको संविधानको धारा ७६ को उपधारा (७) बमोजिम बर्तमान प्रतिनिधि सभा विघटन गर्न र अर्को प्रतिनिधि सभाको पहिलो चरणको निर्वाचन संवत् २०७८ साल कार्तिक २६ गते शुक्रबार र दोस्रो चरणको निर्वाचन संवत् २०७८ साल मङ्सीर ३ गते शुक्रबार सम्पन्न गर्नेगरी निर्वाचनको मिति तोक्न नेपाल सरकार, मन्त्रिपरिषद्बाट मिति २०७८/२/८ मा निर्णय भै सोही बमोजिम सम्माननीय प्रधानमन्त्रीज्यूबाट सिफारिस भएकोले उक्त सिफारिस बमोजिम बर्तमान प्रतिनिधि सभा विघटन गरी अर्को प्रतिनिधि सभाको पहिलो चरणको निर्वाचन संवत् २०७८ साल कार्तिक २६ गते शुक्रबार र दोस्रो चरणको निर्वाचन संवत् २०७८ साल मङ्सीर ३ गते शुक्रबार सम्पन्न गर्नेगरी निर्वाचनको मिति तोक्नु भएको छ"।

४१. राज्य व्यवस्था सञ्चालनका सन्दर्भमा संविधानलाई सर्वाधिक महत्वपूर्ण र पवित्रतम् दस्तावेजको रुपमा लिइन्छ र यसको शब्द तथा भावको सम्पूर्णतामा अनुशरण गरिनु

वाञ्छनीय हुन्छ। यसलाई अर्को शब्दमा संवैधानिक सर्वोच्चता पनि भन्न सकिन्छ। संविधानभन्दा माथि कोही पनि र केही पनि हुँदैन; राज्यका सबै निकाय, सबै पदाधिकारी तथा सबै कानूनहरु संविधानकै अधिनस्थ रहन्छन्। संविधानको कार्यान्वयनका क्रममा लोकतान्त्रिक मूल्य मान्यतालाई भन्दा निहित स्वार्थ, शासकीय हैसियतमा रहेका पात्रहरुको व्यवहारिक सहजता र सुविधा, दलीय शक्ति-सन्तुलनको अवस्था, राजनीतिक शक्तिमा रहने अवाञ्छित तहको सत्तामोह आदिलाई महत्व दिइयो भने संविधानद्वारा घोषित अभिष्ट पुरा नहुने अवस्था आई पर्दछ। संविधान लोकतान्त्रिक भएर मात्र पुग्दैन; यसको अलोकतान्त्रिक शैलीको प्रयोग हुन पुग्यो भने संवैधानिक दुर्घटनाका सम्भावनाहरु देखा पर्दछन्। संविधानले अगाडी सारेका मूल्य मान्यता र आदर्शलाई एकातर्फ पन्छाएर तथा संविधानमा रहेका प्रावधानको सरल अर्थ ग्रहण नगरी छिद्रान्वेषण गरेर आफ्नो निहित स्वार्थ र सुविधा अनुसार शासन व्यवस्था सञ्चालन गर्ने चेष्टा गरियो भने संविधानवादको मान्यता खलबलिने अवस्था रहन्छ। यस प्रकारका प्रवृत्तिले स्वेच्छाचारितालाई नै बढावा दिन पुग्दछन्। प्रतिनिधि सभा विघटनको विवादका सन्दर्भमा उल्लिखित कुराहरु तर्फ पनि दृष्टी दिनु सान्दर्भिक हुन्छ।

४२. प्रस्तुत विवाद निरुपणका सन्दर्भमा संसदीय प्रणालीको आधारभूत मर्म एवं मूल्य मान्यता तथा संसदीय प्रणाली भएका मुलुकको अभ्यास तर्फ दृष्टी दिनु आवश्यक छ। लोकतान्त्रिक मूल्य मान्यताको जगेर्नाका लागि अन्यत्रका सुःखद, सफल र असल प्रयोगहरुको अनुशरण गर्नु वा त्यसबाट लाभ प्राप्त गर्नु वाञ्छित कुरा पनि हो। तर अन्यत्र गरिएको प्रयोग वा प्रचलनको अनुशरण गर्दा हाम्रो संविधानमा रहेका प्रावधानहरुको सापेक्षतामा नै हेरिनु र ग्रहण गरिनु पर्दछ। राज्य सञ्चालनका सन्दर्भमा संविधान सर्वाधिक महत्वपूर्ण र पवित्रतम् दस्तावेज (Sacrosanct document) मानिन्छ र कसैको कुनै अभ्यासभन्दा संविधानमा रहेका प्रावधानकै बढी महत्व र उपयोगिता रहन्छ। यिनै कुराहरुका सन्दर्भमा संसदीय प्रणालीको प्रतिनिधिमूलक केही अभ्यास सम्बन्धमा उल्लेख गर्नु प्रासंगिक देखिन्छ।

४३. Westminster model भनिने बेलायती संसदीय प्रणालीलाई हेरेर प्रतिनिधि सभाको विघटन गर्ने कुराको औचित्य पुष्टी वा खण्डन गर्ने प्रवृत्तिहरु कायम छन्। नेपाल

अधिराज्यको संविधान, २०४७ को धारा ५३ मा रहेको प्रावधानले तुलनात्मक रुपमा Westminster model संग केही हदसम्म सानिध्यता राखेको थियो। त्यसैले २०४७ सालको संविधान अनुसार यस अदालतमा दायर भएका विवादहरुको निरुपणका सन्दर्भमा पनि Westminster model लाई सन्दर्भ सामाग्रीको रुपमा उल्लेख गरिएको देखिन्छ। यो Westminster model कुनै संविधानद्वारा निर्देशित मोडेल नभएर बेलायतमा गरिएको लामो समयको संसदीय प्रणाली अभ्यासको परिणाम हो। "Westminster Model" को जननी मानिएको बेलायती सन्दर्भमा पनि पछिल्लो समयमा आएर प्रतिनिधि सभा विघटनका सीमा बन्देजहरु निर्धारण गरिएको देखिन्छ। कायम रहेको House of Commons सशक्त र कार्य सम्पादनका लागि क्रियाशील रहेको; राष्ट्रिय अर्थतन्त्रका लागि तथा राष्ट्रिय स्वार्थका दृष्टीले मध्यावधि निर्वाचन अनुपयुक्त (detrimental to the national economy / harmful to the national interest) भएको; अर्को वैकल्पिक सरकार गठन हुने अवस्था कायम रहेको स्थितिमा प्रधानमन्त्रीले विघटनका लागि गरेको सिफारिस अस्वीकार गर्न सकिने मान्यता स्थापित गरिएको पाइन्छ[2]। यसैगरी यदि प्रधानमन्त्रीको सिफारिस

---

2 "In 1950, during discussion of the problems caused by the Labour Government's small majority after the 1950 election, it was submitted by the Private Secretary to George VI that the Sovereign could properly refuse a dissolution if he were satisfied that (a) the existing Parliament was still vital, viable and capable of doing its job, (b) a general election would be detrimental to the national economy, and (c) he could rely on finding another Prime Minister who could carry on his Government for a reasonable period with a working majority" भनी E.C.S. Wade and G. Godfrey Phillips; Constitutional and Administrative Law; 9th. Ed. By A.W. Bradley; English Language Book Society; page 227 मा उल्लेख गरिएको छ। John Alder ले पनि "The queen might refuse a dissolution if the Prime Minister is acting clearly unconstitutionally. It is likely that the Queen could refuse where there is a viable alternative government and general election would be harmful to the national interest" भनी "Constitutional and Administrative Law" नामक पुस्तकको दोस्रो संस्करण, पृष्ठ २०० मा उल्लेख गरेको पाइन्छ।

असंवैधानिक छ भने पनि त्यसलाई अस्वीकार गर्न सकिने दृष्टिकोण विकाश भएको देखिन्छ। खासगरी, सन् २०११ मा जारी भएको Fixed-term Parliaments Act, 2011 ले बेलायती परम्परागत धारणामा केही परिवर्तन ल्याएको (सीमा-बन्देज निर्धारण गरेको) पाइन्छ। पहिले बेलायतमा संसदको बिघटन रानीको विशेषाधिकार मानिन्थ्यो र प्रधानमन्त्रीको सल्लाह वा सिफारिसमा यो अधिकारको प्रयोग गर्ने संसदीय अभ्यास रही आएको थियो। बेलायतको Fixed-term Parliaments Act, 2011 अनुसार प्रत्येक पाँच वर्षमा हुने निर्वाचन मितिभन्दा २५ कार्य-दिन अगाडि संसदको बिघटन हुन सक्तछ। यस बाहेक संसद स्वयमले मध्यावधि निर्वाचन (early general election) गर्ने भनी मतदान गरेमा[3] वा संसदबाट सरकारले विश्वास गुमाएको अवस्थामा निर्वाचनमा जान सकिने व्यवस्था गरिएको छ। यसरी बहुदलीय संसदीय प्रजातन्त्रको जननी मानिएको बेलायती पध्दतीमा पछिल्लो समयमा आएको परिवर्तनलाई नहेरी परम्परागत Westminster Model का केही शुत्रहरुको मात्र अन्धानुकरण गर्नु हामालागि बुध्दिमत्तापूर्ण कार्य हुँदैन।

४४. बेलायत सदियौंदेखि संसदीय सर्वोच्चता अपनाई आएको मुलुक हो। संसदीय काम कुरामा वा रानी/राजा र प्रधानमन्त्री बीचको सल्लाह, सिफारिसको अन्तरबस्तुमा प्रवेश गरेर अदालतबाट कानूनी वैधानिकता परीक्षण गरेको बेलायती उदाहरण पाउन सजिलो छैन। यति हुँदाहुँदै पनि संसदको अधिवेशनको अन्त (Prorogation) गरेको विषयलाई लिएर बेलायती ईतिहासमा पहिलो पटक अदालतमा बिवाद पुग्यो, प्रधानमन्त्रीले रानीलाई गरेको सिफारिसको कुराको पनि न्यायिक परीक्षण भयो, संसदीय अभ्यासको पनि केही पक्षमा समीक्षा गरियो, र अदालतले सन् २०१९ सेप्टेम्बर २४ मा ऐतिहासिक फैसला गर्दै अधिवेशनको अन्त गरिएको कुरालाई गैर

---

3 यही प्रावधानका आधारमा सन् २०१७ अप्रिलमा संसदले बिघटन सम्बन्धी प्रस्ताव पारीत गरेको थियो र सोही बमोजिम निर्वाचनको घोषणा गरिएको पाइन्छ। यसपछि जुन ८, २०१७ मा आम निर्वाचन भयो र त्यसपछिको अर्को निर्वाचन सन् २०२२ मा हुने गरी मिति समेत तय गरियो।

कानूनी भनी ठहर गरेको छ[4]। यस्तो घटना संसदीय ईतिहासमा ज्यादै नौलो घटना मानिन्छ। संसदीय सर्वोच्चताको ईतिहास बोकेको बेलायतमा नै संवैधानिक सर्वोच्चता अपनाएका मुलुकहरुका लागि पनि दुर्लभ मानिने यस प्रकारका न्यायिक व्याख्याले अवधारणागत गतिशीलताको कुरालाई नै प्रमाणित गर्दछ। अर्को शब्दमा भन्नु पर्दा परम्परागत बहुदलीय र संसदीय अभ्यासलाई नवोदित लोकतान्त्रिक मुलुकहरुले सापेक्षिक रुपमा नै ग्रहण गर्नु पर्दछ भन्ने पनि हो।

४५. बेलायती अभ्याससंग धेरै हदसम्म मिल्दोजुल्दो बहुदलीय संसदीय प्रणाली अपनाएको भारतमा समेत लोकसभा तथा राज्यका विधानसभा विघटन सम्बन्धी विवादहरु न्यायिक निरुपणको विषय बन्ने गरेका र व्याख्या भई सिद्धान्त प्रतिपादन हुने सिलसिला अगाडि बढेको देखिन्छ। यस कुराको प्रतिनिधि उदाहरणको रुपमा S.R. Bommai[5] तथा Rameshwar Prasad[6] को विवादका सन्दर्भमा भएका व्याख्यालाई लिन सकिन्छ। संक्षेपमा भन्नु पर्दा भारतीय संविधानमा लोकसभा वा विधानसभा विघटन गर्ने अधिकारको कुनै खास सिमा बन्देज नतोकिएको भए पनि न्यायिक व्याख्याको माध्यमबाट यो अधिकार प्रयोगका सिमाहरु निर्धारण हुँदै आएको देखिन्छ। भारतीय प्रयोगकै सन्दर्भमा हेर्दा पनि विघटन सम्बन्धी अधिकार निरपेक्ष तवरको अधिकार होइन, यसको न्यायिक परीक्षण हुन सक्तछ, सरकारले विश्वास गुमाएको छ वा छैन भन्ने कुरा सदनमा नै परीक्षण गरिनु पर्दछ, बदनियत वा दुराशयपूर्वक, वा असान्दर्भिक कुराहरुका आधारमा विघटन गरिएको छ वा छैन भन्ने कुरा अदालतले हेर्नु पर्दछ,

4 Miller and Others v. The Prime Minister; (2019) UKSC 41 - On appeals from: (2019) EWHC 2381 (QB) and (2019) CSIH 49; Judgement given on 24 September 2019. उक्त फैसलामा: "The issue is whether the advice given by the Prime Minister to Her Majesty the Queen on 27th or 28th August 2019 that Parliament should be prorogued from a date between 9th and 12th September until 14th October was lawful. It arises in circumstances which have never arisen before and are unlikely ever to arise again. It is a "one off" भनी टिप्पणी समेत गरिएको छ।

5 S.R. Bommai V. Union of India, 1994 AIR 1918

6 Rameshwar Prasad V. Union of India AIR 2006 SC 980

विवेकहीन र दुराशयपूर्वक बिघटन गरिएको कार्यले मान्यता पाउन सक्तैन, विघटनका उचित आधार र कारणहरु थिए भन्ने कुरा सरकारले पुष्टी गर्नु पर्दछ[7] भन्ने कुराहरु अहिले स्थापित मान्यता बनिसकेको पाइन्छ। संविधानको संरक्षण गर्ने कुरामा अदालत अन्देखा र मौन रहन सक्तैन, सविधानको रक्षकको रुपमा अदालत जागरुक रहन्छ भन्ने कुरामा पनि पछिल्लो समयमा जोड दिइएको देखिन्छ[8]।

४६. संसद विघटनका परिघटनाहरु पाकिस्तानमा पनि समय समयमा देखा परेका छन्। विवादहरु बेला-बेलामा अदालत पुगेका र न्यायिक पुनरावलोकन भएका छन्[9]। सैफुल्ला मोहमद खानको मुद्दामा संसद विघटन सम्बन्धमा संविधानको धारा ५८(२)(ख) अन्तरगत राष्ट्रपतिले प्रयोग गर्ने स्वविवेकको अदालतले न्यायिक परीक्षण गरेको थियो। सो मुद्दामा पाकिस्तानको राष्ट्रिय सभा (National Assembly) सन् १९९३ को अप्रिलमा विघटन गरिएको कार्य संविधानसम्मत् थियो वा थिएन र अदालतले सो विषय हेर्न सक्छ वा सक्दैन भनी संवैधानिकता र सक्षमता (क्षेत्राधिकार सम्बन्धी) प्रश्न उठाईएको थियो। पाकिस्तानको सर्वोच्च अदालतले संविधानको धारा ५८(२)(ख) को व्याख्या गर्दै राष्ट्रपतिलाई राष्ट्रिय सभा विघटन गर्ने अधिकार भएपनि सो अधिकारको प्रयोग कानून र न्यायसम्मत् हुनु पर्दछ र त्यसो नभएमा अदालतले संविधान बमोजिम आफ्नो कर्तव्य निर्वाह गर्नु पर्दछ भनी व्याख्या गरेको छ[10]।

---

7 Proclamation of dissolution illegal, made malafide, or for extraneous or collateral purpose (Rameshwar Prasad V. Union of India AIR 2006 SC 980).

8 भारतीय प्रधान न्यायाधीश Y.K. Sabharwal ले Rameshwar Prasad को (पूर्व उधृत) मुद्दामा उल्लेख गरेका छन: "The drastic and extreme action under Article 356 cannot be justified on mere ipse dixit, suspicion, whims and fancies of the Governor. This Court cannot remain a silent spectator watching the subversion of the Constitution. It is to be remembered that this Court is the sentinel on the qui vive".

9 Haji Muhammad Saifullah Khan v Federation of Pakistan (Dismissal of Muhammad Khan Zunejo govt.) PLD 1989 SC 166.

10 Haji Muhammad Saifullah Khan को उल्लिखित मुद्दामा न्यायाधीश Nasim Hasan Shah ले फैसलामा यसरी उल्लेख गरेका छन: "No doubt, the Courts will be chary

तत्पश्चात नवाज सरिफको मुद्दामा सन १९९३ मा विवेकसम्मत् आधार नभै आफ्नो इच्छा वा सनकको आधारमा जनताको प्रतिनिधित्व गर्ने संस्थाको विघटन गरिने जस्तो गम्भीर कदम लिन नहुने, त्यसको लागि वस्तुनिष्ट आधार देखिनु पर्ने, र जनताको नजरमा समेत न्यायपूर्ण देखिनु पर्ने आदि कारण उल्लेख गर्दै विघटन कार्यलाई बदर गरी राष्ट्रिय सभा पुनर्स्थापना गर्ने फैसला भएको थियो[11]। यी परिघटनाहरु पछि सन् २०१० मा पाकिस्तानको संविधानको धारा ५८ मा संशोधन गरी अब राष्ट्रिय सभा (National Assembly) मा अविश्वासको प्रस्ताव पेश गरिने कुराको सूचना दिइएको वा अविश्वासको प्रस्ताव पारीत भएको वा पदबाट राजिनामा दिईसकेको प्रधानमन्त्रीले राष्ट्रिय सभा विघटनको सिफारिस गर्न नपाउने, प्रधानमन्त्रीको विरुद्द अविश्वासको प्रस्ताव पारीत भएको अवस्थामा राष्ट्रिय सभाको बैठकबाट अब कुनै सदस्यले सदनबाट विश्वासको मत प्राप्त गरी विकल्प दिन सक्दैन भन्ने यकिन नगरेसम्म राष्ट्रपतिले राष्ट्रिय सभा विघटन गर्न नपाउने व्यवस्था समेत् गरिएको छ[12]।

---

to interfere in his 'discretion' or formation of the 'opinion' about the 'situation' but if there be no basis or justification for the order under the Constitution, the Courts will have to perform their duty cast on them under the Constitution. While doing so, they will not be entering in the political arena for which appeal to electorate is provided for."

11 Muhammad Nawaz Sharif v Federation of Pakistan, PLD 1993 SC 473 यो मुद्दामा पाकिस्तानी प्रधान न्यायाधीश Nasim Hasan Shah ले पुन: भनेका छन: ...No one man how high so ever can, ... destroy an organ consisting of chosen representatives of the people unless cogent, proper and sufficient reasons exists for taking such a grave action. Article 58(2)(b), no doubt, empowers the President to take this action but only where it is shown that "a situation has arisen in which the Government of the Federation cannot be carried on in accordance with the provisions of the Constitution"....The action taken did not fall within the ambit of the provisions." यसरी अदालतले संसद र प्रधानमन्त्रीको पुनर्स्थापना गरेको देखिन्छ।

12 हेर्नुहोस इस्लामिक गणतन्त्र पाकिस्तानको संविधान, १९७३ को धारा ५८ (सन् २०१० को संसोधन सहित)

४७. संसदको विघटन सम्वन्धी विषय र राष्ट्र प्रमुखको अधिकार सम्बन्धमा श्रीलंकाको सर्वोच्च अदालतले पनि व्याख्या गरेको देखिन्छ। कुल २२५ सदस्यीय श्रीलंकाको संसदमा प्रधानमन्त्री Ranil Wickremesinghe को पक्षमा ११७ जनाको बहुमत देखिएपछि राष्ट्रपति Maithripala Sirisena ले आफ्नो पक्षमा संसदमा बहुमत नभएको कारणबाट संसदको विघटन गरेर निर्वाचन गराउने भनी घोषणा गरेका थिए। सो विषयमा बिभिन्न ९ वटा विवादहरु सर्वोच्च अदालतमा दायर भए। उक्त विवादको सन्दर्भमा १३ डिसेम्बर २०१८ मा सर्वोच्च अदालतका सात जना न्यायाधीश संलग्न ईजलासबाट राष्ट्रपतिको निर्णय "असंवैधानिक" भनी बदर गरिएको दृष्टान्त ताजा नै छ[13]। राष्ट्रपतिले कार्यकारी हैसियतमा गरेको निर्णय/घोषणा श्रीलंकाको संविधानको धारा ११८(ख) र धारा १२६ अन्तरगत न्यायिक पुनरावलोकनको दायरभित्र पर्छ भन्दै अदालतले विघटनका आधारहरुको मूल्याङ्कन गरेको छ। संसदको तोकिएको कार्यावधिभन्दा अगावै गरिएको विघटनलाई संविधानको धारा ७०(१) को प्रतिबन्धात्मक वाक्यांश प्रतिकूल हुँदा "असंवैधानिक" छ भनी राष्ट्रपतिको घोषणा बदर गरिएको र संसदको पुनर्स्थापना गरिएको पाइन्छ। यसबाट समेत प्रतिनिधि सभा बिघटनको विषय न्यायिक निरुपणको बिषय हो, यो राष्ट्राध्यक्षको असिमित विशेषाधिकारको विषय होइन, यो अधिकार प्रयोगका संवैधानिक सिमाहरु छन, र त्यसको निरुपण अदालतबाट हुन सक्तछ भन्ने देखिन्छ।

४८. लोकतन्त्र वा संसदीय प्रजातन्त्रको कुनै सर्वकालीन र सर्व-स्वीकार्य ढाँचा छैनन्। यसलाई आ-आफ्नै मुलुकको परिवेश र संवैधानिक विकाशक्रमको सापेक्षतामा हेर्ने गरिन्छ। लोकतान्त्रिक मुलुकको रुपमा रहेको जर्मनीको संविधान (Basic Law) अनुसार त्यहाँको संसद (Bundestag) बाट Chancellor ले विश्वासको मत पाउन नसकेको अवस्थामा विघटन हुन सक्ने प्रावधान रहेको छ। यही प्रावधानका आधारमा सन् १९७२, १९८२ र २००५ मा क्रमशः सत्तामा रहेका चान्सलरहरु Willy Brandt, Helmut Kohl, र Gerhard Schröder ले विश्वासको मत नपाएको भन्ने

13 Rajavarothiam Sampanthan and others Vs. Attorney General and others (SC FR 351/ 2018), judgment delivered on 13 December 2018 (http://www.supremecourt.lk/index.php?option=com_geda&Itemid=126)

आधारमा Bundestag बिघटन भई निर्वाचन भएको थियो। यसरी गरिएको बिघटन सम्बन्धी दुईवटा विवाद त्यहाँको Constitutional Court मा पुगेको र सुनुवाई समेत गरिएको थियो[14]। डेनमार्कको संसद (Folketing) लाई चार बर्षको कार्यकाल पुरा हुन नपाउदै सरकारले बिघटन गर्न सक्ने सजिलो वा खुकुलो प्रावधान त्यहाँको संविधानमा रहेको छ। तथापि यस प्रकारको अधिकारको प्रयोग गरेर बिघटन गरेको उदाहरण देखिदैन। Canada को House of Commons को पनि पाँच वर्ष अवधिको कार्यकाल पुरा नहुदै विघटन हुन सक्ने व्यवस्था छ। तर यो अधिकारको प्रयोग भएका दृष्टान्त पाउन भने कठिन छ। त्यहाँको provincial legislatures पनि बिघटन गर्न सकिने व्यवस्था रहेको छ। British Columbia, Ontario, Québec, Newfoundland and Labrador, Prince Edward Island, Manitoba तथा Northwest Territories ले निश्चित मितिमा निर्वाचन गर्ने संवैधानिक पध्दती अपनाएको पाइन्छ। Belgium को संविधानमा पनि विघटन सम्बन्धी व्यवस्था रहेको छ। तर त्यहाँ विघटनको अख्तियारी दुरुपयोग गरिएको दृष्टान्त पाउन सकिदैन। राजतन्त्र र संवैधानिक प्रजातन्त्र अपनाएको मुलुक Norway को संविधान अनुसार त्यहाको संसद (Storting) को चार वर्षको कार्यावधि पुरा नभै विघटन गर्न मिल्दैन। संसद (प्रतिनिधि सभा) बिघटन नगर्दा पनि नर्वेको लोकतन्त्र मौलाएकै छ, त्यहाँ राजनीतिक स्थिरताको कुरामा खास कुनै समस्या देखिएको छैन। Japan को सन्दर्भमा हेर्दा त्यहाँको संसद (Diet) को House of Representatives लाई मन्त्रिपरिषदको सिफारिसमा राजाले विघटन गर्न सक्ने व्यवस्था संविधानमा रहेको पाइन्छ। तर सन् १९७६ डिसेम्बरको एउटा अपवाद बाहेक असामयिक रुपमा बिघटन गरिएका उदाहरण पाउन सजिलो छैन। लोकतन्त्रलाई बलियो र मजबुद बनाउन बिघटन यदि आवश्यक हुन्थ्यो भने विश्वका धेरैवटा लोकतान्त्रिक मुलुकहरुले धेरै पटक बिघटन

---

14 बिघटन सम्बन्धमा जर्मनीको संघीय संवैधानिक अदालतमा सन् १९८३ र २००५ मा गरी दुई वटा विवाद आएका थिए। दुवै विवादको सन्दर्भमा अदालतले बिघटन सम्बन्धी संवैधानिक प्रावधानहरुको व्याख्या गरेको छ र Bundestag (संसद) को पुनर्थापना नहुने भनी ठहर गरेको छ। Donald P Kommers and Russel A Miller; The Constitutional Jurisprudence of the Federal Republic of Germany; 3rd ed. 2012; Duke University Press, Durham London; p 154-162

सम्बन्धी अभ्यास गर्ने थिए होला ।। तर त्यसो गरिएको पाइदैन। यसलाई अर्को कोणबाट हेर्ने हो भने प्रतिनिधि सभा बिघटन नहुनुलाई राजनीतिक स्थीरताको द्योतकको रुपमा पनि लिन सकिन्छ।

४९. बिघटन गर्ने सम्बन्धी कुनै साश्वत तरिका (modalities) निर्धारित रहेको देखिंदैन। बिघटन गर्ने प्रणाली अपनाइएको अवस्थाका मुलुकहरुमा सामान्यतया: यो कार्य राष्ट्राध्यक्ष (राजा वा राष्ट्रपति) बाट हुने गर्दछ। राष्ट्राध्यक्षबाट यो अधिकारको प्रयोग गर्दा कतै निजको आफ्नो तजविजमा, कतै प्रधानमन्त्रीको सल्लाह वा सिफारिसमा, कहिले कानूनद्वारा निर्धारित अनिवार्य परिस्थितिमा (Automatic / obligatory dissolution) पनि बिघटन हुने प्रचलन रहेको छ। संसदबाट सरकार गठन हुन नसकेको अवस्थालाई भने सामान्यतया: सबै ठाउँमा बिघटनको बैध कारण वा आधार मानिएको देखिन्छ। कतिपय अवस्थामा प्रधानमन्त्रीले गरेको बिघटनको सिफारिस राष्ट्राध्यक्षले अस्वीकार गर्नु पर्ने अवस्था पनि रहन्छ भनी मानिएको छ। कुनै मुलुकले संसद बिघटनको लागि स्वयम संसदकै स्वीकृति चाहिने प्रणाली अपनाएका छन्। बिघटन गर्ने वा नगर्ने बिषयमा जनमत संग्रहको माध्यमबाट निर्णय गरिएको दृष्टान्त पनि छ। संविधानद्वारा निर्धारित कार्यावधि समाप्त नभएसम्म प्रतिनिधि सभा बिघटन गर्न नसकिने संवैधानिक पध्दती समेत रहेको पाइन्छ। कुनै देशले विभिन्न मोडेलहरु (Combined approaches) अपनाएको समेत देखिन्छ। यसबाट प्रतिनिधि सभा बिघटनका सर्वकालीन वा सर्व-स्वीकार्य एउटै सिद्धान्त छैनन्; यसलाई आ-आफ्नो मुलुकको संवैधानिक संरचनाको सापेक्षतामा हेरिनु पर्दछ भन्ने देखिन्छ।

५०. हाम्रो विगतको अभ्यासका केही सन्दर्भ संक्षेपमा उल्लेख गर्नु अत्र प्रासंगिक देखिन्छ। वि.सं. २००४ सालमा जारी भएको नेपाल सरकार बैधानिक कानूनदेखि गणना गर्दा २०७२ सालसम्म ६८ वर्षको अवधिमा नेपालमा ७ वटा संवैधानिक दस्तावेज निर्माण भएको पाइन्छ भने २०१७ सालदेखि हालसम्म बिभिन्न आठ पटक कार्यकाल पुरा हुन नपाउँदै प्रतिनिधि सभा बिघटन भएका देखिन्छन्। यसलाई गर्व गर्ने विषय मात्र सकिदैन; यसले राजनीतिक अस्थीरताको संकेत गर्दछ। पहिले जारी भएका संविधानहरु मध्ये २००७ सालको अन्तरिम बिधान र २०६३ सालको अन्तरिम संविधान संक्रमणकालका लागि जारी भएको देखिदा स्वभावैले ती संविधानहरु अस्थायी

प्रकृतिका थिए। वि.सं.२०१५ साल तथा २०४७ सालमा जारी भएका नेपाल अधिराज्यको संविधानहरुलाई आधारभूत रुपमा लोकतान्त्रिक मूल्य मान्यतामा आधारित र अपेक्षाकृत प्रगतिशील संविधान मानिएको पाइन्छ। तथापी उल्लिखित संविधानहरु अपेक्षाकृत लामो अवधि टिकाउ हुन सकेनन्। यसरी टिकाउ हुन नसक्नुका विविध कारणहरु मध्ये लोकतान्त्रिक संस्कारयुक्त कार्यान्वयन शैली नअपनाईनुलाई एउटा प्रमुख कारणको रुपमा लिन सकिन्छ। संविधानको बनौट, यसले आत्मसात् गरेका राजनीतिक दर्शन र मूल्य मान्यताको मूल्याङ्कन वा विश्लेषण गरेर मात्र विगतका संवैधानिक व्यवस्था असफलताका कारण पहिल्याउन सकिंदैन; प्रयोग वा कार्यान्वयनका सन्दर्भमा रहेका त्रुटी वा कमी-कमजोरीहरुलाई पनि महत्व र गम्भीरताका साथ मूल्याङ्कन वा विश्लेषण गरिनु वाञ्छनीय देखिन्छ। वि.सं.२०१५ साल फाल्गुण १ गते जारी भएको नेपाल अधिराज्यको संविधानले कार्यान्वयनको दुई वसन्त पनि पार गर्न नपाउँदै २०१७ साल पौष १ गते निस्तेज पारियो[15]। जन-आन्दोलनको परिणामस्वरुप २०४७ सालमा जारी भएको संविधानको पनि करिब १५ वर्षमा अवसान भयो। यसो हुनुको कारण केवल अवधारणागत त्रुटी वा कमजोरी मात्र थिएनन्; संविधान कार्यान्वयन प्रकृयामा रहेका कमी-कमजोरी पनि कारक तत्व बनेका थिए। राजनीतिक शक्तिहरुको आ-आफ्नो स्वार्थ-केन्द्रित आग्रहबाट संविधानको प्रयोग र व्याख्या गर्ने कार्यशैलीले एक पछि अर्को संविधान कार्यान्वयनमा असफलताहरु देखा परेका हुन्। यस प्रकारको सिलसिला, सोच, कार्यशैली र प्रवृत्तिहरु अझै पनि कायम रहेको प्रतीत हुन्छ। अदालतबाट संविधान तथा कानूनको व्याख्या गरी भएको कुनै निर्णय वा आदेशलाई नै राजनीतिक असफलताका लागि दोष दिने प्रमुख कारणको रुपमा अगाडि सारेर[16] राजनीतिक तहमा देखिने गरेका स्वार्थ-केन्द्रित आग्रह,

15 नेपाल अधिराज्यको संविधान, २०१५ लाई २०१९ साल पौष १ गतेको शाही घोषणाले "प्रतिसंहरण" गरेको भए पनि सो संविधानका महत्वपूर्ण प्रावधानहरुलाई २०१७ साल पौष १ गतेको शाही घोषणाले "निलम्बन" गरेर संविधानलाई सारतः निस्तेज पारिएको देखिन्छ।

16 प्रत्यर्थी मध्येका सम्माननीय प्रधानमन्त्रीले पेश गर्नु भएको लिखित जवाफमाः " नेपालको इतिहासमा पुनःस्थापना भएका कुनै पनि प्रतिनिधि सभाले राजनीतिक परिणाम हासिल गर्न सकेका छैनन्; कार्यकाल थपिएको संविधान सभाले पनि संविधान जारी गर्न सकेन; २०५२ सालमा प्रतिनिधि सभाको पुनःस्थापनापछि उत्पन्न राजनीतिक अस्थिरताले देशमा १० वर्षे

असहिष्णुता, अकर्मण्यता, सुशासन कायम गर्ने कुरामा रहेका कमी-कमजोरीहरु आदि कुराको ढाकछोप गर्ने प्रयास गरियो भने संविधानको सफल र सिर्जनशील कार्यान्वयन गर्ने अभिष्ट पुरा हुन सक्तैन।

५१. "परम्परागत संसदीय प्रणाली" अपनाएको अवस्थामा प्रधानमन्त्रीलाई प्रतिनिधि सभा विघटन गर्न सिफारिस गर्न सक्ने विशेषाधिकार रहने कुरालाई सामान्यतया: स्वीकार गर्ने गरिएको देखिन्छ। तथापी, यसलाई निरपेक्ष वा शर्त-बन्देजरहित विशेषाधिकारको रुपमा हेर्ने गरिएको भने देखिँदैन। आधारभूत रुपमा परम्परागत संसदीय प्रणालीलाई अनुशरण गरी जारी भएको नेपाल अधिराज्यको संविधान, २०१५ को धारा २६ मा संसद विघटन सम्बन्धी व्यवस्था रहेको देखिन्छ। सो धारामा संसद विघटन गर्न सिफारिस गर्ने अधिकार मन्त्रिमण्डललाई दिइएको भएपनि राजाको विचारमा "विघटन गर्न पाउने अधिकारको दुरुपयोग गरेको लागेमा" राजाको "स्वविवेकमा त्यस्तो सिफारिस अस्वीकार गर्न" सकिने प्रावधान समेत रहेको थियो। विघटन गर्न हुने र नहुने सम्बन्धी कुनै थप शर्त बन्देज उक्त संविधानमा उल्लेख नभएको भए पनि "विघटन गर्न पाउने अधिकारको दुरुपयोग गरेको लागेमा" राजाले मन्त्रिमण्डलको सिफारिस अस्वीकार गर्न सक्ने प्रावधान रहेको कारणबाट प्रतिनिधि सभा विघटन गर्दा "अधिकारको दुरुपयोग गर्न नहुने" शर्त बन्देज भने पहिले पनि रहेकै देखिन्छ।

५२. नेपाल अधिराज्यको संविधान, २०४७ को धारा ५३ को उपधारा (४) मा "श्री ५ बाट प्रधानमन्त्रीको सिफारिसमा प्रतिनिधिसभाको विघटन गर्न सकिबक्सनेछ। त्यसरी प्रतिनिधिसभा विघटन गरिबक्सदा छ महिनाभित्र नयाँ प्रतिनिधि सभाका लागि निर्वाचन हुने मिति समेत तोकिबक्सनेछ" भनी उल्लेख भएको थियो। उक्त संविधानमा विघटन गर्नु पर्ने कारण वा सो सम्बन्धी कुनै शर्त वा बन्देज सम्बन्धमा कुनै कुरा उल्लेख भएको देखिँदैन। उल्लिखित संविधान अनुसार विभिन्न चार पटक प्रतिनिधि सभा विघटनका लागि सिफारिस भएका र सो सम्बन्धी विवादहरुका सन्दर्भमा यस अदालतबाट संविधानमा रहेका अन्य प्रावधानहरुको प्रयोग हुन सक्ने अवस्था कायम

---

सशस्त्र द्वन्द्वलाई जन्म दियो; मुलुकमा चरम राजनीतिक विसंगति देखिए; सरकारको गठन र विघटनमा गैरसंसदीय अभ्यासहरू मौलाए" भनी उल्लेख गर्नु भएको व्यहोरालाई यस प्रसंगमा एउटा दृष्टान्तको रुपमा उल्लेख गर्न सकिन्छ।

रहेको तथा संविधानमा रहेका समग्र प्रावधानको समन्वयकारी वा सुसंगत व्याख्या (Harmonious interpretation) हुनु पर्ने भएको भन्ने आधारमा यस अदालतबाट जुनसुकै अवस्थामा पनि प्रधानमन्त्रीलाई प्रतिनिधि सभा विघटन गर्न सिफारिस गर्ने अधिकार रहँदैन, त्यसका केही सीमा बन्देज छन् भन्ने सिध्दान्त कायम गरिएको देखिन्छ[17]। अल्पमतमा परेका प्रधानमन्त्रीले सिफारिस गरेको र अर्को वैकल्पिक सरकार गठन हुन सक्ने अवस्था कायम रहेको भन्ने आधारमा प्रतिनिधि सभा विघटनको सिफारिस संविधान प्रतिकूल भएको भनी यस अदालतबाट संसद पुनर्स्थापना हुने गरी निर्णय भएको छ। यसबाट विघटन सम्बन्धी दायरा सिमित छ भन्ने न्यायिक मान्यता स्थापित भएको देखिन आउँदछ।

५३. अधिवक्ता रविराज भण्डारी वि. सम्माननीय प्रधानमन्त्री श्री मनमोहन अधिकारीसमेत भएको विवादमा[18] प्रतिनिधि सभाका ७० जना सदस्यहरूले नेपाल अधिराज्यको संविधान, २०४७ को धारा ५३ को उधारा (३) अन्तर्गत समावेदन गरे अनुसार मन्त्रिपरिषदका विरुद्ध अविश्वासको प्रस्ताव पेस गर्न विशेष अधिवेशन बोलाइएको र त्यसबाट आफ्नो कार्यक्रम र बजेट प्रस्तुत गर्ने अवसरबाट बंचित हुने स्थितिको सृजना भएकोले नयाँ जनादेश प्राप्त गर्नको लागि प्रतिनिधि सभालाई विघटन गर्न सिफारिस गर्नु परेको भनी जिकिर लिइएको सन्दर्भमा व्याख्या गर्दै भनिएको छः

> "प्रधानमन्त्रीले नयाँ जनादेश प्राप्त गर्न आवश्यकतानुसार उपधारा (४) अन्तर्गत विघटनको सिफारिश गर्न सक्तछ। तर त्यो अधिकार अनियन्त्रित अधिकार होइन। "संविधान" भन्नाले संविधानको धारा, उपधारा, खण्ड, उपखण्ड इत्यादि सबैलाई जनाउँछ। प्रस्तावना पनि संविधानको एउटा महत्त्वपूर्ण अंश हो। प्रस्तावनामा व्यक्त भएको संविधानको भावना र उद्देश्य पनि संविधान हो। संविधानको धारा ११६ को उपधारा (१) ले प्रस्तावनामा वर्णित संविधानको आधारभूत संरचनाहरुलाई अपरिवर्तनीय घोषित गरेर प्रस्तावनालाई संविधानका अन्य प्रावधानहरुलाई विशेष स्थानमा राखेको

17 अधिवक्ता रविराज भण्डारी वि. सम्माननीय प्रधानमन्त्री श्री मनमोहन अधिकारीसमेत; उत्प्रेषणयुक्त परमादेश; सम्वत् २०५२ सालको रि.नं. ३१०५; आदेश मिति: २०५२/५/१२ ।

18 अधिवक्ता रविराज भण्डारी वि. सम्माननीय प्रधानमन्त्री श्री मनमोहन अधिकारीसमेत; मिति: २०५२/५/१२ ।

छ। त्यसैले धारा ५३ को उपधारा (४) अन्तर्गत प्रतिनिधि सभालाई विघटन गर्नलाई सो उपधारालाई मात्र हेर्नु पर्याप्त हुँदैन। संविधानका अन्य धाराहरूमा गरिएका व्यवस्थाहरुका अतिरिक्त संविधानको भावना (spirit) र उद्देश्यलाई पनि दृष्टिगत गर्नु पर्ने हुन्छ। यस सम्बन्धमा खास गरी संसदीय प्रणाली र बहुलदीय प्रजातन्त्रका आधारभूत मूल्य र मान्यताहरुको सम्वर्द्धन गर्न संविधानमा समाहीत गरिएका प्रावधानहरू माथि विचार गर्नु आवश्यक हुन्छ"।

"संसदीय प्रणालीको सर्वाधिक महत्वपूर्ण विशेषता उत्तरदायी शासन व्यवस्था हो। प्रधानमन्त्री र अन्य मन्त्रीहरु आफूले गरेको कामको लागि जनताद्वारा निर्वाचित जनप्रतिनिधिहरु रहेको संसदप्रति सामुहिक र व्यक्तिगत रुपमा उत्तरदायी हुने हुनाले निजहरुले आफ्नो विरुद्ध संसदमा भएका आलोचना र लगाइएका आरोपहरुका सम्बन्धमा संसदमा उपस्थित भएर स्पष्टीकरण दिनु पर्छ र बहुमतको समर्थन र विश्वास प्राप्त गर्न सक्नु पर्छ, अन्यथा निजहरुलाई सत्तामा बस्ने अधिकार हुँदैन। मन्त्रिपरिषद् संसदप्रति उत्तरदायी हुनुपर्ने व्यवस्था वस्तुतः संसदीय व्यवस्थाको आधारशीला हो, आत्मा हो। तसर्थ प्रतिनिधि सभालाई विघटन गर्न सिफारिश गर्ने प्रधानमन्त्रीको अधिकार जतिसुकै महत्वपूर्ण वा विशिष्ट भए पनि प्रतिनिधि सभाप्रतिको उत्तरदायित्वलाई छल्ने र तत्सम्बन्धी धारा ३६ को उपधारा (४) र धारा ५९ को उपधारा (२) को संवैधानिक प्रावधानलाई व्यर्थ तुल्याउने गरी प्रयोग गर्नु संविधानको मर्म र भावना अनुकुल हुँदैन। आफ्ना विरुद्ध धारा ५९ को उपधारा (२) अन्तर्गत अविश्वासको प्रस्ताव पेस भएको वा पेस गर्न धारा ५३ को उपधारा (३) अन्तर्गत अधिवेशन बोलाइएको कारणले प्रधानमन्त्रीले प्रतिनिधि सभा विघटन गर्न सिफारिस गर्नु उत्तरदायी शासन व्यवस्थाको द्योतक होइन। यस्तो कार्यले संसदीय प्रणालीको संस्थागत विकासमा योगदान गर्नुको सट्टा अनुत्तरदायी शासन व्यवस्थालाई निम्त्याउँछ। त्यसबाट जनताको प्रतिनिधित्व गर्ने प्रतिनिधि सभा जनइच्छा व्यक्त गर्ने अधिकारबाट वंचीत हुने मात्र होइन, विगत निर्वाचनद्वारा जनताले दिएको जनादेशको पनि अनादर हुन्छ र विरोधी दललाई सत्ता संचालन गर्न मौका दिने वा नदिने कुरा पनि तत्काल पदासीन प्रधानमन्त्रीकै स्वेच्छामा निर्भर हुन जान्छ। हाम्रो संवैधानिक व्यवस्थाको सन्दर्भमा प्रधानमन्त्रीले आफ्नो विरुद्ध आएको अविश्वासको प्रस्तावलाई व्यर्थ तुल्याउन प्रतिनिधि सभाको विघटनको सिफारिस गरेपछि सत्ताबाट वाहिरिनु पर्ने संवैधानिक प्रावधानबाट उन्मुक्ति पाउनु हो। संविधानको धारा ३६ को उपधारा (५) को खण्ड (ख) ले धारा ५९ को उपधारा (२) अन्तर्गत अविश्वासको प्रस्ताव पारित भएको प्रधानमन्त्री पदमुक्त हुने व्यवस्था गरेको छ। त्यसरी

रिक्त हुन आएको प्रधानमन्त्रीको पदमा संविधान बमोजिम बहुमतको विश्वास र समर्थन प्राप्त गर्न सक्ने अर्को व्यक्तिलाई प्रधानमन्त्री नियुक्त गर्नु पर्ने हुन्छ। त्यस अवस्थामा कुन व्यक्ति प्रधानमन्त्री हुने भन्ने कुरा प्रतिनिधि सभामा विभिन्न दलहरुको नेताको दृष्टिकोणमा निर्भर गर्दछ। यी संवैधानिक व्यवस्थाहरुको सन्दर्भमा पदासीन प्रधानमन्त्रीको सत्ताबाट आफ्नो बहिर्गमन र अर्को मन्त्रिपरिषद्को आगमनको संवैधानिक प्रक्रियालाई अवरुद्ध गर्ने गरी उपधारा (४) को प्रयोग गर्नु संविधानसम्मत् हुँदैन। यस्तो स्थितिमा विद्यमान प्रतिनिधि सभाबाट संविधान बमोजिम अर्को मन्त्रिपरिषद्को गठन हुन संभव भएन भने मात्र त्यो प्रतिनिधि सभालाई विघटन गरी जनता समक्ष जाने कुरा संविधानसम्मत् हुन्छ"।

५४. प्रतिनिधि सभा विघटनको सन्दर्भलाई लिएर नेपाल अधिराज्यको संविधान, २०४७ को धारा ८८(५) बमोजिम मिति २०५४ साल माघ २१ गते विशेष ईजलासमा रहनु भएका नौ जना न्यायाधीश मध्ये छ जनाको बहुमतबाट राजा समक्ष राय पेश गरिएको थियो[19]। नेपाल अधिराज्यको संविधान, २०४७ को धारा ५३ को उपधारा (४) बमोजिम प्रतिनिधि सभा विघटन गर्ने सिफारिश र धारा ५३ को उपधारा (३) बमोजिम प्रतिनिधि सभाका ९६ जना सदस्यहरुले प्रतिनिधि सभा बोलाउन दिएको समावेदनको कार्यान्वयनका सम्बन्धमा कुनले प्राथमिकता पाउँछ भन्ने विषयमा यस अदालतबाट तत्कालीन राजा समक्ष निम्नानुसार राय पेश गरिएको देखिन्छ:

"नेपाल अधिराज्यको संविधान, २०४७ को धारा ५३(४) बमोजिमको प्रधानमन्त्रीले प्रतिनिधि सभाको विघटन गर्न सिफारिश गर्ने अधिकार नियन्त्रित र शसर्त भएको र धारा ५३(३) को सांसदहरुको समावेदन गर्ने अधिकार बाध्यात्मक भै विशेष रुपमा रहेको देखिन आएको र वर्तमान सरकार धारा ४२ अन्तर्गत गठन भएको र यो व्यवस्था विकल्पमुखी भएको र विकल्प सरकार दिन सक्ने प्रतिनिधि सभा जीवित रहेको अवस्थामा ५३(४) बमोजिम प्रतिनिधि सभा विघटनको लागि सम्माननीय प्रधानमन्त्रीले सिफारिश गरेको र धारा ५३(३) अनुसार सोही दिन ९६ जना सांसदहरुको प्रतिनिधि सभाको अधिवेशन बोलाउन समावेदन परी उक्त सिफारिश र समावेदनको कार्यान्वयन नभै समान अवस्थामा (Equal footing) रहेको यस स्थितिमा प्रतिनिधि सभा जीवित रहेकै अवस्थामा धारा ५३(३) को सांसदहरुको अनियन्त्रित विशेष अधिकारको बाध्यात्मक

19 निर्णय नं. ६४४६, ने.का.प. २०५४, अङ्क १० ।

व्यवस्थालाई धारा ५३(४) को प्रधानमन्त्रीको प्रतिनिधि सभा विघटनको सिफारिश गर्ने शर्त बन्देज सहितको नियन्त्रित व्यवस्थाले कुण्ठित, संकुचित र निष्प्रयोजन बनाउन सक्ने कुनै संवैधानिक वा कानुनी व्यवस्था नदेखिंदा धारा ५३(३) अनुसार प्रतिनिधि सभाका ९६ जना सांसदहरुले प्रतिनिधि सभाको अधिवेशन बोलाउन गरेको समावेदनलाई कार्यान्वयनको सम्बन्धमा प्राथमिकता दिन उचित र उपयुक्त देखिन्छ"।

५५. वर्तमान अवस्थाको हाम्रो संवैधानिक स्थिति सम्बन्धी विषयवस्तुको प्रष्टताका लागि सरकार गठन तथा प्रतिनिधि सभा विघटन सम्बन्धमा नेपालको संविधानको धारा ७६ मा रहेको प्रावधान उधृत गर्नु आवश्यक देखिन्छः

धारा ७६. "मन्त्रिपरिषदको गठनः (१) राष्ट्रपतिले प्रतिनिधि सभामा बहुमत प्राप्त संसदीय दलको नेतालाई प्रधानमन्त्री नियुक्त गर्नेछ र निजको अध्यक्षतामा मन्त्रिपरिषदको गठन हुनेछ ।

(२) उपधारा (१) बमोजिम प्रतिनिधि सभामा कुनै पनि दलको स्पष्ट बहुमत नरहेको अवस्थामा प्रतिनिधि सभामा प्रतिनिधित्व गर्ने दुई वा दुई भन्दा बढी दलहरूको समर्थनमा बहुमत प्राप्त गर्न सक्ने प्रतिनिधि सभाको सदस्यलाई राष्ट्रपतिले प्रधानमन्त्री नियुक्त गर्नेछ ।

(३) प्रतिनिधि सभाको निर्वाचनको अन्तिम परिणाम घोषणा भएको मितिले तीस दिनभित्र उपधारा (२) बमोजिम प्रधानमन्त्री नियुक्ति हुन सक्ने अवस्था नभएमा वा त्यसरी नियुक्त प्रधानमन्त्रीले उपधारा (४) बमोजिम विश्वासको मत प्राप्त गर्न नसकेमा राष्ट्रपतिले प्रतिनिधि सभामा सबैभन्दा बढी सदस्यहरु भएको दलको संसदीय दलको नेतालाई प्रधानमन्त्री नियुक्त गर्नेछ ।

(४) उपधारा (२) वा (३) बमोजिम नियुक्त प्रधानमन्त्रीले त्यसरी नियुक्त भएको मितिले तीस दिनभित्र प्रतिनिधि सभाबाट विश्वासको मत प्राप्त गर्नु पर्नेछ ।

(५) उपधारा (३) बमोजिम नियुक्त प्रधानमन्त्रीले उपधारा (४) बमोजिम विश्वासको मत प्राप्त गर्न नसकेमा उपधारा (२) बमोजिमको कुनै सदस्यले प्रतिनिधि सभामा विश्वासको मत प्राप्त गर्न सक्ने आधार प्रस्तुत गरेमा राष्ट्रपतिले त्यस्तो सदस्यलाई प्रधानमन्त्री नियुक्त गर्नेछ ।

(६) उपधारा (५) बमोजिम नियुक्त प्रधानमन्त्रीले उपधारा (४) बमोजिम विश्वासको मत प्राप्त गर्नु पर्नेछ ।

(७) उपधारा (५) बमोजिम नियुक्त प्रधानमन्त्रीले विश्वासको मत प्राप्त गर्न नसकेमा वा प्रधानमन्त्री नियुक्त हुन नसकेमा प्रधानमन्त्रीको सिफारिसमा राष्ट्रपतिले प्रतिनिधि सभा विघटन गरी छ महिनाभित्र अर्को प्रतिनिधि सभाको निर्वाचन सम्पन्न हुने गरी निर्वाचनको मिति तोक्नेछ ।

(८) यस संविधान बमोजिम भएको प्रतिनिधि सभाको निर्वाचनको अन्तिम परिणाम घोषणा भएको वा प्रधानमन्त्रीको पद रिक्त भएको मितिले पैंतीस दिनभित्र यस धारा बमोजिम प्रधानमन्त्री नियुक्ति सम्बन्धी प्रक्रिया सम्पन्न गर्नु पर्नेछ ।

(९) राष्ट्रपतिले प्रधानमन्त्रीको सिफारिसमा संघीय संसदका सदस्यमध्येबाट समावेशी सिद्धान्त बमोजिम प्रधानमन्त्री सहित बढीमा पच्चीस जना मन्त्री रहेको मन्त्रिपरिषद गठन गर्नेछ।

स्पष्टीकरणः यस भागको प्रयोजनका लागि "मन्त्री" भन्नाले उपप्रधानमन्त्री, मन्त्री, राज्य मन्त्री र सहायक मन्त्री सम्झनु पर्छ ।

(१०) प्रधानमन्त्री र मन्त्री सामूहिक रूपमा संघीय संसदप्रति उत्तरदायी हुनेछन् र मन्त्री आफ्नो मन्त्रालयको कामका लागि व्यक्तिगत रुपमा प्रधानमन्त्री र संघीय संसदप्रति उत्तरदायी हुनेछन्"।

५६. अहिले हाम्रो संवैधानिक स्थिति परम्परागत Westminster Model भन्दा केही अर्थमा फरक किसिमको छ। नेपालको संविधानले अङ्गिकार गरेको संघीय शासन व्यवस्था अनुसार संघ, प्रदेश र स्थानीय तहमा जनप्रतिनिधित्वका आ-आफ्नै विशेषताहरु छन्। संविधानको धारा ७४ मा "संसदीय शासन प्रणाली" शासकीय स्वरुपको रुपमा उल्लेख गरिएको छ। संसदीय शासन प्रणालीको जननी मानिएको संयुक्त अधिराज्य वा यसको प्रभाव परेका वा यो प्रणालीको अनुशरण गर्ने युरोपका केही देशहरुको शासकीय स्वरुप हेर्दा पनि एकै प्रकृतिको शासन प्रणाली रहे भएको पाइदैन। नेपालमा पनि २०१५ सालको संविधान, २०४७ सालको संविधान र हालको संविधानले गरेको संसदीय प्रणालीको रुप र सार दुवै कुरामा भिन्नता रहेको देखिन्छ। अहिले नेपालले अपनाएको निर्वाचन प्रणाली, सरकारको गठन र विघटन, आकार-प्रकार आदिमा गरिएको व्यवस्था परंम्परागत संसदीय शासन प्रणाली वा वेस्टमिनिस्टरियल मोडलभन्दा भिन्न किसिमको रहेको पाइन्छ। संविधानको धारा ८४ मा प्रतिनिधि सभा र धारा ८६

मा राष्ट्रिय सभाको गठनको सन्दर्भमा गरिएको निर्वाचन र मनोनयन प्रणाली, मतदान, उम्मेदवारी र सहभागिता समेतको दृष्टिबाट पनि यो भिन्न प्रकारको देखिन्छ। संविधानको धारा ७६ अनुसार प्रतिनिधि सभाका निर्वाचित सदस्य मात्र प्रधानमन्त्री हुन सक्ने गरी समावेश गरिएको व्यवस्था, मन्त्रिपरिषदको गठन गरिसक्नु पर्ने अवधि, मन्त्री संख्या, अनुशरण गरिनु पर्ने समावेशिताको सिद्धान्त, धारा ७७ र ७८ मा रहेको प्रधानमन्त्री तथा मन्त्रीहरुको पद रिक्त हुने व्यवस्थाहरुबाट हाम्रो शासकीय स्वरुप संसदीय हुँदाहुँदै पनि केही फरक र मौलिक अवधारणालाई समेत आत्मसात् गरिएको स्थिति देखा पर्दछ। यस अदालतको संवैधानिक इजलासले मिति २०७७/११/११ मा हाम्रो संसदीय प्रणाली **"आफ्नै अनुभवले खारिएको र आफ्नै आवश्यकताद्वारा अनुप्राणित एवं विशिष्ट किसिमको छ"**[20] भनी आदेशमा उल्लेख गरेको देखिन्छ। नेपाल अधिराज्यको संविधान, २०४७ मा रहेको संघीय संसदको निर्वाचन प्रणालीमा वर्तमान संविधानले फेरबदल गरी आवधिक निर्वाचनको माध्यमद्वारा संघीय संसदमा रहने प्रतिनिधित्वको व्यवस्थालाई समावेशी र सम्मतिमूलक (Consensus oriented) कायम गर्ने अभिष्ट अगाडि सारिएको देखिन्छ। मुलुकको शासन प्रणालीमा सार्वभौम जनता दैनन्दिन सहभागी नभै आफ्ना प्रतिनिधिहरु मार्फत शासन व्यवस्था सञ्चालन गर्दछन्। संविधानले सिमित सरकार सम्बन्धी मान्यता अनुसार शासकीय स्वरुप र कार्यपालिकी अधिकारको सीमा निर्धारण गरेको देखिन्छ।

५७. संविधान सभाबाट निर्माण भएको नेपालको संविधानले परम्परागत स्वरुपको संसदीय प्रणालीलाई नै अङ्गिकार गरेको भनियो भने यथार्थपरक र वस्तुवादी दृष्टिकोण बन्दैन। हामीले अहिले परम्परागत स्वरुपको भन्दा केही भिन्न वा मौलिक विशेषता सहितको संसदीय प्रणाली अपनाएको अवस्था हो। नेपालको संविधानको धारा १०० को उपधारा (४) मा "प्रधानमन्त्री नियुक्त भएको दुई बर्षसम्म र एक पटक राखेको अविश्वासको प्रस्ताव असफल भएको एक वर्षभित्र अविश्वासको प्रस्ताव पेश गर्न सकिने छैन" भन्ने प्रावधान रहेको छ। यसबाट पनि परम्परागत संसदीय प्रणालीभन्दा भिन्न प्रकारको प्रणाली अपनाएको देखिन आउँदछ। नेपालको संविधान परम्परागत संसदीय

20 निवेदक देवप्रसाद गुरुङसमेत प्रत्यर्थी राष्ट्रपतिको कार्यालयसमेत, ०७७-WC-००३७; मिति २०७७/११/११ मा भएको आदेश ।

प्रणालीका पक्षधर र फरक धारणा राख्ने राजनीतिक शक्ति बीच भएको समझदारीको उपज पनि हो। सरकार तथा संसद गठन र विघटनका विगतका विविध चक्रीय अनुभवलाई हेरेर राजनीतिक स्थायित्वका लागि ज्यादै सीमित अवस्थामा मात्र प्रतिनिधि सभा विघटन हुन सक्ने गरी अहिले संविधानले प्रारुप तयार गरेको छ। यो संविधानले प्रधानमन्त्रीलाई आफ्नो सन्तुष्टी वा राजनीतिक स्थिति मूल्यांङ्कनको आधारमा संघीय संसदको प्रतिनिधि सभा विघटन गर्न सिफारिस गर्ने अनुमति प्रदान गर्दैन। जुन कुरामा नेपालको संविधानमा व्यवस्था भएको छ त्यो कुरामा अन्य देशका परिपाटी वा प्रचलन हेर्न आवश्यक मात्र मिल्दैन भनी यस अदालतबाट व्याख्या समेत भएको छ[21]। देवप्रसाद गुरूङ समेतका रिट निवेदनहरुका सिलसिलामा यस अदालतबाट "प्रतिनिधि सभा विघटन सम्बन्धमा संविधानले प्रदान गरेको अधिकार र निर्धारण गरेका सीमा बन्देजलाई अनिवार्य रूपमा पालना गरिनु पर्दछ" भनी व्याख्या भएको छ[22]। यसका अतिरिक्त उक्त विवादका सन्दर्भमा "लिखित संविधानको लक्ष्य सीमित सरकार हुन्छ र हरेक अङ्गको अधिकारको सीमा रेखा संविधानले कोरेको हुन्छ। संविधानवाद सम्बन्धी अवधारणाले सरकारको शक्तिमा सीमितता, राज्यशक्तिको विभिन्न अंगमा शक्ति र अधिकार समेतको पृथकीकरण र जनताप्रति उत्तरदायी सरकार सञ्चालन सम्बन्धी मान्यतालाई आत्मसात् गरेको हुन्छ; राज्यको सबै अङ्गको अधिकारको सिमारेखा संविधानबाट नै निर्धारित गरी शक्ति सन्तुलनको पालनमा प्रभावकारी बनाउनु नै लिखित संविधानको गुण हो" भनी गरिएको व्याख्या र विश्लेषण पनि यस प्रसंगमा मननीय छ। ताजा जनादेशको नाउँमा राजनीतिक अस्थिरता पैदा नहोस भन्ने अभिप्रायले संविधानमा नै प्रतिनिधि सभा विघटनको सीमित अवस्था वा दायरा निर्धारण

21 हरिप्रसाद नेपाल वि. सम्माननीय प्रधानमन्त्री श्री गिरिजा प्रसाद कोइरालासमेत; उत्प्रेषणयुक्त परमादेश; सम्वत् २०५१ सालको रिट नं. २३०४; आदेश मितिः २०५१/५/२७; (११ जना न्यायाधीशहरु सम्मिलित विशेष इजलास)।

22 उक्त कुरा निवेदक देवप्रसाद गुरूङसमेत प्रत्यर्थी राष्ट्रपतिको कार्यालयसमेत, ०७७-WC-००३७ को निवेदन सहित ०७७-WC-००२८, ००३१, ००३२, ००३३, ००३४, ००३५, ००३६, ००३८, ००३९, ००४०, ००४१, ००४२ समेतका गरी कूल १३ वटा निवेदनका सिलसिलामा यस अदालतको संवैधानिक इजलासबाट मिति २०७७/११/११ मा जारी भएको संक्षिप्त आदेशमा उल्लेख छ।

गरिएको हो। नेपालको संविधानले सहमति र समझदारीमा आधारित राजनीतिक सहकार्यको मौलिक अवधारणा अगाडि सारेको छ। यस पक्षमा पनि विवेकपूर्ण दृष्टी दिनु आवश्यक देखिन्छ।

५८. नेपाल अधिराज्यको संविधान, २०४७ का सन्दर्भमा यस अदालतबाट भएका व्याख्या वा प्रतिपादित सिद्धान्तहरु तर्फ पनि अहिले प्रस्तुत विवाद निरुपणका क्रममा दृष्टी दिनु आवश्यक छ। यसरी प्रतिपादित सिद्धान्तहरुलाई वर्तमान संविधानमा रहेका प्रावधानहरुको सन्दर्भमा (परिवर्तित संवैधानिक व्यवस्थाको सापेक्षतामा) सान्दर्भिकता विचार गरिनु पर्दछ। नेपालको संविधानको धारा ७६ ले सिमित अवस्थामा मात्र प्रतिनिधि सभा विघटन हुने व्यवस्था गरेको देखिन्छ। यसका लागि सरकार गठनका केही चरणहरु पुरा भएको हुनु पर्दछ। पहिलो अवस्थाः धारा ७६(१) बमोजिम बहुमत प्राप्त संसदीय दलको नेता प्रधानमन्त्री नियुक्त हुने; दोस्रो अवस्थाः धारा ७६(२) बमोजिम प्रतिनिधि सभामा कुनै दलको स्पष्ट बहुमत नरहेको अवस्थामा प्रतिनिधि सभामा प्रतिनिधित्व गर्ने दुई वा दुईभन्दा बढी दलहरुको समर्थनमा बहुमत प्राप्त गर्न सक्ने प्रतिनिधि सभाका सदस्यलाई राष्ट्रपतिले प्रधानमन्त्री नियुक्त गर्नु पर्ने; तेश्रो अवस्थाः पहिलो र दोस्रो अवस्थाको प्रकृयाबाट प्रधानमन्त्री नियुक्त हुने अवस्था नभएमा वा नियुक्त भएका प्रधानमन्त्रीले विश्वासको मत प्राप्त गर्न नसकेमा राष्ट्रपतिले प्रतिनिधि सभामा सबैभन्दा बढी सदस्यहरु भएका संसदीय दलका नेतालाई धारा ७६(३) बमोजिम प्रधानमन्त्रीमा नियुक्त गर्ने; र चौथो अवस्थाः धारा ७६(३) बमोजिम नियुक्त प्रधानमन्त्रीले विश्वासको मत प्राप्त गर्न नसकेमा प्रतिनिधि सभाका कुनै सदस्यले प्रतिनिधि सभामा विश्वासको मत प्राप्त गर्न सक्ने आधार प्रस्तुत गरेमा राष्ट्रपतिले त्यस्तो सदस्यलाई धारा ७६(५) बमोजिम प्रधानमन्त्रीमा नियुक्त गर्नु पर्ने व्यवस्था रहेको देखिन्छ। यसरी धारा ७६(५) मा उल्लेख भएको प्रावधान अनुसार प्रधानमन्त्री नियुक्त हुन नसकेमा वा नियुक्त भएका प्रधानमन्त्रीले विश्वासको मत प्राप्त गर्न नसकेमा तत्काल बहाल रहेका प्रधानमन्त्रीको सिफारिसमा राष्ट्रपतिले धारा ७६(७) बमोजिम प्रतिनिधिसभाको विघटन गरी ६ महिनाभित्र अर्को प्रतिनिधि सभाको निर्वाचन हुने गरी निर्वाचनको मिति तोक्न सक्ने देखिन्छ। उल्लिखित धारा ७६(७) को अवस्थामा

बाहेक प्रधानमन्त्रीले प्रतिनिधि सभा विघटनको लागि सिफारिस गर्न सक्ने अन्य कुनै पनि प्रावधान अहिलेको संविधानमा रहेको देखिँदैन।

५९. संसद भङ्ग गर्न पाउने अधिकारको विगतमा पटक पटक प्रयोग भई राजनीतिक अस्थीरता पैदा भएको, राजनीतिक स्थीरताका लागि प्रतिनिधि सभाको असामयिक विघटन हुन नदिने व्यवस्था गर्नु आवश्यक रहेको कारणबाट प्रधानमन्त्रीलाई प्रतिनिधि सभा विघटन गर्न सक्ने गरी पूर्ववर्ती संविधानले दिएको अधिकार वर्तमान संविधानमा समावेश नगरिएको कुरा संविधान निर्माण प्रक्रिया सन्दर्भका अभिलेखहरुबाट पनि प्रष्ट हुन्छ। विघटन गर्ने अख्तियारीको खुकुलो वा हलुको प्रयोगका कारणबाट अधिकारको दुरुपयोग हुन सक्ने, असामयिक रुपमा पटक-पटक हुने मध्यावधि निर्वाचनको आर्थिक भार पर्ने, राज्य कोषको अपव्यय हुन जाने, राजनीतिक अस्थीरता पैदा हुने, राजनीतिक अकर्मण्यताले थप प्रश्रय पाउने सम्भावना रहन्छ भन्ने मान्यता राखेर नै संविधान सभाले संविधानको माध्यमबाट विघटनको अवस्थालाई सिमाबध्द गरेको देखिन्छ। संविधानमा कुनै कुरा प्रष्ट शब्दमा समावेश गरिएको छ भने सो बाहेकका अन्य कुराहरुलाई समावेश नगरिएको अर्थमा लिइनु पर्दछ। नेपाल अधिराज्यको संविधान, २०४७ मा रहे अनुसारको प्रावधान समावेश नगरी (हटाई) नेपालको संविधानले प्रतिनिधि सभा विघटनको सीमा बन्देज निर्धारण गरेको अवस्थामा अब यसलाई राष्ट्रपति वा प्रधानमन्त्री कसैको पनि तजविजको विषय बनाउनु मनासिब र संविधानसम्मत् हुँदैन।

६०. करिब चार महिना अगाडि मात्र वर्तमान संविधानको धारा ७६ कै सन्दर्भमा व्याख्या भई प्रतिनिधि सभा विघटन हुन सक्ने अवस्था सम्बन्धमा सिद्धान्त कायम भएको देखिन्छ। देवप्रसाद गुरुङसमेतले दिएको रिट निवेदनहरुका सिलसिलामा[23] यस अदालतबाट "यो संविधान परम्परागत संसदीय प्रणालीको प्रतिबिम्ब नभई संविधान सभाहरुको लामो प्रयत्न पश्चात आएको दस्तावेज हो। हाम्रो शासकीय स्वरुप संसदीय प्रणाली हुँदाहुँदै पनि आफ्नै अनुभवले खारिएको र आवश्यकताद्वारा अनुप्राणित विशिष्ट किसिमको छ, यस संविधानमा परम्परागत संसदीय शासन प्रणालीका सबै गुणहरू

23 निवेदक देवप्रसाद गुरुङसमेत प्रत्यर्थी राष्ट्रपतिको कार्यालयसमेत, ०७७-WC-००३७; मिति २०७७/११/११ मा भएको आदेश।

स्वत: समाहित छैनन्" भनी व्याख्या भएको देखिन्छ। उक्त विवादका सन्दर्भमा "वर्तमान संविधानका निर्माताहरूले प्रतिनिधि सभा विघटन सम्बन्धी व्यवस्थालाई संविधानमा निशर्त रुपमा खुला छोडेको पाइदैन; संविधानमा रहेका सीमा बन्देज अनुसारको कारण आइपरेको अवस्थामा बाहेक संसदीय प्रणालीको आधारभूत मुल्य, मान्यता तथा अभ्यासको आधार ग्रहण गरी अन्य बिकल्प हुँदाहुँदै कसैको इच्छा वा आत्मनिष्ठ रुपमा देखेको आवश्यकताका आधारमा आवधिक चुनाव बाहेकको अवस्थामा जनतालाई समेत आर्थिक दायित्व पर्ने गरी प्रतिनिधि सभा विघटन गरिनु संबिधानको मर्म र उद्देश्य नहुँदा त्यस्तो कार्य संविधानसम्मत् हुदैन" भनी व्याख्या भएको छ। सोही विवादको सिलसिलामा व्याख्या गर्दै भनिएको छ: "प्रतिनिधि सभाको कार्यकाल सम्बन्धमा संविधानको धारा ८५ को उपधारा (१) मा "यस संविधान बमोजिम अगावै बिघटन भएकोमा बाहेक प्रतिनिधि सभाको कार्यकाल पाँच बर्षको हुनेछ" भन्ने व्यवस्था रहेको छ। प्रतिनिधि सभा विघटनका सम्बन्धमा संविधानमा शाब्दिकरुपमा व्यक्त अवस्था परिस्थिति र अधिकार बाहेक अव्यक्त अधिकार पनि रहेको भन्ने दावी स्वीकारयोग्य देखिदैन। संसदले प्रधानमन्त्री दिने र संसदले दिएको प्रधानमन्त्री सोही संसदप्रति उत्तरदायी हुने व्यवस्था धारा ७६ मा रहेबाट सिमित सरकारको अवधारणा अंगिकार गरेको यस संविधानले प्रतिनिधि सभा बिघटनको केही पूर्वावस्थालाई लिखित रुपमा राखेको र अन्य अवधारणागत अधिकारलाई मौन वा सुषुप्त रुपमा क्रियाशील राखेको अनुमान गर्न सकिदैन। धारा ८५(१) मा "यस संविधान बमोजिम अगावै विघटन भएकोमा बाहेक" भन्ने वाक्यांशले प्रतिनिधि सभा निर्वाचन पश्चात धारा ७६ को उपधारा (१), (२), (३) र (५) बमोजिम प्रधानमन्त्री नियुक्त हुन नसकेपछि वा नियुक्त भएका प्रधानमन्त्रीले विश्वासको मत प्राप्त गर्न नसकेपछि (प्रतिनिधि सभाका कुनै सदस्य प्रधानमन्त्री नियुक्त हुने विकल्प समाप्त भएपश्चात) धारा ७६ को उपधारा (७) बमोजिम प्रतिनिधि सभा विघटन हुने संवैधानिक प्रावधान रहेको भन्ने अर्थमा नै बुझाउछ। प्रतिनिधि सभाको कार्यकाल निर्धारण गर्ने प्रयोजनार्थ रहेको धारा ८५ को उपधारा (१) प्रतिनिधि सभा विघटन गर्न अधिकार सृजना गर्ने स्वतन्त्र धाराको रुपमा रहेको भन्ने तर्क स्वीकार गर्न सकिदैन"। यसरी

भएको व्याख्या र स्थापित सिद्धान्तभन्दा अहिले फरक दृष्टिकोण राख्नु पर्ने कुनै उचित कारण देखिँदैन।

६१. "राजनीतिक स्थिरताका लागि निर्वाचन अनिवार्य छ; राजनैतिक हिसाबले कुनै परिणाम दिनै नसक्ने अवस्थाको प्रतिनिधिसभाको निरन्तरता निरर्थक छ; प्रतिनिधिसभाको पुन:स्थापनाको कुरा गर्नु मुलुकलाई थप अन्योल, अस्थीरता र राजनीतिक अराजकतामा धकेल्नु हो; यस्तो विषयमा अदालत प्रवेश गर्नु हुँदैन; जन अनुमोदनको लागि जनतामा जाने विषय राजनीतिक विषय हो" भनी प्रत्यर्थी मध्येका सम्माननीय प्रधानमन्त्रीले पेश गर्नु भएको लिखित जवाफमा जिकिर गरिएको देखियो। त्यसैले यस पक्षमा पनि संवैधानिक तथा कानूनी स्थिति सम्बन्धमा केही कुरा उल्लेख गर्नु पर्ने हुन आएको छ।

६२. राजनीतिक प्रश्न सम्बन्धी विषयमा यस अदालतबाट भएका पूर्व व्याख्या वा प्रतिपादित सिद्धान्ततर्फ दृष्टि-गोचर हुन आवश्यक छ। अधिवक्ता रबिराज भण्डारी वि. सम्माननीय प्रधानमन्त्री श्री मनमोहन अधिकारीसमेत भएको विवादमा[24] विघटन र राजनीतिक प्रश्नका कुरामा प्रसस्तै मार्ग निर्देश गरिएको देखिन्छ। उक्त विवादका सन्दर्भमा यस अदालतले प्रतिपादन गरेको सिद्धान्त निम्न अनुसार उधृत गरिएको छः

> "प्रतिनिधि सभाको विघटन सम्बन्धी सबै प्रश्नहरू राजनैतिक प्रश्नहरु नै हुन्छन् भनेर अदालतले तत् सम्बन्धी कुनै पनि विवादलाई अदालतमा प्रवेश गर्न नदिने वा तत् सम्बन्धी अन्य प्रश्नहरू जे जस्तो प्रकृतिका भएपनि त्यसमा कुनै विचारै नगर्ने भन्ने दृष्टिकोण अपनाउन मिल्दैन। संविधान एउटा राजनैतिक लिखतको साथै कानूनी लिखत पनि भएकोले संविधान अन्तर्गतका विवादहरूमा राजनैतिक प्रश्नहरू पनि विवादको विषय बन्दछन्। कार्यपालिका वा व्यवस्थापिकाको संविधान प्रदत्त अधिकारसँग सम्बन्धित भएको कारणले मात्र तत्सम्बन्धी सबै प्रश्नहरू राजनैतिक प्रश्न हुँदैन। विवादमा उपस्थित संवैधानिक वा कानूनी प्रश्नसँग राजनैतिक प्रश्न पनि गाँसिएको अथवा संवैधानिक विवादलाई राजनैतिक रंगमा रंगाइएको कारणले पनि संवैधानिक वा कानूनी वैधताको

24 अधिवक्ता रविराज भण्डारी वि. सम्माननीय प्रधानमन्त्री श्री मनमोहन अधिकारीसमेत; उत्प्रेषणयुक्त परमादेश; आदेश मिति: २०५२/५/१२

प्रश्न राजनैतिक प्रश्नमा रुपान्तरित हुने पनि होइन। त्यसैले कुनै पनि संवैधानिक विवादमा राजनैतिक प्रश्नहरूका अतिरिक्त संवैधानिक वा कानूनी प्रश्नहरू पनि मुछिएका छन् र विवादको निरुपणको लागि ती संवैधानिक वा कानूनी प्रश्नहरूको निरुपण हुनु आवश्यक देखिन्छ भने राजनैतिक प्रश्न सम्बन्धी अवधारणालाई अघि सारेर यस अदालतले संवैधानिक र कानूनी प्रश्नको निर्णय गर्ने आफ्नो संवैधानिक अभिभारालाई पन्छाउन पनि मिल्दैन। त्यस अवस्थामा यस अदालतले राजनैतिक प्रश्नहरूलाई अलग पन्छाएर संवैधानिक र कानूनी प्रश्नहरूको निर्णय गर्नु नै संविधानको व्यवस्था र भावना अनुरुप हुन्छ। त्यस्तो स्थितिमा संविधान वा कानूनको व्याख्या गर्ने अन्तिम अधिकारीको रुपमा संविधानले यस अदालतलाई सुम्पेको अधिकार र अधिकारक्षेत्रलाई सीमित वा कुण्ठित गर्ने अवधारणाको रूपमा राजनैतिक प्रश्न सम्बन्धी अवधारणाको उपयोग गर्नु कदापि संविधानसम्मत् हुँदैन। राजनैतिक प्रश्नको अवधारणा वस्तुतः अदालतको अधिकारलाई सीमित वा कुण्ठित गर्नको लागि संविधान वा कानूनले नै परिभाषित गरेको कुनै अवधारणा नभएर न्यायपालिकाले स्वयं प्रतिपादित गरेको एउटा सैद्धान्तिक अवधारणा हो। यसको एउटै प्रयोजन संवैधानिक अंगहरूका बीच अनावश्यक द्वन्द र टकरावको स्थितिको सृजना हुन नदिई ती सबै अंगहरूले आफ्नो-आफ्नो कार्य क्षेत्र र अधिकारको प्रयोग स्वतन्त्रतापूर्वक गर्न सकून भन्ने हो। त्यसको अर्थ अदालत समक्ष विचाराधीन विवादहरू कार्यपालिका वा व्यवस्थापिकाले गरेको निर्णयसँग सम्बन्धित छन भन्दैमा अदालतले त्यसबाट पन्छने दृष्टिकोण लिनु पर्छ भन्ने होइन। यो अदालत संविधान र प्रचलित नेपाल कानूनको अन्तिम व्याख्याता हो। कुनै पनि विवादमा उठेका कानूनी वा संवैधानिक प्रश्नहरूको निर्णय गर्ने सम्बन्धमा यो अदालतले सम्बद्ध कानूनी वा संवैधानिक प्रावधानहरूमा के व्यवस्था भएको छ र ती कानूनी वा संवैधानिक प्रावधानहरुको अर्थ के हो भन्ने कुराको अन्तिम रूपमा निर्णय गर्ने अधिकार संविधानले यो अदालतलाई प्रदान गरेको छ। वस्तुतः विभिन्न संवैधानिक अङ्ग, निकाय वा पदाधिकारीलाई संविधानले के कस्ता अधिकारहरू प्रदान गरेको छ र त्यस्तो कुनै अंग, निकाय वा पदाधिकारीले गरेको कुनै कार्य संवैधानिक वा कानूनी व्यवस्थाको प्रतिकूल छ वा छैन भन्ने कुराको जाँचबुझ गर्ने तथा कसैलाई संविधान र कानूनले तोकेको कार्यक्षेत्र र अधिकारको सिमालाई अतिक्रमण गर्न नदिइ संविधानको संरक्षण गर्नु यस अदालतको कर्तव्य नै हो। त्यसैले संविधान अन्तर्गत अधिकारको प्रयोग गरेर गरिएका जुनसुकै कार्यको संवैधानिक वैधता जाँचबुझ गर्ने धारा ८८ को उपधारा (१) र (२) ले यस अदालतलाई असाधारण अधिकारहरू प्रदान गरेको पनि छ।"

६३. अधिवक्ता श्याम कुमार खत्रीसमेत वि. सम्माननीय प्रधानमन्त्री श्री शेर बहादुर देउवासमेत भएको विवादका सन्दर्भमा[25] पनि यस अदालतबाट राजनैतिक विवादको विषयमा केही व्याख्या भएको देखिन्छ। उक्त विवादका सन्दर्भमा निम्न कुरा उल्लेख गरिएको छ:

> "संविधान एउटा राजनैतिक एवं कानूनी लिखत पनि भएकोले संविधान अन्तर्गतका विवादहरुमा राजनैतिक प्रश्नहरुका साथै संवैधानिक वैधताका प्रश्नहरु पनि समावेश भएको अवस्थामा त्यस्ता प्रश्नहरुको निरुपणका लागि अदालतले आफ्नो संवैधानिक जिम्मेवारीलाई पन्छाउन मिल्दैन। कानूनी एवं संवैधानिक प्रश्न बाहेकका अन्य राजनैतिक प्रश्नहरु (Political Question Doctrine) निहित भएको विवादको न्यायिक निरोपण हुन सक्दैन (Baker v. Carr 1962, 369 US 186) भन्ने सिद्धान्तको विकासद्वारा अदालतले केवल संवैधानिक एवं कानूनी मापदण्ड भित्रका विवादहरु (Judicially manageable standard) को मात्र निरुपण गर्दछ। संविधान एवं कानूनको व्याख्या गर्ने अन्तिम अधिकारीको रुपमा संविधानले सर्वोच्च अदालतलाई स्वीकार गरेको छ। प्रस्तुत मुद्दामा संविधानको धारा ३६(१), धारा ५३(१), धारा ५३(४) र संकटकालीन अधिकार सम्बन्धी धारा ११५ को समेत व्याख्या गर्ने प्रश्नहरु उठाइएकोले प्रतिनिधि सभा विघटन सम्बन्धी विषय प्रस्तुत सन्दर्भमा राजनैतिक विवाद मात्र नभई संवैधानिक प्रश्न पनि निहित भएको देखिँदा अदालतको न्यायिक पुनरावलोकन कै विषयभित्र पर्न आएको मान्नु पर्ने हुन्छ"।

६४. देवप्रसाद गुरुङ समेतका रिट निवेदनहरुका सिलसिलामा[26] यस अदालतबाट आदेश हुँदा निम्न व्यहोरा उल्लेख भएको देखिन्छ:

> "संविधानमा न्यायिक निरुपणको विषय हुँदैन भनी प्रष्ट शब्दमा अन्यथा व्यवस्था गरेको विषयका कुरामा बाहेक संविधानमा रहेका कुनै प्रावधानको प्रयोग र व्याख्या सम्बन्धी प्रश्न उठाई अदालतमा प्रवेश गरिएको अवस्थामा त्यस प्रकारका प्रश्नहरूको निरुपण गर्नु

25 अधिवक्ता श्याम कुमार खत्रीसमेत वि. सम्माननीय प्रधानमन्त्री श्री शेर बहादुर देउवासमेत; २०५९ सालको रिट नं. ३५४२; निर्णय मिति: २०५९/४/२१ (यस अदालतका ११ जना न्यायाधीशहरु संलग्न ईजलासबाट भएको आदेश।

26 निवेदक देवप्रसाद गुरुङसमेत प्रत्यर्थी राष्ट्रपतिको कार्यालयसमेत, ०७७-WC-००३७; मिति २०७७/११/११ मा भएको आदेश।

यस अदालतको कर्तव्य नै बन्दछ। केवल राजनीतिक महत्त्व वा राजनीतिक कियाकलाप भन्ने जस्ता कुराको आवरणमा संविधानद्वारा निर्धारित सीमा वा परिधि नाघेको भनी उठाएको प्रश्नहरुको निरुपण गर्न पन्छिने हो भने यस अदालतले संविधान प्रदत्त जिम्मेवारी पुरा नगरेको अवस्था सृजना हुन जान्छ"।

६५. प्रतिनिधि सभा विघटनको विषयसंग राजनीतिक सम्बन्धहरु जोडिएका हुने भएपनि आधारभूत रुपमा यो संवैधानिक प्रावधानको अनुशरण भए-नभएको विषयसंग सम्बन्धित न्यायिक निरुपणयोग्य प्रश्न हो। विगतका दृष्टान्तहरु हेर्दा प्रतिनिधि सभा विघटनको विषय केवल राजनीतिक विषय मात्र नभएर संविधानको व्याख्या र प्रयोग सम्बन्धी न्यायिक निरुपणयोग्य विषय हो भनी यस अदालतबाट व्याख्या भैसकेको देखिन्छ। यस कुरामा अहिले अन्यथा फरक धारणा वा दृष्टिकोण राख्नु पर्ने कुनै उचित कारण प्रस्तुत हुन आएको देखिदैन। संविधानले देशको राजनीतिक संस्था, संरचना, गतिविधि र राज्य-सञ्चालन-विधि निर्धारण गर्ने भएकाले राजनीतिसंग अवश्य नै यसको सम्बन्ध रहेको हुन्छ। संविधान अन्तर्गत नै राजनीति सञ्चालित हुने भएकाले यसमा राजनीतिक सम्बन्ध देखिनु स्वभाविक पनि छ। तर संविधान केवल राजनीतिक दस्तावेज मात्र नभएर यो कानून मध्येको मूल कानून पनि हो। संविधानमा रहेका प्रावधानको प्रयोग र पालना सम्बन्धी प्रश्नलाई राजनीतिक विवादको आवरण दिएर न्याय निरुपण गर्नबाट पन्छिनु यस अदालतका लागि शोभनीय विषय हुँदैन। संविधान स्वयमले स्पष्ट शव्दमा न्यायिक निरुपणको विषय हुँदैन भनी बाहेक गरेको कुरामा सामान्यतया: अदालत प्रवेश पनि गर्दैन[27]। कुनै विषय न्यायिक निरुपण-योग्य हो वा होइन भन्ने कुराको निरुपण स्वयं अदालतबाट नै हुने कुरा पनि यस प्रसंगमा स्मरणीय छ। संविधानमा रहेका कुनै प्रावधानको प्रयोग र व्याख्या सम्बन्धी प्रश्न उठाई अदालतमा प्रवेश गरिएको अवस्थामा त्यस प्रकारका प्रश्नहरुको निरुपण गर्नु यस अदालतको कर्तव्य नै बन्दछ। राजनीतिक महत्व, राजनीतिक सम्बन्ध वा राजनीतिक क्रियाकलाप जस्ता

27 उदाहरणका लागि नेपालको संविधानको भाग ४ (राज्यका निर्देशक सिद्धान्त, नीति तथा दायित्व) मा लेखिएका कुनै विषय कार्यान्वयन भए वा नभएको सम्बन्धमा धारा ५५ अनुसार अदालतमा प्रश्न उठाउन मिल्दैन, धारा १०३ को उपधारा (१), (२), (५) तथा धारा १८७(५) बमोजिमका संघीय संसद वा प्रदेश सभाको विशेषाधिकार सम्बन्धमा धारा १३३ को उपधारा (३) को प्रतिबन्धात्मक वाक्य अनुसार पनि अदालतमा प्रश्न उठाउने गरिँदैन।

कुराको आवरणमा संविधानद्वारा निर्धारित सीमा वा परिधि नाघेको भनी उठाइएका प्रश्नहरुको निरुपण गर्नबाट पन्छिने हो भने यस अदालतले नियन्त्रण र सन्तुलनको संवैधानिक जिम्मेवारी पुरा नगरेको हुन जान्छ। विघटन सम्बन्धी प्रश्न संविधानको पालनासंग प्रत्यक्षतः सम्बन्धित भएकाले यसलाई राजनीतिक प्रश्नको आवरण दिएर यस विषयमा अदालतले प्रवेश गर्नु हुँदैन भन्नु युक्तिसंगत देखिँदैन।

६६. प्रतिनिधि सभाको निरन्तरता वा विघटनको कुरामा राजनीतिक अर्थ र सम्बन्धहरु रहनु स्वभाविक छ। तर यही सम्बन्धको कुरालाई प्रतिनिधि सभा विघटन गर्ने संविधान अनुकूलको पर्याप्त कारण वा तर्क मान्न मिल्ने देखिँदैन। अहिले यस अदालतले हेर्ने भनेको हाल प्रचलनमा रहेको संविधानमा रहेका प्रावधानहरु नै हुन्। संविधानले अनुमति नदिएको कुरामा आवश्यकता, व्यवहारिकता वा औचित्यलाई मात्र हेरेर यस अदालतले विवादको निरुपण गर्न मिल्दैन। संविधान वा कानूनमा रहेका प्रावधानलाई अन्देखा गरेर वा एकातिर पन्छाएर आवश्यकता, व्यवहारिकता वा औचित्यका जिकिरलाई मान्यता दिएर विवादको निरुपण गर्न थालियो भने त्यसको परिणामस्वरुप स्वेच्छाचारिताले नै प्रश्रय पाउने खतरा रहन्छ। संविधानमा अभिव्यक्त शब्द, वाक्य वा भावलाई एकातर्फ पन्छाएर व्यवहारिकता, राजनीतिक स्थायित्व जस्ता तर्कका आधारमा निष्कर्षमा पुग्नु न्यायिक मूल्य, मान्यता, सिध्दान्त र प्रचलन अनुकूल पनि हुँदैन। संविधानले आत्मसात् गरेका आदर्श र अभिष्ट प्राप्तिका लागिसम्म आवश्यकता, व्यवहारिकता वा औचित्य जस्ता कुराहरु व्याख्याको सन्दर्भमा सहयोगी बन्न सक्तछन्।

६७. कुनै राजनीतिक परिणाम दिन सक्तछ वा सक्तैन भन्ने आधारमा प्रधानमन्त्रीको तजविजमा प्रतिनिधि सभाको विघटन गर्न पाउने छुट नेपालको संविधानको कुनै पनि धारा वा उपधाराले दिएको देखिँदैन। जनताद्वारा निर्वाचित प्रतिनिधि सभाको पुनर्स्थापना हुँदा मुलुक थप अन्योल, अस्थीरता र राजनीतिक अराजकतामा धकेलिन पुग्दछ भन्ने कुरा स्वयममा आत्मनिष्ट र अमूर्त निष्कर्ष हो। जन-निर्वाचित विधायिकालाई कार्यकारिणीको तजविज वा स्वविवेकमा विघटन गरेर राजनीतिक अस्थीरता, अन्योलता वा अराजकता हटाउन सकिन्छ भन्ने तर्कको अन्तर्यमा रहेको अभिष्ट बुझ्न कठिन देखिन्छ। प्रतिनिधि सभाको कार्यकाल पुरा नहुँदै राजनीतिक स्थीरता जस्ता कारण देखाएर विघटन गर्ने र निर्वाचन गराउने छुट संविधानले दिँदैन। प्रतिनिधि सभाका

सदस्यहरुलाई सार्वभौम जनताले पाँच बर्षका लागि आफ्नो प्रतिनिधिको हैसियतमा शासन व्यवस्था सञ्चालन गर्ने आदेश र अख्तियारी दिएर पठाएका हुन्। यसरी जनताबाट पाएको आदेश र अख्तियारीको पालना नगरी पाँच बर्षको अवधि नपुग्दै बीचैमा प्रतिनिधि सभा विघटन गरी पुनः जनतामा जाने कुरा संविधानमा अन्तर्निहित भावना र निर्वाचनको माध्यमबाट प्रकट भएको जनादेश अनुकूल हुँदैन। जनताको ताजा अभिमतका लागि निर्वाचनमा जाने कुरा अवश्य नै लोकतान्त्रिक विधि हो। तर लोकतान्त्रिक विधिको प्रयोग वा अनुशरण गर्ने कुराका पनि विधि र पद्धती छन्। राजनीतिक समन्वय, समझदारी, सद्भाव, सहिष्णुता, सहकारिता र सहकार्यका कुरामा देखा परेका समस्याहरुको पटाक्षेपस्वरुप "लोकतान्त्रिक विधि", "जनताको ताजा अभिमत" भनी भैरहेको प्रतिनिधि सभालाई असामयिक रुपमा विघटन गरेर निर्वाचनमा जाने छुट वर्तमान संविधानले दिंदैन। संविधानको धारा ७६(५) बमोजिम बैकल्पिक सरकार गठन हुन नसकेको अवस्थाका कुरामा बाहेक अन्य कुनै आधार वा कारणबाट कार्यावधि बाँकी रहेको प्रतिनिधि सभाको विघटन हुन नसक्ने भएकाले राजनीतिक औचित्यसंग जोडिएका अन्य तर्क, आधार वा कारणहरुको वर्तमान संविधानमा रहेको प्रावधानका दृष्टीले कुनै औचित्य र सान्दर्भिकता नै देखिंदैन।

६८. यस प्रसंगमा अर्को पनि विचारणीय पाटो छ। राज्यका प्रत्येक अङ्गले आफ्नो अधिकारको प्रयोग गर्दा संविधान र कानूनद्वारा निर्धारित सीमाभित्र रहनु पर्दछ। अर्को अङ्गलाई निषेध गर्ने वा निष्प्रभावी तुल्याउने कुराले शक्तिपृथकीकरण तथा नियन्त्रण र सन्तुलनको सिद्धान्तको प्रयोग र पालनामा अनुचित अवरोध पैदा हुन जान्छ। लोकतान्त्रिक सरकार भन्नाले सिमित सरकार (Limited Government) हो भन्ने मानिन्छ। संविधानले अनुमति नदिएको कुरामा कार्यकारिणी अधिकारको प्रयोग हुन सक्तैन। संसदीय प्रजातन्त्र तथा शक्तिपृथकीकरणको सिद्धान्तको प्रयोग गर्ने शैली, तरिका वा मोडल पनि प्रचलनमा रहेको संविधानको सापेक्षतामा नै अनुशरण गरिन्छ। नेपालको संविधानको प्रस्तावनामा "जनताको प्रतिस्पर्धात्मक बहुदलीय लोकतान्त्रिक शासन प्रणाली" लगायतका "लोकतान्त्रिक मूल्य मान्यतामा आधारित" राष्ट्र निर्माण गर्ने उद्देश्यले संविधान जारी गरिएको कुरा अभिव्यक्त भएको छ। यो संविधानमा संसदीय लोकतन्त्रका आधारभूत विशेषताहरुलाई आत्मसात् गर्दै परम्परागत अभ्यासभन्दा केही

भिन्न र मौलिक विशेषताहरु पनि समावेश गरिएको देखिन्छ। विगतको तुलनामा संसदलाई अपेक्षाकृत बढी स्वतन्त्र, दिगो र सबै प्रकारका राजनीतिक समस्याहरुको निकाश दिने आधिकारिक थलोको रुपमा खडा गरिएको देखिन्छ। वर्तमान संविधानले गरेको परिवर्तित व्यवस्था मध्ये विधायिकी अङ्गको स्थायित्व कायम राख्ने र सरकार प्रमुखको स्वेच्छामा प्रतिनिधि सभाको विघटन हुन नसक्ने कुरा प्रस्तुत विवादको सन्दर्भमा विशेष रुपमा स्मरणीय र विचारणीय देखिन्छन्। यस प्रकारका वस्तुतथ्यलाई अन्देखा गरेर प्रतिनिधि सभा विघटन गर्ने तजविजी अधिकारको दाबी गर्नु मनासिब देखिदैन।

६९. प्रतिनिधि सभा विघटनको कारणमा सरकारमा रहेको राजनीतिक दलको आन्तरिक समस्यालाई समेत अगाडि सारिएको देखिन्छ। राजनीतिक दलभित्र जे सुकै आन्तरिक समस्या भएपनि त्यस प्रकारका दलीय आन्तरिक समस्यालाई प्रतिनिधि सभा विघटन गर्ने वैध कारण मान्न सकिदैन। ताजा जनादेशको नाउँमा आफ्नो सुविधा र ईच्छा अनुकूल जहिलेसुकै र जुनसुकै कारणबाट निर्वाचन गर्ने गराउने कुरालाई संविधानले स्वीकृति दिदैन। ताजा जनादेश प्राप्त गर्ने समयावधि निर्धारित छ। नेपालको संविधानको धारा ७६(७) को अवस्थामा बाहेक प्रत्येक पाँच बर्षमा ताजा जनादेश प्राप्त गर्नु पर्ने हुन्छ। प्रतिनिधि सभाका निर्वाचित सदस्यहरुलाई पाँच बर्षको एक कार्यावधिका लागि ताजा जनादेश प्राप्त जनप्रतिनिधिहरु मान्नु पर्दछ। संविधानमा रहेको प्रावधान प्रतिकूल ताजा जनादेश भनी असामयिक रुपमा प्रतिनिधि सभा विघटन गर्नु संविधान अनुकूल हुँदैन। वर्तमान संविधानले राजनीतिक दलहरुका बीच उच्चतम् समझदारी र सहकार्यको अपेक्षा राख्दछ र राजनीतिक समस्याको समाधान समझदारीका आधारमा गर्नु पर्ने र शासन प्रणालीमा स्थायित्व कायम हुनु पर्ने मान्यता समेत आत्मसात् गरेको देखिन्छ। यस अवस्थामा प्रतिनिधि सभा विघटन हुनु संविधानले निर्धारण गरेको सीमा, परिधि तथा आत्मसात् गरेको राजनीतिक दर्शनका दृष्टीले मनासिब देखिदैन।

७०. निर्वाचन सबैभन्दा अग्रगामी र लोकतान्त्रिक विधि हो भनी प्रत्यर्थीको तर्फबाट प्रतिनिधि सभाको विघटन गरी निर्वाचन मिति तोकिएको कुराको औचित्य प्रमाणित गर्न खोजिएको देखिन्छ। निश्चय नै लोकतन्त्रमा आवधिक निर्वाचन हुनु पर्दछ। निर्वाचन

हुनु लोकतन्त्रको आधारभूत विशेषता नै हो। तर निर्वाचन वा जनताको अभिमतको नाउँमा जहिलेसुकै पनि राजनीतिक वा शासकीय सुविधाको लागि संविधानको भावना र मर्म प्रतिकूल हुने गरी प्रतिनिधि सभा विघटन गर्नु मनासिब हुँदैन। सरकार गठनको संवैधानिक विकल्प कायम रहेसम्म संविधानले तोकेबमोजिमको कार्यावधि बाँकी रहेको प्रतिनिधि सभालाई कायम राख्नु वा निरन्तरता दिनु नै संविधानसम्मत् हुन्छ। निर्वाचन लोकतान्त्रिक विधि हो भन्ने कुराको आडमा सार्वभौम जनताका प्रतिनिधिहरुले सरकारको विकल्प खोज्न पाउने वैधानिक अधिकारमा असर पर्ने गरी अर्थात संविधानले निर्धारित गरेका शर्त प्रतिकूल हुने गरी भैरहेको प्रतिनिधि सभालाई विघटन गर्ने र नयाँ जनादेशको खोजी गर्ने कुराको न्यायिक औचित्य प्रमाणित हुन सक्तैन।

७१. नेपालको संविधानको धारा ७६(५) मा उल्लेख भएको प्रतिनिधि सभाको "कुनै सदस्यले प्रतिनिधि सभामा विश्वासको मत प्राप्त गर्न सक्ने आधार प्रस्तुत गरेमा" भन्ने वाक्यांशको अर्थ, प्रयोजन वा अभिप्रायः कै सेरोफेरोमा प्रस्तुत विवाद केन्द्रित रहेको हुँदा अब सो सम्बन्धी प्रश्नको निरुपण गर्नु आवश्यक हुन आएको छ। मिति २०७८/२/७ गते माननीय श्री शेरबहादुर देउवाको नेतृत्वमा सरकार गठन गर्न भनी ने.क.पा. एमालेका प्रतिनिधि सभाका २६ जना सदस्यहरु सहित कूल १४९ जना सदस्यहरुले हस्ताक्षर गरी राष्ट्रपति कार्यालयमा दावी-पत्र (निवेदन) पेश गरिएको कुरामा विवाद छैन। स्वयं राष्ट्रपतिको कार्यालयको मिति २०७८/२/७ को विज्ञप्तिमा पनि यो तथ्य उल्लेख भएको देखिन्छ। यो संख्या प्रतिनिधि सभामा तत्काल कायम रहेको सदस्यहरुको बहुमत संख्या हो भन्ने कुरामा पनि विवाद देखिदैन। यसरी संविधानको धारा ७६(५) बमोजिम सरकार गठनको पक्षमा सहमति (विश्वास) जनाई हस्ताक्षर समेत गरी दावी-पत्र (निवेदन) पेश भएको कुरालाई प्रतिनिधि सभामा विश्वासको मत प्राप्त गर्न सक्ने आधार प्रस्तुत गरेको भनी मान्नु पर्ने देखिन्छ[28]। बहुमत सदस्यको हस्ताक्षर पेश हुन आउनु स्वयममा नै "प्रतिनिधि सभामा विश्वासको मत प्राप्त

28 "Without highly cogent material, it would be wholly irrational for constitutional authority to deny the claim made by a majority to form the Govt." भनी Rameshwar Prasad V. Union of India, AIR 2006 SC 980 को विवादमा भारतीय सर्वोच्च अदालतले व्याख्या गरेको कुरा पनि यहाँ स्मरणीय छ।

गर्न सक्ने आधार" हो। यसरी विश्वास रहेको आधार पेश गर्ने सन्दर्भमा कुनै राजनीतिक दलको तर्फबाट सहमति प्रदान गरिएको छ भने त्यो पनि ग्रहणयोग्य तथ्य बन्दछ। तर यस प्रकारको दलीय सहमति हुनु अनिवार्य शर्तको रुपमा रहेको भने देखिँदैन। प्रतिनिधि सभाका कुनै पनि सदस्यले संविधानको धारा ७६(५) बमोजिम समर्थन जनाउन वा कसैको पक्षमा विश्वास व्यक्त गर्न पाउने नै हुन्छ। यसरी विश्वास जनाउने वा दावी पेश गर्ने सन्दर्भका कुनै कुरामा यदि कुनै संशयको अवस्था थियो भने पनि सो कुराको सामान्य तवरबाट नै प्रारम्भिक रुपमा परीक्षण गर्न सकिने देखिन्छ। यो नै सामान्य र स्वभाविक प्रकृया पनि हो[29]। तर विवादित विघटनको सन्दर्भमा त्यस प्रकारको विधिसंगत प्रकृया अपनाइएको देखिन नआएबाट १४९ जनाको समर्थन सहित दावी परेको कुरामा सम्माननीय राष्ट्रपति विस्वस्त रहनु भएको मात्र पर्ने अवस्था समेत देखिन्छ।

७२. प्रतिनिधि सभाको कुनै सदस्यले प्रधानमन्त्री पदमा नियुक्तिको लागि प्रतिनिधि सभामा विश्वासको मत प्राप्त गर्न सक्ने वा नसक्ने के हो भन्ने कुराको निरुपण गर्ने आधिकारिक निकाय भनेको स्वयम् प्रतिनिधि सभा नै हो। प्रतिनिधि सभा बाहेक अन्य कुनै निकाय वा पदाधिकारीबाट विश्वास रहेको वा नरहेको प्रश्नको अन्तिम रुपमा निरुपण गर्न मिल्दैन। राष्ट्रपतिबाट धारा ७६(५) बमोजिम "विश्वासको मत प्राप्त गर्न सक्ने आधार" प्रस्तुत भएको वा नभएको कुराको प्रारम्भिक अवस्था (prima facie facts) सम्म हेरिने हो। प्रारम्भिक तथ्यहरुबाट विश्वास रहेको कुरा प्रस्तुत हुन आएको अवस्थामा त्यसलाई राष्ट्रपतिले अस्वीकार गर्न मिल्दैन। तर प्रस्तुत विवादका सन्दर्भमा हेर्दा निवेदक मध्येका श्री शेर बहादुर देउवाप्रति विश्वास जनाउने प्रतिनिधि सभाका ने.क.पा. एमाले र जनता समाजवादी पार्टी सम्बध्द केही सदस्यहरु उपर राजनीतिक दल सम्बन्धी ऐन, २०७३ बमोजिम कारवाही हुने (सांसद पदबाट हटाउने) आशयले

29 प्रत्यर्थीहरुको तर्फबाट लिइएको जिकिरमा रिट निवेदकहरु समेतका १४९ जनाले सम्माननीय राष्ट्रपति समक्ष पेश गर्नु भएको दावी-पत्रमा टिपेक्स लगाइएको, काटकुट गरेको, रीत नपुगेको, शंकास्पद रहेको आदि भनी उल्लेख गरिएको देखिन्छ। विवादको प्रकृतितर्फ विचार गर्दा यस प्रकारको नितान्त प्राविधिक र न्यायिक दृष्टीले औचित्यहीन जिकिरको कुनै अर्थ नदेखिदा सो सम्बन्धमा थप व्याख्या र विवेचना गरिरहनु पर्ने आवश्यकता रहेन।

पत्राचार गरिएको भन्ने आधारमा असान्दर्भिक र कानून प्रतिकूल तर्क गरी निजहरुले गरेको हस्ताक्षरको विषयमा प्रश्न उठाई धारा ७६(५) बमोजिम प्रधानमन्त्री नियुक्त गर्न ईन्कार गरिएको पाइयो। उल्लिखित कुनै पनि सदस्य उपर संविधानको धारा ८९(ङ) तथा राजनीतिक दल सम्बन्धी ऐन, २०७३ को परिच्छेद ६ (दफा ३० देखि ३६) बमोजिम कारवाही र सजाय भएको देखिँदैन। निजहरुले कानूनतः दल त्याग गरेको र निजहरु कसैको सदस्य पद रिक्त भएको देखिँदैन। प्रतिनिधि सभाको सदस्य पदबाट विधिवत रुपमा नहटेसम्म निजहरुले प्रतिनिधि सभाको सदस्यको हैसियतमा अधिकार र कर्तव्यको प्रयोग र पालना गर्न पाउने अवस्था रहन्छ। सम्बन्धित राजनीतिक दल, संसदीय दल तथा संसदबाट कानून बमोजिम प्रकृया पुरा गरी पद रिक्त नगरिएको स्थितिमा असम्बध्द प्रमाण र असान्दर्भिक तर्क अगाडि सारेर सम्माननीय राष्ट्रपतिको तहबाट गरिएको निर्णयलाई संविधान अनुकुल मान्न मिल्दैन।

७३. नेपालको संविधानको धारा ८५ मा प्रतिनिधि सभाको कार्यकाल सम्वन्धी निम्नानुसारको प्रावधान रहेको देखिन्छः

धारा ८५ - (१) "यस संविधान बमोजिम अगावै विघटन भएकोमा बाहेक प्रतिनिधि सभाको कार्यकाल पाँच बर्षको हुनेछ।

(२) उपधारा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि संकटकालीन अवस्थाको घोषणा वा आदेश लागू रहेको अवस्थामा संघीय ऐन बमोजिम प्रतिनिधि सभाको कार्यकाल एक बर्षमा नबढ्ने गरी थप गर्न सकिनेछ।

(३) "उपधारा (२) बमोजिम थप गरिएको प्रतिनिधि सभाको कार्यकाल संकटकालीन अवस्थाको घोषणा वा आदेश खारेज भएको मितिले छ महिना पुगेपछि स्वतः समाप्त हुनेछ"।

७४. नेपालको संविधानको धारा ८५ मा रहेका उपरोक्त प्रावधानहरु मध्ये उपधारा (२) र (३) मा रहेका संकटकालीन अवस्थाको घोषणा भएको समयमा आकर्षित हुन सक्ने प्रावधानको हाल यस विवादका क्रममा कुनै सान्दर्भिकता नदेखिएकाले सो तर्फ थप विवेचना गरिरहन परेन। प्रस्तुत विवादका सन्दर्भमा धारा ८५(१) को प्रावधान महत्वपूर्ण र सान्दर्भिक देखिन्छ। उक्त धारा ८५(१) मा "यस संविधान बमोजिम अगावै विघटन भएकोमा बाहेक प्रतिनिधि सभाको कार्यकाल पाँच बर्षको हुनेछ" भनी

उल्लेख भएकोबाट सामान्यतयाः प्रतिनिधि सभाको कार्यकाल पाँच वर्षको हुने कुरा प्रष्ट नै छ। उक्त उपधारामा प्रयुक्त **"यस संविधान बमोजिम अगावै विघटन भएकोमा बाहेक"** भन्ने वाक्यांशको अर्थ वा प्रयोजन हेरिनु यस प्रसंगमा महत्वपूर्ण छ। यस प्रावधान अनुसार पाँच वर्ष अगावै पनि प्रतिनिधि सभाको विघटन हुन सक्तछ, तर त्यस्तो विघटन "संविधान बमोजिम" नै गरिएको हुनु पर्दछ। यो संविधानद्वारा नै निर्धारण गरिएको शर्त हो।

७५. अब नेपालको संविधान बमोजिम **"अगावै विघटन"** हुन सक्ने अवस्था कुन रहेछ भन्ने सन्दर्भमा संविधानमा रहेका समग्र प्रावधान अध्ययन गरी हेर्दा संघीय संसदको प्रतिनिधि सभा विघटन हुने अवस्थाका सम्बन्धमा धारा ७६ को उपधारा (७) बाहेक अन्यत्र विघटन सम्बन्धी प्रावधान रहेको पाइएन। उक्त धारा ७६(७) मा "उपधारा (५) बमोजिम नियुक्त प्रधानमन्त्रीले विश्वासको मत प्राप्त गर्न नसकेमा वा प्रधानमन्त्री नियुक्त हुन नसकेमा प्रधानमन्त्रीको सिफारिसमा राष्ट्रपतिले प्रतिनिधि सभा विघटन गरी छ महिनाभित्र अर्को प्रतिनिधि सभाको निर्वाचन सम्पन्न हुने गरी निर्वाचनको मिति तोक्नेछ" भनी उल्लेख भएको देखिन्छ। प्रस्तुत विवादका सन्दर्भमा हेर्दा संविधानको धारा ७६ को उपधारा (५) बमोजिम प्रधानमन्त्री नियुक्त भएको अवस्था नदेखिदा निजले विश्वासको मत प्राप्त गर्न सकेको वा नसकेको भन्ने विषय अहिले सान्दर्भिक हुन आएन। संविधानको धारा ७६ को उपधारा (५) बमोजिम "प्रधानमन्त्री नियुक्त हुन नसकेमा" भन्ने वाक्यांशको सन्दर्भमा विवादित प्रश्नको निरुपण गर्नु पर्ने देखिन्छ।

७६. संविधानको धारा ७६(७) मा रहेको प्रावधान आकर्षित हुन धारा ७६(५) बमोजिमको शर्त पुरा हुनु वा सो बमोजिमको अवस्था विद्यमान रहेको देखिनु अनिवार्य छ। धारा ७६(५) बमोजिमको शर्त पुरा नभएको वा सो बमोजिमको अवस्था विद्यमान नरहेको अवस्थामा धारा ७६(७) बमोजिम प्रतिनिधि सभा विघटन हुन सक्तैन। धारा ७६(५) मा "उपधारा (३) बमोजिम नियुक्त प्रधानमन्त्रीले उपधारा (४) बमोजिम विश्वासको मत प्राप्त गर्न नसकेमा उपधारा (२) बमोजिमको कुनै सदस्यले प्रतिनिधि सभामा विश्वासको मत प्राप्त गर्न सक्ने आधार प्रस्तुत गरेमा राष्ट्रपतिले त्यस्तो सदस्यलाई प्रधानमन्त्री नियुक्त गर्नेछ" भनी उल्लेख भएको देखिन्छ। प्रस्तुत विवादको सन्दर्भमा हेर्दा प्रधानमन्त्री पदमा नियुक्त श्री के पी शर्मा ओलीले प्रतिनिधि सभाबाट मिति

२०७८/१/२७ मा बहुमत सदस्यको विश्वासको मत प्राप्त गर्न नसक्नु भएको (अर्थात हाल कायम रहेको कूल २७१ सदस्य मध्ये विश्वास छ भन्ने पक्षमा केवल ९३ मत रहेको) कुरामा कुनै बिबाद छैन। यसरी २०७८/१/२७ गते नै प्रतिनिधि सभाको विश्वास गुमाएको कुरा प्रमाणित भएको अवस्थामा तीन दिनपछि अर्थात २०७८/१/३० गते वहाँ नै पुनः प्रधानमन्त्री पदमा नियुक्त हुनु भएको देखिन्छ। यसपछि सम्माननीय प्रधानमन्त्रीले मिति २०७८/२/६ मा सम्माननीय राष्ट्रपति समक्ष "संविधानको धारा ७६ को उपधारा (४) बमोजिम तीस दिनभित्र प्रतिनिधि सभाबाट विश्वासको मत प्राप्त गर्नु पर्नेमा हाल विकशित राजनीतिक परिस्थितिमा संविधानको धारा ७६ को उपधारा (३) बमोजिमको मौजुदा सरकारलाई विश्वासको मत प्राप्त हुने दह्रो राजनीतिक आधार नदेखिएको, मिति २०७८/१/२७ भन्दा स्थितिमा तात्विक अन्तर नदेखिएको र मुलुकलाई अन्योलमा राख्न उचित नभएको हुँदा वैकल्पिक सरकार गठनका लागि मार्ग प्रशस्त गर्न उपयुक्त देखिएकोले नेपालको संविधानको धारा ७६ को उपधारा (५) बमोजिम प्रधानमन्त्री नियुक्ति सम्बन्धी प्रकृया आरम्भ गर्न नेपाल सरकार, मन्त्रिपरिषदबाट मिति २०७८/२/६ मा निर्णय भएको" भनी अनुरोध गर्नु भएको समेत देखियो। उपरोक्त अनुसारको अनुरोध पत्र पेश भएपछि सम्माननीय राष्ट्रपतिबाट सोही मिति २०७८/२/६ गते नै "नेपालको संविधानको धारा ७६ को उपधारा (५) बमोजिम प्रधानमन्त्री नियुक्ति गर्ने प्रयोजनका लागि संवत् २०७८ साल जेष्ठ ७ गते साँझ ५.०० बजेसम्म प्रतिनिधि सभामा विश्वासको मत प्राप्त गर्न सक्ने आधार प्रस्तुत गर्न" आह्वान गर्नु भएको पाइयो। यसरी गरिएको आह्वान अनुसार रिट निवेदकहरु मध्येका श्री शेरबहादुर देउवाप्रति विश्वास रहेको व्यहोरा खुलाई प्रतिनिधि सभाका १४९ जना सदस्यहरुले सम्माननीय राष्ट्रपति समक्ष दावी पेश गर्नु भएको देखिन्छ। यो संख्या तत्काल कायम रहेका प्रतिनिधि सभाका बहुमत सदस्य संख्या हो भन्ने कुरामा विवाद छैन। बहुमत सदस्यको समर्थन रहेको तथ्य पेश भएको कुरालाई "प्रतिनिधि सभामा विश्वासको मत प्राप्त गर्न सक्ने आधार प्रस्तुत गरेको" भनी मान्नु पर्ने देखिन्छ। यसरी विश्वासको मत प्राप्त गर्न सक्ने पर्याप्त र मनासिब आधार प्रस्तुत गरिएको अवस्थामा त्यसलाई मान्यता नदिई प्रतिनिधि सभा बिघटन गरिएको अवस्था देखियो।

७७. यस अदालतबाट मिति २०७७/११/११ मा भएको व्याख्याको सन्दर्भ उल्लेख गर्दै "विघटन सर्वोच्च अदालतको आदेशअनुरुप भएको छ" भनी प्रत्यर्थी मध्येका सम्माननीय प्रधानमन्त्रीको तर्फबाट जिकिर गरिएको पाइयो। तसर्थ यस अदालतबाट मिति २०७७/११/११ मा प्रतिनिधि सभा विघटन सम्बन्धी सिफारिस तथा निर्णयहरु बदर भई सो सभा पुनर्स्थापना भएको सन्दर्भमा गरिएको व्याख्या र प्रतिपादित सिद्धान्तका सन्दर्भमा मिति २०७८ जेठ ८ गते भएको प्रतिनिधि सभा विघटन सम्बन्धी प्रस्तुत विवादको स्थिति मूल्यांङ्कन गर्नु पर्ने हुन आएको छ। देवप्रसाद गुरुङसमेतको रिट निवेदनहरुका सिलसिलामा यस अदालतबाट "धारा ७६ को उपधारा (१), (२), (३) र (५) को समग्र बनोटलाई हेर्दा प्रधानमन्त्री नियुक्तिमा एक पछि अर्को प्रक्रिया अभ्यासगत रुपमा प्रतिनिधि सभाभित्र क्रियान्वयन हुँदै गई प्रधानमन्त्री नियुक्त हुन नसकेको वा विश्वासको मत प्राप्त गर्न नसकेको अवस्था सिर्जना भएमा त्यस्तो बाध्यात्मक अवस्थामा मात्र धारा ७६ को उपधारा (७) बमोजिम तत्काल बहाल रहेका प्रधानमन्त्रीको सिफारिसमा प्रतिनिधि सभा विघटन हुने संवैधानिक व्यवस्था रहेको देखिन्छ"[30] भनी व्याख्या भएको छ। नेपालको संविधानको धारा ७६ संग सम्बन्धित प्रश्नमा नै व्याख्या भएको देखिँदा यसरी गरिएको व्याख्यालाई नजीरको रुपमा ग्रहण गर्नु पर्ने अवस्था छ। उपरोक्त अनुसार प्रतिपादित सिद्धान्तका दृष्टीले हेर्दा पनि विवादित विघटनलाई यस "अदालतको आदेशअनुरुप भएको छ" भनी मात्र मिल्ने देखिदैन। प्रधानमन्त्री नियुक्ति हुने प्रकृया नै समाप्त नभएको; धारा ७६(५) बमोजिमको पूर्वावस्था कायम नै रहेको; र विश्वासको मत प्राप्त गर्ने अवस्था सिर्जना नै नभएको अवस्थामा विघटन गरिएको पाइयो। तसर्थ पनि करिब तीन महिना अगाडि मात्र यही प्रतिनिधि सभा विघटनको विषयमा विवादको सुनुवाई गरी यस अदालतबाट भएको व्याख्या र प्रतिपादित सिद्धान्त प्रतिकूल हुने गरी मिति २०७८/२/८ मा पुनः विघटन गरिएको कुरालाई स्वभाविक रुपमा लिन मिल्ने देखिदैन। यस अदालतबाट भएको पूर्व व्याख्याको दृष्टीले हेर्दा पनि मिति २०७८/२/८ को विघटन कार्य त्रुटिपूर्ण देखिन आयो।

30 निवेदक देवप्रसाद गुरुङसमेत प्रत्यर्थी राष्ट्रपतिको कार्यालयसमेत, ०७७-WC-००३७; मिति २०७७/११/११ मा भएको आदेश ।

७८. यस प्रसंगमा संविधानको धारा ७६(३) बमोजिम मिति २०७८/१/३० मा प्रधानमन्त्री पदमा नियुक्त हुनु भएका श्री के पी शर्मा ओलीले विश्वासको मत नलिनु भएको र वहाँले विश्वासको मत लिन सक्ने दह्रो राजनीतिक आधार नभएकोले वैकल्पिक सरकार गठनका लागि मार्ग प्रसस्त गरेको भनी मिति २०७८/२/६ गते सम्माननीय राष्ट्रपति समक्ष लिखित रुपमा अनुरोध गर्नु भएको सन्दर्भमा वहाँले धारा ७६(५) बमोजिम प्रधानमन्त्री पदमा नियुक्तिका लागि दावी पेश गर्न पाउने हो वा होइन भन्ने विषयमा विचार गर्नु पर्ने देखिन्छ। वस्तुतः विश्वासको मत प्राप्त गर्न नसक्नु र विश्वासको मत प्राप्त गर्ने प्रकृयामा प्रवेश नगर्दै विश्वासको मत प्राप्त गर्न नसक्ने कुरा स्वीकार गरी मार्ग प्रसस्त गर्नु धारा ७६(५) को प्रयोजनका लागि उस्तै अर्थात समान परिणाम दिने कुरा हुन्। विकल्प खोज्ने भन्नुको अर्थ भैरहेको अवस्थाभन्दा भिन्न कुराको खोजी गर्ने कार्य हो भन्ने बुझिन्छ। मन्त्रिपरिषदको मिति २०७८/२/६ को निर्णय र सम्माननीय प्रधानमन्त्रीको सोही मितिको सिफारिसमा विकल्प खोज्ने भनिएको कुराको तात्पर्य कायम रहेको सरकारको ठाउँमा अर्को सरकार निर्माण गर्ने भन्ने नै हुन्छ। विकल्प खोज्नु पर्ने अवस्था नपरी वा धारा ७६(३) बमोजिम नियुक्त प्रधानमन्त्रीले विश्वासको मत प्राप्त गर्ने अवस्था कायम रहेसम्म धारा ७६(५) प्रयोगमा आउने स्थिति नै आउँदैन। यस सन्दर्भमा संविधानको धारा ७६(३) बमोजिम नियुक्त प्रधानमन्त्रीले धारा ७६(४) बमोजिम विश्वासको मत प्राप्त गर्न नसक्ने भनी मार्ग प्रसस्त गर्नु भएको कुरालाई समर्पण, परित्याग वा असफलताको स्वीकारोक्ति भनी मात्र तर्कपूर्ण हुने देखिन्छ। यस अवस्थाका प्रधानमन्त्रीलाई संविधानको धारा १०० बमोजिम विश्वासको प्रस्ताव पारीत हुन नसकेका प्रधानमन्त्री सरह मान्नु पर्ने हुन्छ। यसरी धारा ७६(३) बमोजिम प्रधानमन्त्री पदमा नियुक्ति भई प्रतिनिधि सभाबाट विश्वासको मत प्राप्त गर्न नसक्ने तत्काल बहाल रहेका प्रधानमन्त्रीले धारा ७६(५) बमोजिम प्रधानमन्त्री पदमा नियुक्ति हुनका लागि दावी गर्न पाउने अवस्था नै रहँदैन; निजले त्यस प्रकारको दावी गर्न नै मिल्दैन। धारा ७६(५) को प्रावधान वैकल्पिक सरकार गठनको व्यवस्था हो। जसको विकल्पमा सरकार गठन हुने हो, निजैले पुनः सरकार गठनका लागि दावी गर्नु तर्कपूर्ण देखिदैन। यस प्रसंगमा संविधानको धारा ७६(५) मा रहेको "कुनै सदस्य" भन्नाले धारा ७६(३) बमोजिम प्रधानमन्त्री पदमा

नियुक्त भई प्रतिनिधि सभाबाट विश्वासको मत लिन नसकेका (वा विश्वासको मत लिन नसक्ने भनी स्वीकार गरेका) तत्काल बहाल रहेका प्रधानमन्त्री बाहेकका प्रतिनिधि सभाका अन्य कुनै सदस्य भनी बुझ्नु पर्ने हुन्छ। यसरी हेर्दा मिति २०७८/२/७ गते प्रधानमन्त्री पदमा नियुक्तिका लागि श्री के पी शर्मा ओलीले पेश गर्नु भएको दावी नै संविधान अनुकूलको देखिन आउदैन।

७९. विश्वासको मत प्राप्त गर्न नसकेका प्रधानमन्त्रीले प्रतिनिधि सभा विघटन गर्ने सिफारिस गर्न मिल्दैन भनी बहसका क्रममा निवेदक तर्फका केही विद्वान अधिवक्ताहरुले जिकिर प्रस्तुत गर्नु भएको पाइयो। विघटनका लागि सिफारिस कसले गर्ने अथवा कुन प्रकृया अपनाउने भन्ने विषयमा पनि स्पष्ट दृष्टिकोण अपनाउन आवश्यक देखिएको छ। नेपाल अधिराज्यको संविधान, २०४७ को सन्दर्भमा व्याख्या हुँदा अल्पमतमा परेका प्रधानमन्त्रीले प्रतिनिधि सभाको विघटनका लागि सिफारिस गर्न नमिल्ने भन्ने दृष्टिकोण अपनाइएको देखिन्छ। तर अहिलेको संविधानको प्रावधान फरक किसिमको रहेको छ। यसका लागि संविधानको धारा ७६ को उपधारा (२) देखि उपधारा (७) सम्मका सबै प्रावधानलाई हेरेर सुसंगत अर्थ लगाउनु पर्ने हुन्छ। संविधानको धारा ७६ को उपधारा (३) बमोजिम नियुक्त प्रधानमन्त्रीले उपधारा (४) बमोजिम विश्वासको मत प्राप्त गर्न नसकेको अवस्थामा मात्र उपधारा (५) मा रहेको "प्रतिनिधि सभाको कुनै सदस्यले प्रतिनिधि सभामा विश्वासको मत प्राप्त गर्न सक्ने आधार प्रस्तुत गरेमा" भन्ने प्रावधान आकर्षित हुने हो। सो प्रावधान बमोजिम "विश्वासको मत प्राप्त गर्न सक्ने आधार प्रस्तुत गरेमा" राष्ट्रपतिले त्यस्तो सदस्यलाई प्रधानमन्त्री नियुक्त गर्नु नै पर्ने हुन्छ। प्रतिनिधि सभाको कुनै सदस्यले "विश्वासको मत प्राप्त गर्न सक्ने आधार प्रस्तुत गरेमा" निजलाई प्रधानमन्त्रीमा नियुक्त गर्न ईन्कार गर्न मिल्दैन। यसरी विश्वासको मत प्राप्त गर्न सक्ने आधार प्रस्तुत गरेका सदस्यले उपधारा (६) बमोजिम प्रतिनिधि सभाबाट विश्वासको मत प्राप्त गर्नु अनिवार्य हुन्छ। यस अवस्थासम्म प्रतिनिधि सभाको विघटन गर्न मिल्ने कुनै संवैधानिक आधार रहेको देखिदैन। उपधारा (५) बमोजिम नियुक्त प्रधानमन्त्रीले विश्वासको मत प्राप्त गर्न नसकेमा वा सो प्रावधान अनुसार पनि प्रधानमन्त्री नियुक्त हुन नसकेको अवस्थामा मात्र उपधारा (७) बमोजिम तत्काल कायम रहेका प्रधानमन्त्रीको सिफारिसमा राष्ट्रपतिले प्रतिनिधि सभा विघटन

गरी छ महिनाभित्र अर्को प्रतिनिधि सभाको निर्वाचन सम्पन्न हुने गरी निर्वाचनको मिति तोक्नु पर्ने हुन्छ। संविधानका प्रावधानहरुको बनौटका दृष्टीले हेर्दा प्रतिनिधि सभामा विश्वासको मत प्राप्त गरेका प्रधानमन्त्रीले विघटनका लागि सिफारिस गर्न पाउने वा सिफारिस गर्न सक्ने कुनै अवस्था नै रहेको देखिंदैन। संक्षेपमा भन्नु पर्दा संविधानको धारा ७६(३) बमोजिम प्रधानमन्त्री पदमा नियुक्त "प्रतिनिधि सभामा सबैभन्दा बढी सदस्यहरू भएको संसदीय दलको नेताले उपधारा (४) बमोजिम विश्वासको मत प्राप्त गर्न नसकेको अवस्थाको कारणबाट उपधारा (५) बमोजिम प्रतिनिधि सभाको कुनै सदस्यले प्रतिनिधि सभामा विश्वासको मत प्राप्त गर्न सक्ने आधार प्रस्तुत गरेको आधारमा प्रधानमन्त्री पदमा नियुक्त भएकोमा निजले विश्वासको मत प्राप्त गर्न नसकेमा वा सो प्रावधान अनुसार विश्वासको मत प्राप्त गर्न सक्ने आधार सहित दावी प्रस्तुत गर्न नसकेको कारणबाट प्रधानमन्त्री नियुक्त हुन नसकेको अवस्थामा मात्र तत्काल कायम रहेका प्रधानमन्त्रीको सिफारिसमा राष्ट्रपतिले प्रतिनिधि सभा विघटन गर्न सक्ने हुन्छ। संविधानको धारा ७६(५) बमोजिम वैकल्पिक सरकार गठन हुन सक्ने अवस्था कायम रहेसम्म अर्थात त्यसरी सरकार गठन गर्ने निर्धारित प्रकृया सम्पन्न नभएसम्म उपधारा (७) प्रयोगमा आउने अवस्था नै रहँदैन।

८०. प्रतिनिधि सभाबाट संविधानको धारा ७६(५) बमोजिम वैकल्पिक सरकार गठन हुन नसक्ने भएको अवस्थामा मात्र धारा ७६(७) बमोजिम सो सभा विघटन हुन सक्ने भएकाले यसलाई बाध्यात्मक परिस्थितिको उपज वा प्रधानमन्त्री चयन गर्न प्रतिनिधि सभा असफल भएको कुराको परिणामको रुपमा लिन सकिन्छ। कुनै राजनीतिक वा अन्य कुनै कारणबाट विघटन हुने नभएर प्रधानमन्त्री नियुक्तिका लागि अन्तिम विकल्प अपनाउदा पनि नियुक्त हुन नसकेको वा विश्वास प्राप्त गर्न नसकेको अवस्थामा मात्र विघटन हुन सक्ने भएकाले धारा ७६(७) को कुरामा राष्ट्रपति वा प्रधानमन्त्री कसैको तजविज प्रयोग हुने अवस्था नै रहदैन। परिस्थितिको बाध्यात्मक उपज वा परिणामस्वरुप विघटन हुने हो। संविधानको धारा ७६(५) बमोजिम वैकल्पिक सरकार गठन हुन नसक्ने भएपछि प्रतिनिधि सभा विघटन हुने भएकाले अल्पमतका वा प्रतिनिधि सभामा विश्वास प्राप्त गर्न नसकेका प्रधानमन्त्रीले सिफारिस गरेको भन्ने प्रश्नको कुनै औचित्य वा प्रयोजन नै रहँदैन। संविधानको धारा ७६(७) बमोजिम सिफारिस

गर्ने प्रधानमन्त्री प्रतिनिधि सभामा विश्वासको मत प्राप्त गर्न नसकेको अवस्थाका प्रधानमन्त्री नै हुने कुरा प्रष्ट नै छ। वैकल्पिक सरकार गठनको अवस्था समाप्त भई परिणामतः विघटनका लागि सिफारिस गर्नु पर्ने हुन आएको अवस्थामा संविधानबमोजिम तत्काल कायम रहेका कामचलाउ सरकारका प्रधानमन्त्रीले नै सिफारिस गर्नु पर्ने अवस्था रहन्छ र सो सिफारिसका आधारमा मात्र राष्ट्रपतिबाट प्रतिनिधि सभाको विघटन हुन सक्तछ। त्यसैले वर्तमान संवैधानिक संरचनाको सन्दर्भमा विघटनका लागि सिफारिस गर्ने प्रधानमन्त्रीले प्रतिनिधि सभामा बहुमत हासिल गरेको छैन भन्ने प्रश्नको कुनै सान्दर्भिकता देखिँदैन।

८१. अधिवक्ता रविराज भण्डारी वि. सम्माननीय प्रधानमन्त्री श्री मनमोहन अधिकारीसमेत भएको विवादमा[31] नेपाल अधिराज्यको संविधान, २०४७ को धारा ५९ अन्तर्गत प्रधानमन्त्रीका विरूद्ध अविश्वासको प्रस्ताव पारीत भएपछि प्रतिनिधि सभाको विश्वास प्राप्त गर्न सक्ने अर्को वैकल्पिक सरकार गठनको संभावनामा कुनै विचारै नगरी प्रतिनिधि सभाकै विघटन गर्ने कुरा संसदीय प्रणालीको स्थापित परम्परा र व्यवहार अनुकुल हुँदैन; विद्यमान प्रतिनिधि सभाले वैकल्पिक सरकार दिन सक्ने अवस्था हुँदाहुँदै अर्थात् प्रतिनिधि सभा कृयाशील (Active) र प्रभावकारी (Effective) हुँदाहुँदै अर्को विकल्प दिनै नसकेको अवस्थामा अनिवार्य रुपमा लागू हुन्छ भनी बलपूर्वक व्याख्या गरी प्रतिनिधि सभालाई विघटन गर्नु विवेकपूर्ण र तर्कपूर्ण हुँदैन भनी यस अदालतबाट व्याख्या भएको छ। उक्त विवादको सन्दर्भमा भनिएको छः "संसदीय प्रणालीको स्थापित परम्परा अनुसार सरकारको गठनको सम्बन्धमा एक पछि अर्को विकल्पको खोजी हुनु पर्ने हुनाले त्यस्तो विकल्प प्राप्त हुँदाहुँदै अनावश्यक रुपमा प्रतिनिधि सभालाई विघटन गरेर देशलाई नयाँ निर्वाचनको अनावश्यक आर्थिक बोझ पार्ने र जनताले अनावश्यक रुपमा निर्वाचनकालीन तनाव र अन्यौल बेहोर्नु पर्ने अवस्थाको सृजना गर्ने कुरा संविधानको भावना अनुकुल हुँदैन; संसदको विश्वास प्राप्त सरकारद्वारा देशमा शासन व्यवस्था संचालन हुनु नै संसदीय प्रणालीको विशेषता हो, एउटा

31 अधिवक्ता रविराज भण्डारी वि. सम्माननीय प्रधानमन्त्री श्री मनमोहन अधिकारीसमेत; उत्प्रेषणयुक्त परमादेश; आदेश मितिः २०५२/५/१२।

सरकारले संसदको विश्वास गुमाएपछि संसदको विश्वास प्राप्त गर्न सक्ने अर्को सरकारको गठन हुनु सर्वथा संविधानसम्मत् र संसदीय प्रणालीको स्थापित परम्परा र मान्यता अनुरुप हुन्छ; हाम्रो संविधानले पनि संसदीय प्रणालीको त्यो परम्परा र मान्यतालाई अंगीकार गरेको छ; यस स्थितिमा अविश्वासको प्रस्ताव पारित भएपनि संविधानबमोजिम अर्को मन्त्रिपरिषदको गठन हुन नसक्ने भनी संविधानको गलत व्याख्या गरी सम्माननीय प्रधानमन्त्रीले श्री ५ समक्ष सिफारिश गर्नु भएको र सो व्यहोरा विघटनको एउटा प्रमुख कारण र आधारको रूपमा उल्लेख गरिएको देखिनाले सिफारिश त्रुटीपूर्ण र उपर्युक्त संवैधानिक प्रावधानको प्रतिकुल देखिन्छ"। यसरी पूर्ववर्ती संविधानको सन्दर्भमा पनि प्रतिनिधि सभा विघटनका लागि वैकल्पिक सरकार गठन हुने कुरालाई मुख्य वा महत्वपूर्ण शर्तको रुपमा स्वीकार गरिएको देखिन्छ।

८२. प्रस्तुत विवादका सन्दर्भमा पनि प्रत्यर्थी सम्माननीय प्रधानमन्त्रीले पेश गर्नु भएको लिखित जवाफमा "वैकल्पिक सरकार गठन हुनसक्ने अवस्था थिएन र छैन; त्यसैले प्रतिनिधिसभा विघटन गर्ने सिफारिस गरेको हुँ" भनी जिकिर गर्नु भएको पाइयो। वस्तुतः वैकल्पिक सरकार गठनको विषय निरुपण गर्ने तथा सरकार गठनका लागि प्रतिनिधि सभाका कुनै सदस्य उपर बहुमत सदस्यको विश्वास छ वा छैन भनी अन्तिम निर्णय गर्ने अधिकारप्राप्त संवैधानिक निकाय भनेको संघीय संसदको प्रतिनिधि सभा नै हो। अन्य निकाय वा पदाधिकारीले अनुमान गरेर वा कुनै अमुक तथ्यको आत्मनिष्ट तवरबाट मूल्याङ्कन गरेर वैकल्पिक सरकार गठन हुने अवस्था कायम छ वा छैन भनी निर्णय दिनु संविधानको भावना अनुकूल हुने देखिदैन। नेपालको संविधानको धारा ७६ को उपधारा (५) बमोजिम प्रतिनिधि सभाका कुनै सदस्यले "प्रतिनिधि सभामा विश्वासको मत प्राप्त गर्न सक्ने आधार प्रस्तुत गरेमा" त्यस्तो सदस्यलाई प्रधानमन्त्री नियुक्त गर्नु नै पर्ने हुन्छ। यस प्रावधान अनुसार राष्ट्रपति समक्ष "आधार प्रस्तुत" गरिने हो; यसरी नियुक्त प्रधानमन्त्रीले विश्वासको मत प्राप्त गर्ने वा नगर्ने कुराको निरुपण वा परीक्षण प्रतिनिधि सभाबाट नै हुने हो। यो कुरा संविधानको धारा ७६ को उपधारा (५), (६) र (७) को बनौट, प्रस्तुती वा अभिव्यक्तिबाट प्रष्ट हुन्छ। यसका अतिरिक्त प्रतिनिधि सभाका १४९ जना सदस्यको हस्ताक्षर परेको दावी-पत्र पेश भएको देखिदा कुनै पनि सदस्यले "प्रतिनिधि सभामा विश्वासको मत प्राप्त गर्न सक्ने भनी विश्वास गर्न

सकिने "आधार" थिएन भनी सम्झन मिल्ने अवस्था पनि देखिंदैन। यस प्रकारका तथ्यहरु प्रस्तुत हुन आएको अवस्थामा संविधानको धारा ७६(५) बमोजिम प्रधानमन्त्री नियुक्ति गरी निज उपर विश्वास रहेको वा नरहेको कुराको परीक्षण वा निरुपण प्रतिनिधि सभाबाट नै हुने गरी सरकार गठनको प्रकृया अगाडि बढाउनु स्वभाविक संवैधानिक प्रकृया बन्ने थियो। तर प्रत्यर्थीहरुबाट त्यसो गरिएको पाइएन। यस अदालतमा कुल १४६ जना सदस्यहरुले प्रतिनिधि सभाका सदस्य श्री शेर बहादुर देउवा उपर विश्वास रहेको व्यहोरा खुलाई रिट निवेदन गर्नु भएको छ। यो तथ्य स्वयंमा पनि वैकल्पिक सरकार गठन हुने अवस्था कायम रहेको कुरामा विश्वास गर्न सकिने पर्याप्त र मनासिव आधारको रुपमा रहेको देखिन्छ। त्यसैले वैकल्पिक सरकार गठन हुन सक्ने अवस्था थिएन वा छैन भन्ने जिकिर तथ्यपरक र विश्वसनीय देखिएन।

८३. संविधानले बहुदलीय संसदीय प्रणाली अंगीकार गरेको हो, निर्दलीयताको परिकल्पना गरेको छैन; धारा ७६ को उपधारा (५) बमोजिम प्रधानमन्त्री नियुक्तिको लागि दलीय निर्देशन लागु नहुने र यसमा ह्वीप जारी नहुने तर्क संविधान विपरीत छ भनी प्रत्यर्थीका तर्फबाट लिखित जवाफमा तथा बहसका क्रममा समेत जिकिर गरेको पाइयो। नेपालको संविधानको धारा ७६ ले विभिन्न चार अवस्थामा प्रधानमन्त्री नियुक्त हुने व्यवस्था गरेको छ। धारा ७६(१) अनुसार "बहुमत प्राप्त संसदीय दलको नेता"; धारा ७६(२) अनुसार "प्रतिनिधि सभामा प्रतिनिधित्व गर्ने दुई वा दुई भन्दा बढी दलहरुको समर्थनमा बहुमत प्राप्त गर्न सक्ने प्रतिनिधि सभाका सदस्य"; धारा ७६(३) अनुसार "प्रतिनिधि सभामा सबैभन्दा बढी सदस्यहरु भएका संसदीय दलका नेता"; र धारा ७६(५) अनुसार "प्रतिनिधि सभामा विश्वासको मत प्राप्त गर्न सक्ने आधार प्रस्तुत गरेका प्रतिनिधि सभाका कुनै सदस्य" प्रधानमन्त्री पदमा नियुक्त हुने हो। उल्लिखित विभिन्न चार अवस्थाहरु मध्ये पहिलो तीन अवस्था (धारा ७६ को उपधारा (१), (२) र (३) को अवस्था) का लागि "दलको नेता" वा "दलको समर्थन" आवश्यक हुन्छ। तर धारा ७६(५) बमोजिम प्रधानमन्त्री नियुक्तिका लागि दलको नेता वा दलको समर्थन सम्बन्धी कुरा उल्लेख भएको देखिंदैन। धारा ७६ को उपधारा (१), (२) र (३) मा "दलको समर्थन", "दलको नेता" भन्ने शव्दहरु उल्लेख गर्ने संविधान निर्माताले धारा ७६(५) मा सो शव्द उल्लेख नगर्नुको अन्यथा अर्थ र तात्पर्य

देखिँदैन। संविधानको "धारा ७६(५) मा उल्लेख भएको "उपधारा (२) बमोजिमको कुनै सदस्य" भन्नुको अर्थ "प्रतिनिधि सभाका कुनै सदस्य" भन्ने देखिन्छ। उक्त वाक्यांसबाट "दलको सदस्य" भन्ने अर्थ-बोध हुँदैन। उल्लिखित वाक्यांशले प्रतिनिधि सभाका कुनै दलसंग आबध्द सदस्य तथा स्वतन्त्र सदस्य लगायतका (धारा ७६(३) बमोजिम प्रधानमन्त्री पदमा नियुक्त भई विश्वासको मत प्राप्त गर्न नसकेका सदस्य बाहेकका) प्रतिनिधि सभाका सबै सदस्यहरुलाई जनाउँदछ। धारा ७६ को उपधारा (५) को कुरामा राजनीतिक दलको समर्थन वा सहमतिको शर्त जोडियो भने यो प्रावधान र उपधारा (२) मा रहेको प्रावधानका बीच कुनै तात्विक विभेद पनि रहँदैन।

८४. संविधानमा प्रयुक्त शब्द र अभिव्यक्तिले यदि प्रष्ट दिशानिर्देश गरेको छ भने त्यसलाई सोही रुपमा अनुशरण गरिनु पर्दछ। धारा ७६(५) मा रहेको प्रावधान हेर्दा यदाकदा दलीय आधारमा सरकार गठन हुन नसक्ने परिस्थिति पैदा भएमा पनि अन्तिम विकल्पको रुपमा सरकार गठन हुने उपाय कायम राख्ने अभिप्राय राखिएको देखिन्छ। नेपालको संविधानले अङ्गिकार गरेको बहुलवादी लोकतन्त्रमा राजनीतिक दलहरु र यसका सदस्यहरुबीच सहमति र समझदारीमा आधारित सहकार्यको अपेक्षा राखिएको छ। दलीय व्यवस्था भएकाले हरेक कुरामा दलीय प्रतिस्पर्धा नै गर्नु पर्दछ भन्ने दृष्टिकोण राखिनु पनि हुँदैन। संविधानमा व्यवस्थित राजनीतिक दल, निर्वाचन प्रणाली र हाम्रो व्यवहारिक यथार्थताका दृष्टीले हेर्दा पनि सहमति, समझदारी, सद्भाव र सहकार्यमा आधारित राजनीतिक संस्कृतिको अभावमा संवैधानिक प्रणालीले गतिशीलता प्राप्त गर्न सक्ने देखिँदैन। संविधानको धारा ७६(५) लाई सहमति, समझदारी र सहकार्यलाई आधार प्रदान गर्ने एउटा उपायको रुपमा पनि ग्रहण गर्न सकिन्छ। यो प्रावधान दलीय आधारमा सरकार गठन गर्ने कुरा असफल भएपछि क्रियाशील हुने प्रावधान हो। राजनीतिक स्थीरता वा स्थायित्वका लागि यस प्रकारको प्रावधान आवश्यक रहेको भनी संविधान निर्माताले ठानेको देखिन्छ। यस प्रावधानमा दलीय समर्थन वा दलका नेता सम्बन्धी कुनै शर्त जोडिएको देखिँदैन।

८५. संविधानको धारा ७४ अनुसार नेपालको शासकीय स्वरूप बहुलवादमा आधारित बहुदलीय प्रतिस्पर्धात्मक संघीय लोकतान्त्रिक गणतन्त्रात्मक संसदीय शासन प्रणाली हुने कुरा प्रष्ट नै छ। संविधानले निर्दलीय अभ्यासको कल्पना गर्दैन। यस कुरामा धेरै

शंका, चर्चा-परिचर्चा वा विवेचना गरिरहनु आवश्यक देखिँदैन। कुनै कुरामा दलीय ह्वीप नलाग्ने भनियो भन्दैमा त्यसैका आधारमा प्रत्यर्थीले जिकिर गर्नु भए जस्तो "निर्दलीय अभ्यास गरेको" वा "पञ्चायती व्यवस्थाको जस्तो निर्दलीयतालाई पुनः ब्युँताउने" कार्य हुने भएको भनी सम्झन मिल्दैन। दलीय ह्वीपका आफ्ना सिमा वा परिधिहरु छन्। सांसदहरुलाई केवल दलीय आदेशको अधिनस्थ मात्र रहेको ठानिनु हुँदैन। सार्वभौम जनताद्वारा निर्वाचित प्रतिनिधि भएका नाताले सांसदहरु कतिपय कुरामा आफ्नो स्वतन्त्र विवेक र बुद्धिमत्ता प्रयोग गर्न स्वतन्त्र पनि रहन्छन्। दलीय ह्वीप लगाईएको कुरामा बाहेक अन्य कतिपय अवस्था र सन्दर्भमा सांसदहरुले आफ्नो स्वतन्त्र विवेक प्रयोग गर्ने गरेका (Conscience voting वा Free voting गरेका) दृष्टान्तहरु पनि अनेकौं छन्। यसलाई "निर्दलीय अभ्यास" मानिएको पाइदैन। यस प्रकारको अभ्यासलाई पनि लोकतान्त्रिक मूल्य, मान्यताकै विषयको रुपमा हेरिन्छ। कुनै कुरामा सांसदलाई स्वतन्त्र विवेक प्रयोग गर्ने छुट दिइदैमा दलीय लोकतान्त्रिक विधि र पध्दती दुषित हुने पनि होइन। प्रतिनिधि सभाका सदस्यलाई कुनै दल विशेषको आज्ञा-पालक वा दलका प्रतिनिधिको रुपमा मात्र नभएर सार्वभौम जनताका प्रतिनिधिको रुपमा पनि हेरिनु पर्दछ। दलसंग आवध्द हुनुका अतिरिक्त प्रतिनिधि सभाका सदस्यहरुलाई सार्वभौम जनतावाट निर्वाचित प्रतिनिधि र सरकार सञ्चालनका लागि योग्य, सक्षम र जिम्मेवार पात्रको रुपमा पनि बुझिनु पर्दछ। संविधान र कानूनमा सांसदहरुले स्वतन्त्र हैसियतमा मतदान गर्ने, प्रस्ताव राख्ने कतिपय प्रावधानहरु छन्। संविधानको धारा १०० को उपधारा (४) तथा धारा १०१ का व्यवस्थाहरुले पनि सांसदहरुको स्वतन्त्र विवेकलाई नै संकेत गर्दछन्, धारा ११० ले सांसदहरुले व्यक्तिगत हैसियतमा विधेयक पेश गर्ने अनुमति दिन्छ। कुनै पनि सांसदका योग्यता वा अयोग्यताका कुरा पनि व्यक्तिगत तवरबाट नै हेरिने विषय हुन्छन्। संविधानको बृहत् भावभूमि, उद्देश्य र शासकीय स्वरुपले सांसदहरुमा शासकीय उत्तरदायित्व र जिम्मेवारी प्रदान गरेको देखिन्छ। यस अवस्थामा संविधानको धारा ७६ को उपधारा (५) बमोजिम स्वतन्त्र विवेकको प्रयोग हुँदैमा निर्दलीयता नै जन्मन पुग्दछ भन्न मिल्दैन। सांसदहरुलाई दलीय ह्वीपको अधिनस्थ राखेमा मात्र

दलीय व्यवस्था मजबुत बन्दछ, अन्यथा "निर्दलीय अभ्यास" हुन जान्छ भन्नु वस्तुवादी दृष्टिकोण हुँदैन। विषय र प्रसंगसम्म सापेक्षिक र विचारणीय बन्दछन्।

८६. संविधानको धारा ७६ को उपधारा (५) मा रहेको प्रावधानले दलीय समर्थनको आधारमा मात्र प्रधानमन्त्री पदमा नियुक्ति हुने कुरालाई शर्तको रुपमा उल्लेख गरेको देखिँदैन। उक्त उपधारा (५) मा रहेको व्यवस्था अनुसार प्रतिनिधि सभाका कुनै सदस्यले "प्रतिनिधि सभामा विश्वासको मत प्राप्त गर्न सक्ने आधार प्रस्तुत गरेमा" त्यस्तो सदस्यलाई प्रधानमन्त्री नियुक्त गर्नु पर्ने हुन्छ। यो प्रावधान दलीय आधारमा सरकार गठन हुन नसकेको अवस्थामा अन्तिम विकल्पको रुपमा प्रयोगमा आउने प्रावधान हो। यस उपधारा अनुसार प्रदान गरिने समर्थन वा व्यक्त गरिने विश्वास दलीय निर्णयको आधारमा पनि गर्न सकिन्छ, साथै प्रतिनिधि सभाका सदस्यहरुले आफ्नो स्वतन्त्र विवेक र बुद्धिमत्ता प्रयोग गरेर पनि समर्थन वा विश्वास व्यक्त गर्न सक्ने देखिन्छ। यसरी दिइएको समर्थन वा विश्वास चिरस्थायी नै हुनु पर्दछ भन्ने पनि हुँदैन। अवस्था र परिस्थिति अनुसार दिइएको दलीय वा व्यक्तिगत समर्थन फिर्ता लिन पनि सकिन्छ। संसदभित्रका खेलाडी वा भूमिका निर्वाह गर्ने पात्र भनेको सांसदहरु नै हुन्। सांसदहरुको भूमिकालाई सून्यीकरण र राजनीतिक दलभित्र मात्र सीमित गरियो भने जनताबाट निर्वाचित प्रतिनिधि हुनुको अर्थ पनि संकुचित बन्न पुग्दछ। सरकार गठनको विकल्प रहेसम्म संसद विघटन गरेर राजनीतिक अस्थीरता आउन नदिने अभिप्रायबाट धारा ७६(५) को व्यवस्था संविधानमा समावेश गरिएको हो। यस प्रकारको प्रावधान न कुनै पूर्ववर्ती संविधानहरुमा थिए, न त परम्परागत संसदीय प्रजातन्त्रको अभ्यास गरेका मुलुकहरुमा नै यस प्रकारको दृष्टान्त पाउन सकिन्छ। नौलो अभ्यास वा प्रयोगको विषय भएकाले झट्ट हेर्दा अलमलिने जस्तो भए पनि वर्तमान संविधान निर्माताले प्रष्ट रुपमा अभिव्यक्त गरेको कुरालाई अन्यथा अर्थ लगाएर यस धारामा दलीय विश्वासको शर्त थप गर्नु मनासिव देखिँदैन। यस कुरामा पनि दलीय समर्थनलाई अनिवार्य ठानियो भने धारा ७६ को उपधारा (२) मा भन्दा फरक प्रावधान उपधारा (५) मा राखिएको छ भन्न नमिल्ने अवस्था आइ पर्दछ। त्यस प्रकारको अर्थ लगाउँदा संविधानको सुसंगत व्याख्या गरिएको हुँदैन। त्यसैले पनि धारा ७६(५) बमोजिम प्रधानमन्त्री नियुक्ति गर्ने कुरामा दलीय ह्वीप लगाउन मिल्दैन। यो

प्रावधानले प्रतिनिधि सभाका सदस्यहरुलाई स्वतन्त्र रुपमा आ-आफ्नो विवेक प्रयोग गर्ने छुट दिएको छ।

८७. यूरोपियन यूनियनबाट अलग हुने वा नहुने विषयमा बेलायती संसदमा निकै लामो र ठूलो बहस, छलफल भएको थियो। यही विषयलाई लिएर जनमत संग्रह गर्नेसम्मको स्थिति पनि आयो। देशको ईतिहासमा नै एउटा महत्वपूर्ण राजनीतिक परिघटना बनेको उक्त Brexit विवादको विषयमा संसदमा मतदान हुँदा सत्तारुढ दलका सांसदहरु पनि विभाजित हुन पुगेको (Floor Cross गरेको) देखिन्छ[32]। यसलाई न निर्दलीयताको अभ्यास मानियो, न त संसदीय प्रजातन्त्रप्रतिको चुनौती। यसलाई लोकतान्त्रिक अभ्यासको स्वभाविक परिघटनाको रुपमा स्वीकार गर्न बेलायतीहरुमा कुनै हिचकिचावट देखा परेन। अमेरिका पनि प्रजातान्त्रिक शासन व्यवस्थाको एउटा उदाहरण बोकेको मुलुक मानिदै आएको छ। सन् २०२० मा तत्कालीन राष्ट्रपति Donald Trump का बिरुध्द Democratic Party का तर्फबाट ल्याईएको महाभियोग प्रस्ताव सम्बन्धमा Senate मा मतदान हुँदा राष्ट्रपति Trump सम्बध्द राजनीतिक दल Republican Party का Utah राज्यबाट प्रतिनिधित्व गर्ने Senator Mitt Romney ले प्रस्तावको पक्षमा (राष्ट्रपति Trump को विपक्षमा) मतदान गरेका थिए[33]। यसलाई त्यहाँको लोकतन्त्र उपरको चुनौती भन्ने ठानिएन, स्वभाविक लोकतान्त्रिक प्रकृया नै मानियो। यसबाट बहुलवाद, लोकतन्त्र जस्ता अवधारणा गतिशील वा परिवर्तनशील अवधारणा हुन भन्ने कुरा नै समर्थित हुन्छ। बहुलवाद वा

---

32 "In the United Kingdom, there have been 167 instances of members of parliament switching parties since 1979 - with 62 of those changes happening since Britain voted to leave the European Union in June 2016. Since the Brexit referendum, 32 Conservative lawmakers alone have left the Conservative Party". भन्ने https://graphics.reuters.com/BRITAIN-EUPARLIAMENT/0100B2J61TZ/index.html भन्ने सन्दर्भ सामाग्री थप जानकारीका लागि हेर्नुहोस।

33 Republican Party का Utah राज्यबाट प्रतिनिधित्व गर्ने Senator Mitt Romney ले आफ्नै दलका राष्ट्रपति Trump को विपक्षमा मतदान गरेका थिए। हेर्नुहोसः https://www.nytimes.com/2020/02/05/us/politics/impeachment-vote.html

लोकतन्त्रको जडसुत्रवादी शैलीबाट परिभाषा गर्न खोजियो भने त्यस प्रकारको परिभाषा स्वयमले लोकतन्त्रको सिर्जनशील गतिशीलतामा अवरोध पैदा गर्ने सम्भावना रहन्छ भन्ने पक्षमा पनि हेक्का राख्नै पर्ने हुन्छ। त्यसैले पनि नेपालको संविधानको धारा ७६(५) बमोजिमको अवस्थामा प्रतिनिधि सभाका सदस्यहरुलाई स्वतन्त्र रुपमा विवेकको प्रयोग गर्ने छुट दिंदा पञ्चायती व्यवस्था नै फर्किन्छ; निर्दलीयताको नै अभ्यास हुन्छ; बहुलवाद वा बहुदलीयता समाप्त हुन्छ भन्ने जस्ता त्रसित मनोविज्ञानको कुनै व्यवहारिक उपादेयता र महत्व रहेको देखिंदैन।

८८. राजनीतिक दल सम्बन्धी ऐन, २०७३ को दफा २८ ले ह्वीप जारी हुन सक्ने विभिन्न चारवटा अवस्था मात्र तोकेको देखिन्छ; दफा ३३ ले दल त्याग गरेको नमानिने अवस्थाहरु तोकेको छ। यसको तात्पर्य सांसदका प्रत्येक कार्य वा क्रियाकलाप दलीय ह्वीपको अधिनस्थ हुदैनन्, सांसदले स्वतन्त्र रुपमा विवेक प्रयोग गर्न पाउने अवस्थाहरु पनि निर्धारित छन् भन्ने हो। कानूनद्वारा दलीय निर्देशन (ह्वीप) लाग्ने र नलाग्ने अवस्थाहरु निर्धारित गरिएका छन्। यसरी भएका व्यवस्थाहरुको अधीनमा रहेर नै राजनीतिक क्रियाकलाप सञ्चालित हुनु पर्दछ। दलीय निर्देशन विपरीत कार्य गरेको अवस्थामा नेपालको संविधानको धारा ८९(ङ) तथा राजनीतिक दल सम्बन्धी ऐन, २०७३ को परिधिभित्र रही सम्बन्धित व्यक्ति उपर कारवाही हुने अवस्था पनि रहन सक्तछ। तर यसको तात्पर्य कारवाहीको प्रकृयामा प्रवेश नै नगरी केवल कारवाहीको सम्भावित अवस्था देखाएर दल नै त्याग गरेको भन्ने परिणाम आउने गरी संविधानको धारा ७६(५) को प्रयोग गरिनु अनुचित, अतार्किक र त्रुटिपूर्ण देखिन्छ[34]।

34 अनुशासनात्मक कारण देखाई बिहार बिधानसभाका सदस्य (विधायक) को अयोग्यता श्रृजना हुने भनी गभर्नर (राज्यपाल)ले उल्लेख गरेको कारणलाई अनुचित ठहर गर्दै भारतीय सर्वोच्च अदालतले गरेको व्याख्या पनि यस प्रसंगमा उल्लेखनीय रहेको छ। Rameswar Prasad and ors v. Union of India, AIR 2006 SC 980 मा सर्वोच्च अदालतले व्याख्या गर्दै यस प्रकारको व्यहोरा उल्लेख गरेको देखिन्छ: "It was a wholly extraneous to take into consideration that some of the members would incur the disqualification if they supported a particular party against the professed stand of the political party to which they belong. The intricate question as to whether the case would fall within the permissible category of merger

८९. संविधानको धारा ७६(५) बमोजिम सरकार गठनको विषयमा प्रतिनिधि सभाका कुनै सदस्यको पक्षमा मत जाहेर गर्ने, मतदान गर्ने, आफ्नो अभिमत प्रकट गर्ने कुरामा प्रतिनिधि सभाका सदस्यहरु स्वतन्त्र रहने कुरा उक्त उपधाराको बनौटबाट नै प्रष्ट देखिन्छ। यसलाई सार्वभौम जनताका प्रतिनिधिहरुको अधिकार तथा संवैधानिक दायित्व सम्बन्धी विषयको रुपमा पनि हेर्न सकिन्छ। जनताले निर्वाचनको माध्यमबाट प्रकट गरेको अभिमतको अवमूल्यन हुने गरी सांसदको विवेक र बुध्दिमत्ता प्रयोग गर्ने भूमिकालाई अनुचित तवरबाट सीमित गरिनु हुँदैन। संविधानको धारा ७६(५) बमोजिम प्रधानमन्त्रीको नियुक्ति गर्ने कुरामा प्रतिनिधिसभाको सदस्यले खेल्ने भूमिका संकुचित हुने गरी दलीय ह्वीप लगाउन मिल्दैन। दलीय ह्वीप नलाग्ने कुरा भएको, सम्माननीय राष्ट्रपति समक्ष निवेदन दिंदाको अवस्थासम्म ह्वीप जारी पनि नभएको, र यस अदालत समक्ष निवेदन दिंदाको अवस्थासम्म कानूनी प्रकृया पुरा गरी प्रतिनिधि सभाको सदस्य पदबाट हटाउने कार्य भएको नदेखिएको यस अवस्थामा अनुचित, असंगत र असान्दर्भिक तवरबाट दलीय अनुशासन उल्लंघन गरेको कारण देखाई केही सांसदहरु पदमा नै नरहेको परिणाम आउने गरी अर्थ लगाई सम्माननीय राष्ट्रपतिबाट भएको निर्णय संविधानको धारा ७६(५), धारा ८९(ड), तथा राजनीतिक दल सम्बन्धी ऐन, २०७३ समेतको प्रतिकूल देखिन आयो।

९०. दलीय अनुशासन उल्लघन गर्ने छुट कुनै सांसदलाई छैन भन्ने प्रश्न समेत प्रत्यर्थीहरुका तर्फबाट उठाइएको देखिन्छ। सम्माननीय राष्ट्रपतिबाट भएको निर्णयमा समेत दलीय अनुशासनको सन्दर्भहरु उल्लेख गरिएको पाइयो। निशन्देह: सबैले अनुशासनको

---

or not could not be taken into consideration. Assuming it did not fall in the permissible arena of merger and the MLAs would earn the risk of disqualification, it is for the MLAs or the appropriate functionary to decide and not for the Governor to assume disqualification and thereby prevent staking of claim by recommending dissolution". सो विवादको सन्दर्भमा "Governor is not an autocratic political Ombudsman. If such a power is vested in the Governor and/or the President, the consequences can be horrendous" भनी अदालतले उल्लेख गरेको व्यहोरा प्रस्तुत विवादको विषयवस्तुसंग सान्दर्भिक देखिन आउँदछ।

पालना गर्नु पर्दछ। दल त्यागको कुरा कतिपय सन्दर्भमा जनताको अभिमतको अपमान, गैर-लोकतान्त्रिक, भ्रष्ट र राजनैतिक नैतिकताका दृष्टीले अनुचित किसिमको कार्य मानिन्छ। *"आया राम, गया राम"* भन्ने प्रवृत्तिले राजनीति दुषित र अस्थीर नै बन्दछ। यस हदसम्म असहमत हुनु पर्ने कारण देखिँदैन। त्यसैले नवोदित लोकतान्त्रिक मुलुकहरुमा दल-त्याग सम्बन्धी विषयलाई निरुत्साहित गर्ने कानूनी संरचनाहरु निर्माण गर्ने अभ्यास रहेको पाइन्छ। दलीय अनुशासन पालन भए-नभएको कुराको मूल्याङ्कन र निरुपण गर्ने पनि निश्चित विधि र पद्धती निर्धारित छन्। यसरी निर्धारित विधि र पद्धती प्रतिकुल अनुशासन पालना गरे-नगरेको कुराको निरुपण हुन सक्तैन। कुनै सांसदले अनुशासनको पालना गरेको छ वा छैन र नगरेको अवस्थामा निज उपर के कस्तो कारवाही गर्ने हो भन्ने कुरा राजनीतिक दल सम्बन्धी कानूनद्वारा निर्धारित भएका विषय हुन्। तर रिट निवेदनमा अहिले सुनुवाई हुँदाको अवस्थासम्म पनि रिट निवेदकहरु मध्येका कुनै व्यक्ति उपर दलीय अनुशासन उल्लङ्घन गरेको भनी कानूनी प्रकृया पुरा गरी सांसद पदबाट हटाइएको देखिँदैन। यसका अतिरिक्त कुनै सांसदले अनुशासनको दायरा नाघेको छ भने पनि त्यस कुराको जवाफदेहिता निजै व्यक्तिले व्यहोर्नु पर्ने हुन्छ। कुनै सांसदबाट यदि कुनै अनुशासनहीन कार्य वा व्यवहार भएको छ भने पनि त्यस कुराको दुष्परिणाम वा सजायस्वरुप स्वयम् प्रतिनिधि सभालाई नै विघटन गर्नु शोभनीय र विवेकपूर्ण कार्य हुँदैन। यस प्रकारको विषयमा सम्माननीय राष्ट्रपति वा प्रधानमन्त्री कसैले पनि आफ्नो स्वविवेक वा तजविज प्रयोग गरी कुनै कानूनी परिणाममा पुगेको निष्कर्ष निकाल्न मिल्ने देखिँदैन।

९१. माथिका विभिन्न प्रकरणहरुमा विवेचित आधार र कारणहरुबाट संविधानको धारा ७६(५) को अवस्थामा दलीय ह्वीप लाग्न सक्ने देखिँदैन। सम्बन्धित राजनीतिक दलको तर्फबाट कानून बमोजिमको प्रकृया पुरा गरी कुनै प्रतिनिधि सभाको सदस्यलाई पदबाट हटाउने कार्य भएको पनि पाइएन। ह्वीप जारी भएपछि गरिएको मतदानमा सो ह्वीपको उल्लंङ्घन गरेको अवस्थामा पनि दिइएको मत बदर हुने वा अमान्य घोषित हुने व्यवस्था रहेको देखिँदैन। त्यसका अतिरिक्त कुनै ह्वीप नै जारी नगरिएको अवस्थामा संविधानको धारा ७६(५) बमोजिम सरकार गठनको विषयमा कुनै सदस्यप्रति समर्थन वा विश्वास जाहेर गरेको कुरालाई लिएर अनुमानित रुपमा दल-त्याग गरेको भनी अर्थ

लगाउनु र निष्कर्षमा पुग्नु त्रुटिपूर्ण हुने देखिन्छ। यस अवस्थामा रिट निवेदक मध्येका श्री शेर बहादुर देउवाप्रति समर्थन जनाई हस्ताक्षर गर्ने मध्येका ने.क.पा. एमालेका २६ जना र जनता समाजवादी पार्टीका १२ जना गरी कूल ३८ जना प्रतिनिधि सभाका सदस्यहरुले दल-त्याग गरेको भन्ने परिणाम आउने व्यहोरा खुलाई सम्माननीय राष्ट्रपतिबाट संविधानको धारा ७६(५) बमोजिम प्रधानमन्त्री पदमा नियुक्त गर्न नमिल्ने भनी मिति २०७८/२/७ मा भएको निर्णयलाई संविधान र कानून अनुकूल मान्न मिल्ने देखिदैन। उक्त निर्णयमा संविधानको व्याख्या तथा कानूनको प्रयोगमा त्रुटी रहेको र राष्ट्रपतीय अधिकारक्षेत्रको सिमारेखा नाघेको देखिएको छ। यस अर्थमा हेर्दा विवादित विघटन सम्बन्धी निर्णय बदरभागी तथा प्रारम्भदेखि नै अमान्य र प्रभावसून्य प्रकृतिको देखिन आयो।

९२. प्रतिनिधि सभा विघटन गर्ने निर्णय सम्माननीय राष्ट्रपतिले गर्नु भएको र रिट निवेदनमा वहाँलाई विपक्षी नबनाएको हुँदा बिघटन सम्वन्धी निर्णय बदर गर्न मिल्दैन भनी प्रत्यर्थीहरुका तर्फबाट जिकिर गरिएको पाईयो। यस सम्बन्धमा हेर्दा सामान्यतया राष्ट्रपतिलाई रिट निवेदनका सन्दर्भमा प्रत्यर्थीको रुपमा उल्लेख गर्ने संवैधानिक अभ्यास रहेको देखिदैन। यस कुरालाई राष्ट्र प्रमुखप्रतिको सम्मानको रुपमा पनि लिने गरिन्छ। तर यसको तात्पर्य संविधानको प्रयोग, पालना, व्याख्या वा कार्यान्वयनको विषयमा राष्ट्रपतिबाट गरिएका काम कारवाहीहरुमा त्रुटी छन् भने त्यस्ता कार्यको न्यायिक परीक्षण नै गर्न मिल्दैन भन्ने पनि होइन। अन्य सम्बन्धित निकाय वा पदाधिकारीलाई प्रत्यर्थीको रुपमा उल्लेख गरेर परेका रिट निवेदनहरुको माध्यमबाट न्यायिक उपचार प्रदान गरिएका उदाहरणहरु धेरैबटा पाउन सकिन्छ। श्रीलंकाको Rajavarothiam Sampanthan को बिबादलाई यस कुराको एउटा दृष्टान्तको रुपमा लिन सकिन्छ। राष्ट्रपतिको घोषणाबाट गरिएको संसद विघटनको बिषयमा Rajavarothiam Sampanthan समेतका बिभिन्न ९ वटा रिट निवेदनमा राष्ट्रपतिलाई विपक्षीको रुपमा उल्लेख नगरी महान्यायाधिवक्तालाई प्रत्यर्थीको रुपमा उल्लेख गरिएको थियो। यस विषयमा उठाइएको प्रश्नको निरुपण गर्दै श्रीलंकाको सर्वोच्च अदालतले "It hardly needs to be said that the Attorney General is to be named as the Respondent in the place of the President and as his

representative"[35] भनी अदालतले न्यायिक दृष्टिकोण अगाडि सारेको देखिन्छ। श्रीलंकाको संविधानको धारा ३५ ले नै राष्ट्रपतिलाई विशेष संवैधानिक संरक्षण प्रदान गरेको[36] अवस्थामा पनि श्रीलंकाले यस प्रकारको अभ्यास गर्दै आएको छ[37]। यस प्रकारको अभ्यास भारत लगायत अन्य मुलुकहरुमा पनि रहेको पाइन्छ।

---

35 Rajavarothiam Sampanthan and Others v. Attorney General and Others, SC FR Application No. 351/ 2018 and 8 other petitions; Decision Date: 13th December 2018 (Eleven Justices Bench) - उक्त विवादमा अदालतले फैसलामा यसरी पनि दृष्टिकोण प्रस्तुत गरेको छ: "In view of the principle set out above, this Court cannot accept the submission made on behalf of the Attorney General that there are some powers which are vested in the President which are not limited by the provisions of the Constitution and which are, therefore, not subject to review in appropriate circumstances.

36 श्रीलंकाको संविधानको धारा ३५ मा उल्लेख छ: "While any person holds office as President of the Republic of Sri Lanka, no civil or criminal proceedings shall be instituted or continued against the President in respect of anything done or omitted to be done by the President, either in his official or private capacity:

Provided that nothing in this paragraph shall be read and construed as restricting the right of any person to make an application under Article 126 against the Attorney-General, in respect of anything done or omitted to be done by the President, in his official capacity: Provided further that the Supreme Court shall have no jurisdiction to pronounce upon the exercise of the powers of the President under Article 33(2)(g).

37 Sugathapala Mendis vs. Chandrika Kumaratunga; (2008 2 SLR 339 at p. 374) को विवादमा न्यायाधीश Tilakawardane ले व्यक्त गरेको राय पनि उल्लेखनीय छ: "Furthermore, being a creature of the Constitution, the President's powers in effecting action of the Government or of state officers is also necessarily limited to effecting action by them that accords with the Constitution." "...no single position or office created by the Constitution has unlimited power and the Constitution itself circumscribes the scope and

९३. नेपालको सन्दर्भमा हेर्दा संविधानको पालन र संरक्षण गर्नुपर्ने जिम्मेवारी रहेका राष्ट्रपतिबाट सम्पादित कार्यका लागि राष्ट्रपतिको कार्यालयलाई प्रत्यर्थीको रुपमा उल्लेख गरी रिट निवेदन गरिएका र सो अनुसार न्यायिक उपचार प्रदान गरिएका दृष्टान्तहरु छन्। पूर्व उल्लेख गरिए अनुसारको २०७७ साल पौष ५ गते विघटन गरिएको प्रतिनिधि सभाको पुनर्स्थापना हुने गरी यस अदालतबाट २०७७ साल फाल्गुण ११ गते जारी भएको आदेश सम्वन्धी विवादमा पनि राष्ट्रपतिलाई विपक्षी (प्रत्यर्थी) को रुपमा उल्लेख गरिएको देखिदैन। वस्तुतः यस प्रकारको विवादको विषयमा राष्ट्रपतिको कार्यालय वा (विवादको बिषय अनुसार) सो विवादसंग सम्वन्ध वा सरोकार राख्ने राज्यका सम्वन्धित निकाय वा/तथा पदाधिकारीहरुलाई प्रत्यर्थीको रुपमा उल्लेख गरिएको अवस्थामा राष्ट्रपतिलाई प्रत्यर्थीको रुपमा उल्लेख गर्ने कुराको प्रयोजन पुरा भएको मानिन्छ। प्रस्तुत विषयको रिट निवेदनमा राष्ट्रपतिको कार्यालयलाई समेत प्रत्यर्थीको रुपमा उल्लेख गरिएको देखिन्छ; सम्माननीय राष्ट्रपतिबाट सम्पादित कार्यहरु संविधानसम्मत् छन भनी राष्ट्रपतिको कार्यालयबाट आधार र कारणहरु समेत उल्लेख गरी लिखित जवाफ पेश गरिएको छ; विद्वान महान्यायाधिवक्ताले राष्ट्रपतिको कार्यालयको समेत तर्फबाट प्रतिनिधित्व गरी बहस पैरवी गर्नु भएको देखिन्छ। त्यसैले सुनुवाईको अवसर प्रदान नभएको भन्ने सम्झन मिल्ने देखिदैन। राष्ट्रपतिको पदको उच्चतम् गरीमा र मर्यादाका दृष्टीले पनि कानूनी विवादहरुमा राष्ट्रपति स्वयमलाई प्रत्यर्थी कायम नगर्ने प्रचलन रही आएको हो। राज्यका सम्वन्धित निकाय वा पदाधिकारीबाट प्रतिनिधित्व र प्रतिरक्षा हुन सक्ने नै भएकाले राष्ट्रको एक सम्मानीत संस्था राष्ट्रपतिलाई विपक्षी (प्रत्यर्थी) बनाइनु पर्दछ भन्नु मनासिब हुँदैन। तसर्थ यस सम्बन्धमा राष्ट्रपतिको कार्यालय तथा सम्माननीय प्रधानमन्त्रीको तर्फबाट लिइएको जिकिरसंग सहमत हुन सकिएन।

---

ambit of even the power vested with any President who sits as the head of this country."

९४. मिति २०६३/१०/१ मा जारी गरिएको नेपालको अन्तरिम संविधानले नेपाललाई "एक संघीय लोकतान्त्रिक गणतन्त्र"[38] घोषणा गरेको देखिन्छ। सुरुमा अन्तरिम संविधान जारी हुँदा राष्ट्रपतिका सम्बन्धमा कुनै व्यवस्था थिएन। पछि मिति २०६५/२/१६ मा भएको चौथो संशोधनको माध्यमबाट राष्ट्रपति सम्बन्धी व्यवस्था थप गरिएको देखिन्छ[39]। अन्तरिम संविधानद्वारा नेपालको कार्यकारणी अधिकार मन्त्रिपरिषदमा रहने व्यवस्था गरिएको थियो[40]। पूर्ववर्ती संविधानले राष्ट्र प्रमुखलाई प्रदान गरेका अधिकार सम्बन्धी व्यवस्थाहरु हटाई अन्तरिम संविधानले मुलुकको शासन व्यवस्था सञ्चालनमा राष्ट्रपतिको भूमिकालाई सिमित गरेको देखिन्छ[41]। बर्तमान संविधानमा रहेको राष्ट्रपति सम्बन्धी प्रावधान लगभग (धेरै हदसम्म) अन्तरिम संविधानले गरेको व्यवस्थाकै निरन्तरता हो। नेपालको संविधानको धारा ६१(२) ले राष्ट्रपतिको पदलाई "राष्ट्राध्यक्ष" मानेको छ। यो अत्यन्त उच्च, सम्मानीत र मर्यादित पद हो। राष्ट्रिय एकताको प्रवर्धन गर्ने, संविधानको पालन र संरक्षण गर्ने दायित्व संविधानको धारा ६१ अनुसार राष्ट्रपतिमा रहेको छ। संविधानको धारा ६६(२) बमोजिम अन्य निकाय वा पदाधिकारीको सिफारिसमा गरिने भनी किटानी भएको कुरामा बाहेक राष्ट्रपतिबाट सम्पन्न गरिने अन्य जुनसुकै कार्य मन्त्रिपरिषदको सिफारिस र सम्मतिबाट गरिनु पर्दछ। त्यस्तो सिफारिस र सम्मति प्रधानमन्त्री मार्फत पेश हुने व्यवस्था छ। राष्ट्रपतिको अधिकार र कर्तव्य कानूनद्वारा निर्धारित छन्। राष्ट्रपतिले "संविधान र संघीय कानून बमोजिम आफ्नो अधिकारको प्रयोग र कर्तव्यको पालन गर्नु पर्ने हुन्छ[42]। यस विषयमा हेर्ने र संविधानसम्मत् रुपमा काम कारवाही नभएको अवस्थामा त्यसलाई सच्याई संविधान र कानूनसम्मत् तुल्याउन आदेश दिने कर्तव्य

38 नेपालको अन्तरिम संविधान, २०६३ को प्रस्तावना र धारा ४

39 नेपालको अन्तरिम संविधान, २०६३ भाग ४ क. धारा ३६ क.ख.ग.घ.ङ.च

40 ऐ.ऐ. धारा ३७

41 उदाहरणको लागिः नेपाल अधिराज्यको संविधानको धारा ३१ मा रहेको श्री ५ बाट भए गरेका कार्यमा अदालतमा प्रश्न उठाउन नपाइने भन्ने र धारा ३५(१) मा जस्तो "कार्यकारणी अधिकार श्री ५ र मन्त्री परिषदमा रहने" भन्ने व्यवस्था, धारा ४३ (२) मा जस्तो राष्ट्रिय महत्वका विषयमा सुझाव प्रोत्साहन र सचेत गराउने अधिकार, त्यसै गरी धारा ४४ मा जस्तो "श्री ५ सहित संसद बन्ने व्यवस्था अन्तरिम संविधानमा राखिएन।

42 नेपालको संविधान धारा ६१(१) र धारा ६६(१)

यस अदालतको बन्दछ। नेपालको संविधानको धारा १२८(२) बमोजिम "संविधान र कानूनको अन्तिम व्याख्या गर्ने कार्य सर्वोच्च अदालतबाट नै हुने हो। संविधानको कुनै प्रावधानको तात्पर्य, संविधान बमोजिमका निकाय वा पदाधिकारीहरुको अधिकार र कर्तव्यको सीमा आदि कुराका सम्बन्धमा अन्तिम व्याख्या गर्ने जिम्मेदारी पनि यसै अदालतको हो। यसरी गरिएको व्याख्याको पालन गर्नु राज्य सञ्चालन कार्यमा संलग्न सबैको संवैधानिक एवम् कानूनी जिम्मेवारीको विषय बन्दछ।

९५. राष्ट्रपतिको कार्यालयबाट पेश भएको लिखित जवाफमा "कसैको सिफारिस विना राष्ट्रपति स्वयंबाट संविधान बमोजिम सम्पादन भएको काम कारवाही र निर्णय अदालतबाट बदर हुन सक्दैन; अमुक व्यक्तिलाई प्रधानमन्त्री नियुक्त गर्नू भनी परमादेश जारी हुन सक्दैन; यस्तो माग गर्नु आफैमा संविधान विपरितको विषय हो भन्ने स्पष्ट छ" (प्रकरण ११); "राष्ट्राध्यक्षको हैसियतमा राष्ट्रपतिबाट संविधानको धारा ७६ बमोजिम भए गरेका काम कारवाहीका विषयमा रिट क्षेत्राधिकार आकर्षित हुने होइन; यो न्यायिक पुनरावलोकनको विषय पनि होइन" (प्रकरण १२) भन्ने जिकिरहरु लिइएको देखियो। यसै प्रकृतिको जिकिर सम्माननीय प्रधानमन्त्रीबाट पेश भएको लिखित जवाफको प्रकरण ५.१ र प्रकरण १५ मा उल्लेख भएको देखिन्छ। बहसको क्रममा धारा ७६ अन्तरगतको अधिकार राष्ट्रपतिको अन्तरनिहित अधिकार भएकाले यस विषयमा अदालतमा प्रश्न उठाउन मिल्दैन भन्ने समेतका जिकिर गरिएको पाइयो। तसर्थ उल्लिखित विषयमा रहेको संवैधानिक स्थिति प्रष्ट पार्नु आवश्यक हुन आएको छ।

९६. नेपालको संविधानको धारा १, धारा १२६, धारा १२८, धारा १३३ समेतले संवैधानिक सर्वोच्चताको सिध्दान्तलाई आत्मसात् गरेको छ। संविधानका आधारभूत संरचनाहरु संवैधानिक सर्वोच्चताको मान्यतामा आधारित भएर तयार गरिएका छन्। संविधानको धारा ६६ ले राष्ट्रपतिको अधिकार र कर्तव्यका कुराहरुलाई प्रष्ट शब्दमा संविधान र कानूनको दायराभित्र सिमाबध्द गरेको छ। "अधिकारको प्रयोग र कर्तव्यको पालन गर्दा कुनै निकाय वा पदाधिकारीको सिफारिसमा गरिने भनी किटानीसाथ व्यवस्था भएको कार्य बाहेक राष्ट्रपतिबाट सम्पादन गरिने अन्य कार्य मन्त्रिपरिषदको सिफारिस र सम्मतिबाट हुनेछ" भनी धारा ६६ को उपधारा (२) मा उल्लेख भएको छ। संविधानको धारा ७६ को उपधारा (७) मा प्रतिनिधि सभाको

विघटन सम्बन्धी सिफारिस प्रधानमन्त्रीद्वारा गरिने कुरा उल्लेख छ। प्रधानमन्त्रीको नियुक्ति गर्दा कुनै निकाय वा पदाधिकारीको सिफारिस आवश्यक पर्ने कुरा संविधानमा उल्लेख गरिएको देखिँदैन। यो संवैधानिक राष्ट्राध्यक्षबाट गरिने "संवैधानिक कार्य" हो। तर यसरी गरिने कार्यका सीमा, परिधि वा मर्यादा पनि संविधानले नै निर्धारण गरेको देखिन्छ। उदाहरणका लागि संविधानको धारा ७६ को उपधारा (१) बमोजिमको अवस्थामा राष्ट्रपतिले प्रतिनिधि सभामा बहुमत प्राप्त संसदीय दलको नेतालाई प्रधानमन्त्री नियुक्त गर्नु नै पर्ने हुन्छ भने उपधारा (२) बमोजिमको अवस्थामा "प्रतिनिधि सभामा प्रतिनिधित्व गर्ने दुई वा दुई भन्दा बढी दलहरूको समर्थनमा बहुमत प्राप्त गर्न सक्ने प्रतिनिधि सभाको सदस्यलाई" नै प्रधानमन्त्री पदमा नियुक्ति गर्नु पर्दछ। यसमा राष्ट्रपतिको अधिकार र कर्तव्य दुवै कुरा अन्तरनिहित छन्। यसलाई राष्ट्रपतिको अन्तरनिहित विशेषाधिकारको रुपमा परिभाषित गरिरहनु आवश्यक देखिँदैन। प्रधानमन्त्रीको नियुक्ति संविधान बमोजिम राष्ट्रपतिबाट सम्पादन हुने कार्यहरु मध्यको एउटा कार्य भएको र यस कुरामा संवैधानिक लोकतन्त्र सम्बन्धी मूल्य मान्यता, संविधानवाद, कानूनको शासन आदि आदि विविध विषयहरु समेत सम्बन्धित र सरोकारको विषय बन्न आउने भएको हुँदा यस प्रकारको विषयलाई अदालतमा प्रश्न उठाउन नमिल्ने प्रकृतिको राष्ट्रपतिको अन्तरनिहित विशेषाधिकार भनी मात्र मिल्ने देखिँदैन।

९७. प्रतिनिधि सभा बिघटनको सन्दर्भमा राष्ट्रपतिबाट संविधान प्रतिकूल काम कारवाही भएको छ भनी रिट निवेदकहरुले जिकिर गर्नु भएको देखिन्छ भने राष्ट्रपतिबाट प्रयोग गरिएको स्वविवेकीय अधिकारको विषयमा अदालतमा प्रश्न उठाउन र निरुपण गर्न मिल्दैन भनी राष्ट्रपति र उपराष्ट्रपतिको पारिश्रमिक तथा सुविधा सम्बन्धी ऐन, २०७४ को दफा १६ समेतका आधारमा प्रत्यर्थीको तर्फबाट जिकिर गरिएको पाइयो। उल्लिखित ऐनको दफा १६ मा "राष्ट्रपति र उपराष्ट्रपतिले आफ्नो पदीय हैसियतले सम्पादन गरेका काम कारवाहीको विषयमा निज पदमा रहँदा वा सेवा निवृत्त भएपछि निज उपर कुनै अदालतमा मुद्दा चलाइने छैन" भन्ने प्रावधान रहेको देखिन्छ[43]। अब

43 भारतीय संविधानको धारा ३६१ मा नै "The President or the Governors or Rajpramukhs of a State, shall not be answerable to any court for the

उक्त प्रावधानको तात्पर्य वा कानूनी अर्थ सम्बन्धमा केही विवेचना गर्नु आवश्यक हुन आएको छ।

९८. लोकतान्त्रिक मूल्य मान्यतालाई आत्मसात् गरेको संवैधानिक प्रणाली र कानूनको शासनमा राज्यका कुनै पनि पदाधिकारी कानूनभन्दा माथि वा कानूनको दायराभन्दा बाहिर रहन सक्तैनन्। सबैको कानूनप्रति समान समर्पण रहन्छ र कानून नै सर्वोपरी हुन्छ। राष्ट्रपति र उपराष्ट्रपतिको पारिश्रमिक तथा सुविधा सम्बन्धी ऐन, २०७४ को दफा १६ मा उल्लिखित प्रावधानले पदीय हैसियतले सम्पादन गरेका काम कारवाहीको विषयमा व्यक्तिगत जवाफदेहिता बहन गराउने गरी मुद्दा नचलाइने भनी संरक्षण प्रदान गरेको देखिन्छ। राज्य शक्तिको प्रयोग गरी अर्थात संस्थागत रुपमा भए गरिएका निर्णयको संवैधानिक वा कानूनी वैधता परीक्षणको कुरामा उक्त दफा १६ ले कुनै बन्देज लगाएको, निषेध गरेको वा विशेष संरक्षण प्रदान गरेको देखिँदैन। राष्ट्रपतिले आफ्नो पदीय हैसियतले सम्पादन गरेका काम कारवाहीको विषयमा निज उपर "कुनै अदालतमा मुद्दा चलाइने छैन" भन्नुको तात्पर्य त्यस प्रकारका विषयमा राष्ट्रपतिलाई व्यक्तिगत रुपमा जवाफदेहिता बहन गराउने गरी मुद्दा चलाउन हुँदैन भन्नेसम्म हो। यसले पदीय वा संस्थागत रुपमा गरिएको संविधानको प्रयोग वा पालना सम्बन्धी विषयमा उठेका प्रश्नहरुको न्यायिक रुपमा वैधता परीक्षण गर्ने कुरामा कुनै सिमा निर्धारण गरेको वा बन्देज लगाएको मान्न मिल्दैन। राष्ट्रपतिका काम कारवाही पनि संविधान र कानूनसम्मत् नै हुन अनिवार्य छ। राष्ट्रपति तथा उपराष्ट्रपतिको पारिश्रमिक तथा सुविधा सम्वन्धी ऐन, २०७४ को दफा १५ संग सम्वन्धित अनुसुची ४ मा तोकिएको राष्ट्रपतिले लिने पद तथा गोपनीयता सम्बन्धी सपथको ढाँचामा पनि

exercise and performance of the powers and duties of his office or for any act done or purporting to be done by him in the exercise and performance of those powers and duties; Provided that the conduct of the President may be brought under review by any court, tribunal or body appointed or designated by either House of Parliament for the investigation of a charge under Article 61" भनी उल्लेख भएको देखिन्छ।

*"नेपालको संविधानप्रति पूर्ण बफादार रही...प्रचलित कानूनको अधीनमा रही....ईमान्दारीसाथ सम्पादन गर्नेछु* भन्ने व्यहोरा उल्लेख गरिएको छ। संविधान तथा कानून उल्लंघन गर्ने छुट कोही कसैलाई पनि छैन। यदि राष्ट्रपतिले गरेको निर्णय भन्ने आधारमा त्यस प्रकारका कुनै निर्णयलाई न्यायिक परीक्षणको दायराभन्दा बाहिर राखेर हेर्ने हो भने परिणामतः त्यसबाट स्वेच्छाचारिता र निरङ्कुशता नै पैदा हुने अवस्था रहन्छ। नेपालको संविधानले त्यस प्रकारको छुट प्रदान गर्दैन। यो संविधानले स्वेच्छाचारिता र निरङ्कुशतालाई कुनै ठाउँ दिँदैन। यो लोकतान्त्रिक मूल्य मान्यताको संरक्षण र प्रवर्द्धन गर्ने हेतुले निर्माण भएको संविधान हो र यसको प्रयोग र पालना पनि लोकतान्त्रिक विधि अनुसार नै गरिनु पर्दछ।

९९. संविधानको प्रयोग वा व्याख्या गर्दा यसले अगाडि सारेको मूल्य मान्यता तर्फ समुचित दृष्टी दिनु आवश्यक हुन्छ। नेपालको संविधानले आत्मसात् गरेको मूल्य मान्यताहरु मध्ये शक्तिपृथकीकरण, नियन्त्रण र सन्तुलनको कुरालाई पनि एउटा मूल्य (Value) को रुपमा व्यवस्थित गरिएको देखिन्छ। यसबाट पनि "Constitutional objectivity" को अवस्था पैदा हुन्छ[44]। देशका राष्ट्रपतिबाट सम्पादित हुने कार्य आधारभूत रुपमा कार्यपालिकीय क्षेत्रभित्रको कार्य हो। यस अवस्थामा राष्ट्रपतिबाट सम्पादन गरिने कार्यलाई न्यायिक परीक्षणको विषयभन्दा बाहिर राखिने हो भने यसबाट शक्तिपृथकीकरण, नियन्त्रण र सन्तुलनको स्थिति खलबलिने सम्भावना पनि रहन्छ।

१००. संविधानको धारा ७६ (५) र (७) बमोजिम निर्णय गर्ने कुरा राष्ट्रपतिको स्वविवेकीय अधिकार भएकाले यस विषयमा अदालतमा प्रश्न उठाउन मिल्दैन भन्ने समेत प्रत्यर्थीको जिकिर रहेको पाइयो। वस्तुतः धारा ७६ को उपधारा (५) को प्रयोग

44 भारतीय संविधानको सन्दर्भमा Govt. Of Nct of Delhi vs. Union of India को विवादमा त्यहाँको सर्वोच्च अदालतले ४ July, २०१८ मा व्याख्या गर्दै भनेको छः "Our Constitution, in its grandness, resolutely embraces the theory of "checks and balances". This concept of checks and balances, in turn, gives birth to the principle of "constitutional objectivity".

गर्दा केही स्वविवेक वा तजविज प्रयोग गर्नु पर्ने अवस्था अवश्य नै रहन्छ। तर यसको तात्पर्य आफुसमक्ष पेश भएका वस्तुतथ्यलाई नहेर्ने, ग्रहण गर्नु पर्ने तथ्यहरु ग्रहण नगर्ने वा ग्रहण गर्न नहुने तथ्यहरु ग्रहण गर्ने गरी स्वविवेकीय अधिकार दिएको भनी सम्झन भने मिल्दैन। उल्लिखित प्रावधानले राष्ट्रपतिलाई निरपेक्ष रुपमा स्वविवेकीय अधिकार प्रदान गरेको देखिदैन। धारा ७६ को उपधारा (५) बमोजिम अधिकारको प्रयोग गर्दा प्रतिनिधि सभाको "कुनै सदस्यले प्रतिनिधि सभामा विश्वासको मत प्राप्त गर्न सक्ने आधार प्रस्तुत गरेमा" त्यस्तो सदस्यलाई अनिवार्य रुपमा प्रधानमन्त्री पदमा नियुक्त गर्नु नै पर्ने हुन्छ। कुनै सदस्यले विश्वासको मत प्राप्त गर्न सक्ने उचित वा मनासिव आधार प्रस्तुत गरेको अवस्थामा पनि निजलाई प्रधानमन्त्री पदमा नियुक्त नगर्ने गरी स्वविवेकीय अधिकार प्रयोग गर्न संविधानले राष्ट्रपतिलाई अनुमति दिदैन। राष्ट्रपतिले आफू समक्ष तत्काल पेश भएको विश्वास प्राप्त गर्ने आधारको सम्म मूल्याङ्कन गर्ने हो, संसदभित्र परिणाम के हुन्छ भनी अनुमान गरेर निर्णय गर्न मिल्दैन। संसदको काम संसदभित्र नै हुन्छ। उपधारा (७) को सन्दर्भमा हेर्दा पनि उपधारा (५) को अन्य पूर्वशर्त पुरा भएको अवस्थामा तत्काल बहाल रहेका प्रधानमन्त्रीको सिफारिसमा मात्र सो प्रावधान क्रियाशील हुने भएकाले उपधारा (५) बमोजिमको राष्ट्रपतिको अधिकार निरपेक्ष स्वरुपको स्वविवेकीय अधिकार हो भनी सम्झन मिल्ने देखिदैन[45]।

१०१. बहस छलफलका सन्दर्भमा राष्ट्रपतिका अधिकारका प्रकार, प्रयोगका सिमाहरु लगायत विविध पक्षमा जिकिरहरु प्रस्तुत हुन आएको पाइयो। राष्ट्रपतिमा के के अधिकारहरु निहित रहेका छन् र सो अधिकारको पालना र प्रयोग कसरी गरिनु पर्दछ भन्ने विषय प्रस्तुत विवादमा निरुपण गर्नु पर्ने विषयको रुपमा रहेको देखिदैन।

45 "The Proclamation under Article 356(1) is not immune from judicial review. The Supreme Court or the High Court can strike down the Proclamation if it is found to be mala fide or based on wholly irrelevant or extraneous grounds" भनी S. R. Bommai V. Union of India, AIR 1994 SC 1918 को विवादमा भारतीय सर्वोच्च अदालतले व्याख्या गरेको समेत पाइन्छ।

नेपालको संविधानको धारा ७६ को प्रयोग र प्रतिनिधि सभा विघटनका विषयसंग सम्वन्धित प्रश्नहरुसम्म अहिले निरुपणको विषय बनेको देखिन्छ। त्यसमा पनि खासगरी धारा ७६ को उपधारा (५) को प्रयोग सम्बन्धी प्रश्न यस विवादको केन्द्रमा रहेको छ। संविधानको धारा ७६(५) मा प्रयुक्त प्रतिनिधि सभाको **"कुनै सदस्यले प्रतिनिधि सभामा विश्वासको मत प्राप्त गर्न सक्ने आधार प्रस्तुत गरेमा"** भन्ने बाक्यांश प्रयोगका सिमा र तरिकाहरु छन्। ती शर्तहरुको पालन गरिनु नै पर्दछ। यसका अतिरिक्त उक्त प्रावधानले केही हदमा स्वविवेकीय अधिकार प्रदान गरेको भन्ने मानेर हेर्दा पनि केही विधिशास्त्रीय मान्यताहरु पनि विचारणीय बन्न पुग्दछन्। स्वविवेकीय अधिकार भनेको स्वेच्छाचारी अधिकार होइन। संविधान वा कानूनले कुनै सार्वजनिक पदाधिकारी वा निर्णयकर्तालाई कुनै स्वविवेकीय अधिकार प्रदान गरेको अवस्थामा पनि त्यस्तो अधिकारको प्रयोग निर्णयकर्ताको आत्मनिष्ठ सन्तुष्टी (Subjective satisfaction) को आधारमा मात्र प्रयोग गर्न मिल्दैन[46]। कुनै निर्णयमा पुग्न मनासिब किसिमको वस्तुगत आधार पनि विद्यमान रहेको देखिनु पर्दछ। विषयवस्तुको समग्र विश्लेषण र निष्पक्ष मूल्याङ्कन हुन सकेमा नै एउटा तार्किक निष्कर्षमा पुग्न सकिने हुन्छ। कुनै आग्रह, पूर्वाग्रह वा प्रवृत्त धारणा राखेर ईच्छित परिणामका लागि गरिएका तर्क वा विषयका प्रस्तुतीहरु एकाङ्गी बन्दछन् र न्यायिक वैधता गुमाउने अवस्थामा पुग्दछन्। असम्वद्ध तथ्यहरुलाई आधारको रुपमा ग्रहण गरियो वा सम्बद्ध तथ्यहरुलाई ग्रहण गर्न अस्वीकार गरियो भने पनि स्वविवेकीय अधिकारको दुरुपयोग हुन पुग्दछ। यस्तै अवस्थामा अधिकार सदनियतपूर्वक वा वदनियत राखेर प्रयोग गरियो भनी हेरिने हो। यो नै हामीले अनुशरण गरी आएको

46 "Subjective satisfaction" मात्रै पर्याप्त हुँदैन भन्ने उल्लेख गर्दै "The drastic and extreme action under Article 356 cannot be justified on mere ipse dixit, suspicion, whims and fancies of the Governor. This Court cannot remain a silent spectator watching the subversion of the Constitution" भनी सन् २००५ मा बिहारको विधानसभा बिघटन गरिएको सम्बन्धी Rameswar Prasad and ors v. Union of India, AIR 2006 SC 980 को विवादमा भारतीय सर्वोच्च अदालतले व्याख्या गरेको छ।

विधीशास्त्रीय मान्यता हो र तुलनात्मक विधिशास्त्रको अध्ययनबाट पनि यहि कुरा देखिन्छ। स्वविवेकीय अधिकार निरपेक्ष र असिमित प्रकृतिको हुँदैन। यसलाई विषयवस्तुको सापेक्षतामा हेरिनु पर्दछ। यस प्रकारको स्वविवेकीय अधिकारको प्रयोग उचित रुपमा भए-नभएको विषय स्वभाविक रुपमा न्यायिक निरुपणको विषय बन्दछन्।

१०२. नेपालको संविधानको धारा १ अनुसार "यो संविधान नेपालको मूल कानून हो"; धारा १२६ (१) मा "नेपालको न्याय सम्बन्धी अधिकार यो संविधान, अन्य कानून र न्यायका मान्य सिद्धान्त बमोजिम अदालत तथा न्यायिक निकायबाट प्रयोग गरिनेछ" भन्ने व्यवस्था रहेको छ; धारा १२८ को उपधारा (२) मा "संविधान र कानूनको व्याख्या गर्ने अन्तिम अधिकार सर्वोच्च अदालतलाई हुनेछ" भनी उल्लेख भएको छ। लोकतान्त्रिक मान्यता, कानूनको शासन, संविधानवाद तथा शक्तिपृथकीकरणको सिध्दान्त अनुसार पनि संविधान तथा कानूनको अन्तिम व्याख्या गर्ने अधिकार अदालतमा अन्तर्निहित रहेको देखिन्छ। विगतको अभ्यासलाई दृष्टिगत गर्ने हो भने पनि राष्ट्राध्यक्षबाट प्रतिनिधि सभा विघटन गरिएका र पटक-पटक यस अदालतबाट विवादको निरुपण गरिएका दृष्टान्तहरु छन्[47]। "श्री ५ बाट गरिएका कार्यहरूको सम्बन्धमा नेपाल अधिराज्यको संविधान, २०४७ को धारा ३१ अन्तर्गत प्रदान गरिएको वैयक्तिक उन्मुक्ति श्री ५ का नाममा भएका सबै कार्यहरूका सम्बन्धमा लागु हुन्छ भन्न मिल्दैन; संविधानले अंगिकार गरेको संवैधानिक राजतन्त्रात्मक व्यवस्था र संसदीय प्रणाली अनुरुप श्री ५ बाट मन्त्रिपरिषद् वा अन्य कुनै पदाधिकारी वा निकायको सल्लाह वा सिफारिसमा गर्ने कार्यको उत्तरदायित्व सो सुझाव दिने वा सिफारिस गर्ने पदाधिकारी वा निकायले नै वेहोर्नु पर्ने हुनाले श्री ५

47 तत्कालिन प्रधानमन्त्रीहरु क्रमशः श्री गिरिजाप्रसाद कोइराला, श्री मनमोहन अधिकारी, श्री सूर्यबहादुर थापा, श्री शेरबहादुर देउवाले प्रतिनिधि सभा विघटन सम्बन्धमा गर्नु भएका सिफारिसका सन्दर्भमा तत्कालिन राजाबाट गरिएको विघटन सम्बन्धी काम कारवाहीको विषयलाई लिएर यस अदालतबाट संवैधानिक र कानूनी स्थिति सम्बन्धमा व्याख्या भएका छन्।

बाट गरिएका त्यस्ता कार्यहरूका सम्बन्धमा उक्त धारा ३१ को प्रतिबन्धात्मक वाक्यांस अनुसार त्यस्तो पदाधिकारी वा निकायका विरुद्ध कानूनी कारवाई चल्न सक्दछ। संविधानको धारा ५३ को उपधारा (४) अन्तर्गत सम्माननीय प्रधानमन्त्रीले गर्नु भएको सिफारिस र सो सिफारिसको आधारमा श्री ५ बाट गरिएको प्रतिनिधि सभाको विघटनको उत्तरदायित्व सम्माननीय प्रधानमन्त्री उपर नै रहन्छ। राजाबाट भएका कार्यहरूको संवैधानिकताको प्रश्नमा यस अदालतले विचार गर्न नमिल्ने देखिँदैन" भनी हरिप्रसाद नेपाल वि. सम्माननीय प्रधानमन्त्री श्री गिरिजा प्रसाद कोइरालासमेत भएको विवादमा सिद्धान्त कायम भएको देखिन्छ[48]।

१०३. अधिवक्ता रविराज भण्डारी वि. सम्माननीय प्रधानमन्त्री श्री मनमोहन अधिकारीसमेत भएको विवादमा[49] समेत यस विषयमा व्याख्या भएको देखिन्छ। यस विवादका सन्दर्भमा नेपाल अधिराज्यको संविधान, २०४७ को धारा ५३ को उपधारा (४) अन्तर्गत प्रतिनिधि सभाको विघटन गर्ने अन्तिम कार्य प्रधानमन्त्रीबाट हुने नभइ श्री ५ को स्वविवेकमा हुने र श्री ५ बाट हुने कुनै कार्यको सम्बन्धमा संविधानको धारा ३१ अन्तर्गत कुनै अदालतमा प्रश्न उठाउन नसकिने हुनाले सो बिबादमा अदालतले हस्तक्षेप गरेर कुनै निर्णय गर्न मिल्दैन भनी प्रत्यर्थीहरुका तर्फबाट जिकिर लिइएको थियो। उक्त जिकिरको संवैधानिक स्थिति प्रष्ट पार्दै यस अदालतबाट भनिएको छः

"झट्ट हेर्दा धारा ३१ को संवैधानिक व्यवस्था अनुसार श्री ५ बाट भएको कुनै पनि कार्य न्यायिक पुनरावलोकनको क्षेत्रभित्र पर्दैन कि जस्तो भान पनि पर्दछ; तर त्यस्तो संकीर्ण व्याख्याले संविधानको मनसायलाई सही रूपमा प्रतिविम्बित गर्दैन; हाम्रो संविधान एउटा लिखित संविधान हो; संविधानले बहुदलीय संवैधानिक राजतन्त्र संसदीय प्रणाली र

48 हरिप्रसाद नेपाल वि. सम्माननीय प्रधानमन्त्री श्री गिरिजा प्रसाद कोइरालासमेत; उत्प्रेषणयुक्त परमादेश; सम्वत् २०५१ सालको रिट नं. २३०४; आदेश मिति: २०५१/५/२७ ।

49 अधिवक्ता रविराज भण्डारी वि. सम्माननीय प्रधानमन्त्री श्री मनमोहन अधिकारीसमेत; उत्प्रेषणयुक्त परमादेश; सम्वत् २०५२ सालको रि.नं. ३१०५; आदेश मिति: २०५२/५/१२ ।

उत्तरदायी शासन व्यवस्थालाई अंगिकार गरेको छ; श्री ५ को स्वविवेकमा गरिने कार्यहरु बाहेक अन्य कार्यहरू मन्त्रिपरिषद् वा अन्य कुनै संवैधानिक निकाय वा पदाधिकारीको सिफारिसमा हुन्छ; सो अनुसार श्री ५ बाट मन्त्रिपरिषद् वा अन्य कुनै संवैधानिक निकाय वा पदाधिकारीको सिफारिसमा गरिएका कार्यहरुको सम्बन्धमा श्री ५ स्वयम् कुनै उत्तरदायी हुने अवस्था रहँदैन; प्रधानमन्त्री वा मन्त्रिपरिषद्को सिफारिसमा श्री ५ बाट गरिएको त्यस्ता सबै कार्यहरुको लागि प्रधानमन्त्री र मन्त्रिपरिषद्ले प्रतिनिधि सभाप्रति उत्तरदायी हुनु पर्छ; श्री ५ बाट अन्य कुनै निकाय वा पदाधिकारीको सिफारिस गरिएका कार्यमा त्यो निकाय वा पदाधिकारी नै उत्तरदायी हुन्छन्; त्यस्ता कार्यहरुको सम्बन्धमा श्री ५ लाई अदालतले कुनै सवाल गर्न र राजाले अदालतलाई कुनै जवाफ दिइ रहनु पर्दैन; संवैधानिक राजतन्त्रात्मक व्यवस्थाको मर्म र आदर्श अनुरुप श्री ५ को स्वविवेकमा गरिएका कार्यहरुको प्रकृति र विस्तारलाई संविधानले नै सिमांकन गरेको र त्यस्ता कार्यहरु साधारणतः राजनैतिक प्रकृतिकै हुने भएकोले संविधान बमोजिम श्री ५ को स्वविवेकमा गरिएका कार्यहरुको सम्बन्धमा धारा ३१ को व्यवस्था विचारणीय हुन्छ; तर श्री ५ बाट संविधानबमोजिम अन्य संवैधानिक अंग, निकाय वा पदाधिकारीको सल्लाह वा सिफारिशमा गरिने कार्यहरु पनि धारा ३१ को आधारमा न्यायिक पुनरावलोकनको क्षेत्रबाट अलग राख्नु पर्छ भन्ने हो भने लिखित संविधान, सीमित सरकार, उत्तरदायी शासन व्यवस्था र कानूनको राज्य जस्ता संविधानद्वारा अंगीकृत अवधारणाहरुको कुनै अर्थ नै हुँदैन; संविधान अनुसार सल्लाह दिने वा सिफारिस गर्न पाउने संवैधानिक अङ्ग, निकाय वा पदाधिकारीले गैर संवैधानिक कार्यहरुको सिफारिस गरी श्री ५ बाट स्वीकृत गराएको खण्डमा त्यो असंवैधानिकता यथावत् कायम रहने अथवा भएको भयै हुने हो भने लिखित संविधान लागू गर्ने, शक्ति पृथकीरणको सिद्धान्त अंगालेर विभिन्न संवैधानिक अंगहरूको कार्य क्षेत्र र सिमा निर्धारित गर्ने र ती संवैधानिक व्यवस्थाहरूको पालन भए वा नभएको जाँचबुझ गरेर आवश्यकता अनुसार पालन गराउन न्यायपालिकालाई अधिकार सम्पन्न गराउने संवैधानिक व्यवस्थाहरूको औचित्य नै रहदैन; नयाँ संविधान आउनु भन्दा पहिले श्री ५ बाट जारी भएका ऐनहरू र नयाँ संविधान लागू भए पछि श्री ५ बाट भएका नियुक्तिहरूको संवैधानिकताहरूको प्रश्नमा यस अदालतले अधिकारक्षेत्र ग्रहण गरी न्यायिक पुनरावलोकन गर्दै आएको छ; ती कार्यहरू अन्तिम रुपमा श्री ५ बाट सम्पन्न भएका हुन भन्ने आधारमा यस अदालतले अधिकारक्षेत्र ग्रहण गर्न अस्वीकार गरेको देखिन्न; यस

स्थितीमा धारा ३१ को अर्थलाई बढाएर श्री ५ को नाममा प्रधानमन्त्री वा मन्त्रिपरिषद्बाट भए गरेका सबै काम कुराहरूलाई न्यायिक पुनरावलोकनको क्षेत्रभन्दा बाहिर पर्छ भन्ने तर्क स्वीकार हुन सक्तैन"।

१०४. शाही आयोग खारेजी सम्बन्धी विवादका सन्दर्भमा[50] गरिएको व्याख्याबाट पनि राष्ट्राध्यक्षबाट भए गरिएका काम कारवाहीको न्यायिक वैधता परीक्षण हुने कुरा प्रष्ट पारिएको देखिन्छ। सो विवादका सन्दर्भमा पनि तत्कालीन नेपाल अधिराज्यको संविधान, २०४७ को धारा ३१ मा रहेको प्रावधानका आधारमा राजाबाट भ्रष्टाचार नियन्त्रण शाही आयोग गठन गरिएको विषयमा अदालतमा प्रश्न उठाउन पाईंदैन भनी जिकिर गरिएको थियो। उक्त धारा ३१ मा "श्री ५ बाट गरिबक्सेको कुनै कामको सम्बन्धमा कुनै अदालतमा प्रश्न उठाइने छैन। तर यस धाराको कुनै कुराले श्री ५ को सरकार वा श्री ५ को कुनै कर्मचारीको विरुद्ध कारवाही चलाउन पाउने कानूनी अधिकारलाई सीमित गरेको सम्झिने छैन" भनी उल्लेख भएको थियो। यसरी उठाइएको प्रश्नको निरुपण गर्दै यस अदालतबाट नेपाल अधिराज्यको संविधान, २०४७ को धारा ३१ को व्यवस्थाका सम्बन्धमा हरिप्रसाद नेपालको निवेदनका सन्दर्भमा[51] तथा रविराज भण्डारीको निवेदनका सन्दर्भमा[52] भएको व्याख्या स्मरण गर्दै निम्न व्यहोरा उल्लेख गरिएको छ:

"संयुक्त अधिराज्यको संवैधानिक विकासको क्रममा राजाबाट राज्यको व्यवस्था, राजकीयसत्ता मन्त्रिपरिषद् वा जिम्मेवार पदाधिकारीको सिफारिस वा सल्लाहमा प्रयोग हुने परिपाटीले राजाबाट गल्ती र गैरकानूनी कार्य हुँदैनन् भन्ने अवधारणाको विकास

50 राजीव पराजुली वि. भ्रष्टाचार नियन्त्रण शाही आयोग समेत, नि.नं. ७६१८, ने.का.प. २०६२, अङ्क ११, २०६२ सालको रिट नं. ११८, आदेश मितिः २०६२/११/१, विशेष इजलास ।

51 हरिप्रसाद नेपालसमेत वि. सम्माननीय प्रधानमन्त्री गिरिजाप्रसाद कोइरालासमेत; उत्प्रेषण; ने.का.प. स्वर्ण शुभजन्मोत्सव विशेषांक २०५२, पृष्ठ ८८; (११ जना न्यायाधीश सम्मिलित विशेष इजलास)।

52 निवेदक रविराज भण्डारी वि. सम्माननीय प्रधानमन्त्री मनमोहन अधिकारीसमेत; उत्प्रेषण; ने.का.प. स्वर्ण शुभजन्मोत्सव विशेषांक २०५२, पृष्ठ १ ।

भयो; यथार्थमा जब राजाबाट कसैको परामर्श वा सल्लाहमा मात्र कुनै कार्य हुन्छ भने राजाले गल्ती गरेको भन्ने प्रश्न नै उठन सक्दैन; गल्ती यदि हुन्छ भने त्यस्तो कार्यको जिम्मेवारी सल्लाह वा परामर्श दिने पदाधिकारीमा नै रहन्छ; यही सिद्धान्तलाई नेपाल अधिराज्यको संविधान, २०४७ को धारा ३१ ले अवलम्बन गरेको देखिन्छ; संविधानको धारा ३१ को क्षेत्र पहिचान गर्न श्री ५ बाट गरिने कार्यको प्रकृति हेर्नुपर्ने हुन्छ; यस निमित्त संविधानमा श्री ५ बाट गरिने कार्यका सम्बन्धमा भएका व्यवस्था त्यसमा पनि धारा ३५ को उपधारा (२) को व्यवस्था विशेष रूपबाट हेरिनुपर्ने हुन्छ; संविधानको धारा ३५(२) लाई बाहेक गरेर धारा ३१ को व्याख्या हुन सक्ने अवस्था देखिँदैन"।

१०५. यस प्रकार नेपाल अधिराज्यको संविधान, २०४७ को धारा ३१ मा रहेको प्रावधानको व्याख्या गरी राजाबाट भएको कार्यको न्यायिक परीक्षण गरिएको देखिन्छ। अहिले नेपालको संविधानका कुनै प्रावधानले पनि नेपाल अधिराज्यको संविधान, २०४७ को धारा ३१ ले राजालाई प्रदान गरे जस्तो अधिकार राष्ट्रपतिलाई प्रदान गरेको देखिँदैन। लोकतान्त्रिक मूल्य, कानूनको शासन, संविधानवाद आदि मान्यताहरुलाई २०४७ सालको संविधानको तुलनामा अझ बढी प्रगतिशील रुपमा आत्मसात् गरेर जारी भएको वर्तमान संविधानको परिप्रेक्षमा प्रश्न नै गर्न नपाउने निरपेक्ष विशेषाधिकार राष्ट्रपतिमा रहेको छ भनी दावी गर्नु संविधानको सिर्जनशील प्रयोग र लोकतान्त्रिक रुपान्तरणको दृष्टीले मनासिब हुँदैन।

१०६. नेपालको संविधानको धारा ६१(४) ले "संविधानको पालना र संरक्षण गर्नु राष्ट्रपतिको प्रमुख कर्तव्य हुनेछ" भनी कर्तव्य निर्धारण गरेको छ। संविधानको धारा ६६(१) मा "राष्ट्रपतिले यो संविधान वा संघीय कानून बमोजिम निजलाई प्राप्त अधिकारको प्रयोग र कर्तव्यको पालन गर्नेछ" भनी उल्लेख भएको छ। उल्लिखित प्रावधानको तात्पर्य राष्ट्रपति संविधान र कानूनको अधिनस्थ रहेको कुराको उद्घोष पनि हो। संविधान वा संघीय कानून बमोजिम कुनै निकाय वा पदाधिकारीको सिफारिसमा गर्ने गरी किटानीसाथ राष्ट्रपतिले गर्ने कार्य भनी तोकिएको कुरामा सोही बमोजिम र सो बाहेक राष्ट्रपतिबाट सम्पादन गरिने अन्य जुनसुकै कार्य मन्त्रिपरिषदको सिफारिस र सम्मतिबाट हुन्छ भनी संविधानले नै अधिकार प्रयोगको सिमा-रेखा निर्धारण गरेको

छ। संविधानको प्रयोग र व्याख्या सम्बन्धी कुरा न्यायिक निरुपण-योग्य विषय बन्दछन्। यस प्रकारको कुरालाई अदालतमा प्रश्न नै उठाउन नपाउने किसिमको स्वविवेकीय अधिकारको रुपमा दावी गर्नु शोभनीय कुरा देखिँदैन। संविधानका अक्षरहरुलाई "शाब्दिक रुपमा" ***(Literally)*** मात्र हेर्ने होइन, यसलाई आस्था, विश्वास, भरोसायोग्य पवित्रतम् दस्तावेजको रुपमा "आस्थापूर्वक" ***(Faithfully)*** पनि हेरिनु र सोही अनुसार प्रयोग गरिनु पर्दछ। संविधान आस्थाको पनि दस्तावेज हो। राष्ट्राध्यक्षको हैसियतमा रही नेपालको राष्ट्रिय एकताको प्रवर्धन गर्ने पूनीत कर्तव्य राष्ट्रपतिमा रहेको छ। संविधानप्रतिको आस्थालाई सदा जीवन्त बनाई राख्ने कर्तव्य पनि राष्ट्रपतिमा रहेको छ। "संविधानको पालन" सम्बन्धी दायित्वको अन्तर्य पनि त्यहि हो। राष्ट्रपतिले आफ्नो अधिकारको प्रयोग गर्दा कानूनको शासनको प्रवर्द्धन हुने गरी सार्वभौम जनताबाट प्राप्त गरेको विश्वासको पालना र संरक्षण गर्ने संवैधानिक कर्तव्यबोध गर्नु आवश्यक हुन्छ[53]। यस अवस्थामा राष्ट्रपतिको भूमिकामा अनावश्यक सन्देह पैदा हुने गरी राष्ट्रपतिबाट भएको निर्णय न्यायिक निरुपणको बिषय नै हुन सक्तैन; विघटन सम्बन्धी कार्यकारी अधिकार रहेको छ भनी लिखित जवाफमा लिइएको जिकिरलाई मनासिब मान्न सकिएन। पछिल्लो समयमा आएर स्वयम् वर्तमान सम्माननीय प्रधानमन्त्री श्री के पी शर्मा ओलीको सिफारिसमा वर्तमान सम्माननीय राष्ट्रपतिबाट नै २०७७ साल पौष ५ गते भएको प्रतिनिधि सभाको विघटन सम्बन्धी विवादको यस अदालतबाट निरुपण भएको दृष्टान्त पनि ताजा नै छ। राष्ट्राध्यक्षबाट

53 श्रीलंकाको सर्वोच्च अदालतले राष्ट्रपतिको अधिकार तथा कर्तव्यका सम्बन्धमा Sugatpala Mendis v Chandraika Kumartunga, 2008 2 SLR 339) को विवादमा यसरी व्याख्या गरेको छ: "Presidency are so chosen because they are deemed able to embrace, uphold, and set example as a follower of the Rule of Law created pursuant to the Constitution and they hold in trust the executive power of the People acquired through the Sovereignty of the People. While the exercise of Presidential power is a duty that must accord with the Rule of Law, such compliance should also come from one's own conscience and sense of integrity as owed to its People".

भएका काम कारवाही वा निर्णय उपर विवाद खडा भई पटक-पटक यस अदालतबाट निरुपण भैसकेको विषय (Constitutionally and judicially settled rule) को कुरामा पुनः पुनः घुमाई-फिराई प्रत्यर्थी तर्फबाट उही प्रश्न उठाउनुको कुनै न्यायिक वा कानूनी औचित्य देखिंदैन[54]। अतः सम्माननीय राष्ट्रपतिले संविधानको धारा ७६ को उपधारा (५) र (७) बमोजिम गर्नु भएको विवादित विघटन सम्बन्धी निर्णयको विषयमा यस अदालतमा प्रश्न उठाउन मिल्दछ र यसलाई न्यायिक निरुपणयोग्य विषय बनाउन सकिन्छ भन्ने निष्कर्षमा यो ईजलास पुगेको छ।

१०७. नेपालको संविधानको धारा ११९ को उपधारा (३) बमोजिम नेपाल सरकारको अर्थ मन्त्रीले राजश्व र व्ययको अनुमान प्रत्येक वर्ष जेठ महिनाको पन्ध्र गते संघीय संसदमा पेश गर्नु पर्ने प्रावधान रहेको देखिन्छ। उक्त प्रावधान बमोजिम राजश्व र व्ययको अनुमान पेश गर्नुभन्दा केवल हप्ता दिन अगाडि २०७८ जेष्ठ ८ गते प्रतिनिधि सभाको विघटन गरिएको देखियो। तसर्थ बजेट सम्बन्धी विषयको सन्दर्भमा समेत विघटनको औचित्य विचार गर्नु पर्ने हुन आएको छ। यस सन्दर्भमा अधिवक्ता रविराज भण्डारी वि. सम्माननीय प्रधानमन्त्री श्री मनमोहन अधिकारीसमेत भएको विवादमा[55] यस अदालतबाट भएको व्याख्याको निम्न अनुच्छेद उधृत गर्नु आवश्यक देखिन्छ:

"प्रतिनिधि सभालाई विघटन गर्न सिफारिश गर्ने अधिकार प्रधानमन्त्रीलाई दिनुको प्रयोजन प्रतिनिधि सभाको अधिकारलाई प्रभावहिन बनाउन वा उत्तरदायी शासन व्यवस्थाको मर्मलाई निरादर गर्न होइन। प्रत्येक आर्थिक वर्षको अनुमानित राजस्व तथा संविधान र विनियोजन ऐनद्वारा विनियोजित हुने रकमहरू खुलाएर राजस्व र व्ययको वार्षिक

54 इन्हुरेड इन्टरनेशनल समेतका तर्फबाट कार्यकारी निर्देशक अधिवक्ता श्रीकृष्ण सुवेदीसमेत वि. राष्ट्रपति डा. रामवरण यादव, राष्ट्रपतिको कार्यालयसमेत, ने.का.प. २०६९, अङ्क १२, नि.नं. ८९२६ को विवादका सन्दर्भमा समेत उल्लिखित प्रश्नको निरुपण मिति २०६७/६/१४ मा यस अदालतबाट भएको देखिन्छ।

55 अधिवक्ता रविराज भण्डारी वि. सम्माननीय प्रधानमन्त्री श्री मनमोहन अधिकारीसमेत; उत्प्रेषणयुक्त परमादेश; सम्वत् २०५२ सालको रि.नं. ३१०५; आदेश मिति: २०५२/५/१२ ।

अनुमान संसदको दुवै सदनहरूको संयुक्त अधिवेशनमा पेश हुनु पर्ने किटानी संवैधानिक व्यवस्था हुँदाहुँदै अर्थमन्त्रीबाट बेग्लै किसिमको समारोहको आयोजना गरी संसद बाहेक अन्यत्र त्यस्तो अनुमान अर्थात वार्षिक बजेट पेश गर्ने, संविधानको धारा ३६ को उपधारा (७) अन्तर्गतको काम चलाउ मन्त्रिपरिषद्ले निर्वाचनको अवधिसम्मलाई अनिवार्य सरकारी खर्चको लागि मात्र संचित कोषबाट उधारो वा पेश्कीको रुपमा रकम खर्च गर्न आवश्यक अध्यादेश ल्याउनुको सट्टा आफ्नो नीति र वार्षिक कार्यक्रमहरू उदघोषित गरेर ती सबै कार्यक्रमहरूका लागि संसदीय अनुमोदन बिना अध्यादेश जारी गरेर संचित कोषबाट रकम विनियोजित गर्ने र करको दरमा परिवर्तन गर्ने; र संचित कोषमाथि व्ययभार हुने गरी ऋण लिने अवान्छनीय र असंसदीय परम्परा विकसित गर्दै गएको हाम्रो देशमा मन्त्रिपरिषदले आफ्नो विरुद्धको अविश्वासको प्रस्तावको सामना नगरे पनि सत्तामा बसी रहन पाउने हो भने विघटनको अधिकारभन्दा अधिवेशन आव्हान गर्ने र अन्त्य गर्ने अधिकारको प्रयोग गरेरै पनि प्रधानमन्त्रीले पाँच वर्षसम्म निरंकुश रुपमा शासन संचालन गर्न सक्ने हुन्छ। संवैधानिक औपचारिकताको निर्वाह गर्नसम्मको लागि धारा ५३ को उपधारा (१) अन्तर्गत अधिवेशन आव्हान गर्ने, आफ्नो प्रतिकुल कुनै प्रस्ताव आएमा अधिवेशनलाई अन्त्य गर्ने र शासन व्यवस्थाको संचालन गर्न आवश्यक पर्ने आर्थिक श्रोत अध्यादेशबाट जुटाउने गरी कुनै पनि मन्त्रिपरिषद्ले ५ वर्षसम्म अटूट रुपमा शासन चलाउन सक्ने हुन्छ। प्रजातान्त्रिक संस्कारको ज्यादै अभाव रहेको हाम्रो देशको यिनै वास्तविकताहरूलाई दृष्टिगत गरेर हाम्रो संविधानले मन्त्रिपरिषद् माथि जनप्रतिनिधिहरूको नियन्त्रण प्रभावकारी हुन सकोस भन्ने उद्देश्यले धारा ५३ को उपधारा (३) को व्यवस्था गरेको हो"।

१०८. यस अदालतबाट करिब पच्चीस वर्ष अगाडि गरिएको उपरोक्त अनुसारको व्याख्याको अहिले पनि उत्तिकै सान्दर्भिकता रहेको देखिन्छ। उत्तरदायी शासन व्यवस्थाको मर्मको निरादर हुने गरी प्रतिनिधि सभा विघटन गरिनु हुँदैन। यसका अतिरिक्त नेपालको संविधानको धारा ११९ को उपधारा (३) बमोजिम नेपाल सरकारको अर्थ मन्त्रीले राजश्व र व्ययको अनुमान प्रत्येक वर्ष जेठ महिनाको पन्ध्र गते संघीय संसदमा पेश गर्नु पर्ने संवैधानिक अनिवार्यता समेत रहेको देखिन्छ। यस अवस्थामा बजेट पेश गर्नु पर्ने मितिभन्दा हप्ता दिन अगाडि हठात प्रतिनिधि सभाको विघटन गरेर अध्यादेशको माध्यमबाट राजश्व र व्ययको अनुमानको कुरालाई कानूनी स्वरुप दिइनु र कामचलाउ सरकारले अनिवार्य सरकारी खर्चको लागि मात्र व्ययको

व्यवस्था गर्नु पर्नेमा दीर्घकालीन महत्व र प्रभाव राख्ने प्रकृतिका नीति तथा बार्षिक कार्यक्रमहरूको उदघोष गर्नु वाञ्छित कुरा हुँदैन। यस प्रकारको असंसदीय परम्परा विकसित गर्दै जाने हो भने संसदलाई छल्ने, संविधानले गरेका व्यवस्थाहरुको अवमूल्य गर्ने र स्वेच्छाचारिताले थप प्रोत्साहन पाउने अवस्था रहन्छ। बजेट पेश गर्नु पर्ने भनी संविधानमा नै किटानी साथ उल्लेख गरिएको मितिभन्दा केवल हप्ता दिन अगाडि प्रतिनिधि सभा विघटन गरिनुलाई नेपालको संविधानको धारा ११९ को उपधारा (३) को पालना र कार्यान्वयनमा जालझेल वा धोखाधडी गरेको अर्थमा पनि बुझ्न सकिन्छ। यो न लोकतान्त्रिक संस्कारको कुरा भयो, न त यसबाट सुशासनको नै प्रत्याभूति हुन सक्तछ। यसबाट गरीब मुलुकको सिमित श्रोत साधनको अनुचित, अपारदर्शी र स्वार्थ-प्रेरित दोहन हुने तथा स्वेच्छाचारिताले प्रोत्साहन पाउने अवस्था रहन्छ। अध्यादेशकै माध्यमबाट बजेट लगायतका विविध बिषयमा कानूनी बन्दोबस्त गरिने हो भने जनप्रतिनिधिमूलक शासन व्यवस्थाको कुनै सार्थकता वा प्रयोजन रहने हुँदैन। यस प्रकारको निरंकुशता तर्फको यात्रालाई वर्तमान नेपालको संविधानले निषेध गर्दछ। यस प्रकारको प्रवृत्तिबाट संविधानले हासिल गर्न खोजेको लोकतान्त्रिक मूल्य मान्यतामा आधारित अभिष्ट पुरा हुनमा अवाञ्छित अवरोध नै पैदा हुन जान्छ। यस दृष्टीले हेर्दा समेत विवादित विघटन कार्यको संवैधानिक वैधता वा औचित्य प्रमाणित हुने अवस्था देखिएन।

१०९. लोकतन्त्रलाई संस्थागत गर्ने अभिप्रायले निष्पक्ष र स्वतन्त्र रुपमा आवधिक निर्वाचन हुने र निर्वाचित जनप्रतिनिधिले राज्यको शासन व्यवस्था सञ्चालन गर्ने आधारभूत प्रारुप संविधानले निर्धारण गरेको छ। नेपालको संविधान अनुसार जनतामा रहेको सार्वभौम अधिकार आवधिक निर्वाचनको माध्यमबाट निर्वाचित जनप्रतिनिधि मार्फत प्रयोग हुन्छ। संविधानको प्रस्तावनामा "जनताको प्रतिस्पर्धात्मक बहुदलीय लोकतान्त्रिक शासन प्रणाली", "बालिग मताधिकार", "आवधिक निर्वाचन" लगायतका लोकतान्त्रिक मूल्य र मान्यतामा आधारित" "सम्मृद्ध राष्ट्रको" परिकल्पना गरिएको छ। संविधानको धारा ४ मा अन्य कुराहरुका अतिरिक्त नेपाललाई "लोकतन्त्रात्मक" राज्यको रुपमा पनि परिभाषित गरिएको छ। धारा ५० मा "लोकतान्त्रिक गणतन्त्रात्मक व्यवस्था सुदृढ गर्ने" भनी राज्यको निर्देशक सिध्दान्त

तोकिएको छ। धारा ५६(६) मा "संघ, प्रदेश र स्थानीय तहले नेपालको स्वतन्त्रता, सार्वभौमसत्ता, भौगोलिक अखण्डता, स्वाधीनता, राष्ट्रिय हित, सर्वाङ्गिण विकास, बहुदलीय प्रतिस्पर्धात्मक लोकतान्त्रिक गणतन्त्रात्मक संघीय शासन प्रणाली, मानव अधिकार तथा मौलिक हक, कानूनी राज्य, शक्तिपृथकीकरण र नियन्त्रण तथा सन्तुलन, बहुलता र समानतामा आधारित समतामूलक समाज, समावेशी प्रतिनिधित्व र पहिचानको संरक्षण गर्नेछन्" भनी उल्लेख भएको छ। धारा ७४ मा "नेपालको शासकीय स्वरुप बहुलवादमा आधारित बहुदलीय प्रतिस्पर्धात्मक संघीय लोकतान्त्रिक गणतन्त्रात्मक संसदीय शासन प्रणाली हुनेछ" भनी उल्लेख छ। उल्लिखित प्रावधानहरुमा जनताबाट अनुमोदित प्रतिनिधिबाट राज्यको शासन व्यवस्था सञ्चालन हुनु पर्ने र शासन व्यवस्थामा संविधानवादका मुल्य, मान्यता तथा आदर्शहरुको अनुशरण गरिने अभिप्राय अन्तर्निहित रहेको देखिन्छ।

११०. लोकतान्त्रिक मूल्य मान्यता (Democratic norms and values) को संरक्षणका लागि जनप्रतिनिधिमूलक संस्थाहरुको सुदृढीकरण र सबलीकरण वाञ्छनीय हुन्छ। जनताको अभिमत पाएर निर्वाचित भएका प्रतिनिधिहरुको भूमिकालाई सिमित वा निस्तेज पारियो वा लोकतान्त्रिक संस्थाहरुलाई क्रियाशील हुन नदिई शासकीय सुविधा अनुकूल परिचालन गरियो भने लोकतान्त्रिक मूल्य मान्यताहरुको संरक्षण र प्रवर्द्धन हुन सक्तैन। संविधानलाई आस्था, आदर्श र समर्पण-भाव राखेर निष्ठापूर्वक पालन गर्नु पर्ने राजनीतिक तथा कानूनी जीवन-दर्शनको रुपमा आत्मसात् गर्नु पर्ने पवित्रतम् दस्तावेजको रुपमा हेरियो भने नै यसले गतिशीलता प्राप्त गर्न सक्तछ। यसलाई कुनै घटनाक्रमको उपजको रुपमा सामान्य कागजमा लेखिएको आवधिक राजनीतिक चाहनाको रुपमा मात्रै हेरियो भने यसको सार्थकता र सान्दर्भिकता नै हराएर जान्छ। मूल्य मान्यता सैध्दान्तिक चर्चाका विषय मात्रै होइनन्, यसको उपयोगिता व्यवहारिक जीवनमा पनि प्रमाणित हुनु पर्दछ। शासन व्यवस्था सञ्चालनका सन्दर्भमा उल्लिखित कुराहरु अनुशरण गरिएको छ वा छैन भन्ने सम्बन्धमा पनि शासकीय व्यवस्था सञ्चालन कार्यमा भूमिका निर्वाह गर्ने राज्यका सबै निकाय र पदाधिकारीहरुले गम्भीर रुपमा आत्म-समीक्षा गर्नु वाञ्छनीय हुन जान्छ।

१११. संविधानको प्रयोग वा कार्यान्वयनका सन्दर्भमा संवैधानिक एवम् राजनैतिक नैतिकता (Constitutional and political morality) सम्वन्धी विषयहरु पनि अनुशरणका विषय बन्दछन्। समसामयिक संवैधानिक विधिशास्त्रमा संवैधानिक नैतिकता (Constitutional morality) को खास महत्व रहेको छ। परम्परागत विधिशास्त्र अनुसार "नैतिकता" सम्बन्धी कुरालाई न्यायिक निरुपणको विषय बनाउनु हुँदैन भन्ने मान्यता रही आएको पाइन्छ। समसामयिक विधिशास्त्र अनुसार पनि सामान्य वा सामाजिक नैतिकताका बिषयहरुलाई न्याय निरुपणको आधारबस्तुको रुपमा ग्रहण गरिदैन। तर "संवैधानिक नैतिकता" भन्नु र सामान्य अर्थमा "नैतिकता" भनिनु फरक-फरक कुरा हुन् भन्ने पक्ष भने यस प्रसंगमा विशेष महत्वपूर्ण देखिन्छ। संवैधानिक नैतिकताले संविधानद्वारा आत्मसात् गरिएको मूल्य, मान्यता वा दर्शन प्रतिकूल भए गरिएका काम कारबाहीलाई मान्यता दिनु हुँदैन भन्ने मान्यता राख्दछ। भारतीय सर्वोच्च अदालतले "Constitutional morality means adherence to the core principles of constitutional democracy" भनी व्याख्या गरेको छ। सबरिमाला[56] विवादका सन्दर्भमा भारतीय सर्वोच्च अदालतले "संवैधानिक नैतिकता" (Constitutional morality) र "सामाजिक नैतिकता" (Social morality) को अवधारणागत दृष्टिकोण प्रस्तुत गरेको पाइन्छ। कतिपय बिबादको सन्दर्भमा भारतीय सर्वोच्च अदालतले लोकतान्त्रिक संस्थाप्रतिको जनआस्था र विश्वास कायम राख्न संवैधानिक नैतिकता सम्बन्धी मान्यता प्रयोगको औचित्य पुष्टी हुन्छ भन्ने दृष्टिकोण अगाडी सारेको छ। भारतीय सर्वोच्च अदालतले केशवानन्द भारतीको बिबादमा[57] गरेको व्याख्या संविधानवाद र संवैधानिक नैतिकता सन्दर्भको अर्को व्याख्यात्मक उदाहरणको रुपमा रहेको छ। यसरी बिकशित नवीनतम् अवधारणाहरुप्रति अभिरुची राख्नु हाम्रो सन्दर्भमा पनि उपयोगी नै हुनेछ।

---

56 सबरिमाला मन्दीर प्रवेश विवादको रुपमा परिचित Indian Young Lawyers' Association Vs. State of Kerala भएको विवादमा भारतीय सर्वोच्च अदालतले २८ सेप्टेम्बर २०१८ मा गरेको फैसला।

57 Kesavananda Bharati Sripadagalvaru, v. State of Kerala, 24 April 1973, AIR 1973 SC 1461

११२. संवैधानिक नैतिकताको विषय संवैधानिक कानूनको व्याख्याका क्रममा प्रयोगमा आउन थालेको लामो अवधि भएको छैन। तथापी यो कुनै नौलो अवधारणा पनि होइन। Ronald Dworkin ले "fidelity in interpreting the Constitution as written calls for a fusion of constitutional law and moral philosophy"[58] भनी धारणा अगाडि सारेको पाइन्छ। Dr. B.R. Ambedkar ले पनि भारतीय संविधान निर्माणको सन्दर्भमा Constitutional morality को कुरामा जोड दिएको देखिन्छ[59]। पछिल्लो समयमा आएर Govt. Of Nct of Delhi vs. Union of India को विवादमा भारतीय सर्वोच्च अदालतले यस अवधारणाका सम्बन्धमा न्यायिक दृष्टिकोण अझ प्रष्ट पारेको छ[60]। संवैधानिक नैतिकताको

---

58 Constitutional Interpretation: The Basic Question; Sotirios A. Barber & James E. Fleming; Oxford University Press; p - 189

59 Dr. B.R. Ambedkar ले "Constitutional morality is not a natural sentiment. It has to be cultivated. We must realize that our people are yet to learn it. Democracy in India is only a top-dressing on an Indian soil, which is essentially undemocratic." भनी उल्लेख गरेको कुरा Govt. Of Nct of Delhi vs. Union of India को विवादमा ४ July, २०१८ मा गरिएको फैसलाबाट साभार गरिएको।

60 Govt. Of Nct of Delhi vs. Union of India भएको मुद्दामा प्रधान न्यायाधीश Dipak Misra तथा न्यायाधीशहरु A.K. Sikri र A.M. Khanwilkar बाट ४ July, २०१८ भएको फैसलामा निम्न व्यहोरा समेत उल्लेख गरिएको छ:

"Constitutional morality in its strictest sense of the term implies strict and complete adherence to the constitutional principles as enshrined in various segments of the document. When a country is endowed with a Constitution, there is an accompanying promise which stipulates that every member of the country right from its citizens to the high constitutional functionaries must idolize accompanying promise which stipulates that every member of the country right from its citizens to the high constitutional functionaries must idolize the constitutional fundamentals. This duty imposed by. the Constitution stems from the fact that the Constitution is the indispensable foundational base that functions as the guiding force to protect and ensure that the democratic

अवधारणाले संविधानको पूर्ण परिपालना हुनु पर्ने कुरामा जोड दिन्छ, यसले संविधानमा अन्तर्निहित लोकतान्त्रिक मूल्य मान्यता, आदर्श र प्रतिबध्दताहरुलाई व्यवहारमा रुपान्तरण गर्नु पर्ने अनिवार्यता पनि बोध गराउँदछ। संवैधानिक नैतिकता राज्यका उच्चाधिकारीहरुको स्वेच्छाचारी, निरङ्कुश वा एकाधिकार विरुद्धको एक महत्वपूर्ण र बन्धनयुक्त संवैधानिक आदेश पनि हो[61]। यसले लोकतान्त्रिक मान्यतामा आधारित राजनीतिलाई दुषित बन्न दिनबाट रोक्न पनि मद्दत नै गर्दछ[62]। यो संविधानमा अन्तरनिहित अवधारणा हो र यसले संविधानप्रति समर्पणको कुरामा जोड दिन्छ[63]। हरेक संविधानको अभिष्ट हुन्छ र गन्तव्य हुन्छ। राज्यका

---

setup promised to the citizenry remains unperturbed. The constitutional functionaries owe a greater degree of responsibility towards this eloquent instrument for it is from this document that they derive their power and authority and, as a natural corollary, they must ensure that they cultivate and develop a spirit of constitutionalism where every action taken by them is governed by and is in strict conformity with the basic tenets of the Constitution.

61 पूर्व उल्लिखित Govt. Of Nct of Delhi vs. Union of India को विवादमा भारतीय सर्वोच्च अदालतले भनेको छ: "Constitutional morality is that fulcrum which acts as an essential check upon the high functionaries and citizens alike, as experience has shown that unbridled power without any checks and balances would result in a despotic and tyrannical situation which is antithetical to the very idea of democracy".

62 "Constitutional morality acts as a check against lapses on the part of the governmental agencies and colorable activities aimed at affecting the democratic nature of polity". (पूर्व उल्लिखित Govt. Of Nct of Delhi vs. Union of India, 2018)

63 पूर्व उल्लिखित Govt. Of Nct of Delhi vs. Union of India को विवादमा भारतीय सर्वोच्च अदालतले यसरी पनि धारणा व्यक्त गरेको छ: "Constitutional morality, appositely understood, means the morality that has inherent elements in the constitutional norms and the conscience of the Constitution. Any act to garner justification must possess the potentiality to be in harmony with the constitutional impulse. We may give an example. When one is

पदाधिकारीहरुले आफ्नो कर्तव्यपालन मार्फत संवैधानिक अभिष्ट र गन्तव्य पछ्याउन सक्नुपर्छ। न्याय संवैधानिक नैतिकताको आत्मा हो। गरिएका कार्यहरु न्यायपूर्ण, स्वच्छ र विवेकसम्मत् हुनु संवैधानिक नैतिकताको दृष्टीले आवश्यक ठानिन्छ। संवैधानिक विकाशको क्रममा विकशित हुँदै आएको यो संवैधानिक नैतिकताको अवधारणालाई व्यवहारिक जीवनमा रुपान्तरण गर्ने तर्फ हाम्रो पनि गहिरो अभिरुचीको विषय बन्नु पर्ने देखिन्छ।

११३. संविधानवाद, संवैधानिक नैतिकता तथा लोकतन्त्र गतिशील अवधारणा (dynamic concept) हुन्। सिमित सरकार तथा उत्तरदायी शासन व्यवस्था सम्बन्धी दर्शनको रुपमा संविधानवादको अवधारणा विकशित हुँदै आएको पाइन्छ। यस अवधारणाले नागरिक अधिकारको पक्ष-पोषण र निरङ्कुश वा स्वेच्छाचारी शासन शैलीलाई तिरस्कार गर्दछ। शासकीय वैधतामा जोड दिनु यसको अर्को विशेषता हो। संवैधानिक सर्वोच्चता, उत्तरदायी सरकार, प्रतिनिधिमूलक शासन व्यवस्था, आधारभूत मानव अधिकारको प्रत्याभूति, कानूनको शासन, शक्तिपृथकीकरण तथा नियन्त्रण र सन्तुलन, स्वतन्त्र न्यायपालिका आदि कुराहरु संविधानवादका आधारभूत विशेषताहरु हुन्। संविधानविद् Hilaire Barnett ले संविधानवाद कुनै कानूनी अवधारणा मात्र नभएर वैधानिक शासन व्यवस्था स्थापना गर्ने दर्शन पनि हो भनी विवेचना गरेका छन्[64]। संविधानवादको मान्यता अनुसार संविधानमा अभिव्यक्त लोकतान्त्रिक अवधारणाको प्रयोग वा कार्यान्वयनका क्रममा यसका प्रयोगकर्ताहरुबाट लोकतान्त्रिक मूल्य मान्यतालाई आत्मसात् गर्दै संस्थागत गर्ने कुरा अपेक्षित रहन्छ।

expressing an idea of generosity, he may not be meeting the standard of justness. There may be an element of condescension. But when one shows justness in action, there is no feeling of any grant or generosity. That will come within the normative value. That is the test of constitutional justness which falls within the sweep of constitutional morality. It advocates the principle of constitutional justness without subjective exposition of generosity".

**64** Hilaire Barnett, Constitutional and Administrative Law, 1996 publication, Delhi (India)

लोकतन्त्रमा कुनै पनि व्यक्तिको तुलनामा लोकतान्त्रिक विधि, पद्धती र प्रणाली नै सर्वाधिक महत्वपूर्ण हुन्छ। व्यक्ति केन्द्रित शासन व्यवस्था लोकतान्त्रिक मूल्य मान्यतामा अडिग भएर रहन सक्तैन। व्यक्ति केन्द्रित शासकीय शैली अपनाइयो भने अन्ततोगत्वा त्यसले स्वेच्छाचारिता र निरङ्कुशतालाई नै जन्म दिन पुग्दछ। शासकीय संस्कार, शैली र चिन्तनमा लोकतान्त्रिक मूल्य मान्यता (Democratic norms & Values) लाई सामाजिक विकाश र परिवर्तनको सापेक्षतामा अनुशरण गर्दै लैजाने गरेको परिणामस्वरुप नै करिव २३० बर्ष पुरानो अमेरिकी संविधान आज पर्यन्त गतिशील र क्रियाशील रहन सकेको छ। लोकतान्त्रिक मूल्य मान्यतालाई सामाजिक परिवर्तनको सापेक्षतामा रुपान्तरण गर्न सकेको कारणवाट लिखित संविधानको अभावकै स्थितिमा पनि वेलायती संवैधानिक प्रणाली सदियौंदेखि गतिशील रही आएकै छ। संविधानवाद, संवैधानिक नैतिकता जस्ता अवधारणालाई एकातर्फ पन्छाएर संविधानका शब्दहरुमा रहेका छिद्रहरुको अन्वेषण गरी शासकीय सुविधालाई केन्द्रमा राखेर संविधानलाई हेर्न थालियो भने सुन्दर संवैधानिक संरचना पनि निस्तेज बन्दै जाने निश्चित छ। प्रतिनिधि सभा विघटनको विवादका सन्दर्भमा उल्लिखित प्रसंगतर्फ पनि हाम्रो दृष्टी पुग्नु वाञ्छनीय देखिन्छ।

११४. प्रतिनिधि सभालाई सरकारको ईच्छाधीन रुपमा सञ्चालित हुने सरकारको नियन्त्रणभित्रको अधिनस्थ संस्था ठानिनु हुँदैन। यो त सरकारलाई नै नियन्त्रण गर्ने र उत्तरदायी बनाउने संस्था हो। यो शक्तिपृथकीरणको सिद्दान्त अनुसार राज्यका तीन अङ्ग मध्येको एउटा अङ्ग भएको र कार्य प्रकृतिको दृष्टीले सरकारको निर्माण गर्नेदेखि यसलाई नियन्त्रण र उत्तरदायी बनाउने कुरामा प्रत्यक्ष भूमिका निर्वाह गर्नु पर्ने संस्था पनि हो। सरकार निर्माणका लागि तथा अन्य महत्वपूर्ण सार्वजनिक चासोका विषयमा छलफल गरी निर्णय गर्न प्रतिनिधि सभाको वैठक बस्ने कुरामा सरकारले सहजीकरण नै गर्नु पर्ने हुन्छ। यसरी बैठक बसी छलफल र निर्णय गर्न पाउने कुरा प्रतिनिधि सभाको नैसर्गिक अधिकार पनि हो। त्यसैले वैठक बस्ने विषयमा मात्र नभएर प्रतिनिधि सभा विघटनको विषयमा समेत स्वयं त्यही प्रतिनिधि सभाले निर्णय लिने विधिशास्त्र निर्माण र विकाशको सिलसिला अहिले अगाडि बढ्दै आएको छ। यसको तात्पर्य विशेष परिस्थितिमा यदि प्रकृयासंगत् रुपमा प्रतिनिधि सभाको अधिवेशन वा

बैठक बोलाइएन भने पनि सभामुखको अग्रसरतामा प्रतिनिधि सभाका सदस्यहरुले बैठक गरी संविधानले प्रदान गरेको अख्तियारी प्रयोग गर्नु पर्ने अवस्था रहन्छ। बैठक बोलाउनु, अधिवेशन आह्वान गर्नु प्रकृयागत कुरा हुन्। राज्यको शासन व्यवस्थामा सार्वभौम जनताका प्रतिनिधिहरुको उत्तरदायित्वपूर्ण संलग्नता मूल र सारवान विषय हुन्छ। प्रकृयागत कुराहरुको कारणबाट मूल विषय वा सारवान कुरा अनुचित तवरबाट प्रभावित हुन दिनु हुँदैन। यस कुरामा कुनै अवाञ्छित वा अनुचित अवरोध पैदा हुन आएको स्थितिमा स्वयं प्रतिनिधि सभाले त्यस्ता अवरोध हटाउने मार्ग पहिल्याउनु आवश्यक हुन्छ।

११५. स्वच्छता वा निष्पक्षताको दृष्टीले पनि प्रतिनिधि सभा विघटन सम्बन्धी प्रस्तुत विवादलाई हेर्नु पर्ने अवस्था रहेको पाइयो। राज्यको तर्फबाट गरिने हरेक काम कारवाही स्वच्छ (Fair), निष्पक्ष (Impartial), तार्किक (Reasonable) र औचित्यपूर्ण (Rational) हुनु पर्दछ। पूर्वाग्रहपूर्ण, स्वेच्छाचारी वा प्रवृत्त धारणा राखेर गरिएको कार्यले न्यायिक वैधानिकता प्राप्त गर्न सक्दैन। राज्यका कुनै पनि निकाय वा पदाधिकारीलाई स्वेच्छाचारी रुपमा निर्णय गर्न पाउने छुट हुँदैन। निर्णय गर्दा पूर्वाग्रहपूर्ण वा प्रवृत्त धारणा राखिएको अथवा स्वेच्छाचारिता अपनाइएको अवस्थाका कुराहरु स्वभाविक रुपमा न्यायिक परीक्षणको विषय बन्दछन्। यस दृष्टीले हेर्दा प्रतिनिधि सभा विघटन सम्बन्धी घटनाक्रममा केही अस्वभाविक परिस्थितिहरु पनि देखिन आएको पाइयो।

११६. सरकार सञ्चालनमा रहेको राजनीतिक दल (तत्कालीन ने.क.पा.) भित्रको आन्तरिक समस्याको परिणामस्वरुप सम्माननीय प्रधानमन्त्री श्री के पी शर्मा ओलीको सिफारिशमा २०७७ साल पौष ५ गते असंवैधानिक तवरबाट प्रतिनिधि सभाको विघटन भएको कुरा यस अदालतबाट मिति २०७७/११/११ मा जारी गरिएको रिट आदेशबाट प्रमाणित भैसकेको छ। यसरी विघटित प्रतिनिधि सभा पुनर्स्थापित भएपछि सम्माननीय प्रधानमन्त्री श्री के पी शर्मा ओलीले नै विश्वास नगरेर वा भरोसा नराखेर विघटन गर्न सिफारिस गर्नु भएको त्यही प्रतिनिधि सभामा आफ्नो लागि विश्वासको प्रस्ताव राख्नु भएको देखिन्छ। मिति २०७८/१/२७ मा भएको मतदानमा वहाँले केवल ९३ जना प्रतिनिधि सभाका सदस्यहरुको विश्वास रहेको भनी

मत पाउनु भएको पाइयो। वहाँको प्रस्ताव बहुमतबाट पारीत हुन सकेको देखिएन। यसपछि सोही मितिमा प्रतिनिधि सभाको अधिवेशनको अन्त्य समेत गरिएको देखिन्छ[65]। यस अवस्थाको प्रतिनिधि सभाबाट स्वयं आफैले राखेको विश्वासको प्रस्ताव पारीत हुन नसकेको भएपनि पुनः मिति २०७८/१/३० मा संविधानको धारा ७६(३) बमोजिम श्री के पी शर्मा ओली नै प्रधानमन्त्री पदमा नियुक्त हुनु भएको पाइयो। यसरी पुनः प्रधानमन्त्रीको पदमा नियुक्ति भएपछि सो पदमा कायम रहनका लागि संविधानको धारा ७६(४) बमोजिम प्रतिनिधि सभाबाट संविधानका शर्त बमोजिम विश्वासको मत प्राप्त गर्नु पर्ने अनिवार्यता थियो। यस कुरालाई संविधानको धारा ७६(३) बमोजिम प्रधानमन्त्री पदमा भएको नियुक्तिमा अन्तरनिहित संवैधानिक शर्त मान्नु पर्दछ। सो बमोजिम विश्वासको मत सम्बन्धी प्रकृयामा प्रवेश नगर्ने कुरा प्रधानमन्त्री स्वयमले स्वीकार गरी विश्वासको मत प्राप्त गर्न नसक्ने कारण जनाई संविधानको धारा ७६(५) बमोजिम प्रधानमन्त्री पदमा नियुक्तिका लागि मार्ग प्रसस्त गरेको भनी सम्माननीय राष्ट्रपति समक्ष मिति २०७८/२/६ मा मन्त्रिपरिषदको निर्णय अनुसार भनी सिफारिस पेश गर्नु भएको देखिन्छ। यसरी प्रधानमन्त्री स्वयंले विश्वासको मत प्राप्त गर्न नसक्ने भनी लिखित रुपमा स्वीकार गर्नु भएको कुरालाई परिणामतः विश्वासको प्रस्ताव प्रतिनिधि सभाबाट पारीत हुन नसके सरह मान्नु पर्ने हुन्छ[66]। सम्बन्धित व्यक्तिले नै स्वीकार गरिसकेको यस प्रकारको तथ्यलाई थप

---

65 प्रतिनिधि सभाको अधिवेशन आहान गर्दा वा अन्त गर्दा वा बिघटन गर्दा सभामुखको सल्लाह लिने अभ्यास रही आएकोमा वर्तमान प्रतिनिधि सभाको अधिवेशनको आहान, अन्त्य, बिघटन आदि कुराका सन्दर्भमा कुनै सल्लाह लिइएन, परामर्श गरिएन भनी प्रत्यर्थी मध्येका सम्माननीय सभामुखको तर्फबाट जिकिर प्रस्तुत हुन आएको छ। यो प्रवृत्तिलाई संसदीय प्रणालीको सुखद अभ्यास मान्न मिल्ने देखिँदैन। स्थापित मूल्य मान्यताहरु अकारण भत्काउनु शोभनीय हुँदैन। यस सम्बन्धमा थप जानकारीका लागि हेर्नुहोस: Durga Das Basu; Commentary on the Constitution of India; 9th. Ed. Lexis Nexis; Article 85 - 8107.

66 "Dicey, in listing the conventions of the English Constitution, stated that a government defeated in Parliament may appeal once to the country by means of a dissolution, but that if the ministry loses the election, ministers' are bound to retire from office, and have no right to dissolve

परीक्षण वा प्रमाणित गरिरहनु आवश्यक देखिंदैन। यसरी संविधानको धारा ७६(४) बमोजिम विश्वासको मत प्राप्त गर्न नसक्ने भएकाले प्रधानमन्त्री पदमा नियुक्ति (वैकल्पिक सरकार गठन) का लागि सम्माननीय प्रधानमन्त्री श्री के पी शर्मा ओलीले सम्माननीय राष्ट्रपति समक्ष मिति २०७८/२/६ मा *"लिखित रुपमा अनुरोध गर्नु भएको तत्-क्षण"* वहाँ प्रधानमन्त्रीको पदबाट पदमुक्त हुनु भएको र अर्को सरकार गठन नभएसम्मको लागि कामचलाउ प्रधानमन्त्रीमा परिणत हुनु भएको देखिन्छ। यसरी स्वतः पदमुक्त भएको अवस्था देखिएको हुँदा प्रधानमन्त्री पदबाट राजिनामा दिनु वा नदिनुको कुराले परिणाममा कुनै अन्तर राख्ने देखिंदैन[67]। राजिनामा भनेको सम्बन्धित व्यक्ति "राजी भएर" (खुसी भएर वा ईच्छा राखेर) दिइने मञ्जुरीको लिखत भएकाले यस कुरालाई कानूनी शर्तको रुपमा हेर्नु मनासिब पनि हुँदैन[68]। यसरी मिति २०७८/२/६ मा सम्माननीय प्रधानमन्त्री श्री के.पी. शर्मा

Parliament a second time'. Monahan expanded upon Dicey's conventions by observing that 'if a government continues in office as a minority administration after an inconclusive general election obtained by its prime minister and is subsequently defeated in the House of Commons, such a prime minister is not entitled to a second dissolution and must resign". – Quoted from: Anne Twomey; The Veiled Sceptre: Reserve Powers of Heads of State in Westminster Systems; Cambridge University Press 2018; page - 436.

67 भारतीय सर्वोच्च अदालतले समेत यसै प्रकारको दृष्टिकोण अपनाएको पाइन्छ। "A Chief Minister's refusal to test his strength on the floor of the assembly can well be interpreted as prima facie proof of his no longer enjoying the confidence of the legislature. If then an alternative Ministry can be formed" भनी S.R. Bommai V. Union of India, 1994 AIR 1918 को विवादमा गरिएको व्याख्यालाई एउटा दृष्टान्तको रुपमा लिन सकिन्छ।

68 राजिनामा भनेको सम्बन्धित व्यक्ति "राजी भएर" (खुसी भएर वा ईच्छा राखेर) दिइने मञ्जुरीको लिखत हो। यस्तो यस्तो अवस्था वा परिस्थितिमा राजिनामा दिनु पर्ने अनिवार्यता रहन्छ भन्ने कानूनी शर्त सहितको बाध्यता रहँदैन। यो अवश्य नै संवैधानिक तथा राजनीतिक नैतिकता सम्बन्धी विषय बन्न सक्तछ, तर कानूनी अनिवार्यता वा शर्तको विषय

ओली पदमुक्त हुनु भई अर्को सरकार गठन नभएसम्मको लागि कामचलाउ प्रधानमन्त्रीमा परिणत हुनु भएपछि गठन हुने भनेको संविधानको धारा ७६(५) बमोजिमको वैकल्पिक सरकार नै हो। वैकल्पिक सरकार गठनको यो प्रकृया धारा ७६ को उपधारा (३) बमोजिम नियुक्त प्रधानमन्त्रीले विश्वासको मत प्राप्त गर्न नसकेपछि मात्र क्रियाशील हुन्छ। धारा ७६(५) बमोजिम गठन हुने वैकल्पिक सरकार गठनको कुरामा तत्काल धारा ७६(३) बमोजिम नियुक्ति भई प्रतिनिधि सभाबाट विश्वासको मत प्राप्त गर्न नसकी वा सो प्रकृयामा प्रवेश गर्न अस्वीकार गरेको कारणबाट पदमुक्त भई कामचलाउमा परिणत हुन पुग्नु भएका प्रधानमन्त्रीले दाबी गर्न पाउने अवस्था नै रहँदैन। संविधानका प्रावधानहरुको व्याख्या गर्दा एक-अर्का प्रावधानसंग सुसंगत हुने गरी व्याख्या गरिनु पर्दछ[69]। यसरी हेर्दा धारा ७६(३) बमोजिम नियुक्त प्रधानमन्त्रीले प्रतिनिधि सभाबाट विश्वासको मत लिन नसकेको अवस्थामा निजले सो प्रकृयाको तत्काल पछि धारा ७६(५) बमोजिम प्रधानमन्त्री पदमा नियुक्तिका लागि दावी गर्न मिल्ने संवैधानिक आधार देखिएन।

---

होइन। त्यसैले सम्माननीय प्रधानमन्त्री श्री के.पी. शर्मा ओलीले राजिनामा दिनु पर्ने थियो भनी लिइएको जिकिरका सम्बन्धमा थप उल्लेख गरिरहनु परेन।

69 Justice Aharon Barak, President of Supreme Court of Israel ले भनेका छन्: "The task of expounding a constitution is crucially different from that of construing a statute. A statute defines present rights and obligations. It is easily enacted and as easily repealed. A constitution, by contrast, is drafted with an eye to the future. Its function is to provide a continuing framework for the legitimate exercise of governmental power and, when joined by a Bill or Charter of rights, for the unremitting protection of individual rights and liberties. Once enacted, its provisions cannot easily be repealed or amended. It must, therefore, be capable of growth and development over time to meet new social, political and historical realities often unimagined by its framers. The judiciary is the guardian of the constitution and must, in interpreting its provisions, bear these considerations in mind." (Harvard Law Review, Vol.116 (2002-2003) - As Quoted in: Rameswar Prasad and ors v. Union of India, AIR 2006 SC 980)

११७. प्रस्तुत विवादको सन्दर्भमा हेर्दा विश्वासको मत हासिल गर्न नसक्ने भनी वैकल्पिक सरकार गठनका लागि मार्ग प्रसस्त गरेको अर्को दिन नै प्रत्यर्थी सम्माननीय प्रधानमन्त्री श्री के पी शर्मा ओलीले मिति २०७८/२/७ मा आफू उपर १५३ जना प्रतिनिधि सभाका सदस्यहरुको समर्थन रहेको भनी दावी गरी संविधानको धारा ७६(५) बमोजिम प्रधानमन्त्री पदमा नियुक्तिका लागि राष्ट्रपति कार्यालयमा दावी पेश गर्नु भएको पाइयो। यसरी पेश गरिएको दावी-पत्रमा श्री के पी शर्मा ओली, श्री महन्थ ठाकुर र श्री राजेन्द्र महतो गरी तीन जनाको मात्र सही भएको देखिन्छ। प्रतिनिधि सभाका अन्य सदस्यहरुको समर्थन रहेको तथ्य प्रमाणित हुने कुनै आधार पेश गरिएको देखिंदैन। प्रतिनिधि सभाका सदस्य श्री शेर बहादुर देउवाप्रति विश्वास जनाई सही गरी राष्ट्रपति कार्यालयमा दावी-पत्र पेश गर्ने मध्येका ने.क.पा. एमालेका २६ जना र जनता समाजवादी पार्टीका १२ जना सदस्यहरुलाई समेत गणना गरी श्री के पी शर्मा ओलीले प्रधानमन्त्री पदमा नियुक्तिका लागि दावी पेश गर्नु भएको कुरामा विवाद छैन। उल्लिखित दुवै दावीलाई सम्माननीय राष्ट्रपतिबाट अस्वीकार गरिएको, तत्पश्चात प्रतिनिधि सभा विघटनका लागि सम्माननीय प्रधानमन्त्रीले तत्काल सिफारिस गर्नु भएको र विघटन भएको पाइयो। माथि उल्लेख भए अनुसार मिति २०७७/११/११ मा पुनर्स्थापित प्रतिनिधि सभालाई विश्वासको प्रस्तावमा छलफल गर्ने काम बाहेक सरकारले अन्य कुनै पनि काम (Business) नदिई अधिवेशनको अन्त गरिएको र अन्ततः विघटन गरिएको समेत देखियो। उपरोक्त अनुसार गरिएका कार्यहरुलाई रिट निवेदक पक्षबाट संविधानप्रतिको धोखाधडी तथा बदनियतपूर्ण कार्य (Fraud on Constitution) हो भनी जिकिर गरिएको समेत देखिन्छ।

११८. प्रतिनिधि सभा विघटन सम्बन्धी समग्र घटनाक्रम र परिस्थिति संवैधानिक कानून तथा राजनीति शास्त्रका विज्ञहरुका लागि विश्लेषणको रुचीकर विषय बन्न सक्लान !! सम्भवतः उल्लिखित घटनाक्रम लोकतान्त्रिक मुलुकका संवैधानिक कानूनमा विरलै देख्न वा पाउन सकिने घटना हो। यसलाई “नौलो अभ्यासको रुपमा” पनि लिन सकिन्छ। प्रतिनिधि सभा विघटन, पुनर्थापना, विश्वासको मत हासिल हुन नसकेको अवस्था, बहुमत पुर्‍याउन नसक्ने कुराको स्वीकारोक्ति, पुनः नियुक्तिका लागि दावी-

पत्र पेश, प्रतिनिधि सभाका १४९ जना सदस्यले वैकल्पिक सरकार गठन हुने अवस्था कायम रहेको भनी हस्ताक्षर गरी लिखित रुपमा दावी पेश भएको अवस्था, सो दावीलाई संविधान तथा कानूनका प्रावधान प्रतिकूल अर्थ लगाई अस्वीकार गरिएको स्थिति र पुनः प्रतिनिधि सभा विघटन गरिएको घटना-चक्रलाई सम्बोधन गर्ने कतिपय विशेषणहरु पनि होलान् !! न्यायिक मान्यताका दृष्टीले हेर्दा विवादित विघटन सम्बन्धी कार्यलाई सदाशयतापूर्वक गरिएको कार्य हो भनी मान्न सकिने अवस्था देखिँदैन। संविधान उपर कुनै प्रकारको थिचोमिचो गर्ने र संविधानलाई छल्ने कुराले वैधता प्राप्त गर्न सक्तैन। संविधानवाद, संवैधानिक नैतिकता तथा लोकतान्त्रिक मूल्य मान्यताका दृष्टीले उल्लिखित घटनाक्रमको औचित्य प्रमाणित हुन सक्ने देखिँदैन[70]।

११९. रिट निवेदकहरुले प्रतिनिधि सभाका सदस्य श्री शेर बहादुर देउवालाई प्रधानमन्त्रीमा नियुक्तका लागि परमादेश जारी गरिनु पर्दछ भनी माग दावी लिनु भएको देखिन्छ भने प्रत्यर्थीहरुका तर्फबाट अदालतले प्रधानमन्त्री नियुक्त गर्ने होइन, यो अदालतको कार्यक्षेत्र भित्र पर्दैन, प्रधानमन्त्रीको नियुक्ति केवल राष्ट्रपतिबाट मात्र हुन्छ भनी जिकिर गरिएको पाइयो। त्यसैले प्रधानमन्त्री नियुक्त गर्ने कुरामा अदालतको अपेक्षित संवैधानिक भूमिका सम्बन्धमा केही कुरा प्रष्ट पार्नु आवश्यक हुन आएको छ। निसन्देहः प्रधानमन्त्रीको नियुक्ति गर्ने अधिकार नेपालको संविधानको धारा ७६ अनुसार राष्ट्रपतिमा नै निहित रहेको छ। यो अधिकार राष्ट्रपतिको नै हो। यस विषयमा संविधानका प्रावधानहरु पनि प्रष्ट नै छन्। यस हदमा विवाद वा थप चर्चा परिचर्चा गरी रहनु पर्ने कुनै आवश्यकता देखिँदैन। तर यसो भन्नुको तात्पर्य

---

70 "Too frequent dissolutions undermine the capacity of governments to govern. They are also expensive, socially disruptive, and impose a burden on the economy and the people". (Anne Twomey; The Veiled Sceptre: Reserve Powers of Heads of State in Westminster Systems; Cambridge University Press 2018; page - 358).

प्रधानमन्त्री नियुक्ति सम्बन्धमा संवैधानिक व्याख्याको प्रश्न खडा भएको अवस्थामा यस अदालतले नियुक्ति सम्बन्धी संवैधानिक स्थिति सम्बन्धमा हेर्न वा सुनुवाई गर्न नै हुदैन भन्ने पनि होइन। प्रधानमन्त्रीको नियुक्ति संविधान बमोजिम हुने हो। नियुक्ति प्रकृयामा संविधानको प्रयोग, पालना वा व्याख्या सम्बन्धी प्रश्न खडा हुन आएमा संविधानको अन्तिम व्याख्या गर्ने कर्तव्य र जिम्मेवारी रहेको कारणबाट यस अदालतले प्रधानमन्त्री नियुक्ति सम्बन्धी विवाद उपर सुनुवाई गरी न्यायिक उपचार प्रदान गर्नु नै पर्ने हुन्छ। यसरी उपचार प्रदान गरिनुको अर्थ अदालत आफै प्रधानमन्त्री नियुक्त गर्न अग्रसर भएको भन्ने होइन; गैर संवैधानिक तवरबाट भएको कार्यलाई संविधानसम्मत् तुल्याउन न्यायिक उद्घोषणको जिम्मेवारीसम्म अदालतले निर्बाह गरेको भन्ने अर्थमा यसलाई हेरिएको अवस्थामा यस प्रकारका अप्रासंगिक आशंकाजनित तर्क गर्नु पर्ने अवस्था नै रहने थिएन। यस कुरालाई थप प्रष्ट पार्न एउटा दृष्टान्तको परिकल्पना गर्न सकिन्छ। नेपालको संविधानको धारा ७६ को उपधारा (१) मा "राष्ट्रपतिले प्रतिनिधि सभामा बहुमत प्राप्त संसदीय दलको नेतालाई प्रधानमन्त्री नियुक्त गर्नेछ र निजको अध्यक्षतामा मन्त्रिपरिषदको गठन हुनेछ" भन्ने व्यवस्था रहेको छ। कदाचित् कुनै दिन, दुर्भाग्यवश, कुनै राष्ट्रपतिले प्रतिनिधि सभामा बहुमत प्राप्त संसदीय दलको नेतालाई प्रधानमन्त्री नियुक्त गर्न ईन्कार गरेको अवस्थामा त्यस कुराको संवैधानिक उपचार कसरी प्राप्त हुन्छ भन्ने पक्षमा सामान्य रुपमा विचार गरियो भने पनि यस प्रकारका सतही किसिमका प्राविधिक प्रश्नहरु गर्नु पर्ने जरुरत रहने थिएन। परिकल्पित घटनाको उल्लिखित अवस्थामा पनि अदालतले संवैधानिक स्थितिको उद्घोषणसम्म गर्ने हो; प्रधानमन्त्री पदको नियुक्ति दिएर पठाउने कार्य अदालतले गर्दैन। यो कार्य राष्ट्रपतिबाट नै हुन्छ र हुनु पर्दछ भन्ने कुरामा थप तर्क र शंकाको कुनै आवश्यकता देखिदैन। तर यस प्रसंगमा स्मरणीय कुरा के छ भने साधिकार अदालतबाट संविधानको व्याख्या गरी जारी गरिएको आदेश बमोजिम कार्य गर्न भने राष्ट्रपति लगायत राज्यका सबै निकाय र पदाधिकारीको कर्तव्य र जिम्मेवारी बन्दछ। अदालतको आदेशको पालना नगर्नुको अर्थ संविधानका

प्रावधानको उल्लंघन गरेको भन्ने हुन्छ र संविधानको उल्लंघन गरेर शासन-सत्तामा कायम रहने छुट कोही कसैलाई पनि हुन सक्तैन।

१२०. यस प्रकार प्रधानमन्त्री नियुक्त गर्ने कुरामा भए गरिएका काम कारवाही, निर्णय, घोषणा, सूचना, पत्राचार आदि संविधानको प्रावधान र अन्तर्निहित भावना र मर्म प्रतिकूल देखिएका छन्। संविधान प्रतिकूलका कार्यले वैधानिकता प्राप्त गर्न सक्तैनन्। अतः माथिका विभिन्न प्रकरणहरुमा उल्लेख गरिएका आधार र कारणहरुबाट प्रस्तुत विवादमा नेपालको संविधानको धारा १३३ को उपधारा (२) र (३) तथा धारा १३७ को उपधारा (३) अनुसार देहाय बमोजिमको आदेश जारी हुने ठहर्छ:

क. संघीय संसदको प्रतिनिधि सभाको विवादित विघटन कार्य नेपालको संविधानको धारा ७६ को उपधारा (५) र उपधारा (७) मा रहेको प्रावधान, संविधानले आत्मसात् गरेको लोकतान्त्रिक आदर्श, मूल्य मान्यता, संविधानवाद तथा संवैधानिक नैतिकता अनुकूल देखिन आएन। उक्त विघटन कार्य यस अदालतबाट मिति २०७७/११/११ मा गरिएको संविधानको व्याख्या र जारी गरिएको आदेशको मर्म अनुकूल पनि देखिएन। यस प्रकारको विघटन कार्यलाई न्यायिक मान्यता प्रदान गर्दा देशको संवैधानिक प्रणालीमा नै नकारात्मक रुपमा गम्भीर असर पर्न जाने देखियो। प्रधानमन्त्री पदमा नियुक्तिका लागि प्रतिनिधि सभाका माननीय सदस्य श्री शेर बहादुर देउवा समेतका १४९ जनाले पेश गर्नु भएको दावी पुग्न नसक्ने भनी सम्माननीय राष्ट्रपतिबाट मिति २०७८/२/७ मा भएको निर्णय संविधान अनुकूल रहेको पाइएन। अतः सम्माननीय राष्ट्रपतिबाट मिति २०७८/२/७ मा श्री शेर बहादुर देउवा समेतका १४९ जनाले पेश गर्नु भएको दावी पुग्न नसक्ने भनी गरिएको निर्णय; सो पश्चात संघीय संसदको प्रतिनिधि सभा विघटन गर्ने गरी नेपाल सरकार, मन्त्रिपरिषदले गरेको निर्णयबमोजिम सम्माननीय प्रधानमन्त्रीले मिति २०७८ जेष्ठ ८ गते गर्नु भएको

सिफारिश अनुसार सम्माननीय राष्ट्रपतिबाट मिति २०७८ जेष्ठ ८ गते भएको प्रतिनिधि सभाको विघटन सम्वन्धी निर्णय, सो अनुसार जारी गरिएको सूचना, विज्ञप्ती समेतका सम्पूर्ण काम कारवाहीहरु उत्प्रेषणको आदेशले बदर हुन्छ र परिणामतः विघटित संघीय संसदको प्रतिनिधि सभाको पुनर्थापना हुने ठहर्छ।

ख. उपरोक्त प्रकरण (क) बमोजिम पुनर्स्थापित प्रतिनिधि सभाको अधिवेशन आजका मितिले ७ (सात) दिनभित्र (अर्थात २०७८ साल श्रावण ३ गते आइतबार अपरान्ह ५ बजेभित्र) प्रारम्भ हुने गरी नेपालको संविधान बमोजिम अधिवेशन आह्वान गरी नियमित रुपमा वैठक बस्ने व्यवस्था तत्काल मिलाउनु भनी प्रत्यर्थीहरुका नाममा परमादेश जारी हुने ठहर्छ।

ग. नेपालको संविधानको धारा ७६ को उपधारा (३) बमोजिम नियुक्त प्रधानमन्त्रीले उपधारा (४) बमोजिम प्रतिनिधि सभाबाट विश्वासको मत प्राप्त नगरेको वा निजले सो प्रकृया परित्याग गरेको कारणबाट उपधारा (५) बमोजिम प्रधानमन्त्री नियुक्ति हुने अवस्थामा निजले दावी पेश गर्न नमिल्ने भएकाले तत्काल विश्वासको मत लिन नसक्नु भएका सम्माननीय प्रधानमन्त्री श्री के पी शर्मा ओलीले धारा ७६ को उपधारा (५) बमोजिम प्रधानमन्त्री पदमा नियुक्तिका लागि गर्नु भएको दावी संविधानसम्मत् देखिएन। संविधानको धारा ७६(५) बमोजिम प्रधानमन्त्री पदमा नियुक्तिका लागि श्री शेर बहादुर देउवाले १४९ जना प्रतिनिधि सभाका सदस्यहरुको समर्थन रहेको भनी गर्नु भएको दावीलाई संविधानको धारा ७६(५) प्रतिकूल हुने गरी दावी नपुग्ने भनी गरिएको निर्णय उपरोक्त प्रकरण (क) मा उल्लेख भए अनुसार बदर गरिएको छ। अव जुन बिन्दूबाट संविधानको प्रयोग र पालनामा त्रुटी भएको हो, सोही अवस्थाबाट संविधानसम्मत् तवरले प्रकृया अगाडि बढाउनु मनासिब हुने देखिन्छ। नेपालको संविधानको धारा ७६ को उपधारा (५) मा प्रतिनिधि सभाका "कुनै सदस्यले प्रतिनिधि सभामा विश्वासको मत प्राप्त गर्न सक्ने आधार प्रस्तुत गरेमा" भन्ने वाक्यांश रहेको र सो प्रयोजनका

लागि प्रतिनिधि सभाका १४९ जना सदस्यहरु (बहुमत सदस्यहरु) ले समर्थन जनाएको कुरालाई विश्वासको मत प्राप्त गर्न सक्ने आधार प्रस्तुत गरेको भनी मान्नु पर्ने पर्याप्त र मनासिब आधार देखिएको हुँदा सोही बमोजिम आजका मितिले २ (दुई) दिनभित्र (अर्थात २०७८ साल असार २९ गते मंगलबार अपरान्ह ५ बजेभित्र) उपरोक्त अनुसार संविधानसम्मत् रुपमा मिति २०७८/२/७ गते सम्माननीय राष्ट्रपति समक्ष दावी पेश गरेका प्रतिनिधि सभाका सदस्यलाई प्रधानमन्त्री पदमा नियुक्ति गर्नू र संविधानको धारा ७६ को उपधारा (६) बमोजिम विश्वासको मत प्राप्त गर्ने प्रकृया पुरा गर्नू गराउनु भनी प्रत्यर्थी मध्येका राष्ट्रपतिको कार्यालय तथा संघीय संसदको पुनर्स्थापित प्रतिनिधि सभाका नाउँमा परमादेश जारी हुने ठहर्छ।

घ. नेपालको संविधानको धारा ७६ को उपधारा (५) बमोजिम प्रधानमन्त्री नियुक्ति गर्ने प्रयोजनका लागि विश्वास जनाएको वा समर्थन गरेको कारणबाट राजनीतिक दल सम्बन्धी ऐन, २०७३ बमोजिम दल त्याग सम्बन्धी कारवाही गर्न नमिल्ने भएकाले उक्त प्रावधान बमोजिम प्रधानमन्त्री पदमा नियुक्तिका सन्दर्भमा प्रतिनिधि सभाका कुनै सदस्यप्रति विश्वास जनाएको, समर्थन गरेको, आफ्नो अभिमत वा धारणा व्यक्त गरेको, वा मतदान गरेको कुरालाई लिएर प्रतिनिधि सभाका कुनै पनि सदस्य उपर दल त्याग सम्बन्धी कारवाही नगर्नु, नगराउनु भनी प्रत्यर्थीहरुका नाउँमा प्रतिषेधको आदेश जारी हुने ठहर्छ। अरु तपसिल बमोजिम गर्नू:

<u>तपसिल:</u>

१ यो आदेश तत्काल कार्यान्वयन गरिनु पर्ने प्रकृतिको रहेको हुँदा आदेशको जानकारी तथा कार्यान्वयनका लागि १/१ प्रति आदेशको प्रतिलिपी सहित सबै प्रत्यर्थीहरुलाई तथा महान्यायाधिवक्ताको कार्यालयलाई समेत तत्काल लेखी पठाई दिनू।

२ यस अदालतको मिति २०७८/२/२६ को आदेश बमोजिम झिकाइएका प्रतिनिधि सभा विघटन सम्बन्धी मिति २०७८/२/७ को नेपाल सरकार, मन्त्रिपरिषदको निर्णय, सम्माननीय प्रधानमन्त्रीले गर्नु भएको सिफारिस, तदनुसार सम्माननीय राष्ट्रपतिबाट भएको निर्णय सम्बन्धी सक्कल फायलहरु तत्काल सम्बन्धित कार्यालयहरुमा फिर्ता पठाई दिनू।

३ निवेदन दायरीको लगत कट्टा गरी; आदेश विद्युतीय प्रणालीमा प्रविष्ट गरी; मिसिल नियमानुसार अभिलेख शाखामा बुझाई दिनू।

न्यायाधीश

उपरोक्त रायमा हामी सहमत छौं:

न्यायाधीश | न्यायाधीश | न्यायाधीश | प्रधान न्यायाधीश

इजलास अधिकृत: हर्कबहादुर क्षेत्री
शाखा अधिकृत: गीता पौडेल
कम्प्युटर अपरेटर: शंकर गुरुङ

ईति सम्बत २०७८ साल असार २८ गते रोज २ शुभम् ।

## अनुसूची १ क.

श्री शेरबहादुर देउवा समेतका निवेदकहरुको तर्फबाट लिखित बहसनोट पेश गर्नु हुने विद्वान कानून व्यवसायीहरुको नामावली तल प्रस्तुत गरिएको छ। मिति २०७८/३/१० गते पेश भएको लिखित बहस नोटको सूचीमा कूल २९२ जनाको नाम उल्लेख भए पनि सम्बन्धित कानून व्यवसायीको सही (हस्ताक्षर) नभएको नाम यहाँ समावेश गरिएको छैन।

विद्वान वरिष्ठ अधिवक्ताहरु:

१. श्री कृष्णप्रसाद भण्डारी
२. श्री श्रीहरि अर्याल
३. श्री महादेव यादव
४. श्री हरिहर दाहाल,
५. श्री बद्रिबहादुर कार्की
६. श्री शम्भु थापा,
७. श्री बाबुराजा जोशी,
८. श्री नरहरी आचार्य
९. श्री सतिशकृष्ण खरेल
१०. श्री गुणनिधि न्यौपाने
११. श्री प्रेमबहादुर खड्का,
१२. श्री रामप्रसाद गौडेल,
१३. श्री हरिप्रसाद उप्रेती,
१४. श्री बोर्णबहादुर कार्की,
१५. श्री सबिता भण्डारी बराल,
१६. श्री मिथिलेशकुमार सिंह,
१७. श्री चण्डेश्वर श्रेष्ठ,
१८. श्री मुक्तिनारायण प्रधान,
१९. श्री उमेशप्रसाद गौतम,
२०. श्री गान्धी पण्डित,
२१. श्री खगेन्द्रप्रसाद अधिकारी,
२२. प्रा.डा. श्री नृसिंह कुमार खत्री,
२३. डा. श्री नारायण प्रसाद घिमिरे,
२४. श्री शेरबहादुर के.सी,
२५. श्री बाबुराम कुँवर,
२६. श्री दामोदर खड्का,
२७. श्री रमणकुमार श्रेष्ठ
२८. श्री रमेशकुमार मैनाली
२९. श्री रामनारायण बिडारी
३०. श्री हेमराज नेपाल
३१. डा. श्री चन्द्रकान्त ज्ञवाली
३२. श्री यदुनाथ खनाल
३३. श्री बालचन्द्र आचार्य
३४. श्री गोपालकृष्ण घिमिरे
३५. श्री दुर्गामोहन श्रेष्ठ

विद्वान अधिवक्ताहरु:

३६. श्री रेवतीराज त्रिपाठी
३७. श्री इश्वरप्रसाद सुवेदी
३८. श्री शंकर सुवेदी

३९. श्री डासीराम ढुङ्गाना
४०. श्री श्यामनारायण सापकोटा
४१. श्री बासुदेव सिग्देल
४२. श्री कृष्णप्रसाद सुवेदी
४३. श्री टिकाराम भट्टराई
४४. श्री सुनिलकुमार पोखरेल
४५. श्री हर्कबहादुर रावल
४६. श्री रमेशकुमार रोका
४७. श्री कृष्णप्रसाद भण्डारी
४८. श्री सानुभाई शाक्य
४९. श्री गोविन्दप्रसाद शर्मा
५०. श्री सोमप्रसाद लुईटेल
५१. श्री मानबहादुर रुम्दाली
५२. श्री रामकृष्ण काफ्ले
५३. श्री योगेन्द्रबहादुर अधिकारी
५४. श्री रमेश पौडेल
५५. श्री कृष्णप्रसाद अर्याल
५६. श्री शान्तिराम खतिवडा
५७. श्री सिताराम के.सी.
५८. श्री एकबहादुर खड्का
५९. श्री धनन्जय खनाल
६०. श्री युवराज श्रेष्ठ
६१. श्री श्याम नारायण श्रेष्ठ
६२. श्री ललितबहादुर बस्नेत
६३. श्री रोशनकुमार बजिमय
६४. डा. श्री भीमार्जुन आचार्य
६५. श्री उत्तमभद्र खनाल
६६. श्री हरिन्द्रप्रसाद राई
६७. श्री एगराज पोखरेल
६८. श्री पदमबहादुर रोका
६९. श्री गजबहादुर ऐरी
७०. श्री रामकृष्ण भण्डारी
७१. डा. श्री दिनमणी पोखरेल
७२. श्री रामचन्द्र न्यौपाने
७३. श्री शिवकुमार गिरी
७४. श्री राम श्रेष्ठ
७५. श्री खम्मबहादुर खाती
७६. श्री नगेन्द्रबहादुर कार्की
७७. श्री राजु खड्का
७८. श्री सोमराज तिम्सिना
७९. श्री अरुण पौडेल
८०. श्री गोपाल श्रेष्ठ
८१. श्री देवेन्द्र कुमार आङदेम्बे
८२. श्री देवकुमार मोक्तान
८३. श्री रेवतीप्रसाद दाहाल
८४. श्री हरिराम लवजु
८५. श्री पूर्णबहादुर राना मगर
८६. श्री अम्बरबहादर राउत
८७. श्री विकास भटराई
८८. श्री मंगल महर्जन
८९. श्री डेकेन्द्रप्रसाद सुवेदी
९०. श्री शुसिल पोखरेल
९१. श्री मंगलसुन्दर सिल्पकार
९२. श्री गजेन्द्रकुमार श्रेष्ठ
९३. श्री भावना रंजित
९४. श्री जयबहादुर खत्री

९५. श्री सूर्यबहादुर शाह
९६. श्री कुमारप्रसाद घिमिरे
९७. श्री श्रीराम पाण्डे
९८. श्री राजकुमार निरौला
९९. श्री सतिषराज मैनाली
१००. श्री गोपालदत्त पाण्डेय
१०१. श्री केदारनाथ पौडेल
१०२. श्री प्रकाश महर्जन
१०३. श्री खडानन्द कडेल
१०४. श्री धनबहादुर श्रेष्ठ
१०५. श्री तुलबहादुर कडेल
१०६. श्री सिताराम दाहाल
१०७. श्री दामोदर न्यौपाने
१०८. श्री विरेन्द्र महर्जन
१०९. श्री नरबहादुर खड्का
११०. श्री अन्जिता खनाल
१११. श्री सुनिल पाण्डे
११२. श्री दयाभक्त डंगोल
११३. श्री विश्वनाथ खनाल
११४. श्री आत्माराम ढकाल
११५. श्री कृष्ण पोखरेल
११६. श्री पर्शुराम घिमिरे
११७. श्री चन्द्रप्रसाद न्यौपाने
११८. श्री धनमाया राना
११९. श्री कृष्णप्रसाद ढुङ्गाना
१२०. श्री सानु शाक्य
१२१. श्री अर्जुन महर्जन
१२२. श्री रामकुमार आचार्य
१२३. श्री सानुमैया डंगोल
१२४. श्री दिमोद श्रेष्ठ
१२५. श्री समबहादुर भट्ट
१२६. श्री बेलकुमारी राई
१२७. श्री जगन्नाथ श्रेष्ठ
१२८. श्री ओमप्रकाश अर्याल
१२९. श्री भरतराज पोखरेल
१३०. श्री कृष्णराज पाध्या
१३१. श्री तेजबहादुर रावल
१३२. श्री रोशनी पौडेल
१३३. श्री अर्जुन अधिकारी
१३४. श्री वसन्तबहादुर बस्नेत
१३५. श्री कैलाश गुरुङ
१३६. श्री उमेशप्रसाद साह
१३७. श्री दमनबहादुर चन्द
१३८. श्री जनकराज श्रेष्ठ
१३९. श्री राजेन्द्र खनाल
१४०. श्री केशव रिजाल
१४१. डा. श्री रुद्र शर्मा
१४२. श्री सरोजकुमार श्रेष्ठ
१४३. श्री सरोजकृष्ण घिमिरे
१४४. श्री राजन कुंवर
१४५. श्री शंकरकुमार खड्का
१४६. श्री उमेशप्रसाद
१४७. श्री कृष्णप्रसाद भेटुवाल
१४८. श्री बीरेन्द्रप्रसाद साह
१४९. श्री गुणराज घिमिरे
१५०. श्री बाबुकृष्ण महर्जन

१५१. श्री लक्ष्मीदेवी दाहाल
१५२. श्री सानुमैया महर्जन
१५३. श्री तिर्थराज थापा
१५४. श्री मोहना अन्सारी
१५५. श्री सन्तोष राउत
१५६. श्री रामसुन्दर श्रेष्ठ
१५७. श्री रामभक्त सुवाल
१५८. श्री लक्ष्मण बस्याल
१५९. श्री भूमेराज आले मगर
१६०. श्री चन्द्रबहादुर शाही
१६१. श्री भुवनसिंहं बोहोरा
१६२ श्री रुपबहादुर सारु
१६३. श्री मुरारीप्रसाद सापकोटा
१६४. श्री लालबहादुर बस्नेत
१६५. श्री सुबोधबाबु चिलुवाल
१६६. श्री डुण्डीराज देबकोटा
१६७. श्री दिलकुमारी राई
१६८. श्री मुकुन्द न्यौपाने
१६९. श्री रक्षा बस्याल
१७०. श्री ज्ञानेन्द्र नेपाल
१७१. श्री गोपीबहादुर भण्डारी
१७२. श्री एकनारायण काफ्ले
१७३. श्री अन्जुकमारी के.सी.
१७४. श्री चन्द्रप्रसाद लुइटेल
१७५. श्री भविश्वर पौडेल
१७६. श्री लक्ष्मी थापा खड्का
१७७. श्री लोकेन्द्रध्वज खाण
१७८. श्री जीतेन्द्रबहादुर मडै
१७९. श्री लक्ष्मण महर्जन
१८०. श्री रामचन्द्र पौडेल
१८१. श्री धर्मसिंह कार्की
१८२. श्री धर्मसिंह धामी
१८३. श्री रमेशकुमार महर्जन
१८४. श्री शरद राना मगर
१८५. श्री प्रदिप थापा
१८६. श्री हरिबहादुर बस्नेत
१८७. श्री भगवान अधिकारी
१८८. श्री छोनाम मोक्तान
१८९. श्री शोभितलाल देशार
१९०. श्री केशवराज जोशी
१९१. श्री विदुरबहादुर घिमिरे
१९२. श्री हरिप्रसाद तिवारी
१९३. श्री प्रेमप्रसाद घिताल
१९४. श्री ज्ञानेन्द्रराज आरण
१९५. डा. श्री जनक पाण्डेय
१९६. श्री घनश्याम सिलवाल
१९७. श्री सविता बिमली
१९८. श्री सुमनचन्द्र आचार्य
१९९. श्री नानीछोरी महर्जन
२००. श्री अन्जना अर्याल
२०१. श्री अमितकुमार कर्ण
२०२. श्री राजु शाक्य
२०३. श्री भेषराज घिमिरे
२०४. श्री सुमिता डंगोल
२०५. श्री रिता शेर्पा
२०६. श्री शारदा अर्याल

२०७. श्री अनिल कुंवर
२०८. श्री मन्दिरा अधिकारी
२०९. श्री सुजाता श्रेष्ठ
२१०. श्री जितेन्द्र खड्का
२११. श्री शिवकुमार यादव
२१२. श्री चन्द्रप्रसाद गुरागाइ
२१३. श्री कुमार अधिकारी
२१४. श्री बलराम फुयाल
२१५. श्री दिपेन्द्र अधिकारी
२१६. श्री सावित्री के. सी.
२१७. श्री चक्र बहादुर थापा
२१८. श्री रमेश सापकोटा
२१९. श्री अनु भट्टराई
२२०. श्री अमृता अर्याल
२२१. श्री दयानिधि पौडेल
२२२. श्री उपेन्द्र कोइराला
२२३. श्री जनकसिंह साउद
२२४. श्री विष्णुजी प्रधान
२२५. श्री रामकुमार खतिवडा
२२६. श्री रामकुमार माझी
२२७. श्री कुलबहादुर बोगटी
२२८. श्री संगीता श्रेष्ठ
२२९. श्री शैलेन्द्रप्रसाद अम्बेडकर
२३०. श्री नवराज अधिकारी
२३१. श्री शिबलाल पाण्डे
२३२. श्री जीवनकुमार बस्नेत
२३३. श्री आशाकुमारी शाह
२३४. श्री निशा रोक्का
२३५. श्री झविलाल श्रेष्ठ
२३६. श्री राजकुमार महतो
२३७. श्री तुल्सीराम न्यौपाने
२३८. श्री बिराज थापा
२३९. श्री दीपकराज खनाल
२४०. श्री हेमन्तराज दाहाल
२४१. श्री निलमप्रसाद गौतम
२४२. श्री अमित गौतम
२४३. श्री राममाया लामिछाने
२४४. श्री भुवनप्रसाद वाग्ले
२४५. श्री श्रवनकुमार श्रेष्ठ
२४६. श्री विनिता कार्की
२४७. श्री निर्भयराज पौडेल
२४८. श्री गोपालराज अर्याल
२४९. श्री सुमना पौडेल
२५०. श्री दुर्गाप्रसाद चिमोरिया
२५१. श्री किर्तिनाथ शर्मा पौडेल
२५२. श्री भरत ब. राउत
२५३. श्री कृष्णनाथ शर्मा
२५४. श्री हुमबहादुर खत्री
२५५. श्री बाबुराम भट्टराई
२५६. श्री टेकप्रसाद सुवेदी
२५७. श्री कपिलदेव ढकाल
२५८. श्री अनिता थापा के.सी.
२५९. श्री मधुकुमार चौलागांई
२६०. श्री जेनी कडेल
२६१. श्री बुद्धीप्रसाद खरेल
२६२. श्री किशोर खतिवडा

२६३. श्री रत्नबहादुर बुढा

२६४. श्री सीलादेवी खत्री

२६५. श्री खड्गबहादुर बुढाथोकी

२६६. श्री शर्मिला थापा विष्ट

२६७. श्री देवशरण यादव

## अनुसूची १ख.

निवेदक उमाकान्त चौधरी समेतका तर्फबाट संयुक्त रुपमा लिखित बहसनोट पेश गर्नु हुने विद्वान अधिवक्ताहरुको नामावली:

१. डा. श्री शिवकुमार यादव

२. श्री ज्ञानेन्द्रराज आरण

३. श्री केशव रिजाल

## अनुसूची २

प्रत्यर्थी सम्माननीय प्रधानमन्त्री श्री के.पी. शर्मा ओलीको तर्फबाट संयुक्त रुपमा लिखित बहसनोट पेश गर्नु हुने विद्वान कानून व्यवसायीहरुको नामावली:

विद्वान वरिष्ठ अधिवक्ताहरु:

१. श्री रविनारायण खनाल

२. श्री विजयाकान्त मैनाली

३. श्री विष्णुमणी अधिकारी

४. श्री महेशकुमार नेपाल

५. श्री रमेशप्रसाद गुरागाई

६. श्री टंक दुलाल

७. श्री सुरेन्द्र महतो

विद्वान अधिवक्ताहरु:

८. श्री सानुराज पोखरेल

९. श्री इश्वरीप्रसाद भट्टराई

१०. श्री भोजराज आचार्य

११. श्री केदारप्रसाद कोइराला

१२. श्री वाबुराम दाहाल

१३. श्री विष्णुमाया भुषाल

१४. श्री धर्मराज रेग्मी

१५. श्री शान्तिदेवी खनाल

१६. श्री गंगासागर खत्री

१७. श्री छविलाल घिमिरे

१८. श्री तीर्थराज खतिवडा

१९. श्री ज्योतिराज फुयाल

२०. श्री लक्ष्मी सापकोटा

२१. श्री रामबहादुर शाह

२२. श्री सुरथ उप्रेती
२३. श्री कमलप्रसाद आचार्य
२४. श्री सुधा धिताल
२५. श्री प्रकाश खतिवडा
२६. श्री कुवेर घिमिरे
२७. श्री घनेन्द्रबहादुर श्रेष्ठ
२८. श्री राजकुमारी राई
२९. श्री हरिप्रसाद मैनाली
३०. श्री अनन्त कार्की
३१. श्री प्रियहरि भण्डारी
३२. श्री थरिप्रसाद कडेंल
३३. श्री कृष्णकुमार आङ्देम्वे
३४. श्री ऋषिकेश पन्थी
३५. श्री गणेशकुमार आचार्य
३६. श्री सटकुल खत्री
३७. श्री डिल्लीराम दाहाल
३८. श्री श्याम रोका
३९. श्री बाबुराम राई
४०. श्री प्रतिभा श्रेष्ठ
४१. श्री मोहनकृष्ण श्रेष्ठ
४२. श्री देवी रेग्मी
४३. श्री शोभा कार्की
४४. श्री मुना लामिछाने
४५. श्री अनन्तराज लुईटेल
४६. श्री प्रतिभा उप्रेती
४७. श्री राजीव पोखरेल
४८. श्री धिरेन्द्र रावल
४९. श्री भगवती पाण्डे शितल
५०. श्री रमा श्रेष्ठ
५१. श्री विश्वम्भर बुढाथोकी
५२. श्री शंतकुमारी श्रेष्ठ
५३. श्री सुष्मा प्रजापति होके
५४. श्री सुनिता प्रजापति
५५. श्री करूणाकर मल्लिक
५६. श्री प्रविण प्रधान
५७. श्री गोपालप्रसाद भण्डारी
५८. श्री कृष्णहरि खतिवडा
५९. श्री तिलबहादुर भट्टराई
६०. श्री सेवन्त राज निरौला
६१. श्री बोलाराम पाण्डे
६२. श्री निराज खड्का
६३. श्री लोकनाथ खरेल
६४. श्री रविन्द्र कुमार ढुंगाना
६५. श्री मुकुन्द अधिकारी
६६. श्री टीकाराम रिजाल
६७. श्री कुमारी खरेल
६८. श्री गुरुभक्त निरौला
६९. श्री अपेक्षा निरौला
७०. श्री गणेश दाहाल
७१. श्री भुवनप्रसाद निरौला
७२. श्री कमलकुमार भारती
७३. श्री हर्कबहादुर भट्टराई
७४. श्री नन्दकुमार राई
७५. श्री ओमप्रसाद तिमिलसिना
७६. श्री देवीप्रसाद भट्टराई
७७. श्री आशिष उप्रेती

७८. श्री काशिनाथ अर्याल
७९. श्री सिर्जना कडेल
८०. श्री ज्ञानबहादुर श्रेष्ठ
८१. श्री कुमार कार्की
८२. श्री छन्दप्रसाद आचार्य
८३. श्री ऋषिराम उपाध्याय
८४. श्री हरिप्रसाद पंगेनी
८५. श्री चेतबहादुर थापा
८६. श्री रामचन्द्र पौडेल
८७. श्री योगेन्द्रबहादुर थापा
८८. श्री रोशन घिमिरे
८९. श्री सुरेन्द्र कुँवर
९०. श्री छत्रमणि निरौला
९१. श्री शिव अर्याल
९२. श्री हिमादेवी बस्नेत
९३. श्री भीमसेन बन्जारा
९४. श्री सन्तोषराज ढकाल
९५. श्री हरिप्रसाद कटेल
९६. श्री सरस्वती शाह
९७. श्री सीता राणा मंडल
९८. श्री रुद्रप्रसाद पोखेल
९९. श्री जयराम पराजुली
१००. श्री गणेशप्रसाद सिग्देल
१०१. श्री कटकबहादुर शाही
१०२. श्री रामशरण घिमिरे
१०३. श्री सुजन पाण्डे
१०४. श्री विशाल न्यौपाने
१०५. श्री बद्रिनारायण नगरकोटी
१०६. श्री लक्ष्मी तामाङ्ग
१०७. श्री सुजन रिजाल
१०८. श्री डिल्ली मैनाली
१०९. श्री बलबहादुर राई
११०. श्री पदमबहादुर श्रेष्ठ
१११. श्री निराजन महर्जन
११२. श्री रविनारायण खनाल
११३. श्री विजयकान्त मैनाली
११४. श्री विष्णुमणी अधिकारी
११५. श्री महेशकुमार नेपाल
११६. श्री रमेशप्रसाद गुरागाई
११७. श्री टंक दुलाल